# सर्लाही जिल्लाको साहित्यिक योगदान

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

शोधार्थी

**टेकबहादुर राउत**

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर

२०६६

# सर्लाही जिल्लाको साहित्यिक योगदान

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र


शोधार्थी

**टेकबहादुर राउत**

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर


२०६६

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षका छात्र श्री टेकबहादुर राउतले दसौं पत्रको प्रयोजनका लागि मेरा निर्देशनमा सर्लाही जिल्लाको साहित्यिक योगदान नामक शोधपत्र तयार पार्नुभएको हो । उहाँले परिश्रमपूर्वक सङ्कलन गरेको सामग्रीलाई यो शोधपत्रमा शोधको आवश्यक अङ्ग पूरा गरी विश्लेषण गर्नुभएको छ । त्यसैले यो शोधकार्यबाट म पूर्ण सन्तुष्ट छु र उचित मूल्याङ्कनको लागि त्रि.वि. नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

............................

डा. दुर्गाबहादुर घर्ती

उपप्राध्यापक

नेपाली केन्द्रीय विभाग

त्रि.वि.कीर्तिपुर

मिति : २०६७/०१/०३

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**
**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्र श्री टेकबहादुर राउतले त्रि.वि स्नातकोत्तर तह (एम.ए) मा नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि तयार गर्नुभएको **सर्लाही जिल्लाको साहित्यिक योगदान** नामक शोधपत्र स्वीकृत गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

१. प्रा. राजेन्द्र सुवेदी ....................

(विभागीय प्रमुख)

२. उपप्रा.डा. दुर्गाबहादुर घर्ती ...................

(शोधनिर्देशक)

३. प्रेमप्रसाद अर्याल .....................

बाह्य परीक्षक

मिति : २०६७/०१/०८

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनको निम्ति आदरणीय गुरु उपप्राध्यापक **डा. दुर्गाबहादुर घर्ती**ज्यूका निर्देशनमा तयार पारेको हुँ । आफ्नो अति व्यस्त जीवनमा पनि विश्वविद्यालयको अलवा घरमा समेत आवश्यक समय दिई समुचित सुझाव, सल्लाह र मार्गनिर्देशन प्रदान गर्नु हुने शोधनिर्देशक श्रद्धेय गुरुवरप्रति आजीवन चिरऋणी रहने छु ।

**सर्लाही जिल्लाको साहित्यिक योगदान** नामक शोधशीर्षक स्वीकृत गरी शोधकार्य गर्न सुअवसर प्रदान गर्नु हुने विभागीय प्रमुख प्रा. राजेन्द्र सुवेदीज्यूप्रति कृतज्ञ छु । नेपाली भाषा र साहित्यका विविध विधाहरूमा शोधकार्य गर्ने अवसर प्रदान गर्दै आएकोमा नेपाली केन्द्रीय विभाग र पाठ्यपुस्तक, शोधपत्र र पत्रपत्रिका उपलब्ध गराइदिने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयलाई हार्दिक धन्यवाद दिन चाहन्छु । त्यसैगरी क्षेत्रीय गतिविधि अन्तर्गत सर्लाही जिल्लाको विषयमा नै शोधपत्र लेख्नुपर्छ भनेर सदैव प्रेरित गर्नु हुने नेपाली केन्द्रीय विभागका श्रद्धेय गुरुहरू र मेरा सहकर्मी मित्रहरूलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्रको सामग्री सङ्कलनका क्रममा मलाई विशेष किसिमले सघाउने अग्रजहरू मनोजप्रसाद खनाल, मनीष बराल, हरि कार्की र कार्तिकेय घिमिरेप्रति आभार व्यक्त गर्दछु । यसैगरी सोही सन्दर्भमा सघाउने मित्रहरू दामोदर थापा, ज्ञानविक्रम विश्वकर्मा, राजु रेग्मी, डिकबहादुर कार्की, रमेश राना, गिरीराज राना, विवश पौडेल र कुमार दाहाललाई धन्यवाद दिन उपयुक्त ठान्दछु । यसरी नै आ-आफ्नो परिचय, सूचना र आवश्यक विवरण दिई मलाई सघाउने जिल्लाका सम्पूर्ण साहित्यिक स्रष्टाहरू, साहित्यानुरागी र प्रबुद्ध व्यक्तिहरू सबै प्रति आभार व्यक्त गर्नु आफ्नो कर्तव्य सम्झिएको छु ।

मेरो पठनपाठनमा सदैव चिन्तित भई आजका दिनसम्म रेखदेख गर्नुहुने पुजनीय पिता श्री हरिभक्त राउत, माता हीरादेवी तथा जीवनसंगिनी शान्ता राउत र आफन्तजनहरूको ममत्वप्रति नतमस्तक छु । शोधपत्रको पाण्डुलिपिको कम्प्युटर प्रिन्ट तथा टङ्कण शुद्ध रूपमा गरेर सहयोग पुऱ्याउने 'जी' कम्प्युटर सेन्टर कीर्तिपुरका जितेन महर्जनलाई पनि धन्यवाद दिन्छु ।

अन्त्यमा यो शोधपत्र आवश्यक मूल्याङ्कनको लागि त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग, कीर्तिपुर समक्ष प्रस्तुत गर्दछु ।

.................................
टेकबहादुर राउत
नेपाली केन्द्रीय विभाग
त्रि.वि., कीर्तिपुर, काठमाडौं
शै.सं. २०६४/२०६६

मिति : २०६७/०१/०३

# विषयसूची

पृष्ठ


पहिलो परिच्छेद

## शोधपत्रको परिचय १(३

१.१ शोधशीर्षक १

१.२ शोधप्रयोजन १

१.३ शोधसमस्या १

१.४ शोधपत्रको उद्देश्य १

१.५ पूर्वकार्यको समीक्षा १

१.६ अध्ययनको औचित्य २

१.७ शोधकार्यको सीमाङ्कन २

१.८ सामग्री सङ्कलन र शोधविधि ३

१.९ शोधपत्रको रूपरेखा ३

दोस्रो परिच्छेद

## सर्लाही जिल्लाको सङ्क्षिप्त परिचय ४(२२

२.१ विषयप्रवेश ४

२.२ ऐतिहासिक पृष्ठभूमि ४

२.३ नामकरण ६

२.४ भौगोलिक परिचय ७

२.४.१ क्षेत्रफल र सीमाना ७

२.४.२ भू-बनोट ७

२.४.३ स्थानीय निकायको विभाजन ८

२.४.४ हावापानी ९

२.४.५ नदीनालाहरू १०

२.४.६ प्राकृतिक वनस्पति ११

२.४.७ पशुपक्षी ११

२.५ सामाजिक परिचय ११

२.५.१ जातजाति १२

२.५.२ रहनसहन १४

२.५.३ भेषभूषा १४

२.५.४ धर्म १५

२.५.५ प्रमुख धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरू १५

२.५.६ चाडपर्व १६

२.५.७ भाषा १६

२.५.८ आपसी सम्बन्ध १७

२.६ शैक्षिक परिचय १७

२.६.१ जनसंख्या १७

२.६.२ साक्षरता प्रतिशत १७

२.६.३ शिक्षण संस्थाहरू १७

२.७ जिल्लाका प्रमुख स्थानहरू १८

२.८ सडक यातायात २०

२.९ प्रमुख बाली २१

२.१० उद्योग-धन्दा २१

२.११ निष्कर्ष २२

तेस्रो परिच्छेद

सर्लाहीको लोकसाहित्य र साहित्यिक गतिविधिको परिचय २३-३६

३.१ विषयप्रवेश २३

३.२ सर्लाही जिल्लाको लोकसाहित्य २३

३.२.१ नेपाली लोकसाहित्य २४

३.२.२ मैथिली लोकसाहित्य २९

३.२.३ भोजपुरी लोकसाहित्य ३१

३.३ साहित्यिक सङ्घसंस्था ३३

३.४ पुस्तकालय ३३

३.४.१ चतुर्भुजेश्वर सामुदायिक पुस्तकालय ३३

३.५ पत्रपत्रिकासम्बन्धी गतिविधि ३४

३.६ निष्कर्ष ३६

चौथो परिच्छेद

सर्लाहीका साहित्यकारहरुको सङ्क्षिप्त परिचय ३७-६०

४.१ विषयप्रवेश ३७

४.२ पुस्तकाकार कृति प्रकाशित गर्ने सर्जकहरू ३७

४.२.१ जीवेश्वर मिश्र ३७

४.२.२ रामहरि जोशी ३८

४.२.३ गुणराज काफ्ले 'शाण्डिल्य' ३९

४.२.४ डा.काशीराज शर्मा सुवेदी ४०

४.२.५ डा. रामदयाल राकेश ४१

४.२.६ कुलचन्द्र बराल ४५

४.२.७ हृदयनारायण चौधरी ४६

४.२.८ पार्थमणि भट्टराई ४७

४.२.९ अञ्जुदेवी भट्टराई ४८

४.२.१० नीलकण्ठ भट्टराई ४९

४.२.११ दिनेश अधिकारी ५१

४.२.१२ श्याम भट्टराई ५३

४.२.१३ राम प्रधान ५४

४.२.१४ केदार सिग्देल ५५
४.२.१५ युवराज लुइँटेल ५५
४.२.१६ किरणकुमार भट्टराई ५६
४.२.१७ कार्तिकेय घिमिरे ५७
४.२.१८ मायालु अधिकारी ६०
४.२.१९ शर्मिला घिमिरे ६१
४.२.२० नारायण प्रसाई 'निराशी' ६१
४.३ कृति प्रकाशित नभएका सर्जकहरू ६२
४.३.१ कलिबाबा ६२
४.३.२ होमप्रसाद भट्टराई 'गृहस्थी' ६३
४.३.३ टंकप्रसाद उप्रेती 'पथिक' ६४
४.३.४ मनोजप्रसाद खनाल ६५
४.३.५ भीमकुमार राउत ६६
४.३.६ कुमार दाहाल ६७
४.३.७ राधाकृष्ण भट्टराई ६७
४.३.८ विवश पौडेल ६८
४.२.९ गिरीराज राना ६९
४.४ फुटकर रचना प्रकाशित गर्ने सर्जकहरू ६९
४.४ निष्कर्ष ७०
पाँचौ परिच्छेद
सर्लाहीका प्रतिनिधि साहित्यकारहरुको कृतिको अध्ययन ७१(१०८
५.१ विषयप्रवेश ७१
५.२ रामदयाल राकेश ७१
५.३ नीलकण्ठ भट्टराई ८०
५.४ दिनेश अधिकारी ८८
५.५ कार्तिकेय घिमिरे १००
५.६ निष्कर्ष १०८
छैठौँ परिच्छेद
उपसंहार १०९(११०
सन्दर्भग्रन्थसूची १११(११२
परिशिष्ट

## सङ्क्षिप्त शब्दसूची

| | |
|---|---|
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| कि.मि. | किलो मिटर |
| क्र.सं. | क्रम संख्या |
| गा.वि.स. | गाउँ विकास समिति |
| गै.स.स. | गैर सहकारी संस्था |
| घ.मि. | घन मिटर |
| जि.का.स. | जिल्ला कार्य समिति |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| द.नं. | दर्ता नम्बर |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| पृ. | पृष्ठ |
| मा.वि. | माध्यमिक विद्यालय |
| मि. | मिटर |
| मि.मि. | मिलि मिटर |
| वि.सं. | विक्रम सम्वत् |
| शै.स. | शैक्षिक सत्र |

## पहिलो परिच्छेद

# शोधपत्रको परिचय

### १.१ शोधशीर्षक

यो शोधपत्रको शीर्षक **सर्लाही जिल्लाको साहित्यिक योगदान** रहेको छ ।

### १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनको निम्ति तयार पारिएको हो ।

### १.३ शोधसमस्या

सर्लाही जिल्लाका साहित्यकारहरुको सर्वेक्षणात्मक अध्ययन गर्नु प्रमुख समस्या रहेको प्रस्तुत शोधकार्यसँग सम्बन्धित मुख्य-मुख्य समस्याहरु निम्नानुसार छन्:

(क) सर्लाही जिल्लामा लोक साहित्य र साहित्यिक गतिविधिहरु के कस्तो रहेको छ ?

(ख) सर्लाही जिल्लामा कुन-कुन साहित्यकारहरु रहेका छन् ?

(ग) सर्लाही जिल्लाका प्रतिनिधि साहित्यकारहरुको कृतिहरु के कस्ता छन् ?

(घ) नेपाली साहित्यको विकासमा सर्लाही जिल्लाको के कस्तो योगदान रहेको छ ?

यिनै समस्यामा केन्द्रित रहेर प्रस्तुत शोधकार्य गरिएको छ ।

### १.४ शोधपत्रको उद्देश्य

प्रस्तुत शोधपत्रको प्रमुख उद्देश्य सर्लाही जिल्लाका साहित्यकारहरुको सर्वेक्षणात्मक अध्ययन गर्नु रहेको छ । यससँग सम्बन्धित मुख्य-मुख्य उद्देश्यलाई बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

(क) सर्लाही जिल्लाको लोकसाहित्य र साहित्यिक गतिविधिहरुको अध्ययन गर्नु ।

(ख) सर्लाही जिल्लाका साहित्यकारहरुको परिचय दिनु ।

(ग) सर्लाही जिल्लाका प्रतिनिधि साहित्यकारहरुको कृतिको विश्लेषण गर्नु ।

(घ) सर्लाही जिल्लाको साहित्यिक योगदानको मूल्याङ्कन गर्नु ।

प्रस्तुत शोधकार्य यिनै उद्देश्य परिपूर्तिको लागि तयार गरिएको छ ।

### १.५ पूर्वकार्यको समीक्षा

सर्लाही जिल्लाका केही साहित्यकारहरुको अध्ययन भए पनि यस जिल्लाको साहित्यिक गतिविधिको बारेमा हालसम्म समग्र अध्ययन भएको छैन । प्रस्तुत शोधकार्य पूर्व सर्लाही जिल्लाको साहित्यिक गतिविधिका बारेमा भएको चर्चालाई कालक्रम अनुसार निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) **देशव्यापी नेपाली साहित्य सेमिनार** (२०२२ : ९८) मा सर्लाही जिल्लाका ओमकुमार झाका गतिविधि र प्राप्त गरेका पुरस्कारको चर्चा गरिएको छ । प्रस्तुत अध्ययन सामान्य परिचयमा सीमित छ ।

(ख) जयदेव भट्टराइले **साहित्यकार परिचय र अभिव्यक्ति** (२०५४ : ४०६) ग्रन्थमा नेपाली साहित्यकारहरुको परिचय दिने क्रममा रामदयाल राकेशको परिचय प्रस्तुत गरेका छन् । यसमा राकेशलाई पुरानो समालोचकको रुपमा चिनाइएको छ । प्रस्तुत अध्ययन सङ्क्षिप्त परिचयमा सीमित छ ।

(ग) जीवनलाल बन्जाडेले **गीतकार दिनेश अधिकारी** (२०६१) स्नातकोत्तर शोधपत्रमा सर्लाहीका साहित्यकार दिनेश अधिकारीको अध्ययन गरेका छन् । यसमा दिनेश अधिकारीको गीतकारिता र गीतहरुको विश्लेषण गरिएको छ । यस अध्ययन गीति क्षेत्रमा सीमित छ ।

(घ) वीरेन्द्रकुमार यादवले **रामदयाल राकेशको जीवनी, व्यक्तित्व र कृतित्व** (२०६३) स्नातकोत्तर शोधपत्रमा सर्लाहीका साहित्यकार रामदयाल राकेशको अध्ययन गरेका छन् । प्रस्तुत अध्ययन रामदयाल राकेशमा नै सीमित छ ।

(ङ) नीलकण्ठ भट्टराईले **सर्लाहीका साहित्यिक प्रतिभाहरु** (२०६३) ग्रन्थमा सर्लाहीका साहित्यकारहरुको सामान्य परिचय दिएका छन् । प्रस्तुत कृति सामान्य परिचयमा सीमित छ ।

(च) कृष्णशरण उपाध्यायले **नीलकण्ठ भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्व** (२०६६) स्नातकोत्तर शोधपत्रमा सर्लाहीका साहित्यकार नीलकण्ठ भट्टराईको अध्ययन गरेका छन् । यस अध्ययन नीलकण्ठ भट्टराईमा सीमित छ ।

यसप्रकार सर्लाही जिल्लाको साहित्यको हालसम्म वस्तुपरक ढंगले गहन, व्यापक र सूक्ष्म अध्ययन हुन नसकेकोले त्यस अभाव परिपूर्तिको लागि यो शोधकार्य गरिएको छ । यस कार्यले सर्लाही जिल्लाका छरिएर रहेका साहित्यकारहरुलाई एउटै ग्रन्थमा समेटी उनीहरुका रचनालाई नेपाली साहित्यप्रेमीहरुका सामु पुऱ्याउने छ ।

## १.६ अध्ययनको औचित्य

सर्लाही जिल्लाको साहित्यिक गतिविधिको बारेमा हालसम्म समग्र अध्ययन भएको छैन । यसमा सर्लाही जिल्लाका साहित्यकारहरुको समग्र रुपमा परिचय प्रस्तुत गरिएको छ । यो नै यस शोधकार्यको महत्व र औचित्य हो । यसका साथै सर्लाही जिल्लाको साहित्य र साहित्यकारहरुको बारेमा जान्न चाहने शोधार्थी, शिक्षक, विद्यार्थी र सर्वसाधारण पाठक समेतलाई यो शोधकार्य उपयोगी हुनेछ । यो पनि प्रस्तुत शोधकार्यको औचित्य र महत्व हो ।

## १.७ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रको शीर्षकअनुसार नेपाल अधिराज्यको जनकपुर अञ्चलमा पर्ने सर्लाही जिल्लाको सीमाभित्र रहेर साहित्यिक गतिविधिको अध्ययन गरिएको छ । साहित्यिक रचनाहरूको अध्ययन गर्ने क्रममा नेपाली भाषामा लेखिएका कृतिहरूको विश्लेषण गरिएको छ भने अङ्ग्रेजी,

मैथिली र हिन्दी भाषामा लेखिएका कृतिहरूको नामोल्लेख गरिए पनि विवेचना गरिएको छैन । सर्लाही जिल्लाका सबै साहित्यकारको सङ्क्षिप्त परिचय प्रस्तुत गर्दै प्रतिनिधि साहित्यकारहरुको कृतिको मात्र सङ्क्षेपमा विश्लेषण गरिएको छ ।

## १.८ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधपत्र तयार पार्दा सामग्री सङ्कलन गर्ने क्रममा क्षेत्रीय अनुसन्धान पद्धति र पुस्तकालयीय पद्धति अपनाइएको छ । क्षेत्रीय विधिअन्तर्गत सर्वेक्षण फारमको प्रयोग, टेलिफोन, अन्तर्वार्ता र आफन्तसँगको भेटघाटको माध्यमद्वारा आवश्यक सामग्री सङ्कलन गरिएको छ । यसरी विभिन्न स्रोतबाट प्राप्त सामग्रीलाई आधार बनाइएको छ । यसरी विभिन्न स्रोतबाट प्राप्त सामग्रीलाई वर्णनात्मक, विवरणात्मक र विश्लेषणात्मक विधिद्वारा प्रस्तुत गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित परिच्छेदका मूल शीर्षक र आवश्यकतानुसार उपशीर्षकमा राखी अध्ययन र विश्लेषण गरिएको छ :

पहिलो परिच्छेद : शोधपत्रको परिचय ।

दोस्रो परिच्छेद : सर्लाही जिल्लाको सङ्क्षिप्त परिचय ।

तेस्रो परिच्छेद : सर्लाहीको लोकसाहित्य र साहित्यिक गतिविधिको परिचय ।

चौथो परिच्छेद : सर्लाहीका साहित्यकारहरूको सङ्क्षिप्त परिचय ।

पाँचौं परिच्छेद : सर्लाहीका प्रतिनिधि साहित्यकारहरूको कृतिको अध्ययन ।

छैटौं परिच्छेद : उपसंहार ।

सन्दर्भग्रन्थसूची ।

परिशिष्ट ।

### दोस्रो परिच्छेद

# सर्लाही जिल्लाको सङ्क्षिप्त परिचय

## २.१ विषयप्रवेश

यस परिच्छेदमा सर्लाही जिल्लाको ऐतिहासिक पृष्ठभूमि, नामकरण, भौगोलिक अध्ययन, स्थानीय निकायको विभाजन, सामाजिक परिचय, शैक्षिक परिचय, जिल्लाका प्रमुख स्थानहरू, सडक यातायात, प्रमुख बालीहरू, उद्योग-धन्दा जस्ता शीर्षकहरूका आवश्यकताअनुसारको उपशीर्षक राखी अध्ययन गरिएको छ ।

## २.२ ऐतिहासिक पृष्ठभूमि

प्रशासनिक दृष्टिकोणले नेपाल अधिराज्यलाई पचहत्तर जिल्ला, चौध अञ्चल र पाँच विकास क्षेत्रमा विभाजन गरिएको छ । यही विभाजनअनुसार मध्यामाञ्चल विकास क्षेत्रभित्र पर्ने तीनवटा अञ्चलहरूमा जनकपुर अञ्चल पनि एक हो । जनकपुर अञ्चलमा छ ओटा जिल्लाहरू छन् । तिनीहरूमध्ये दोलखा हिमाली जिल्ला हो भने रामेछाप र सिन्धुली पहाडी जिल्ला हुन् । अरू तीन जिल्लहरू महोत्तरी, धनुषा र सर्लाही तराई भागमा पर्दछ । नेपालको राष्ट्रभाषा नेपाली भए पनि सर्लाहीमा मैथिली भाषाको प्रधानता छ ।[१] जम्मा उनान्सय गा.वि.स र एक नगरपालिका भएको यस जिल्लालाई छ निर्वाचन क्षेत्रमा बाँडिएको छ ।

सर्लाहीको इतिहास केलाउँदै जाँदा प्रमाणिक तथ्य फेला पार्ने क्रममा मकवानपुरको सेन राज्यको स्थापनासम्म पुगिन्छ । वर्तमान सर्लाही जिल्लामा पर्ने क्षेत्र मकवानपुर सेन राज्यको एक अङ्ग थियो ।[२] यस जिल्लाको अधिकांश भाग केही शताब्दी अघिसम्म बन जङ्गलले ढाकिएकोले मानिसको बसोबास नभएको अनुमान लाउन सकिन्छ । त्यसै कारणले गर्दा सेन राज्यको विस्तारमा यसको छुट्टै वर्णन भने पाइँदैन । वर्तमान सर्लाही जिल्ला महोत्तरी कै एक भागको रूपमा रही आएको थियो । जलेश्वरस्थित महोत्तरी सर्लाही गोश्वाराका वडा हाकिमबाट महोत्तरी र सर्लाही दुवैको प्रशासन हेरिन्थ्यो । वि.सं. २०१९ मा अधिराज्यलाई १४ अञ्चल, ७५ जिल्लामा विभाजन गरेपछि सर्लाही जिल्लाको वर्तमान स्वरूप देखापरेको हो ।[३] तसर्थ, सर्लाहीको ऐतिहासिक अध्ययन महोत्तरीको इतिहाससँग गाँसेर गर्न सकिन्छ । महोत्तरी र सर्लाहीको साथै रौतहट, बारा र पर्सा पनि पहिले मकवानपुर राज्यमा पर्दथे ।[४] त्यसैले सर्लाही जिल्लाको इतिहास सेन राज्यको स्थापना र पछि गएर मकवानपुर राज्यको नेपाल अधिराज्यमा एकीकरणसँग सम्बन्धित छ ।

सेन राजाहरूको वंशावली तथा इतिहास राम्ररी थाहा भइसकेको छैन । सेन राजाका वंशावली सम्बन्धमा विद्वान्का फरक-फरक मान्यता रहेको छ । शंकरमान राजवंशीले **सेन**

---

१ **सर्लाही शैक्षिक दर्पण,** (सर्लाही, श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, २०६०), पृ. ७ ।

२ **मेचीदेखि महाकाली - भाग २** (काठमाडौं, श्री ५ को सरकार सञ्चार मन्त्रालय, सूचना विभाग, २०३१), पृ. ३६९ ।

३ **मेचीदेखि महाकाली - भाग २,** पूर्ववत्, पृ. ४०५ ।

४ ऐजन, पृ. ३६९ ।

**वंशावली** ग्रन्थमा सेन राजाहरू चितौडका सिसौदियावंशी राजपूत हुन्[५] भन्ने विचार प्रस्तुत गरेका छन् भने मातृकाप्रसाद कोइरालाले **प्राचीन नेपाल** पुस्तकमा मकवानपुरका सेन राजाहरू बङ्गालका सेन राजाहरूको वंशज हुन् र यिनीहरू बङ्गालका मुसलमानको आक्रमण भएपछि पहाडतिर पस्ने क्रममा मकवानपुर आए भन्ने अभिमत प्रस्तुत गर्दछन् । पाल्पाका राजा रुद्रसेनदेखि मात्र धेरै सेन वंशावलीमा एकरूपता पाइन्छ । रुद्रसेनपछि उनका छोरा मुकुन्दसेन पाल्पाका राजा भए ।

१६ औं शताब्दीका पाल्पाली सेन वंशका राजा मुकुन्द सेनका कान्छा छोरा लोहाङ सेनले पूर्वी तराईका विभिन्न भाग जित्दै पूर्वमा मोरङसम्म पुगेको इतिहास पाइन्छ । यस क्रममा महोत्तरी तथा कोशीका विभिन्न क्षेत्रहरू सेन राज्यमा गाभिए र वर्तमान सर्लाही र आसपासका अरू क्षेत्रहरू वि.सं. १६१० भन्दा अगाडि नै सेन राज्यमा गाभिएका थिए ।[६] मुकुन्द सेनले आफ्नो शेषकालमा पाल्पाको विशाल राज्य आफ्ना भाइछोरालाई बाँडिदिए । लोहाङ सेन यस क्षेत्रको राजा भए । लोहाङ सेनपछि उनका छोरा राघव सेन राजा भए । राघव सेनको शेषपछि हरिहर सेन यस क्षेत्रको राजा भए । हरिहर सेनका छोरामा राज्यको निम्ति कलह सुरु भयो । त्यसैले आफ्नो कार्यकाल मै यिनले कोशीभन्दा पश्चिमको राज्य कान्छा छोरा शुभ सेन र कोशीदेखि पूर्वको राज्य नाति इन्दु विधाता सेनलाई बाँडिदिएँ ।[७] शुभ सेनका दुई भाइ छोरामा आफ्नो पैतृक राज्यको पुनः विभाजन भयो र कमला नदीभन्दा पश्चिमको भाग कान्छा छोरा माणिक सेनको भागमा पऱ्यो । आफूले वीस वर्ष शासन गरेपछि माणिक सेनले पनि आफ्नो राज्यलाई चार टुक्रामा विभाजन गरे । किनभने उनका चार भाइ छोरा थिए । पैतृक सम्पत्तिको रूपमा उनी छोरालाई राज्य बाँडिदिन चाहन्थे । यो विभाजन अनुसार माणिक सेनका जेठा छोरा हेमकर्ण सेनले मकवानपुरको पैतृक गद्दी भेट्टाए । वर्तमान सर्लाही जिल्लाको क्षेत्र मकवानपुर राज्य अन्तर्गत पर्दथ्यो ।[८]

हेमकर्ण सेनले आफ्नी छोरी इन्द्रकुमारीको विवाह तत्कालीन गोरखाका युवराज पृथ्वीनारायण शाहसँग गरिदिएका थिए । मकवानपुरका अन्तिम राजा दिग्बन्धन सेन नाताले पृथ्वीनारायण शाहका जेठान भए तापनि उनीहरूको आपसी सम्बन्ध सौहार्दपूर्ण थिएन । यो खटपटको सुरुवात ससुरा हेमकर्ण सेनकै पालादेखि भएको थियो ।[९] पृथ्वीनारायण शाह नेपाल एकीकरण अभियानमा जुटेका थिए । यसै क्रममा उनले थुप्रै रजौटाहरूलाई पराजित गरी आफ्नो राज्यमा मिलाई सकेका थिए भने कति मिल्ने तरखरमा थिए । यही सिलसिलामा पृथ्वीनारायण शाह उपत्यकाका नाकाबन्दी गर्ने विचारमा थिए । चारैतिरबाट उपत्यकाकालाई नाकाबन्दी गर्न सकियो भने मल्ल राजामा खैलाबैला मचिन्छ र त्यसैबेला आक्रमण गरेर विजयश्री हातपार्न सजिलो पर्छ भन्ने उनको सोचाई थियो तर उनले सफलता पाईरहेका थिएनन् । उनका जेठान वा मकवानपुरका राजा दिग्बन्धन सेन यसमा प्रमुख बाधक भएर निस्के । उनी उपत्यकाका

---

५ शंकरमान राजवंशी (सं.), **सेन वंशाली** (काठमाडौं, वीर पुस्तकालय, २०२०), पृ. १ ।

६ **मेचीदेखि महाकाली - भाग २**, पूर्ववत्, पृ. ३७० ।

७ ऐजन ।

८ ऐजन ।

९ ज्ञानेश्वर भट्टराई, **बृहत् ज्ञानकोष,** छैठौ संस्क., (रूपन्देही : लक्ष्मीपुस्तक सदन, २०५२), पृ. २८ ।

राजाहरूको पक्षलिई बङ्गाल र उपत्यकाका बीचको व्यापारमा सहयोग गर्ने गर्दथें । उपत्यकाका जनतालाई आवश्यक पर्ने सामग्रीहरूको पूर्ति पनि गरिरहेका थिए । यो कुरा पृथ्वीनारायण शाहलाई सैह्य थिएन । त्यसैले वि.सं. १८१९ को भाद्र महिनामा मकवानपुरमाथि आक्रमण गरी गोरखालीको फौजले यस राज्यलाई विशाल राज्यमा मिलायो । त्यसपछि मकवानपुर राज्यमा पर्ने वर्तमान सर्लाही जिल्ला भागहरू स्वतः गोरखा राज्यका अभिन्न अङ्ग बन्न पुगे ।[१०]

मकवानपुर राज्य नेपाल अधिराज्यमा विलिन भएपछि पहिलेको मकवानपुर राज्यअन्तर्गत रहेको सर्लाही तथा अन्य प्रदेशको प्रशासन मकवानपुरमा बस्ने एक सुब्बाद्वारा गरिन्थ्यो । सुब्बाद्वारा प्रशासित क्षेत्रहरू सप्तरी, महोत्तरी, रौतहट, बारा र पर्सा यी पाँच जिल्लामा विभाजित थिए ।[११] यतिखेरसम्म सर्लाहीको छुट्टै अस्तित्व रहेको देखिँदैन । वर्तमान सर्लाही जिल्ला महोत्तरी कै अङ्गको रूपमा रहेको थियो । इतिहासमा सर्लाहीको नाम भने जङ्गबहादुरको मृत्युको सम्बन्धमा मात्र देखापर्दछ । वि.सं. १९३३ (सन् १८७६-७७) को हिउँदमा नेपालको प्रथम राणा प्रधानमन्त्री जङ्गबहादुर सर्लाहीमा सिकार खेल्न गएका थिए र उनी त्यहीँ बिरामी परे । उनलाई बागमतीको किनारामा अवस्थित पत्थर घट्टामा ल्याइयो ।[१२] सन् १८७७ को फ्रेबुअरी महिनामा जङ्गबहादुरको मृत्यु भयो । जङ्गबहादुरले सर्लाही यात्रा शिकार खेल्ने उद्देश्यले गरेका भए पनि उनले यस जिल्लाको चिताइन भन्ने स्थानमा एक शिव मन्दिरको स्थापना गरेका थिए ।[१३] आजसम्म पनि त्यहाँ हरेक माघे (मकर) संक्रान्तिमा ठूलो मेला लाग्दछ, जुन एकहप्तासम्म चल्दछ ।

निष्कर्षमा के भन्न सकिन्छ भने सर्लाही जिल्ला पछिसम्म पनि महोत्तरीबाटै प्रशासित थियो । महोत्तरी र सर्लाही दुवैका प्रशासन जलेश्वरमा रहेको बडा हाकिमले हेर्थे । वि.सं. २०१९ मा अधिराज्यलाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरेपछि मात्र सर्लाहीको वर्तमान स्वरूप देखापरेको हो । तर वि.सं. २०२१ देखि मात्र यस जिल्लाको प्रशासन महोत्तरीबाट छुटियो र २०२३ सालदेखि प्रमुख जिल्ला अधिकारीको कार्यालय स्थापना भई प्रमुख जिल्ला अधिकारीबाट प्रशासन चल्दै आएको छ ।[१४]

## २.३ नामकरण

सर्लाहीको नामकरणका बारेमा ऐतिहासिक तथ्यहरू प्रामाणिक रूपमा फेला पार्न नसकेको हुँदा ऐतिहासिकता भन्दा स्थानीय स्तरका जनश्रुतिको आधारमा भर पर्नुपर्ने देखिन्छ । इतिहासलाई पूर्ण रूप दिने प्रचलन किम्वदन्ती पनि एक भएकोले यसलाई पनि केही हदसम्म आधार मानिँदै आएको छ । सर्लाहीको नामकरणका बारेमा दुई थरी मत सार्वजनिक छन् । धिमाल सम्प्रदायका अनुसार पहिले यहाँ सालको रुख प्रशस्त भएको जङ्गल रहेको र पछि सोही ठाउँमा बसाइएको

[१०] बाबुराम आचार्य, **श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी**, (काठमाडौं: श्री ५ महाराजाधिराजको प्रमुख संवाद सचिवालय, राजदरवार, २०२६), पृ. ४०९ ।

[११] **मेचीदेखि महाकाली - भाग २**, पूर्ववत्, पृ. ४०५ ।

[१२] ऐजन, पृ. ३७२ ।

[१३] ऐजन ।

[१४] **मेचीदेखि महाकाली भाग २**, पूर्ववत्, पृ. ४०५ ।

धिमाल गाउँ हुनाले **साल-लाही** नाम रहन गएको र पछि यस नाम अपभ्रंस भएर **सर्लाही** रहन गएकोमा पछि जिल्लाको नाम पनि यही रहेका भनाई छ । अर्को मत **सर्लाही देवीको मन्दिर**सँग सम्बन्धित छ । उक्त मन्दिर सर्लाही जिल्लाको हेमपुर गा.वि.स.मा अवस्थित छ । रातको समयमा यदि कोही मानिस बत्ती बोकी सर्लाही देवीको मन्दिरमा गएमा उसको मृत्यु हुन्छ भन्ने विश्वासले गर्दा आज पनि बत्ती लिएर त्यहाँ कोही पुग्दैनन् । यिनै देवीको नामबाट नै पहिले यस ईलाकाको नाम र पछि यस जिल्लाको नाम **सर्लाही** रहन गएको हो भन्ने स्थानीय बासिन्दाको धारणा रहेको पाइन्छ ।[ज्ञछ] सर्लाही देवीको मन्दिर वरिपरि अझै पनि बस्ती बस्न सकेको छैन ।

विभिन्न व्यक्ति, सम्प्रदाय र ऐतिहासिक तथ्य केलाउँदा माथि प्रस्तुत गरिएका मत आ-आफ्नो ठाउँमा सत्यको नजिक छन् । सर्लाहीमा प्रशस्त सालको रुख भएको जङ्गल तथा धिमाल बस्ती पनि रहेको पाइन्छ भने सर्लाही देवीको मन्दिरको आफ्नै ऐतिहासिक महŒव रहेको पाइन्छ । यी दुई खाले मतमा दोस्रो मतका प्रमाणहरू बढी विश्वसनीय लाग्दछ । सर्लाही देवीको मन्दिर कै नामबाट पहिले हेमपुर ईलाकाको नाम सर्लाही रहेको र पछि जिल्ला कै नाम सर्लाही हुन गएको हो ।

## २.४ भौगोलिक परिचय

यस अन्तर्गत सर्लाही जिल्लाको भू-बनावट, स्थानीय निकायको विभाजन, हावापानी, नदीनाला, प्राकृतिक वनस्पति र पशुपक्षीको अध्ययन गरिन्छ ।

### २.४.१ क्षेत्रफल र सीमाना

भौगोलिक स्थितिअनुसार सर्लाही जिल्ला २६ड्ड४५' देखि २७ड्ड१०' उत्तरी अक्षांश र ८५ड्ड२०' देखि ८५ड्ड५०' पूर्वी देशान्तर भित्र पर्दछ ।[ज्ञट] सर्लाही जिल्लाको क्षेत्रफल १२५९ वर्ग किलोमिटर छ ।[ज्ञठ] सर्लाही जिल्लाको पूर्वमा महोत्तरी जिल्ला, पश्चिमममा रौतहट जिल्ला, उत्तरमा सिन्धुली जिल्ला र दक्षिणमा भारतको विहार प्रान्त पर्दछ । यो जिल्लाको जमिनको उचाइ समुद्र सतहबाट ६० मिटरदेखि ६५९ मिटरसम्म छ ।[ज्ञड]

### २.४.२ भू-बनोट

जमिनको स्वरूपअनुसार सर्लाही जिल्लालाई मोटामोटी रूपमा निम्न तीन भागमा बाँड्न सकिन्छ :[ज्ञढ]

क) उत्तरको चुरे डाँडा ।

ख) बीचको भावर प्रदेश ।

---

[१५] **जिल्ला पार्श्वचित्र** (सर्लाही : जिल्ला विकास समिति, जिल्ला सूचना तथा अभिलेख केन्द्र, २०६२), पृ. १७ ।

[१६] **सर्लाहीको शैक्षिक दर्पण**, पूर्ववत् पृ. १ ।

[१७] ऐजन ।

[१८] ऐजन, पृ. २ ।

[१९] **मेचीदेखि महाकाली - भाग २**, पूर्ववत्, पृ. ३६१ ।

ग) दक्षिणको तराई प्रदेश ।

**क) उत्तरको चुरे डाँडा**

चुरे डाँडा यो जिल्लाको उत्तरी सीमा हो । उचाइको हिसाबले यो प्रदेश करिब ६०० मिटरदेखि ६५९ मिटरसम्म अग्लो छ ।[२०] कौवाचुरी, राँगेचुरी, धिमिलिया र नारायण डाँडा यस प्रदेशको प्रमुख डाँडाहरू हुन् । यस क्षेत्रको अधिकांश भाग जङ्गल र खोला खहरेले ढाकिएको छ ।[२१] जिल्लाको प्रायः सबै खोला, नदी तथा खहरेहरूको उत्पत्ति यही क्षेत्रबाट भएको छ ।

**ख) बीचको भावर प्रदेश**

चुरेदेखि दक्षिण र तराईको मैदान भागदेखि उत्तरमा रहेको चारकोसे झाडीको नामले प्रसिद्ध यस क्षेत्रको उचाइ करिब १५० मिटरदेखि ३०० मिटरको बीचमा पर्दछ ।[२२] औलो उन्मुलन सँगसँगै यस क्षेत्रमा बसोबास बढ्दै गएको छ र जङ्गल तथा जङ्गली जनावरहरू क्रमशः लोप हुँदै गएका छन् । महेन्द्र राजमार्गले छोएको यो भाग विशेष गरी बालुवा, कङ्कड र स-साना ढुङ्गाहरूले बनेको छ । दक्षिणतिर बिस्तारै भिरालो परेको छ । चुरे डाँडा नजिकको ईलाकामा जमिन मुनिको भागमा ठूला-ठूला ढुङ्गा हुन्छन् र जति चुरेबाट दक्षिणतिर गयो उति मलिलो माटो भएको तराई ईलाका सुरु हुन्छ ।[२३]

**ग) दक्षिणको तराई प्रदेश**

भावर प्रदेश भन्दा मुनिको भारतको अन्तर्राष्ट्रिय सीमासम्मको समथर भागलाई नै तराईको रूपमा लिइन्छ । यस क्षेत्रको उचाइ समुद्र सतहदेखि १५० मिटरभन्दा कमै छ ।[२४] यो क्षेत्र परापूर्वकालदेखि कृषियोग्य तथा बढी जनघनत्व रहेको पाइन्छ ।[२५] जिल्लाको सदरमुकाम मलङ्गवाका साथै अधिकांश प्रमुख गाउँ बस्तीहरू यसै क्षेत्रमा छन् । जिल्लाको अन्नभण्डार पनि यहीँ क्षेत्र हो । यो क्षेत्र पहिलेदेखि बसोबास योग्य भएकोले यहाँ वन जङ्गलको क्षेत्र अत्यन्त कम छ र बर्षामा बाढीले केही नोक्सानी समेत पुऱ्याउने गरेको पाइन्छ ।

### २.४.३ स्थानीय निकायको विभाजन

सर्लाही तराईको घना जनसङ्ख्या भएका जिल्लाहरूमध्येको एक जिल्लाको नाम हो । सम्पूर्ण भूभाग तराई प्रदेशमा पर्ने यो जिल्लालाई पूर्व-पश्चिम महेन्द्र राजमार्गले स्पर्श गरेको छ । एक नगरपालिका र उनान्सय गा.वि.स.हरू भएको यो जिल्लालाई छ निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ ।[२६] जसअनुसार क्षेत्र नं. १ मा वसन्तपुर, भक्तिपुर, गौरीशंकर, परवानीपुर, लालबन्दी,

---

[२०] ऐजन ।

[२१] ऐजन ।

[२२] **मेचीदेखि महाकाली - भाग २**, पूर्ववत्, पृ. ३६१ ।

[२३] ऐजन ।

[२४] ऐजन ।

[२५] ऐजन ।

[२६] निर्वाचन कार्यालय सर्लाहीले उपलब्ध गराएको सर्लाही निर्वाचन क्षेत्र विभाजन २०६४ को नक्सा अनुसार ।

ईश्वरपुर, नारायणखोला, रानीगंज, जब्दी, पत्थरकोट, कालिञ्जोर र बेलासमेत कुल बाह्र गा.वि.स.हरू छन् ।

निर्वाचन क्षेत्र नं. २ मा पिडारी, सासापुर, कविलासी, फरहदवा, हेमपुर, पिपरिया, जानकीनगर, नेत्रगंज, घुर्कौली हरिपुर, हरिवन, किसनपुर, लक्ष्मीपुर को. र अत्रौली समेत चौध गा.वि.स.हरू पर्दछन् ।

निर्वाचन क्षेत्र नं ३ मा हजारिया, धनगढा, लौकठ, श्रीपुर, ढुंग्रेखोला, मुर्तिया, शंकरपुर, राजघाट, वरहथवा, भवानीपुर, मानपुर, सुन्दरपुर चुहर्वा र कर्मैया समेत तेह्र गा.वि.स.हरू छन् ।

निर्वाचन क्षेत्र नं. ४ मा मलंगवा नगरपालिका, चन्द्रनगर, गम्हरिया, धनकौला पु., हरिपुर्वा, जिंगर्वा, नारायणपुर, पर्सा, संग्रामपुर, भेल्ही, त्रिभुवननगर, बबरगंज, ब्रह्मपुरी, मोहनपुर र नौकेल्वा समेत चौध गा.वि.स. र एक नगरपालिका छन् ।

निर्वाचन क्षेत्र नं. ५ मा फूलपरासी, वेल्ही, वत्रौल, मुसैली, सिसौटिया, मधुवन गोठ, गौडेटा, सुन्दरपुर, सलेमपुर, लक्ष्मीपुर सु., गडरिया, कौडेना, जमुनिया, मोतीपुर, सिमरा, खोरिया, औरही, बाराउद्योरण, भाँडसर, खुटौना, सक्रौल र सहडवा गरी जम्मा वाइस गा.वि.स.हरू पर्दछन् ।

निर्वाचन क्षेत्र नं. ६ मा बहादुरपुर, रामनगर बहुअर्वा, डुमरिया, रोहुवा, रामवन, मधुवनी, महिनाथपुर, सेखौना, अर्नाहा, धनकौल पं., बेल्वाजब्दी, वगदह, छोटौल, भगवतीपुर, सिसौट, हरकठवा, मिर्जापुर, गडहिया, अजलगढ, सुदामा, बलरा, हथिऔल, खैर्वा र छतौना समेत चौविस गा.वि.स.हरू छन् ।[२७]

## २.४.४ हावापानी

मनसुनी हावापानीको प्रभाव भएको यस जिल्लाको अधिकांश मैदानी भाग भए तापनि बीचको भावर प्रदेश र उत्तरको चुरे श्रृङ्खलाले गर्दा जिल्लाको दक्षिणतिर भन्दा उत्तरतिर गर्मी कम हुने र ज्यादै वर्षा हुने गर्दछ ।[२८] यस जिल्लाको मौसम अवलोकन केन्द्रमा अभिलेख नभएकोले हावापानीको समानताको आधारमा धनुषा जिल्लाको जनकपुरमा रहेको मौसम केन्द्रको तापक्रमलाई नै यहाँ लगभग तापक्रम मान्ने गरेको पाइन्छ ।[२९]

वार्षिक औसत अधिकतम तापक्रम लगभग ३१ङ्क से. र औसत न्यूनतम तापक्रम २०ङ्क से. रहेको पाइन्छ ।[३०] तर जिल्लाको उत्तरी भागको चुरे तथा भावर क्षेत्रमा तराईको भन्दा केही कम तापक्रम रहन्छ ।[३१] कूल वर्षा मध्ये ८०□ वर्षा असार-भाद्र महिनाभित्र हुने गरेको पाइन्छ ।[३२] करिब २.३□ वर्षा हिउँदमा हुने गरेको पाइन्छ । सरदर वर्षा १८९९.६ मि.मि. हुने गर्दछ ।[३३]

---

[२७] ऐजन ।

[२८] **मेचीदेखि महाकाली - भाग २**, पूर्ववत्, पृ. ३६४ ।

[२९] ऐजन ।

[३०] **सर्लाहीको शैक्षिक दर्पण**, पूर्ववत्, पृ. ५ ।

[३१] ऐजन ।

जिल्लाको उत्तरी तथा दक्षिणी भागको उचाइमा असमानता भएकोले विभिन्न ठाउँमा वर्षा र तापक्रम एकैनासको पाइँदैन । तर मोटामोटी रूपमा सबै ठाउँमा एकै किसिमको उष्ण मनसुनी हावाको प्रभाव पाइन्छ ।[घ्द्ध] दक्षिण पश्चिमी मनसुनको प्रभावले गर्दा जेष्ठको मध्येदेखि असोजको मध्यसम्म वर्षा हुने गरेको पाइन्छ । हिउँदमा माघ-फागुनमा केही वर्षा हुन्छ र चैत्र वैशाखमा हुरी बतास मेघ गर्जनसहित फाटफुट वर्षा पनि हुन्छ ।[घछ] यहाँ वर्षा याममा ज्यादै गर्मी र हिउँदमा सुख्खा मौसम र साधारण जाडो हुन्छ ।

### २.४.५ नदीनालाहरू

जिल्लाको पश्चिमी सीमानामा रहेको सबैभन्दा ठूलो नदी बागमती नदी बाहेक अन्य सबै नदीहरू उत्तरको चूरे डाँडा क्षेत्रबाट सुरु भएका छन् र क्रमशः दक्षिणतिर बग्दै भारत पस्दछन् । यहाँ धेरैजसो साना खोला र खहरेहरू छन् । यस जिल्लाभित्र पर्ने प्रमुख नदीनालामा बागमती, लखनदेई र झिम नदी मानिन्छ ।[घट]

**क)** **बागमती**

सर्लाही र रौतहटको सीमाना भई बगेको वागमती नदी यस जिल्लाको प्रमुख नदी हो । यस नदीले पश्चिमी सीमानाको रौतहटको करिब १६ किलोमिटर (१० माइल) भाग मात्र छोएको छ ।[घठ] वागमतीको चार वर्षको औसत जलप्रवाह (सन् १९६५-१९६८) १६१.६ घनमिटर (क्यूबिक मिटर) प्रतिसेकेण्ड रहेको तथ्य वागमती जलप्रवाह मापक केन्द्रले गराएको थियो ।[घड] यस केन्द्रको वरिपरि वागमती जलाधार क्षेत्र २,७२० वर्ग कि.मि. रहेको छ ।[घढ]

**ख)** **लखनदेई**

जिल्ला भित्र रहेको सबैभन्दा ठूलो नदी लखनदेई हो । यो नदी करिब ६४ कि.मि. लामो रहेको छ ।[ढण] या नदी जिल्लाको उत्तरपूर्वी कुनाको चुरेबाट सुरु भई दक्षिण पश्चिममा सिमरासम्म बगी पछि दक्षिण तर्फ बग्दै भारत पसेको छ । यस नदीले जिल्लालाई दुई भागमा विभाजन गरेको छ । यसका सहायक नदीहरूमा नारायण, मदार, वामन्ती, दाइने, अत्रौली, चापिनी, कोटी, घुमी आदि प्रमुख हुनका साथै निकै संख्यामा खहरे तथा स-साना खोलाहरू पनि मिसिएका छन् ।[ढञ]

---

[३२] **जिल्लाका गैरसरकारी संस्था प्रोफाइल : सर्लाही जिल्ला,** (गैसस महासंघ नेपाल जिल्ला शाखा सर्लाही, २०६१), पृ. ९१ ।

[३३] ऐजन ।

[३४] ऐजन ।

[३५] ऐजन ।

[३६] **मेचीदेखि महाकाली - भाग २,** पूर्ववत्, पृ. ३६२ ।

[३७] ऐजन ।

[३८] **सर्लाही शैक्षिक दर्पण**, पूर्ववत्, पृ. ४ ।

[३९] ऐजन ।

[४०] **मेचीदेखि महाकाली - भाग २,** पूर्ववत्, पृ. ३६३ ।

[४१] ऐजन ।

**ग) भिमनदी :**

जिल्लाको उत्तर पूर्वी सीमानाको चुरेबाट निस्केको फूलजोर खोला र कालिन्जोर खोला मिलि भैरवपुरमा दोभान बनेपछि यो नदी प्रारम्भ भएको छ । यसको लम्बाई करिब २९ कि.मि. छ । भैरवपुरदेखि त्रिभुवन नगरसम्म जिल्लाको पूर्वी भागबाट दक्षिणतिर बग्दै भारत पसेको छ । भारतमा प्रवेश गरेपछि भिमलाई अधवरा नदी भनिन्छ ।[४२] मकवानपुर राज्यको पुरानो पूर्वी सीमाना अधवरा नदी नै थियो ।[४३]

यस जिल्ला अन्य सानातिना नदीहरू पनि छन् । जसमध्ये पूर्वको अधवारा नदी (पछि भिम नदीमा मिलेको छ) पश्चिमको मनुष्मरा नदी (हरिवन, सोतार, पथलैया खोलाहरू मिसिएर बनेको) र मध्य मागमा ढंग्रा, भुमी नदीहरू उल्लेखनीय छ ।[४४]

### २.४.६ प्राकृतिक वनस्पति

उष्ण मनसुनी हावापनी भएकोले सर्लाही जिल्लामा उष्ण प्रदेशीय सदावहार जङ्गल पाइन्छ । जङ्गलमा साल समुहको रुखहरूको प्राधान्य छ । साथै अन्य कडा जातका रुखहरूमा खयर, सिसौ, असना, कर्मा, कुम्भी, जामुन, हर्रो, बर्रो, सिँदुरे टाँटरी, सतीसाल, सिमल, भुरकुट, दबदबे आदि छन् । यहाँ पाइने वन्य पैदावारहरूमा सतावरी, सिमलभुवा, तरुल, बाबियो, खर, काँस तथा अन्य जटीबुटीहरू छन् । जिल्ला बासीहरूलाई आवश्यक पर्ने काठ, दाउरा तथा घाँसपात आदि सबै जिल्लामा रहेको वनजङ्गलमै निर्भर रहेका छन् । सालको काठको लागि सर्लाही प्रसिद्ध रहिआएको छ ।[४५] काठ प्रशस्त पाइने भएकोले चिरान मिल अन्य जिल्लामा भन्दा यस जिल्लामा बढी रहेको पाइन्छ ।[४६]

### २.४.७ पशुपक्षी

सर्लाही जिल्लाको वनमा विभिन्न किसिमका जङ्गली जनावरहरू पाइन्छ । यहाँ बाघ, हात्ती र अर्ना जस्ता पशुहरू पाइने हुँदा शिकारको लागि यो जिल्ला पहिलेदेखि नै प्रसिद्ध थियो । जङ्गबहादुर आफ्नो जीवनको अन्तिम घडीमा सिकार खेल्न यहीँ आएका थिए र यहीँ उनले सेतो बाघ देखे भन्ने जनश्रुति पनि छ ।[४७] वन जङ्गल फडानी र बढ्दो जनसंख्याको कारण वन्य जन्तुहरू लोप हुँदै गएको पाइन्छ । अझै पनि बाघ, चितुवा, भालु, चित्तल, मृग, बनेल तथा चराचुरुङ्गीमा मयुर, धनेश, कालिज, लुइँचे आदि पाइन्छन् ।

## २.५ सामाजिक परिचय

यस अध्यायमा सर्लाही जिल्लामा बसोबास गर्ने जातजाति, उनीहरूको रहन-सहन र भेषभूषा, उनीहरूले मान्ने धर्म र चाडपर्व, उनीहरूको भाषा र आपसी सम्बन्धका साथै यस जिल्लाका प्रमुख धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलको अध्ययन गरिन्छ ।

---

[४२] ऐजन ।

[४३] ऐजन ।

[४४] **सर्लाही शैक्षिक दर्पण**, पूर्ववत्, पृ. ५ ।

[४५] **मेचीदेखि महाकाली - भाग २**, पूर्ववत्, पृ. ३६७ ।

[४६] **सर्लाही शैक्षिक दर्पण,** पूर्ववत्, पृ. ६ ।

[४७] **मेचीदेखि महाकाली - भाग २**, पूर्ववत्, पृ. ३६७ ।

### २.५.१ जातजाति

सर्लाही जिल्लामा बहुजातिको बसोबास छ । यस जिल्लामा मोटामोटी रूपमा ९४ जातिको अस्तित्व छ ।[४८] धेरै जातिको अस्तित्व भए तापनि जिल्लाका बहुसंख्यक जात यादव, कलवार र तेलीहरू हुन् ।[४९] यहाँका बासिन्दाहरूमा सांस्कृतिक अनेकता समेत छ । यो जिल्लाको जनजीवनलाई जातिको, धर्मको र संस्कृतिको आधारमा मात्र विभाजन गर्न सकिदैन । त्यसैले मोटामोटी रूपमा भौगोलिक उत्पत्ति र धार्मिक पृष्ठभूमिको आधारमा यो जिल्लाको बासिन्दाहरूलाई चारवटा मुख्य समूहमा विभाजन गर्न सकिन्छ :

**क) तराईमूलक जातिहरू**

सर्लाही जिल्लाको दक्षिणको तराई प्रदेशमा तराईमूलक जातिहरूको घना बसोबास रहेको छ । छिटपुट रूपमा भावर प्रदेशमा पनि यिनीहरूको बसोबास छ । यस अन्तर्गत पर्ने प्रमुख जातिहरू- यादव, कलवार, कोइरी, तेली, दुसाद, कुर्मी, मलाहा र बानियाँ रहेका छन् ।[५०] २०५८ को जनगणना अनुसार यस जिल्लामा यादवको संख्या सबभन्दा बढी रहेको छ । जसअनुसार यादवको संख्या ९६,८१०, कोइरीको संख्या ३९,३२४, तेली ३२,१७६, दुसाद १९,५८१, कलवार १६,५८०, कुर्मी १५,१७२, मलाहा १३,७५१ र बनिया १२,७५२ रहेका छन् ।[५१] यस समुहमा पर्ने अन्य जातिहरूमा धानुक, मसुहर, केवट, ब्राह्मण (तराई), खत्वे, धोवी, नुनियाँ, राजपुत, हलुवाइ, कायस्थ, बराई, बढई, हल्खोर, धुनिया आदि छन् ।[५२]

तराइमूलक जातिहरूलाई ब्राह्मण, क्षेत्री, दलित र अन्य गरी चार उप-समूहमा विजाजन गर्न सकिन्छ । सर्लाही जिल्लामा पाइने ब्राह्मणका मुख्य थरहरूमा दुवे, ओभा, मिश्र, पाण्डे, तिवारी, पाठक आदि प्रमुख हुन् । क्षेत्री समूहमा राजपुत, भूमिहार, यादव पर्दछन् । दलित जातिहरूमा सुनार, कुस्ले, पासवान, मुसहर, धोवी, तत्मा, खत्वे, बाँतर, कोचे, हल्खोर, डोम आदि प्रमुख हुन्[५३] र अन्यमा कुर्मी, धानुक र अमान जाति रहेका छन् ।

**ख) पाहाडबाट आएका जातिहरू**

तराईमूलक जातिमा झैं सांस्कृतिक विविधता पाहाडबाट आएका जातिहरूमा पनि पाइन्छ । यस वर्गमा पर्ने जातजातिलाई ब्राह्मण, क्षेत्री, दलित र जनजाति गरी चार उप-समूहमा राखेर हेर्न सकिन्छ । ब्राह्मणमा जैसी र उपाध्याय जाति भएको पाइन्छ । क्षेत्रीभित्र पनि हमाल (ठकुरी र क्षेत्रको संसर्गबाट), खत्रीक्षेत्री (बाहुन र क्षेत्री), घर्ती क्षेत्री (बाहुन र घर्ती) आदि विभिन्न जाति छन् ।[५४] सर्लाही जिल्लामा पाइने ब्राह्मणका मुख्य थरहरूमा पौडेल, खनाल, आचार्य भट्टराई,

---

[४८] **जिल्ला पार्श्वचित्र सर्लाही**, पूर्ववत्, पृ. ७-१० ।

[४९] **मेचीदेखि महाकाली - भाग २**, पूर्ववत्, पृ. ३६७ ।

[५०] **जिल्ला पार्श्वचित्र सर्लाही**, पूर्ववत्, पृ. ८ ।

[५१] ऐजन ।

[५२] ऐजन, पृ. ७-१० ।

[५३] **जिल्लाका गाविस स्तरीय तथ्याङ्क र नक्साहरू** (काठमाडौं : राष्ट्रिय श्रम प्रतिष्ठान, २०६१), पृ. ३२ र ३३ ।

[५४] श्रीकृष्ण श्रेष्ठ, **बुहत् सामान्य ज्ञान** (काठमाडौं : पैरवी प्रकाशन, २०६५), पृ. २९७ ।

चालिसे, पोखरेल, अधिकारी आदि हुन् । क्षेत्री समूहमा राउत, थापा, गिरी, के.सी., महत, खत्री, खड्का, कार्की, बोहरा, बस्नेत, मल्ल, विष्ट, पाण्डे, उप्रेती, पन्त, फुँयाल, रेग्मी, रिमाल, सिग्देल आदि पर्दछन् ।[५५] दलित जातिमा कामी, दमाई, सार्की, बादी र कोचे आदि प्रमुख हुन् ।[५६] जनजातिअन्तर्गत तामाङ्ग, मगर, राई, माझी, हायु, भुजेल, थकाली, थामी, भोटे, नेवार र बोटे (माझी) आदि प्रमुख रहेका छन् ।[५७]

### ग) आदिवासी जनजाति

तराई प्रदेशको आदिवासी जनजाति थारु जाति हो । नेपालको तराई ईलाकामा पूर्व मेचीदेखि पश्चिममा महाकालीसम्म यस जातिको बसोबास पाइन्छ । सर्लाही जिल्लाको चुरे र भावर क्षेत्रमा यस जातिको बसोबास रहेको छ । दोनवार, बाटर, रौटार, डङगरिया, कोचिला, लम्पोसवा, मझिऔर र कछरिया थारुका प्रमुख थरहरू हुन् । संयुक्त परिवारमा बस्न रुचाउने यो जातिमा जातीय एकता अत्यन्त प्रबल रहेको छ ।[५८] सर्लाही जिल्लामा थारूका विभिन्न थरहरू मध्ये कोचिला, मझिऔर, कछरिया र दनुवारहरूको बसोबास छ ।[५९] थारूहरूको ठाउँ विशेषअनुसार अलग-अलग ठाउँमा अलग-अलग प्रकारको नाम, थर, भाषा र सभ्यता छन् ।[६०] यिनीहरूको भाषा थारू भाषा हो । प्रकृतिपुजक यिनीहरूको मुख्य पेशा कृषि हो ।[६१] साथै यिनीहरु पशुपालन, माछा मार्ने र सिकार खेल्ने काम पनि गर्दछन् । धनीलाई चौधरी भनिने चलन छ । थारु जातिको पुरोहितलाई गुरुवा वा भर्रा भनिन्छ । यिनीहरूमा मागी विवाह, चोरी विवाह र जारी विवाह गरी तीन प्रकारका विवाह प्रचलनमा छन् ।[६२]

### घ) मुसलमान जाति

यस जिल्लामा मुसलमानको कुनै एक क्षेत्र वा ईलाकामा मात्र झुरूप्प र घनाबस्ती कहीँ कतै छैन । तापनि फरक धर्म मान्ने भएकाले आफ्नो छुट्टै गाउँ वा टोल बनाएर बस्ने प्रचलन भने पाइन्छ । यिनीहरूले मान्ने धर्मलाई इस्लाम धर्म भनिन्छ । मुसलमानमा पनि सिया र सुन्नी जस्ता समूहहरू छन् । सर्लाही जिल्लमा यी दुवै समूहका मुसलमानहरू बसोबास गर्छन् । वि.सं. २०५८ को जनगणनाअनुसार यस जिल्लामा मुसलमानको जनसंख्या ४८,७९० छ ।[६३] जुन कूल जनसंख्याको ७.६७□ हो । अंसारी, ठकुराई, कुरेसी, धोबी, खाँ, पैठान आदि मुसलमानका प्रमुख थर हुन् । सामान्यतयाः दाह्री पाल्ने यो जातिलाई टाढैबाट चिन्न सकिन्छ । जिल्लाको दक्षिणी भाग

---

[५५] खगेन्द्र सुवेदी र संगीता सुवेदी, **सरस्वती बृहत् ज्ञानकोष** (काठमाडौं : पिनाकल पब्लिकेशन प्रा.लि., २०६५), पृ. ४८८ ।

[५६] **समष्टिगत शैक्षिक फारम,** जिल्ला शिक्षा कार्यालय सर्लाही, २०६५ ।

[५७] ऐजन ।

[५८] **मेचीदेखि महाकाली - भाग २**, पूर्ववत्, पृ. ११०८ ।

[५९] शिक्षक तेजनारायण चौधरीले मिति ०६६।४।२५ मा शोधार्थीलाई रामनगर-८ मा दिएको मौखिक जानकारीअनुसार ।

[६०] खगेन्द्र सुवेदी र संगीता सुवेदी, **सरस्वती बृहत् ज्ञानकोष**, पूर्ववत्, पृ. ४९० ।

[६१] ऐजन ।

[६२] श्रीकृष्ण श्रेष्ठ, **बृहत् सामान्य ज्ञान**, पूर्ववत्, पृ. ३९२ ।

[६३] **जिल्ला पार्श्वचित्र सर्लाही**, पूर्ववत्, पृ. ७ ।

मलंगवा, शिवनगर, भाँडसर, लक्ष्मीपुर, कोद्राहा आदि ठाउँहरूमा मस्जिदहरू छन् ।[६४] जहाँ उनीहरू आफ्नो नित्य कर्म गर्दछन् ।

### २.५.२ रहनसहन

नेपाली रहनसहन र जीवन संस्कारमा विविधता पाइन्छ । सर्लाही जिल्लामा विभिन्न जातजाति र भिन्न धर्म संस्कृति भएका मानिसहरूको बसोबास भएकोले यिनीहरूको आ-आफ्नै किसिमको परम्परा र संस्कृति रही आएको छ । यहाँका जातजाति र धर्मअनुसार जन्म, नामकरण, विवाह, मृत्यु आदि संस्कारमा भिन्नता पाइन्छ ।[६५] खानपानमा तराईका पहाडीमूलका जातिहरू दाल, भात, रोटी र ढिंडो जस्ता परिकारहरू प्रयोगमा ल्याउँछन् भने तराईमूलका जातिहरू दाल, भात, रोटी, सातु रुचाउँछन् । यति भए तापनि जुन धरातलमा जे बढी उब्जिन्छ त्यो वस्तु नै बढी उपयोग गरिन्छ ।[६६] खेतीमा निर्भर रहने तराईका बासिन्दाहरूको परम्परा, धर्म, संस्कृति फरक भए पनि एक आपसमा घनिष्ठ सम्बन्ध रहेको छ ।

### २.५.३ भेषभूषा

सर्लाही जिल्ला बहुभाषी र विविध धर्मालम्बीहरू भएको जिल्ला हो । खानपान तथा भेषभूषामा धर्मको र भाषाको पनि प्रभाव पर्दछ । यस जिल्लामा तराईमूलका हिन्दू, पुरुषहरू कुर्ता, पाइजामा, धोती, सर्टपाइन्ट तथा कमिज लगाउने गर्दछन् भने महिलाहरू हाफ ब्लाउज, सारी, लुङ्गी, कुर्तासुरुवाल र लहङ्गा लगाउँछन् ।[६७] मुसलमान जातिका पुरुषहरू सर्ट, कुर्ता, लुङ्गी, पाइन्ट र महिलाहरू ब्लाउज, सारी र घाँघर लगाउँछन् । थारु जातिका पुरुषहरू भगुवा (लँगौटी) र भुलवा (भोटो) लगाउँछन् भने स्त्रीले धोती र लामो ठेटुवाको सेतो जामा लगाउने गर्दछन् ।[६८] पहाडिमूलका पुरुषहरू सर्टपाइन्ट, कमिज, दौरा-सुरुवाल, कोट, टोपी, गन्जी, हाफ पाइन्ट र महिलाहरू चोलो, साडी, धोती, लुङ्गी, ब्लाउज, म्याक्सी तथा कुर्ता सुरुवाल लगाउने गर्दछन् । आभूषणमा पहाडिमूलका महिलालहरू टप, फुली, रिङ, औठी, सिक्री, चूरा, तिलहरी, नौगेडी, पाउजु जस्ता गहनाहरू लगाउँछन् ।[६९] तराइमूलका हिन्दू महिलाहरू हँसुलि, औंठी, पाउजु र मुन्द्री लगाउँछन् भने मुस्लिम महिलाहरू औंठी लगायत सामान्य गहना मात्र लगाउँछन् । यो बाहेक तराइमूलका हिन्दू तथा मुस्लिम महिलाहरूमा आफ्ना पतिको नाम हातमा लेख्ने र शरीरका विभिन्न भागमा चित्राकृति बनाउने परम्परा पनि पाइन्छ । पहाडिमूलका हिन्दू नारीहरू विवाहित छुट्याउन सिन्दूर, पोते, सौभाग्य छुट्याउन रातो रङ्को टिका, सिन्दूर र कपडाले आफ्नै महŒव प्रदर्शित गर्दछन् ।[७०]

---

६४ **मेचीदेखि महाकाली - भाग २,** पूर्ववत्, पृ. ३८६ ।

६५ कृष्णप्रसाद भट्टराई, **नेपाल परिचय प्रश्नोत्तर,** (काठमाडौं : पशुपति पुस्तक, भण्डार, वानेश्वर, २०४९), पृ. ४२ ।

६६ कृष्ण गुरुङ, **नेपाल परिचय** (कास्की : रामगुरुङ २०४८), पृ. ४९ ।

६७ ऐजन ।

६८ श्रीकृष्ण श्रेष्ठ, **बृहत् सामान्यज्ञान,** पूर्ववत्, पृ. २९२ ।

६९ रामकुमार पाँडे, **नेपाल परिचय,** (काठमाडौं : ए पाँडे जाउलाखेल, २०३९), पृ. २६९ ।

७० ऐजन, पृ. २६८ ।

### २.५.४ धर्म

नेपाल एक विभिन्न जात-जाति र धर्मालम्बी भएको देश हो । यहाँ जातीय विविधताले गर्दा धर्ममा विविधता देखिन्छ । यस क्षेत्रमा विविध जातजातिको बसोबास भएकोले विभिन्न धर्मालम्बीहरू छन् । वि.सं. २०५८ को जनगणनाअनुसार यस जिल्लामा करिब पाँच धर्मालम्बीहरूको अस्तित्व देखिन्छ ।[ठ्ज्ञ] जसअनुरूप हिन्दू, बौद्ध, इस्लाम, क्रिश्चियन र अन्य धर्म रहेका छन् । यी विभिन्न धर्मलम्बीहरू मध्ये सबभन्दा बढी हिन्दू धर्मालम्बीहरू बस्दछन् । जसलाई निम्नानुसार प्रस्तुत गरेर प्रष्ट पार्न सकिन्छ :

| क.सं. | धर्म | संख्या | प्रतिशत |
|---|---|---|---|
| ज्ञा | हिन्दू | छछज्ञ,ढज्ञण | डटाठढ |
| द्दा | बौद्ध | घढ,छढघ | छाढघ |
| घा | इस्लाम | छठ,घटढ | ठाढछ |
| ढा | क्रिश्चियन | ढढड | णाण्ड |
| छा | अन्य | ज्ञ,डडट | णाघण |
| | जम्मा | टघढ,ठण्ज्ञ | ज्ञाणण |

### २.५.५ प्रमुख धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरू

सर्लाही जिल्ला बहुभाषिक, बहुजातीय र बहुधार्मिक जिल्लाहरूमध्ये एक हो । यस जिल्लाका बासिन्दाहरूले आ-आफ्नो धार्मिक मूल्य र मान्यताअनुसार देवी देवताका मन्दिरहरू प्रशस्त मात्रामा निर्माण गरेका छन् । प्राकृतिक विविधता रहेको यस जिल्लामा प्रमुख धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरू निम्नानुसार प्रस्तुत गरिएको छ[ठ्द] :

| क.सं. | स्थल | गा.वि.स. | सदरमुकामबाट दुरी (माइलमा) | कैफियत |
|---|---|---|---|---|
| ज्ञा | जगमुक्तेवर हिरण्यगर्भेश्वर महादेव मन्दिर | फरहदवा | ज्ञण | धार्मिक/ ऐतिहासिक |
| द्दा | मुक्तेश्वर महादेव मन्दिर | मुर्तिया | ज्ञठ | धार्मिक |
| घा | जलकेश्वर महादेव | पत्थरकोट | द्दढ | धार्मिक |
| ढा | संग्राम मठ | संग्रामपुर | ड | धार्मिक |
| छा | नारीमन ताल | चन्द्रनगर | ट | पर्यटकीय |
| टा | मदनपुर मठ | जमुनिया | ठ | धार्मिक |
| ठा | बौधिदेवी मन्दिर | मुसैली | द्द | धार्मिक |
| डा | पाँच कन्या मन्दिर | नेत्रगंज | द्दछ | पर्यटकीय/ धार्मिक |

---

[७१] **जिल्ला गैरसरकारी संस्था प्रोफाइल : सर्लाही जिल्ला**, पूर्ववत्, पृ. ९३ ।

[७२] **जिल्ला पार्श्व चित्र**, पूर्ववत्, पृ. ८४ ।

### २.५.६ चाडपर्व

यस जिल्लामा विभिन्न प्रकारका जातजातिहरू बसोबास गर्ने भएकोले यिनीहरूले आ-आफ्नै प्रकारका चाडपर्वहरू मान्ने गर्दछन् । धार्मिक परम्पराअनुसार हिन्दूहरू दशैं, तिहार, फागु (होली), छठ, कृणाष्टमी, झुलन, रामनवमी, तीज, शिवरात्री, जितिया आदि मनाउँछन् भने मुसलमानहरूको मुख्य चाड इद र मुहर्रम हुन् ।[ठघ] हिन्दूहरूले महान चाड दशैं, तिहार (दिपावली), छठ र फागु जस्ता पर्वहरूमा व्रतलिई पूजापाठ गरी आ-आफ्नो गच्छेअनुसार धुमधामले भनाउँछन् । मुसलमानहरूले मुख्य चाड इद वा ईदुल फितर चाड हिजरी सम्बत् अनुसार नवौ महिना रम्जानमा एक महिनामसम्म मनाउँछन् ।[ठद्ध] यस समयमा सूर्य रहुन्जेलसम्म पानी समेत नखाइ व्रत समेत बसी अन्त्यमा चन्द्रमाको दर्शन गरी खानपान गर्दछन् । यस जिल्लाका बौद्ध धर्मालम्वीहरूले ल्होसार, तिहार तथा क्रिश्चियनले क्रिसमस जस्ता चाडपर्व मनाउँछन् ।[ठछ] यहाँका आदिवासी जाति थारुले सुखरात्री, छठ, माघी, जुडशीतल, फागु हर्षोल्लाससाथ मनाउँछन् ।

### २.५.७ भाषा

पहिले अधिकांश तराईमूलका निवासीहरू रहेको यस जिल्लामा बसाईसराई र अन्य कारणहरूबाट विभिन्न जातजातिहरूको बसोबास हुन गएकोले यहाँ विभिन्न भाषाहरू बोलिन्छन् । यहाँको मुख्य भाषा मैथिली हो ।[ठट] भाषाको दृष्टिकोणले सर्लाही जिल्ला मैथिली र भोजपुरीको संगमस्थल हो र यहाँको मैथलीमा पनि भोजपुरीको केही प्रभाव पाइन्छ ।[ठठ]

यस जिल्लाको मुख्य भाषा मैथिली भए तापनि विभिन्न भाषा बोल्नेहरू आपसमा राष्ट्रभाषा नेपालीको माध्यमबाट कुरा गर्दछन् । यस जिल्लामा विभिन्न जातजातिले प्रयोग गर्ने भाषाको विवरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ[ठड]-

| क्र.सं. | भाषा | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| ज्ञ। | नेपाली | ठघद्धद्धघ | ज्ञछ।छघ |
| द्द। | मैथिली | द्दडज्ञछछद्ध | छट।ज्ञघ |
| घ। | भोजपुरी | डण्णटद्ध | ज्ञणटद्ध |
| द्ध। | नेवारी | घण्घज्ञ | ण्टद्द |
| छ। | तामाङ्ग | द्दद्धज्ञद्दट | द्ध।ढण |
| ट। | थारू | ज्ञज्ञघठज्ञ | द्द।घण |
| ठ। | मगर | ठठघढ | ज्ञ।छठ |
| ड। | हिन्दी | द्दद्दडढठ | द्ध।टद्ध |
| ढ। | दनुवार | ज्ञज्ञटद्द | ण्द्दघ |
| ज्ञण। | अन्य | ज्ञठद्दडज्ञ | घ।द्धढ |

### २.५.८ आपसी सम्बन्ध

---

[७३] **मेचीदेखि महाकाली - भाग २**, पूर्ववत्, पृ. ३८२ ।

[७४] रामकुमार पाँडे, **नेपाल परिचय**, पूर्ववत्, पृ. २६९ ।

[७५] श्रीकृष्ण श्रेष्ठ, **बृहत् सामान्य ज्ञान**, पूर्ववत्, पृ. २७६ रर २७७ ।

[७६] **मेचीदेखि महाकाली - भाग २**, पूर्ववत्, पृ. ३७८ ।

[७७] ऐजन ।

[७८] **सर्लाही शैक्षिक दर्पण**, पूर्ववत्, पृ. ७ ।

सर्लाही जिल्ला विभिन्न भाषा र रीतिरिवाज भएका विभिन्न धार्मिक सम्प्रदायका जनताहरूको बसोबास छ । विभिन्न सम्प्रदाय र जातिमध्ये पनि अनेक जात, थर वा समूहहरू रहेका छन् र आफ्ना जन्मगत वा परम्परागत जातिय पेसा नै अपनाइआएका छन् ।[७९] यस जिल्लाको विभिन्न क्षेत्रमा बसोबास गर्ने विभिन्न जातजाति र भाषाभाषिका धर्म, संस्कृति, रहनसहन, भेषभूषा एवम् जीवन पद्धतिमा समेत विविधता पाइन्छ । यद्यपि यी विविध विशेषताका बीचमा पनि पारस्परिक सद्भाव, सहिष्णुता, समन्वयताको भावना सम्पूर्ण जातजातिमा रहेको छ ।

## २.६ शैक्षिक परिचय

यसअन्तर्गत सर्लाही जिल्लाको कूल जनसंख्या साक्षरता प्रतिशत र शिक्षण संस्थाहरूको सङ्क्षेपमा अध्ययन गरिएको छ ।

### २.६.१ जनसंख्या

वि.सं. २०४८ को जनगणना अनुसार सर्लाही जिल्लाको जनसंख्या ४,९२,७९८ थियो भने वि.सं. २०५८ को जनगणना अनुसार यस जिल्लाको जनसंख्या ६,३५,७०१ छ ।[८०] २०४८ मा यस जिल्लाको जनसंख्या वृद्धिदर २.१२ प्रतिशत र २०५८ मा २.५५ प्रतिशत रहेको छ । यसरी हेर्दा यस जिल्लाको जनसंख्या वृद्धिदर बढ्दै गइरहेको छ ।

### २.६.२ साक्षरता प्रतिशत

सर्लाही जिल्लाको कूल साक्षरता प्रतिशत ४२.१३% रहेको छ ।[८१] महिला साक्षरता प्रतिशत ३३.०६% र पुरुष साक्षरता प्रतिशत ५१.२% छ ।[८२]

### २.६.३ शिक्षण संस्थाहरू

सर्लाही जिल्लामा सामुदायिक र संस्थागत (निजी तथा अंग्रेजी माध्यमका विद्यालय) दुवै खाले शिक्षालयहरू रहेका छन् । ती शिक्षालयहरूलाई निम्नानुसार प्रस्तुत गरिएका छन्[८३]-

१. सामुदायिक विद्यालय संस्था
- ⇨ प्रा.वि. (प्राथमिक विद्यालय) - २२६
- ⇨ निम्न माध्यमिक विद्यालय - ४२
- ⇨ माध्यमिक विद्यालय - ४३
- ⇨ उच्च माध्यमिक विद्यालय - ५
- ⇨ क्याम्पस - ३

२. निजी तथा अङ्ग्रेजी माध्यमका विद्यालयहरूको संख्या - ४७

## २.७ जिल्लाका प्रमुख स्थानहरू

---

[७९] **मेचीदेखि महाकाली - भाग २,** पूर्ववत्, पृ. ३८३ ।

[८०] **जिल्ला पार्श्वचित्र सर्लाही**, पूर्ववत्, पृ. ७ ।

[८१] ऐजन, पृ. ३१ ।

[८२] ऐजन ।

[८३] **जिल्ला पार्श्वचित्र सर्लाही**, पूर्ववत्, पृ. ३७, ३९, ४० ।

कुनै पनि ठाउँलाई परिचित गराउने स्थान विशेषका मह□वपूर्ण स्थलहरू हुन्छन् र त्यस्ता स्थलहरूको नामले नै ठाउँलाई परिचय गराएको हुन्छ । आ-आफ्नै छुट्टै विशेषता बोकेका सर्लाही जिल्लाका प्रमुख स्थानहरू निम्नलिखित छन् :

**क) मलङ्गवा**

मलङ्गवा सर्लाही जिल्लको सदरमुकाम हो । यो सर्लाही जिल्लाको दक्षिण-पूर्वी छेउमा भारतीय सिमानादेखि करीब एक किलोमिटरभित्र अवस्थित रहेको छ ।[डद्ध] मलङ्गवा सर्लाही जिल्लाको एक मात्र नगरपालिका हो । भारतीय सीमानाको ज्यादै नजिक रहेकोले व्यापारको निम्ति यो स्थान मह□वपूर्ण हुन गएको छ । भारतको व्यापारी केन्द्रको रूपमा चर्चित स्थल सोनवर्सा मलङ्गवाबाट करिब १.६ किलोमिटर मात्र टाढा रहेकोले पनि यस क्षेत्रको व्यापारको सम्भावना बढ्दै गएको छ । मलङ्गवा र विष्णुपुर गा.वि.स. मा रहेको सदरमुकाम क्षेत्रलाई नै सामूहिक रूपमा मलङ्गवाको नामले चिनिन्छ । माघ महिनामा विष्णुपुरमा शिवसागर मेला लाग्दछ र हात्ती, घोडा, गाई, गोरु तथा अन्य पाल्तु पशुहरू खरीद बिक्रीको लागि यो मेला प्रसिद्ध छ ।[डछ]

**ख) बेलबास (केशरगञ्ज)**

पूर्व-पश्चिम महेन्द्रराजमार्गबाट करिब ५.५ कि.मि. (३.५ माइल) दक्षिणमा अवस्थित बेलबास जिल्लाको उत्तरी भागाको निमित्त प्रमुख व्यापार केन्द्रको रूपमा रहेको छ ।[डट] पहिले यो चार कोसे झाडी क्षेत्रमा पर्दथ्यो तर हाल जङ्गल फडानी भएपछि राम्रो बस्ती भएको ठाउँ हुन गएको छ । नयाँ आवादी भएकोले यस ठाउँमा देशका विभिन्न जिल्लाहरूबाट मानिसहरू आई बसोबास गरेका छन् । यहाँ जनकपुर चुरोट कारखानको ठूलो गोदाम छ ।[डठ] यहाँका मानिसहरू नगदेबालीको रूपमा सुर्तीको खेती गर्दछन् । यस ठाउँमा जिल्लाकै प्रसिद्ध पशुहाट छ । पशुहाटमा ठूलो सङ्ख्यामा घरपालुवा पशु (भैंसी, राँगा, गोरु आदि) को किनबेच हुन्छ । अझ बाच्छा गोरुको लागि यो बजार प्रख्यात रहेको छ । पशुहाटमा जिल्ला बाहिर र भारतका विहार राज्यका व्यापारीहरू पनि आउने गर्दछन् । यहाँको बजारलाई महेन्द्रनगर बजार भनिन्छ ।[डड]

**ग) हरपुर**

महेन्द्र राजमार्गमा पर्ने नवलपुर र जिल्ला सदरमुकाम जोड्ने पक्की सडकको बाटैमा हरपुर पर्दछ । यो पूर्व पश्चिम महेन्द्रराजमार्गबाट गरिब सात किलोमिटर (४.५ माइल) दक्षिणमा पर्दछ ।[डढ] यहाँ जङ्गबहादुर राणाले शिवमन्दिरको स्थापना गरेको हुनाले सोही दिनदेखि माघे (मकर) संक्रान्तिमा मेला लाग्न सुरु भएको हो भन्ने जनश्रुति छ ।[ढण] शिवरात्रीको अवसरमा यहाँ जिल्लाको

---

[८४] **मेचीदेखि महाकाली - भाग २**, पूर्ववत्, पृ. ३७३ ।

[८५] ऐजन ।

[८६] **मेचीदेखि महाकाली - भाग २**, पूर्ववत्, पृ. ३७४ ।

[८७] ऐजन ।

[८८] ऐजन ।

[८९] **मेचीदेखि महाकाली - भाग २**, पूर्ववत्, पृ. ३७४ ।

[९०] ऐजन ।

प्रसिद्ध चिताइन मेला लाग्दछ । यो मेलामा विशेषतः थारु र तामाङ्ग युवतीहरू जातीय आभूषणले बेहुली झैं सिँगारिएर आउँछन् । रातभर लोक दोहोरीले वातावरण नै घन्किन्छ । तामाङ्ग युवा-युवतीहरू जुहारी खेल्छन् र यही मेलामा आफ्नो जीवनसाथी चुन्छन् । यो मेला एक हप्तासम्म चल्दछ ।[91]

### घ) लालबन्दी

महेन्द्र राजमार्गमा पर्ने लालबन्दी प्रमुख व्यापार केन्द्र हो । यो जिल्ला सदरमुकाम मलङ्गवादेखि बीस माइल (१२ कि.मि) उत्तरमा पर्दछ ।[92] यहाँ विशेषतः तरकारी र अनाजको व्यापार हुन्छ । तरकारी उत्पादनमा नेपालकै ख्याति प्राप्त स्थानको रूपमा लालबन्दीलाई लिइन्छ ।[93] यहाँ तरकारी संकलन केन्द्रको स्थापना गरिएकोले कृषकहरू तरकारी खेती गर्न हौसिएका छन् । कृषकहरू बेमौसमी तरकारी खेतीतर्फ आकर्षित भई आय-आर्जनमा वृद्धि गरेका छन् । यहाँ जिल्ला वन कार्यालय र भूदेव खाद्य उद्योग पनि छ । जसले व्यापार र रोजगारका अवसर सृजना गरेको छ । महेन्द्र राजमार्गमा जोडिएको यो स्थानमा व्यापार गर्न सहज भएकोले जिल्ला कै व्यापारिक नाकाको रूपमा रहेको छ ।

### ङ) त्रिभुवन नगर

मलङ्गवादेखि पूर्वमा रहेको त्रिभुवन नगर प्रमुख व्यापार केन्द्र हो । यहाँ मुख्यतः अनाज (गल्ला) को व्यापार हुन्छ ।[94] हप्तामा दुईपटक शनिवार र मङ्गलवार यहाँ हाट लाग्छ । त्यस हाटमा जिल्लाको अधिकांश भागको साथै रौतहट र महोत्तरीबाट पनि अन्न बिक्री गर्न ल्याइन्छ । यस बजारको मह□वले गर्दा नै सर्लाही जिल्लाको मूल भन्सार केही समय त्रिभुवन नगरमा रहेको थियो ।[95] झिम नदीले घेरिएको यस ठाउँ जिल्ला सदरमुकाम मलङ्गवादेखि दुई माइल मात्र टाढा रहेको छ ।[96]

### च) हरिवन

जिल्लाको पूर्वी भागमा महेन्द्र राजमार्ग मै अवस्थित हरिवनमा औलो उन्मूलन भएपछि नयाँ बसोबास सुरु भएको ठाउँ हो । यो स्थान वि.सं. २०११ सालसम्म उजाड रहेको थियो ।[97] महेन्द्र राजमार्गसँग सटेको हरिवनमा विकासका पूर्वाधार तयार गर्न सहज भएकोले द्रुत गतिमा विकास हुँदै गयो । अझ ईन्दु शङ्कर चिनी उद्योगको स्थापनाले त यस क्षेत्रमा औद्योगिक क्रान्तिको विगुल नै फुक्यो र विभिन्न रोजगार र व्यापारको सम्भावनाहरू बढे । फलस्वरूप अधिराज्यका विभिन्न जिल्लाहरूबाट मानिसहरू बसोबासका लागि आउन थाले र घना बस्ती बस्यो । वि.सं.

---

[९१] ऐजन ।

[९२] **वार्षिक कृषि विकास कार्यक्रम उपलब्धि र तथ्याङ्क, एक झलक**, पूर्ववत्, पृ. २ ।

[९३] ऐजन, पृ. १ ।

[९४] **मेचीदेखि महाकाली - भाग २**, पूर्ववत्, पृ. ३७६ ।

[९५] ऐजन ।

[९६] **जिल्ला पार्श्वचित्र सर्लाही**, पूर्ववत्, पृ. ७७ ।

[९७] **मेचीदेखि महाकाली - भाग २**, पूर्ववत्, पृ. ३७५ ।

२०५८ को जनगणना अनुसार जिल्लाको सबभन्दा बढी जनसंख्या भएको गा.वि.स. मध्ये यो दोस्रो स्थानमा छ ।[ढड]

### ज) सिमरा

सदरमुकाम मलङ्गवादेखि करिब आठ किलोमिटर (पाँच माइल) दक्षिणमा रहेको यो ठाउँमा एउटा प्राचीन महादेव स्थान छ ।[ढढ] यहाँको जनश्रुतिअनुसार पहिले यहाँ श्रृङ्गी ऋषिको आश्रम थियो र त्यसैले यस ठाउँको नाम सिमरा हुन गएको हो । यहाँ केही प्राचीन मूर्तिहरू, इँटहरू र जमिन मुनिको सुरुङ जस्ता प्राचीन निर्माण कार्यका अवशेष पाइएका छन् ।[ज्ञण्ण] जसको पुरातात्विक अध्ययन भइरहेको छ ।

## २.८ सडक यातायात

सडक यातायात देश विकासको अभिन्न अङ्ग भए पनि भू-बनोटको कारणले गर्दा जिल्लाको सबै ठाउँमा सडक यातायातको सुविधा पुऱ्याउन सकिएको छैन । भएका सडकहरूमा पनि अधिकांश सडक ग्राभेल र कच्चीको अवस्थामा गुज्रिएका छन् । कूल सडकको ६ प्रतिशत मात्र कालोपत्रे गरिएको छ । यस जिल्लाको समग्र सडक अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ :[ज्ञण्ज्ञ]

| सडकको अवस्था | कालो पत्रे | ग्राभेल | ग्राभेल/माटो | कच्ची | जम्मा |
|---|---|---|---|---|---|
| कि.मि. | छछ | घद्धछाठघ | द्धढघाद्ध | द्दघ | ढज्ञठाज्ञघ |
| प्रतिशत | ट | घठाठ | छघाड | द्दाछ | ज्ञण्ण |

सर्लाही जिल्लामा रहेका सडकलाई केन्द्रीय सडक, जिल्लास्तरीय सडक, गाउँ-स्तरीय सडक र कृषि सडक गरी ४ प्रकारमा वर्गीकरण गरिएको छ ।[ज्ञण्द] केन्द्रीय सडकमा महेन्द्रराजमार्ग ( बाँकेदेखि बागमतीसम्म) ३० कि.मि. कालोपत्रे सडक, नवलपुर-मलङ्गवा २५ कि.मि. कालो पत्रेसडक, हुलाकी सडक (हर्दीदेखि बागमतीसम्म) ६ कि.मि. ग्राभेल, त्रिभुवननगर-फूलजोर २४ कि.मि. ग्राभेल सडक र नयाँरोड-बरहथवा-मधुवती ४४ कि.मि. ग्राभेल सडक रहेका छन् ।[ज्ञण्घ] यसैगरी जिल्लास्तरीय सडकमा ग्राभेल सडक ४३ कि.मि., ग्राभेल/माटो सडक १७०.५ कि.मि. रहेको छ । गाउँस्तरीय सडकमा ग्राभेल सडक २१६.७३ कि.मि., ग्राभेल/माटो सडक २८१.९ कि.मि. र कच्ची सडक ११.५ कि.मि. रहेका छन् । कृषि सडकमा ग्राभेल सडक १२ कि.मि., ग्राभेल/माटो सडक ४१ कि.मि. र कच्ची सडक (माटो मात्र) ११.५ कि.मि. रहेका छन् ।[ज्ञण्द्ध]

---

[९८] **जिल्लाका गाविस स्तरीय तथ्याङ्क र नक्साहरू**, पूर्ववत्, पृ. ४ ।

[९९] **मेचीदेखि महाकाली - भाग २**, पूर्ववत्, पृ. ३७५ ।

[१००] ऐजन ।

[१०१] **जिल्ला पार्श्वचित्र**, पूर्ववत्, पृ. १७ ।

[१०२] ऐजन ।

[१०३] ऐजन ।

[१०४] **जिल्ला पार्श्वचित्र**, पूर्ववत्, पृ. १७-२२ ।

## २.९ प्रमुख बाली

नेपालको अन्य धेरैजसो जिल्ला झैं सर्लाही पनि कृषिप्रधान जिल्ला हो । यस जिल्लालाई कृषि उत्पादनको दृष्टिले मध्यमाञ्चल क्षेत्र कै मह□वपूर्ण जिल्लाको रूपमा लिइन्छ ।[ज्ञण्छ] यस जिल्लाका अधिकांश व्यक्तिहरू कृषिमा आश्रित छन् । उनीहरूको जीवनयापनको प्रमुख माध्यम पनि कृषि नै हो । सर्लाही जिल्लाको जमिनलाई धनहर (खेत) र भिट (पाखो) गरी दुई भागमा बाँड्न सकिन्छ । धनहरमा धान, गहुँ, उखु, चना, मुसुरो, केराउ र आलस जस्ता बालीहरू लगाइन्छन् । भिटमा मकै, तोरी, सस्र्यूँ, आलू, जौ, रहर, कोदो, सुर्ती, आलस, उखु र मास जस्ता बाली लगाइन्छन् । खाद्यन्न, दलहन, तेलहन, फलफूल र तरकारी उत्पादनमा यस जिल्लाको विशेष स्थान रहेको छ ।[ज्ञण्ट] यहाँ लगाइने खाद्यन्न बालीहरूमा धान, मकै, जौ तथा रहर, खेसरी, मुसरो, चना, मास, मुंग जस्ता दलहन र नगदेवालीमा सुर्ती, उखु तथा तोरी, सर्स्यूँ, आलस जस्ता तेलहनहरू प्रमुख छन् ।[ज्ञण्ठ] त्यस्तै गरी फलफूलमा आँप, लिची, केरा, मेवा, अम्बा तथा काउली, भन्टा, केराउ, आलु, गोलभैँडा, मुला, लौका जस्ता तरकारी र मसला बालीमा लहसुन, अदुवा, बेसार, धनियाँ प्रमुख छन् ।[ज्ञण्ड]

## २.१० उद्योग-धन्दा

जनकपुर अञ्चलका अन्य तराई जिल्लाको दाँजोमा औद्योगिक क्षेत्रमा सर्लाही साह्रै पछाडि परेको छ ।[ज्ञण्ढ] यस जिल्लाको प्रमुख उद्योगहरूमा हरिऔनमा अवस्थित इन्दुशङ्कर चिनी उद्योग, लालबन्दीमा अवस्थित भूदेव खाद्य उद्योग र पिडारीमा खाणसारी उद्योग रहेका छन् ।[ज्ञज्ञण] यी उद्योगहरूबाट उत्पादित वस्तुहरू जिल्ला बाहिर समेत जाने गरेका छन् । यस जिल्लामा प्रशस्त मात्रामा काठ पाइने हुनाले काठमा आधारित उद्योगहरू धेरै रहेका छन् । घरेलु तथा साना उद्योग कार्यालयमा २०६१/७/२११ गतेसम्म दर्ता भएका काठमा आधारित उद्योगमा भेनियर प्लाइड उद्योग-१३ वटा, फर्निचर उद्योग-७८ वटा र स:मिल ७६ वटा रहेका छन् । त्यस्तै अन्य उद्योगहरूको उद्देश्यगत सङ्ख्यात्मक विवरण निम्नानुसार छन् :[ज्ञज्ञज्ञ]

| क.सं. | उद्योगको नाम | संख्या |
|---|---|---|
| ज्ञ। | राइस, फ्लोर, आयल मिल | द्धण |
| द्द। | इट्टा उद्योग | ज्ञण |

---

[१०५] **वार्षिक कृषि विकास कार्यक्रम उपलब्धि र तथ्याङ्क एकभलक,** (सर्लाही : जिल्ला कृषि विकास कार्यालय, २०६१), पृ. १ ।

[१०६] ऐजन ।

[१०७] **मेचीदेखि महाकाली - भाग २,** पूर्ववत्, पृ. ३८६ ।

[१०८] **वार्षिक कृषि विकास कार्यक्रम उपलब्धि र तथ्याङ्क एकभलक,** पूर्ववत्, पृ. २८ र २९ ।

[१०९] **मेचीदेखि महाकाली - भाग २,** पूर्ववत्, पृ. ३९१ ।

[११०] **जिल्ला पार्श्वचित्र सर्लाही**, पूर्ववत्, पृ. ७० ।

[१११] ऐजन ।

| | | |
|---|---|---|
| घ। | सुर्ती बिडी | द्द्ढ |
| द्ध। | निर्माण ठेक्का, पट्टा | छड |
| छ। | इन्जिनियरिङ वर्कसप | घण |
| ट। | सिमेन्ट टायल | ज्ञट |
| ठ। | अगरबत्ती, मोमबत्ती | घ |
| ड। | छापाखाना स्टेशनरी | ट |
| ढ। | तयारी पोशाक | द्ध |
| ज्ञण। | स्टील दराज | घ |
| ज्ञज्ञ। | आभूषण | द्ध |
| ज्ञद्द। | मसला बेसार | ज्ञद्ध |
| ज्ञघ। | ढुंगा क्रसर | ढ |
| ज्ञद्ध। | बरफ आइस्क्रीम | ड |

## २.११ निष्कर्ष

सर्लाही जिल्ला जनकपुर अञ्चलको तराईमा पर्ने तीन जिल्लाहरूमध्ये पिछडिएको जिल्ला हो । नेपाल राज्यको एकीकरण भएपछि पनि सर्लाहीको छुट्टै पहिचान रहेको देखिँदैन । यस जिल्ला पछिसम्म पनि महोत्तरीबाटै प्रशासित थियो । इतिहासमा सर्लाही जिल्लाको नाम जंगबहादुरको मृत्युको सम्बन्धमा मात्र देखापर्दछ । यसरी सर्लाहीको इतिहास सेन राज्यको इतिहास र महोत्तरी जिल्लाको इतिहाससँग जोडिएको छ । यसको छुट्टै इतिहास नभएकोले प्रामाणिक इतिहासको आकलन गर्न कठिन देखिन्छ । वर्तमान सर्लाहीको क्षेत्र पनि मुकुन्द सेनको पालामा नै सेन राज्यमा गाँभिएकोले यस जिल्लाको प्रामाणिक इतिहास मुकुन्द सेनको कार्यकाल वि.सं. १५७५ देखि १६१० लाई मान्न सकिन्छ । वि.सं. २०१९ मा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरेपछि सर्लाही जिल्लाको छुट्टै अस्तित्व देखा पर्दछ ।

विभिन्न किसिमको भू-बनोट भएको यस जिल्लाको वनबाट प्रशस्त राजस्व प्राप्त गर्दछ भने तरकारी र फलफूल उत्पादनले यस जिल्लालाई आफ्नो छुट्टै पहिचान राख्न यथेष्ट मात्रामा सघाएका छन् । अनेकौं भाषा, धर्म, जातजाति र संस्कृतिले पृथ्वीनारायण शाहको नेपाल ४ जात ३६ वर्णको फूलबारी हो भन्ने पुष्टि गरिरहेका छ । सबैका आ-आफ्ना संस्कृति, परम्परा र भेषभूषा भए पनि एक-अर्काको आस्थाप्रति सम्मान र आदर गर्ने परम्परा पाइन्छ । देशको महेन्द्र राजमार्गले यस जिल्लालाई छोए पनि उचित विकास हुन सकेको छैन ।

# तेस्रो परिच्छेद

# सर्लाहीको लोकसाहित्य र साहित्यिक गतिविधिको परिचय

## ३.१ विषयप्रवेश

सर्लाही जिल्लामा बोलिने प्रमुख तीन भाषाहरू मैथिली, नेपाली र भोजपुरी हुन् । आजसम्म सर्लाही जिल्लाका यी भाषाहरूको लोकसाहित्यको अध्ययन, सर्वेक्षण र मूल्याङ्कन भएको पाइन्न । यस अध्यायमा पनि त्यसको सर्वेक्षण र लेखाजोखा गर्ने उद्देश्य होइन । यहाँ मैथिली, नेपाली र भोजपुरी भाषाका लोकसाहित्यको सानो चिनारी प्रस्तुत गरिन्छ । साथै यस अध्यायमा सर्लाहीमा रहेका साहित्यिक संघ, संस्था, पुस्तकालय र पत्रपत्रिकाको गतिविधिहरूको अध्ययन पनि गरिएको छ ।

## ३.२ सर्लाही जिल्लाको लोकसाहित्य

लोकसाहित्य अलिखित काव्यकुञ्ज हो । मानव इतिहासमा लोकसाहित्यको परम्परा निकै पुरानो मानिन्छ । लिखित साहित्यको प्रारम्भ हुनुभन्दा पहिले पनि प्रतिभाशाली व्यक्तिहरूले आफ्नो लयात्मक भावनाहरूलाई मौखिक रूपमा व्यक्त गर्दै आएको पाइन्छ । यसले मानवीय भावनालाई सहज, सरल र स्वभाविक रूपमा अभिव्यक्त गर्दछ । लोकसाहित्यको अध्ययनले संसारमा विकसित भएका विभिन्न मानव सभ्यताको विकासक्रम जान्न सहयोग पुग्दछ । लोकजीवनको प्रारम्भिक रूप वेदमा पाइन्छ र वेदलाई लोकसाहित्यको रूपमा स्वीकारिन्छ ।[ज्ञ] यो श्रुति र मौखिक परम्परामा बाँच्ने हुनाले यसको इतिहास पनि मानव सभ्यता जतिकै पुरानो छ । लोकसाहित्य मानव सभ्यताको सङ्गृहीत दस्तावेज हो जुन हजारौं वर्ष अघिदेखि एक पुस्ताबाट अर्को पुस्तामा क्रमशः हस्तान्तरित हुँदै बाँचिरहेको छ ।[द्द] मानवीय परम्परासँगै हुर्किएर आउने लोकसाहित्यमा जीवन संवेदनाका आदिम स्मारकहरू र मानव सभ्यताको मिर्मिरे बिहानी प्रतिबिम्बित भएको हुन्छ ।

लोकले सरल तरिकाले अनुभव र बुझ्न सक्ने भाषा र भावनामा निर्मित मानवभित्रको स्पन्दनबाट निस्केको मीठो र आकर्षण गर्न सक्ने मौखिक साहित्य नै लोकसाहित्य हो ।[घ] प्राचीन समयदेखि अहिलेसम्मका द्वन्द्व-प्रतिद्वन्द्व, सङ्घर्ष, मिलन तथा घात-प्रतिघातलाई यसले आफूमा अटाएको हुन्छ । यसमा शासनव्यवस्था, समाजव्यवस्था आदिका छापहरू रहेका हुन्छन् ।[द्ध] लोकसाहित्य लोकको सम्पत्ति हो । यसले देशको संस्कृति तथा परम्परा बचाएर राख्छ । तसर्थ, लोकसाहित्यलाई संरक्षण र विकास गर्नु असल नागरिकको कर्तव्य हो । लोकसाहित्यको गर्भबाट लिखित साहित्य र पछि आधुनिक साहित्यको जन्म भएको हो भन्ने विद्वान्हरूको धारणा छ । त्यसैले कुनै पनि भाषा र साहित्यको मापन गर्दा लोकसाहित्यलाई हेरेर मूल्याङ्कन गर्ने परम्परा छ । हालका दिनमा विदेशी संस्कृति र परम्पराको अन्धानुकरणले नेपाली लोकसाहित्यको अस्तित्व सङ्कटमा पर्न थालेकोले संरक्षणको लागि सोच्नु पर्ने अवस्था देखिन्छ ।

सर्लाही जिल्ला नेपालको जनकपुर अञ्चलभित्र पर्ने तराईको एउटा जिल्ला हो । यस जिल्लामा तराईमूलका जाति, पहाडबाट आएका जातिहरू, आदिवासी जातिहरू र मुसलमान

---

१ घटराज भट्टराई, 'केही भन्न खोज्दा', **डोटेली लोकसंस्कृति र साहित्य**, (काठमाडौं : साझा प्रकाशन, २०४१), पृ. ट ।

२ दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** चौथो संस्क. (काठमाडौं : साझा प्रकाशन, २०४९), पृ. १३ ।

३ धर्मराज सुवेदी र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना,** (काठमाडौं : पाठ्यक्रम विकास केन्द्र, त्रि.वि., २०४१), पृ. ३ ।

४ जीवेन्द्र गिरी, **लोकसाहित्यको अवलोकन,** (काठमाडौं : एकता प्रकाशन, २०५७), पृ. ३१ ।

जातिहरूको बसोबास रहेको छ । यी जातिहरूले धेरै किसिमका भाषाहरू बोल्छन् । धेरै भाषाको सङ्गमस्थल रहेपनि सबै भाषाको लोकसाहित्य र आधुनिक साहित्य पाइँदैन । लोकसाहित्य र आधुनिक साहित्यको समेत धनी मानिएको यस जिल्लामा बोलिने तीन प्रमुख भाषाको लोकसाहित्यको सामान्य परिचय दिनु यहाँको उद्देश्य हो । देहायका तीन भाषा सर्लाही जिल्लामा प्रमुख रूपमा बोलिन्छन् :[५]

१. नेपाली ।

२. मैथिली ।

३. भोजपुरी ।

यहाँ क्रमशः यी भाषाहरूका लोकसाहित्यको छोटो चिनारी दिने प्रयत्न गरिन्छ ।

### ३.२.१ नेपाली लोकसाहित्य

सर्लाही जिल्लामा नेपाली भाषीहरू परापूर्व कालदेखि नै फाटफुट रूपमा बसेको विश्वास गरिन्छ । नेपाली भाषीहरूको लामो समयदेखिको उठ-बस र आवत-जावत भए पनि उनीहरूमा आवश्यक जातीय सचेतता तथा भाषागत सोच नभएको कारणले लोकसाहित्यको सुरक्षा र भाषिक उन्नतिको निम्ति उल्लेख्य काम हुन सकेन । यो जिल्लामा २००७ सालमा प्रजातन्त्र प्राप्तिपछि नेपाली भाषीहरूको आगमनमा तीव्रता आएको पाइन्छ भने तराईमा औलो उन्मूलन अभियान सञ्चालनपछि त त्यो क्रममा अझ बृद्धि भएको कुरा बूढापाका बताउँछन् । यो जिल्लामा स्थायी बसोबास भएका नेपाली भाषीहरू कुनै एक स्थान, गाउँ वा जिल्लाबाट आएका छैनन् । उनीहरू नेपालभित्रका विभिन्न गाउँ-ठाउँ र भारतका नेपाली बस्तीहरूबाट आएको हुँदा खानपान, चालचलन, रीतिरिवाज र भाषामा पनि केही भेद सजिलै भेट्टाउन सकिन्छ ।

सर्लाही जिल्लामा नेपाली भाषा दोस्रो स्थानमा रहेको छ ।[६] यस जिल्लामा बसोबास गर्ने नेपाली भाषीहरू विवाह, व्रतबन्ध, छैटी, जन्म र पास्नीमा विभिन्न मङ्गल गीत गाउँछन् भने धान रोप्दा, तीजमा, तिहारमा, विरहमा तथा आक्रोस र छटपटीमा बेग्लै किसिमका गीतहरू गाएर छटपटी, उकुसमुकुस र गुम्फित भावना अभिव्यक्त गर्दछन् । तल केही नेपाली लोकगीतको नमुना प्रस्तुत गरिएको छ :

#### क) असारे गीत

असार महिनामा गाइने र असार महिनाको वर्णन भएको गीतलाई असारे गीत भनिन्छ । यो गीत धान रोपाइँ गर्दा गाइने भएकोले कतै कतै रोपाइँ गीत पनि भनिन्छ । धान रोपाइँ गर्दा धान रोप्ने रोपार, बाउसे र हली सबैले एकै स्वरमा असारे गीत गाउँछन् । सर्लाही जिल्लामा गाइने लोकपरम्परामा प्रचलित असारे गीतको नमुना तल प्रस्तुत गरिएको छ :

असार मासमा छिपछिपे हिलो छिः मलाई घिन लाग्यो

---

५ **सर्लाही शैक्षिक दर्पण**, पूर्ववत्, पृ. ७ ।

६ **सर्लाही शैक्षिक दर्पण**, पूर्ववत्, पृ. ७ ।

पातली ज्यानलाई फरिया दिँदा ३ बीस रीत लाग्यो ।

× × × × × × ×

असारमा रोपौं छुपुमा छुपु मङ्सिरमा काटौंला

कुनियो माथि फूलमाया राखी चुलठी बाटौंला ।

× × × × × × ×

असारमासमा रोपेको धान कहिले पसाउला

तिम्रो र मेरो मन मिलेपछि घरजम बसाउँला ।[७]

**ख) तीज गीत**

तीज पर्वको अवसरमा हिन्दू नारीहरूद्वारा गाइने गीतलाई तीजको गीत भनिन्छ । खास गरी विवाहित छोरीहरू यस चाडमा माइतीघर जाने गर्दछन् । यस चाडमा माइतीहरू चेलीलाई लिन गएनन् भने चेलीहरू साहै दुःखित हुन्छन् । तीजको दिन घरबाट विदा नदिँदा चेलीको मनमा हुने दुःख, वेदनालाई यसरी व्यक्त गर्दछन् :

तीज आयो चारैतिर रमाइलो पारेर

मैले बस्नु परिराछ मनै मारेर

गाउँघरमा साथी संगी हिडे माइत रमाउँदै

म त रुन्छु कुना पसि टाउको समाउँदै

× × × × × ×

बाबाआमा बाटो हेर्लान् छोरी आउली भनेर

तीज आयो भन्दै होला दिन गनेर

पोहोर पनि लिन आए पाईन माइत जानलाई

माइत जान्छु भन्दा पऱ्यो गाली खानलाई

× × × × × ×

बाटो देख्न छाडे मैले बलिन्धरा आँशुले

किन जानु पऱ्यो माईत भन्छिन् सासुले

बिदा नदिई कसो गरि गर्नु मैले साईत

जान पाउँला जस्तो छैन तीजमा माईत ।[८]

**ग) भैली गीत**

तिहार पर्वमा औँसीको दिन नारीहरूले गाउने गीत नै भैलो गीत हो । औँसीको दिन नेपाली नारीहरू एक ठाउँमा भेला भएर भैलो खेल्न गाउँ-गाउँ घुम्छन् । यो तिहारमा गाइने भैली

---

[७] शोधार्थीले स्थलगत भ्रमणको क्रममा मिति २०६६।१०।१६ गते सोल्टीकी रमा कार्कीसँग लिएको असारे गीत ।

[८] शोधार्थीले स्थलगत भ्रमणको क्रममा मिति २०६६।१०।१५ गते मिलनचोककी मायालु अधिकारीसँग लिएको तीज गीत ।

वा भैलेनी गीत हाम्रो लोकपरम्पराबाट हालसम्म नेपाली समाजमा जीवन्त रहँदै आएको छ । यसको नमुना तल प्रस्तुत गरिएको छ :

भैलेनी आइन आँगन
गुन्यू चोलो माँगन
हे औँसीको बारो
गाई तिहार भैलो ।
× × ×

हरियो गोबरले लिपेको
लक्ष्मी पूजा गरेको
हे औंसीको बारो
गाई तिहार भैलो ।
× × ×

यो घरको बूढा-बूढी कस्ता छन्
बलिराजा जस्ता छन्
हे औँसीको बारो
गाई तिहार भैलो ।
× × ×

यो घर हेर्दामा कस्तो छ
सिंहदरबारमा जस्तो छ
हे औँसीको बारो
गाई तिहार भैलो ।
× × ×

जसले दिन्छ मानो
उसको सुनको छानो
हे औंसीको बारो
गाई तिहार भैलो ।[९]

---

[९] जिल्लाको स्थलतगत भ्रमणको क्रममा शोधार्थीले धरहरा गाउँमा टिपेको टिपोटअनुसार ।

### घ) देउसी गीत

तिहार पर्वमा गाइने देउसी गीत लक्ष्मीपूजाको भोलिपल्टको भाइटीकाको दिनसम्म गाउँदै खेलिन्छ । देउसी गीत समूहमा गाइने गीत हो । समूहको नेतृत्व प्रौढ व्यक्तिले गर्छन । नेतृत्व गर्ने व्यक्तिले भट्याउने र अरूले देउसीरे भन्ने गर्दछन् । उदाहरणको लागि देउसी गीतका हरफहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

ए भन्-भन् भाई हो - देउसीरे
ए स्वर मिलाएर भन - देउसीरे
ए वर्षमा दिनको - देउसीरे
ए चाडपर्व मनाउन - देउसीरे
ए लोकसंस्कृति जोगाउन - देउसीरे
ए आएका हामी - देउसीरे
ए हजुरको घरमा - देउसीरे
× × × ×
ए अधेरी रातमा - देउसीरे
ए छामछुम गर्दै - देउसीरे
ए आएका हामी - देउसीरे
ए घरवेटी आमा - देउसीरे
ए छिटो गर्नुस - देउसीरे
ए सबै ठाउँमा - देउसीरे
ए जानै पर्छ - देउसीरे
ए लहै भाइ हो - देउसीरे
ए ल्याउन लागे - देउसीरे
ए खाउला-खाउला - देउसीरे
ए मै बाँडी दिउला - देउसीरे
× × × × ×
ए भन् भन् भाई हो - देउसीरे
ए यो बडा घरमा - देउसीरे
ए आशिष दिउँ है - देउसीरे
ए यो बडा घरका - देउसीरे
ए बूढापाका - देउसीरे
ए केरा गाँजिएजस्तै - देउसीरे
ए गाँजिरहुन् - देउसीरे
ए केटाकेटीहरू - देउसीरे
ए दुबो मौलाए झैं - देउसीरे
ए मौलाइरहुन् - देउसीरे
ए देउसीले देको - देउसीरे
ए आशिष लागोस् - देउसीरे[१०]

---

[१०] जिल्लाको स्थलगत भ्रमणको क्रममा शोधार्थीले धरहरा गाउँमा टिपेको टिपोटअनुसार ।

**ङ)** **रत्यौली गीत**

रत्यौली गीत विवाहमा गाइने संस्कार गीत हो । दुलाहा अन्माएपछि उसको घरमा नारी समाजले मात्र गाइने हास्यविनोदपूर्ण गीत र नृत्यलाई रत्यौली भनिन्छ । रत्यौली नाच महिला वर्गको मात्र भएकोले गीतमा अश्लिल शब्दको पनि प्रयोग गर्दछन् । रत्यौली गीतको नमुना तल प्रस्तुत गरिएको छ :

कस्तो बूढो रैछ
तरुनी जिस्काउने
हाम्रो सारी सित्तै फुस्काउने
दुलाहाका आमा कता गइन्
ल्याउन आँगनमा
उनलाई पनि छोड्नु हुन्न
यस पाला त
दुलाहाकी भाउजू कति बाठी
नाठोसँग लुकी-लुकी पाएकी
छोरी लाटी ।[११]

**ङ)** **जागरण गीत**

गाउँ घरमा भाग्यलाई दोष दिएर बस्नेहरूलाई जगाउन यसप्रकार गीत गाइन्छ, जस्तै :

उठ-उठ नेपाली दाजुभाई
आफ्नो हक लिएर छोड्नलाई
हिजो जस्तै आजपनि सबैतिर ठालू
काम गर्ने लोखर्के त मकै खाने भालू ।[१२]

**च)** **विरह गीत**

घरमा दु:ख पाउँदा नारीहरू यसप्रकारको भावना पोख्ने गर्दछन् :

रोई रोई बस्नुपर्ने रैछ मेरो करिम
सुख मलाइ भएन जीवन भरिमा ।
कहाँ जाउँ कसो गरौँ हुन्छ मलाई किन हो
लेखान्त नै कस्तो रैछ छैठौँ दिनको ॥
धेरै रैछ निधारमा मैले दु:ख सहन
कोही भेटिन मेरा मनमा दु:ख कहन ।
जति दु:ख परे पनि यै मनमा सिएर
बाँच्नु परिराछ सधै आँसु पिएर ॥[१३]

---

[११] शोधार्थीले स्थलगत भ्रमणको क्रममा मिति २०५५।१०।२१ मा राजघाटकी छबि खड्कासँग लिएको रत्यौली गीत ।

[१२] शोधार्थीले स्थलगत भ्रमणको अध्ययनको क्रममा लालबन्दीमा टिपेको टिपोटअनुसार ।

[१३] शोधार्थीले स्थलगत भ्रमणको क्रममा मिति ०६६।१०।१५ गते मिलनचोककी मायालु अधिकारीसँग लिएको विरह गीत ।

यस जिल्लाको नेपाली लोकसाहित्यको केही नमुना उपलब्ध भए पनि स्थिति ज्यादै कमजोर छ । यहाँका वनपाखामा लोकसाहित्यको भाकाहरू कमै घन्कन्छन् । रोपाई, चाडपर्व तथा विवाह, व्रतबन्धमा पनि नेपाली भाषीहरू हिन्दी गीतका क्यासेट बजाउन रुचाउँछन् । भारतीय सीमासँग जोडिएकोले एकातिर नेपाली संस्कृतिमाथि खुल्ला आक्रमण भैरहेछ भने अर्कोतिर युरोपीय संस्कृतिले समेत जरो गाड्दैछ । शिक्षित र प्रवुद्ध भनिनेहरू आफ्नोपन र संस्कृतिलाई चटक्कै छाडेर विदेशीपन निम्त्याउन उत्सुक भईरहेका छन् । यी  विभिन्न कारणले गर्दा यो जिल्लाको नेपाली लोकसाहित्य अति दयनीय छ ।

### ३.२.२ मैथिली लोकसाहित्य

मध्य नेपालको जनकपुर अञ्चलमा पर्ने तीन जिल्लामा सर्लाही एउटा जिल्लाको नाम हो । २०५८ को जनगणनाअनुसार यस जिल्लाको जम्मा जनसंख्या ४,९२,६५८ मा मैथिली भाषीहरूको संख्या २,८१,५५४ छ ।[१४] सर्लाही जिल्लामा मैथिली भाषीहरूको संख्या अत्यधिक रहेको देखिन्छ । यहाँको प्रमुख भाषा मैथिली हो । सर्लाही जिल्लामा बसोबास गर्ने मैथिली भाषीहरू जन्म, विवाह, पास्नी जस्ता माङ्गलिक कार्यहरूमा विभिन्न प्रकारका कर्महरू गर्छन् तथा खुसियाली मनाउँछन् अनि संस्कारहरू गर्दछन् । एक पुस्ताबाट हस्तान्तरित भइ क्रमशः बर्षौं वर्ष अघिदेखि चलेर आएको परम्परालाई मान्छन् । यहाँ उनीहरूले विभिन्न अवसरमा गाउने लोकगीतको सामान्य जानकारी दिने प्रयत्न गरिएको छ ।

#### क) सोहर गीत

मैथिली समाजमा सन्तान प्राप्त भएको खुसियालीमा सोहर गीत गाउँछन् । उदाहरणको लागि नमुना तल प्रस्तुत गरिएको छ-

प्रथम मास जब आयल चरण ऋतु आएल रे ।<br>
ललनारे, कर्म हलखल यदुराय कि होरिला के लक्षण रे ॥<br>
दोसर मास जब आयल चरण ऋतु आएल रे ।<br>
ललनारे अहिन पैर पछुआयल होरिला के लक्षण रे ॥[१५]

#### ख) उपनयन गीत

मैथिली भाषीहरू सन्तानको उपनयनमा निम्नानुसारको गीत गाउँछन् :

पिया यो, नैहर छै उपनयन देखन हम जायब यौ ।<br>
धनी हे, करहक तहूँ करार कतेक दिन रहबह हे ।<br>
पिया यौ, कएलहुँ हमहूँ कशर कि वर्ष दिन रहब यौ ।<br>
धनी हे करबमे सोहहो श्रृंगार कि ककरा देखायब हे ॥[१६]

---

[१४] **सर्लाही शैक्षिक दर्पण**, पूर्ववत्, पृ. ७ ।

[१५] शोधार्थीले स्थलत भ्रमणको क्रममा मिति ०६६।१०।११ गते शिक्षक राकेश सिंहले दिएको जानकारीअनुसार ।

[१६] ऐजन ।

### ग) सिन्दुर गीत

यो गीत मैथिली भाषीहरूको संस्कार गीत हो । बरले बधूलाई सिन्दुर हाल्दा यो गीत गाइन्छ । उदाहरणको लागि सिन्दुर गीत तल प्रस्तुत गरिएको छ :

सिन्दुर समय अति सुन्दर बिहैये हे मृगनैती सीता ।
आबि गेल सिन्दुर दै के बेर हे मृगनैनी सीता ॥
सोलहो श्रृंगार नब वस्त्र पहिरौलनि हे मृगनैनी सीता ।
केस देलनि जूटिया गुहाइ हे मृगनैनी सीता ॥
युवती गाइनि सभ मंगल गाबथि हे मृगनैनी सीता ।
रामचन्द्र करु सिन्दुरदान हे मृगनैनी सीता ॥[१७]

### घ) होली गीत

होली पर्वको उपलक्ष्यमा गाइने गीतलाई होली गीत भनिन्छ । होलीको दिन युवा-युवती, बूढा-बूढी सबैले एक आपसमा रङ्ग दलि गीत गाउँदै रमाइलो गर्दछन् । तल होली गीतको नमुना प्रस्तुत गरिएको छ :

रंग रस होरी हो । गाबय सभ मिलि सङ्ग ।
रहसि रहसि सब फागु सुहागिनी गाबय मनक उमंग ।
पहुपरदेश बिताओल हमरा सखि हे भेल मनोरथ भंग ॥
उपवन कूजय चातक कोकिल नाना रंग विहंग ।
देखि नवीन कुसुम तय पल्लव थरभथर काँपय अँग ॥[१८]
    फागुन सरस मास हम अबला बेधय वान अनंग ।
    कोन परि निबहब सहब दुसह दुख जौं नहिपिय परसंग ॥
    गज गामिनि कामिनिधरु धैरज कय जनि जीवन दंग ।
    बालम भेटत दुख मेटत पुन हसब खेलायब रंग ॥

### ङ) विरह गीत

यस समाजका नारीले घरमा विभिन्न किसिमका दुःख, कष्ट र पीडा भोग्दा यस प्रकारको भावना पोख्ने गर्दछन् :

दुअरहि जायब सासु गर लागब,
    सासु देती रोदना पसारि ।
जुनि कानू जुनि खीजू सासु सुनयाना,
    मोन सँ दिअ आशीर्वाद ॥
साओन द्वितीया आओन तृतीया
    फेर पलटि हम आयब ॥[१९]

---

[१७] शोधार्थीले स्थलगत भ्रमणको क्रममा मिति ०६६।१०।१९ गते मंलगवामा शोभाकान्त झासँग लिएको विवरणअनुसार ।

[१८] ऐजन ।

[१९] शोधार्थीले स्थलगत भ्रमणको क्रममा मिति ०६६।११।१२ गते गैर बजारका चन्द्रकान्त झासँग लिएको विवरणअनुसार ।

यी माथिका लोकसाहित्यका नमुनाहरू शोधार्थीले जिल्लाका विभिन्न व्यक्ति र स्थलबाट सङ्कलन गरेको हो । यो सानो नमुना मात्र हो । अन्य अवसरमा गाइने थुप्रै गीतहरू पाइन्छन् । हालका दिनमा आएर यसको अस्तित्व संकटमा परेको छ । हिन्दी चलचित्रका गीतहरूले स्थान पाएका छन् । शिक्षित र सचेत मैथली भाषीहरूको ध्यान यतातिर आकर्षित हुनुको साटो हिन्दी भाषाका गीततिर बढेको छ । मातृभाषीहरूमा आफ्नो भाषा र संस्कृतिप्रति आवश्यक सचेतता नभएकोले यसको स्थिति दिनप्रतिदिन खस्कँदै छ । त्यसैले सम्बन्धित पक्षको ध्यान बेलैमा यतातिर जानु आवश्यक देखिन्छ ।

### ३.२.३ भोजपुरी लोकसाहित्य

सर्लाही तराई भागमा पर्ने जिल्ला हो । यो जिल्ला मैथिली भाषाका वक्ताहरू पहिलो स्थानमा (५६.१३□), नेपाली भाषाका वक्ताहरू दोस्रो स्थानमा (१५.५३□) र भोजपुरी भाषाका वक्ताहरू तेस्रो स्थानमा (१०.६४□) छन् ।[20] यो जिल्लामा जम्मा जनसंख्या ४९२,६५८ मा भोजपुरी भाषीको सङ्ख्या ५०,०६४ रहेको देखिन्छ ।[21] सर्लाही जिल्लाको भोजपुरी लोकसाहित्यको समग्र अध्ययन आजसम्म गरिएको छैन । त्यसको विस्तृत अध्ययन र सर्वेक्षण गर्ने यसको उद्देश्य पनि होइन । यहाँ सर्लाही जिल्लामा रहेका भोजपुरी भाषीहरूले विभिन्न अवसरमा गाउने लोकगीतको सानो चिनारी प्रस्तुत गरिन्छ ।

**क) छठको गीत**

तराईबासीहरूले मनाउँने चाडपर्वमध्ये छठ पनि एक हो । यो पर्वमा छठीमाताको पूजा आराधना गरिन्छ । नदी, तलाउ र पोखरीको किनारमा रातभर व्रत बसी छठी मातालाई खुसी पार्न विभिन्न गीतहरू गाउँछन् । यस जिल्लामा पाइने लोकपरम्परामा प्रचलित छठको गीतको नमुना तल प्रस्तुत गरिएको छ :

छयाकरो छठीमैया बानी तोराके गोरमे
कृपाकर गरीबोंकी बानी तेरी ओरमे ।[22]

(यहाँ छठीमातालाई सम्बोधन गर्दै मलाई दया गर भनिएको छे

**ख) होली गीत**

फागुलाई तराईमा होली भनिनछ । यो तराईको अर्को मह□वपूर्ण चाड हो । होली पर्वमा मानिसहरू जम्मा भई होली खेल्दै गीत गाउँछन् र नाच्छन् पनि । जस्तै :

राम खेले होरी लक्ष्मण खेले होरी
अजोधामे भाइ भरत खेले होरी ।[23]

(यस गीतमा राम र लक्ष्मणले होली खेले अयोध्यामा भरतले पनि होली खेले भनिएको छे

---

[20] **सर्लाही शैक्षिक दर्पण**, पूर्ववत्, पृ. ७ ।

[21] ऐजन ।

[22] जिल्लाको स्थलगत भ्रमणको क्रममा सिमरा भगवतीपुरमा टिपेको टिपोटअनुसार ।

[23] ऐजन ।

**ग)　　छोरो अन्माउँदाको गीत**

छोरा अन्माउँदा आमा, हजुरआमा र दिदी बहिनीले सामूहिक रूपमा यो गीत गाउँछन् ।

बाबुवाधिरे धिरे जैय ससुर गलिया

न त साली मारिन् तोरापर नजरीया ।[२४]

(यो गीतको अर्थ बाबु ससुराली विस्तारै जाउ, नत्र सालीले आँखा लगाउनलिन भन्ने हो

**घ)　　शिशुगीत**

यस समाजमा बालकको जन्म भएपछि सुत्केरी अवस्थामा बालकको हेरचार गर्न खोजवा/खोजीन (नपुङ्सक) ल्याउने चलन छ । उनीहरूले बालकलाई खेलाउँदै यस्तो गीत गाउँछन् :

जुगजुग जीय तोहर ललनवा

ललनवाके भाग जागल हे ।[२५]

(यो गीतको अर्थ तिम्रो बच्चा बर्षौ बर्ष बाँचोस र उसको भाग्य जागोस् भन्ने हो

**ङ)　　विरह गीत**

पतिबाट टाढा रहनु पर्दा अथवा घरमा दुःख पाउँदा नारीहरू यसप्रकारको भावना पोख्ने गर्दछन् :

साउन हे सखी सग्रो सुहावन

रिमझिम बर्षेला मेघ हे

सबके बलमुवा हे रामा घरेघरे रहयी

हमरो बलमुवा परदेश ।

× × × × ×

जब से बसरे लागल मेघिया चुहेला बाडल

मठाबा भडाके छवाएम बाडल

परदेशी बलमुवाँ के कवल आसरा ।[२६]

(यस गीतको पहिलो हरफमा साथी साउन महिनामा झमझम पानी पर्न थाल्यो । सबैका पति घर छन् तर मेरा पनि परदेश गएका छन् भनिएको छ भने दोस्रो हरफमा जब पानी पर्छ तब छानो चुहिन लाग्यो मान्छे खोजेर घर छाउने काम गर्छु किनभने परदेशमा गएका पतिको के आश छ र ?

विभिन्न खालका लोकसाहित्यिक नमुना प्राप्त भए पनि भोजपुरी लोकसाहित्य त्यति दरो र स्थिर छैन । विवाह, चाडपर्व, उत्सव र माङ्गलिक कार्यहरूमा हिन्दी भाषाका गीतका क्यासेट

---

[२४] पिपरियाका नरेश गुप्ताले मिति ०६६।११।५ मा दिएको जानकारीअनुसार ।

[२५] ऐजन ।

[२६] स्थलगत भ्रमणको क्रममा छटौलका रामदरेशले दिएको जानकारीअनुसार ।

घन्किन्छन् तर भोजपुरी भाषाका अनगिन्ती लोकगीतहरूले कुनै अवसर पाउँदैनन् । यस भाषाका सचेत युवकहरूले आफ्नो भाषा र संस्कृतिप्रति ध्यान नदिएको कारणले गर्दा यो भाषाको लोकसाहित्य फस्टाउन नसकेको हो । तसर्थ, यसको संरक्षणको निम्ति सोच्नुपर्ने समय आएको छ ।

### ३.३ साहित्यिक सङ्घसंस्था

सर्लाही जिल्लाको साहित्यिक लेखनको सुरु वि.सं. २०१६ सालदेखि सुरु भए पनि हालसम्म जिल्ला प्रशासन कार्यालय सर्लाहीमा विधिवत् दर्ता भएका एउटा पनि साहित्यिक सङ्घसंस्था छैनन् । यस जिल्लामा सामाजिक संस्था, धार्मिक संस्था र पर्यटकीय संस्थाहरू उल्लेख्य मात्रामा छन् । जिल्लामा १५२ ओटा सामाजिक संस्थाहरू र गैसस सहकारी संस्था जिल्ला समन्वय समितिमा आबद्ध रही कार्यक्रम सञ्चालन गर्ने ५० ओटा संस्थाहरू क्रियाशील छन् ।[२७] यति धेरै सामाजिक संस्थाहरू रहेको यस जिल्लामा एउटा पनि साहित्यिक संस्था नहुनु बिडम्बना नै मान्नुपर्छ । गाउँ गाउँमा साहित्यिक समूहहरू गठन नभएका भने होइनन् । तर ती समूहगत रूपमा नै सीमित रहेका छन् । हाल साहित्य अनुरागीहरूले कविराज सुवेदीको अध्यक्षतामा **साहित्य संगम सर्लाही** संस्थाको गठन गरेका छन् । यसले विभिन्न साहित्यिक कार्यक्रम सञ्चालन गर्दै आएको छ । यस संस्थालाई दर्ता गराई संस्थागत रूप दिएमा यसले सर्लाहीको साहित्यिक विकासमा टेवा दिनेछ ।

### ३.४ पुस्तकालय

पुस्तक ज्ञानको ज्योति हो । पुस्तकले मानिसलाई देश विदेशको ज्ञान दिलाउँछ । आजको युग सञ्चारको ज्ञानको र चेतनाको युग हो । त्यसैले आज पुस्तकालयको निक्कै मह□वपूर्ण स्थान छ । पुस्तकालयले समाज, संस्कृति, प्रचलन र ज्ञानविज्ञान जस्ता थुप्रै विषयमा ज्ञानका पिपासुहरूको जिज्ञासा मेटाउँछ र मह□वाकाङ्क्षाको परिपूर्ति गर्दछ ।

सर्लाही जिल्लामा पुस्तकालयको विकास उचित मात्रामा भएको छैन । यहाँ औँलामा गन्न सकिने पुस्तकालयहरू छन् । ती पनि निरन्तर रूपमा सञ्चालन हुन नसकेको अवस्था छ । मलङ्गवामा वीरेन्द्र युवा क्लबको पुस्तकालय, भाँडसरमा मुस्लिम युथ क्लब भाँडसरको पुस्तकालय र सिमरामा श्रीरामदेव पुस्तकालय स्थापना[२८] भए पनि हाल यी पुस्तकालयहरू सञ्चालनमा छैनन् । यस जिल्लामा हाल एक मात्र पुस्तकालय श्री चतुर्भुजेश्वर सामुदायिक पुस्तकालय सञ्चालनमा छ । यस अध्यायमा यसै पुस्तकालयको परिचय दिइएको छ ।

#### ३.४.१ चतुर्भुजेश्वर सामुदायिक पुस्तकालय

चतुर्भुजेश्वर सामुदायिक पुस्तकालयको स्थापना वि.सं. २०५९ साल भाद्र महिनामा यस क्षेत्रका सामाजिका कार्यकर्ता, क्याम्पस, विद्यालय र सर्वसाधारण जनताको सक्रिय सहयोग र रिड नेपालका योगदानमा भएको हो । हरिवन गा.वि.स, वडा नं. ७, सुखेपोखरीमा अवस्थित चतुर्भुजेश्वर महादेवको नामबाट यस पुस्तकालयको नामकरण भएको देखिन्छ । दुईओटा भवन र

---

[२७] **सर्लाही जिल्लाको वस्तुगत विवरण** (महोत्तरी : शाखा तथ्याङ्क कार्यालय, २०६३), पृ. ६६-७१ ।

[२८] **मेचीदेखि महाकाली- भाग २**, पूर्ववत्, पृ. ४०१ ।

५.५ कट्ठा जग्गा भएको यस पुस्तकालय सुखेपोखरीमा रहेको तीन तले भवनमा पुस्तकालय सञ्चालन गर्दै आएको छ । यसको मुख्य आयस्रोत घरभाडा, जग्गा ठेक्का र यस संस्थाले सञ्चालन गरेको विविध कार्यक्रमबाट प्राप्त रकम रहेका छन् ।

सर्लाही जिल्लाको अहिले सम्मको जीवित पहिलो पुस्तकालय बन्न अवसर पाएको यस पुस्तकालयको संस्थापक अध्यक्ष श्री ईश्वरीप्रसाद उपाध्याय हुन् । उनकै परिकल्पना र पुरुषोत्तम ढकाल, चूडामणि वाग्ले, यमिनिकुमार दीप, डिल्लीप्रसाद उप्रेती, रामशरण उप्रेती र वसन्तकुमार भट्टराई जस्ता बुद्धिजीवीहरूको सक्रियतामा पुस्तकालयको स्थापना भएको हो । १,००० जना साधारण सहस्य र ३६० जना आजिवन सदस्य रहेको यस पुस्तकालयमा ५,००० पुस्तकहरू रहेका छन् । वार्षिक आय रु. २,००,००० (दुई लाख) रहेको यस पुस्तकालयले महिला सशक्तिकरण कार्यक्रम, क्षमता अभिवृद्धि तालिम कार्यक्रम, पाकालाई शिक्षा कार्यक्रम, सूचना प्रविधिको विकास कार्यक्रम, योग प्राकृतिक एवं आयुर्वेदिक उपचार कार्यक्रम, बालकक्षा सञ्चालन कार्यक्रम र विभिन्न साहित्यिक कार्यक्रम सञ्चालन गर्दै आएको छ भने भविष्यमा एक नमुना चिल्ड्रेनपार्क बनाउने योजना रहेको छ ।

## ३.५ पत्रपत्रिकासम्बन्धी गतिविधि

समाजलाई रूपान्तरण गर्न पत्रपत्रिकाको मह□वपूर्ण भूमिका रहने गर्दछ । पत्रपत्रिकाको विकास र विस्तारको अवलोकनले त्यो समाजको विकासक्रम पहिल्याउन सजिलो पर्छ । पत्रपत्रिकाको प्रकाशनले साहित्यको विभिन्न विधाहरूको विकासलाई पनि सघाउँछ । मोतीराम भट्टबाट थालिएको नेपाली पत्रकारिता यो जिल्लामा २०५४ सालमा आएर मात्र प्रवेश गरेको हो । वि.सं. २०५४ साल माघ महिनामा प्रकाशनमा ल्याएको **नवपरिचर्चा** सर्लाही जिल्लाबाट प्रकाशित पहिलो पत्रिका हो ।

जिल्ला प्रशासन कार्यालय मलङ्गवा सर्लाहीमा मिति ०५५।१२।४ सम्म दर्ता भएका पत्रपत्रिकाहरू चालीस ओटा रहेका छन् । यी मध्ये अठार ओटा पत्रिकाहरू निरन्तर रूपमा सञ्चालन हुँदै आएका र यिनीहरूले स्थायी सम्बन्धन प्राप्त गरेका छन् । जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका यी सबै पत्रिका समचारप्रधान पत्रिका हुन् । साहित्यिक पत्रिका दर्ता भई सञ्चालन भएको भने देखिँदैन । समाचारप्रधान पत्रिकाले पनि साहित्यिक विभिन्न विधालाई प्राथमिकतामा राखेर रचना प्रकाशित गरी नवप्रतिभाहरूलाई प्रोत्साहित गरि राखेका छन् । यस अध्यायमा प्रशासन कार्यालयमा स्थायी दर्ता भएका सर्लाही जिल्लाबाट प्रकाशित पत्रिकाको नाम, किसिम, प्रकाशक, सम्पादक, स्थान, भाषा आदिको दर्ता मितिको आधारमा परिचय दिइएको छ ।

| क.सं. | पत्रिकाको नाम | किसिम | सम्पादकको नाम | प्रकाशकको नाम | स्थान | भाषा | मुद्रकको नाम | दर्ता नम्बर |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ञा। | नवपरिचर्चा | सा. | मनोदप्रसाद खनाल | चूडामणि वाग्ले | हरिवन | नेपाली | परिचर्चा प्रिन्टिङ | ण्ञरण्छद्धरण्छछ<br>ण्छद्धरञणरट |
| द्दा। | जेहाद | सा. | बेनिबहादुर कार्की | पारो प्रकाशन समूह | मलंगवा | नेपाली + अंग्रेजी | बैदेही अफसेट प्रेस जनकपुर | घटठ<br>ण्छडरढरछ |
| घा। | परावर्तन | सा. | भरतबहादुर थापा | भरत ब. थापा | लालबन्दी | नेपाली + अंग्रेजी | जागृति अफ्सेट जनकपुर | द्द<br>ण्छठरञणरञण |
| द्धा। | डायमण्ड | मा. | संजुकुमार सिंह | निरंजयकुरमा सिंह | बलरा | नेपाली + अंग्रेजी | परिचित छापखाना काठमाडौं | घटठ<br>ण्छडरढरछ |
| छा। | महासमर | मा. | शंकर श्रेष्ठ | शंकर श्रेष्ठ | मलंगवा | नेपाली + अंग्रेजी | पप्पु अफ्सेट प्रेस मलंगवा | ञटरण्छढरटण<br>द्दण्टणरद्दरञढ |
| टा। | गोलसिमल | मा. | अमृतबहादुर क्षेत्री | अमृत ब. क्षेत्री | लालबन्दी | नेपाली + अंग्रेजी | बैदेही अफ्सेट प्रेस, जनकपुर | ञठरण्छढरटण<br>ण्टणरडरठ |
| ठा। | अवसर | मा. | रोहितप्रसाद पौडेल | रोहित प्र. प्रौडेल | लालबन्दी | नेपाली + अंग्रेजी | जानकी अफ्सेट जनकपुर | द्दणरछढरटण<br>ण्टञरढरद्दञ |
| डा। | सर्लाही आवाज | सा. | रोहितप्रसाद पौडेल | रोहित प्र. प्रौडेल | लालबन्दी | नेपाली + अंग्रेजी | जानकी अफ्सेट जनकपुर | घञ<br>ण्टद्दरघरद्दञ |
| ढा। | नयाँ सुरुङ | मा. | रेवत अधिकारी | रेवत अधिकारी | हरिवन | नेपाली | परिचर्चा प्रिन्टिङ प्रेस हरिवन | घद्द<br>ण्टद्दरञद्दरड |
| ञण। | परिवेशपूज | सा. | इन्द्र प्र. न्यौपाने | मीनकमाुर पौडेल | हरिवन | नेपाली | परिचर्चा प्रिन्टिङ प्रेस हरिवन | घघ<br>ण्टघरञद्दरञड |
| ञञा। | जनवकालत | सा. | कृष्णकुमार एस्माली | कृष्णकुमार एस्माली | हरिवन | नेपाली | दुर्गा प्रिन्टिङ प्रेस मलंगवा | घछ<br>ण्टद्धरद्दरघ |
| ञद्दा। | स्रोत | सा. | कविता मैनाली | - | मुर्तिया | नेपाली | पप्पु अफ्सेट मलंगवा | ण्टद्धरद्धरञण |
| ञघा। | सर्लाही टाइम्स | सा. | राजेन्द्रप्रसाद रौनियार | - | मलंगवा | नेपाली | पप्पु अफ्सेट मलंगवा | द्दठ<br>ण्टछरद्धरद्दञ |
| ञद्धा। | सलेरी पोस्ट | सा. | रामपन्त महो | उमेशनन्दन सिंह | मुर्तिया | नेपाली | पप्पु अफ्सेट मलंगवा | ण्टद्धरद्धरद्दञ |
| ञछा। | ग्लोबल मेल | त्रै. | प्रभाकरकुमार सिंह | प्रभाकरकुमार सिंहअ | - | नेपाली | जानकी अफ्सेट प्रेस मलंगवा | ण्टटरद्धरछ |

## ३.६ निष्कर्ष

सर्लाही जिल्लामा बोलिने मुख्य तीन भाषाहरू मैथिली, नेपाली र भोजपुरी हुन् । यी तीन भाषाका लोकसाहित्यको रूपरेखा भेटिए पनि ती कसैको विस्तृत अध्ययन, सर्वेक्षण र मूल्याङ्कन भएको पाइन्नँ । शिक्षित व्यक्तिहरूले आफ्नो मातृभाषा र संस्कृतिप्रति ध्यान नदिई विदेशी संस्कृतिको अन्धानुकरणले गर्दा लोकसाहित्य संकटमा परेको छ । यहीँ कारणले गर्दा सर्लाही जिल्लामा विभिन्न भाषाका लोकसाहित्यको अवस्था अति दयनीय तथा रुग्न छ, अनि टाक्सिएको छ र फस्टाउन सकेको छैन ।

सर्लाहीमा एक मात्र सार्वजनिक पुस्तकालय छ । हरिवन गाउँ विकास समितिको वडा नं. ७ सुखेपोखरीमा अवस्थित यस पुस्तकालयमा विद्यालय र क्याम्पस तहमा पुस्तकहरू विभिन्न साहित्यिक विधामा पुस्तकहरू र विभिन पत्रपत्रिकाहरू रहेका छन् । यसले ज्ञानका पिपासुहरूको प्यास मेटाइरहेको छ भने यस संस्थाले आयोजना गर्ने विभिन्न साहित्यिक कार्यक्रमले साहित्यको विकासमा सघाइरहेको छ ।

आजसम्म सर्लाही जिल्लाबाट नवपरिचर्चा, सूचना सौगात, गोलसिमल र जनवकालत जस्ता पाँच ओटा समाचारप्रधान पत्रिका निरन्तर रूपमा प्रकाशित भइरहेका छन् । ती पत्रिकाहरूमा प्रकाशित गीत, गजल, कविता, मुक्तक, कथा, समालोचना र सम्पादकीय जस्ता सामग्रीहरूले साहित्यिक विकासमा मह□वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् । यिनीहरूमा प्रकाशित विचारात्मक लेख र समसामयिक लेखहरूले पनि साहित्यिक विकासमा अप्रत्यक्ष रूपले सघाएको पाइन्छ । तसर्थ निष्कर्षमा के भन्न सकिन्छ भने यिनै पत्रपत्रिकाहरू र सर्लाही जिल्लाको एकमात्र जीवित सार्वजनिक पुस्तकालयको योगदानले सर्लाही जिल्लाको साहित्यिक विकासमा नयाँ आयामहरू देखापरिरहेका छन् ।

## चौथो परिच्छेद

# सर्लाहीका साहित्यकारहरुको सङ्क्षिप्त परिचय

## ४.१ विषयप्रवेश

सर्लाही जिल्लाका साहित्यिक प्रतिभाहरूले नेपाली साहित्यको विकासमा महत्वपूर्ण योगदान दिँदै आएका छन् र मैथिली, हिन्दी, भोजपुरी र अन्य आफ्ना मातृभाषालाई पनि प्राथमिकतामा राखेर साहित्य सृर्जनामा लागेका छन् । सर्लाही जिल्लाको साहित्यमा योगदान पुऱ्याउने स्रष्ट्राहरूमध्ये कतिपय सर्लाहीमा जन्मी त्यहीँ रहेर कार्य गरिरहेका छन् र कतिपय बाहिर जिल्लाबाट यस जिल्लामा आएर स्थायी बसोबास गरी साहित्य सिर्जना गरिरहेका छन् । यस अध्यायमा साहित्यको विभिन्न विधामा पुस्तकाकार कृति लेखी प्रकाशित गरिसकेका, पुस्तकाकार कृति लेखेका तर प्रकाशित गर्न नसकेका र फुटकर लेखनमा क्रियाशील रहेका प्रतिभाहरूको परिचय प्रस्तुत गरिएको छ ।

## ४.२ पुस्तकाकार कृति प्रकाशित गर्ने सर्जकहरू

सर्लाही जिल्ला बहुभाषी जिल्ला हो । नेपाली भाषा यस जिल्लाको दोस्रो स्थानमा भए पनि बढी साहित्य सृजना यसै भाषाबाट भएको छ । अरू भाषाभाषीले पनि नेपाली भाषाबाट नै साहित्य सृजना गरेको देखिन्छ । नेपाली साहित्य बाहेक मैथिली र हिन्दी भाषामा साहित्य सृजनामा यहाँका सर्जकहरू क्रियाशील छन् तर नेपाली साहित्यको दाँजोमा अन्य भाषाका साहित्य त्यति फस्टाएको देखिँदैन । नेपाली भाषामा पुस्तक प्रकाशित गर्ने स्रष्टाहरू- गुणराज काफ्ले, रामदयाल राकेश, रामहरि जोशी, डा. काशीराज शर्मा, पार्थमणि भट्टराई, कुलचन्द्र बराल, नीलकण्ठ भट्टराई, दिनेश अधिकारी, श्याम भट्टराई, राम प्रधान, युवराज लुइँटेल, किरण भट्टराई, कार्तिकेय घिमिरे, मायालु अधिकारी र शर्मिला घिमिरे हुन् । हिन्दी भाषामा पुस्तक प्रकाशित गर्ने स्रष्टाहरू- हृदयनारायण चौधरी, रामहरि जोशी र रामदयाल राकेश हुन् भने मैथिली भाषमा पुस्तक प्रकाशित गर्ने जीवेश्वर मिश्र र रामदयाल राकेश हुन् । यी विभिन्न भाषामा पुस्तक प्रकाशित गरी साहित्यिक योगदान दिने सिर्जनशील साहित्यकारहरूको कालक्रमअनुसार अध्ययन गरिएको छ ।

### ४.२.१ जीवेश्वर मिश्र

जीवेश्वर मिश्रको जन्म वि.सं. १९८४ कार्तिक १६ गते सर्लाही जिल्लाको सिसौटियामा भएको हो । उनको पिताको नााम लक्ष्मीनारायण मिश्र र माताको नाम मैया दाइ देवी मिश्र हो ।[१] ज्योतिष विधाका ज्ञाता मिश्रको मुख्य पेशा कर्मकाण्ड र पुराण वाचन रहेको देखिन्छ । हिन्दी र मैथिली भाषामा साहित्य सिर्जना गर्ने जीवेश्वर मिश्रका निम्नानुसारको कृति प्रकाशित रहेका छन् :

१. सत्यनारायण कीर्तन (स्तुति पद्य)

२. बाबा जागेश्वरीको नचारी (स्तुति पद्य)

---

१ नीलकण्ठ भट्टराई, **सर्लाहीका साहित्यिक प्रतिभाहरू** (काठमाडौं : हरिवन काठमाडौं समाज, २०६५), पृ. २६ ।

जीवेश्वर मिश्रका यी कृतिका माध्यमिककालीन प्रवृत्ति पाइन्छ । माध्यमिक कालका सबैजसो स्रष्टामा पाइने धार्मिक प्रवृत्ति, नैतिक शिक्षा र इश्वरीय कल्पना यिनका रचनामा पनि पाइन्छ । उनका कृतिको भाषाको माध्यम मैथिली र हिन्दी रहेको छ । मैथिली भाषामा लेखिएको **सत्यनारायण कीर्तन** पौराणिक विषयमा आधारित कीर्तन सङ्ग्रह हो भने **बाबा जागेश्वरीको नचारी** मा जागेश्वर बाबाको स्तुति गान गाइएको छ । उनका यी कृतिका श्लोकहरू स्वर, ताल र लयमा बाधिएका छन् । भक्तिभावनाले ओतप्रोत भएका मिश्रका कृतिले धर्मप्रति आस्था, दुराचारी प्रवृत्तिको भण्डाफोर र स्वस्थ रामराज्यको परिकल्पना गरेका छन् ।

### ४.२.२ रामहरि जोशी

रामहरि जोशीको जन्म सन् १९२८ जनवरी ४ तारिकको दिन सर्लाही जिल्लाको मलङ्गवामा भएको हो । उनको पिताको नाम तीर्थलाल जोशी र माताको नाम सूर्यकुमारी जोशी हो ।[२] कलकत्ता विश्वविद्यालय अन्तर्गत वङ्गवासी कलेजबाट वी.एस्सी. उत्तीर्ण गरेका जोशीले कानूनको पनि अध्ययन गरेको देखिन्छ । तीस वर्ष शिक्षण पेशामा संलग्न रहेका जोशीको मुख्य पेशा राजनीति हो ।[३]

शिक्षण पेशामा रहँदा पनि राजनीतिमा व्यस्त रहने जोशीले चटक्कै शिक्षण पेशालाई छोडी राजनीतिमा होमिए । २०४६ सालका परिवर्तनपछि शिक्षा संस्कृति र पर्यटन मन्त्री समेत बन्न सफल रामहरी जोशीका निम्नानुसारको कृति प्रकाशित भएको देखिन्छ[४] :

नेपाली भाषामा प्रकाशित कृतिहरू :

१. नेपालको नम्बर क्रान्ति

२. झङ्कार (कविता सङ्ग्रह)

३. २०४६ को जनआन्दोलन

४. अतीतका केही सम्झनाहरू

हिन्दी भाषामा प्रकाशित कृतिहरू :

१. नेपालके अमर शहीद

२. नयाँ सवेरा

३. नेपाल हिन्दी पद्य सङ्ग्रह

उनका प्रकाशित कृतिको अध्ययन गर्दा सबै कृतिमा राजनीतिक प्रभाव परेको देखिन्छ । जोशीले राजनीतिक घटनाक्रमलाई जस्ताको तस्तै टिपेर किताबी रूपमा प्रकाशित गरेको पाइन्छ । **नेपालको नम्बर क्रान्ति** पुस्तकमा राणाशासनको विरुद्धमा २००७ सालमा भएको जनआन्दोलनलाई विषय बनाइएको छ भने **२०४६ को जनआन्दोलन** ग्रन्थमा पञ्चायती व्यवस्थाको विरुद्धमा भएको

---

[२] ऐजन, पृ. ६८ ।

[३] ऐजन ।

[४] ऐजन ।

आन्दोलनको घटनाक्रमलाई प्रस्तुत गरिएको छ ।[५] **नेपालके अमर शहीद** जोशीको हिन्दी भाषामा लेखिएको कृति हो । यसमा प्रजातन्त्र स्थापनाको लागिज्यान आहूति दिने अमर शहीदहरूको त्याग र बलिदानको विशद् चर्चा गरिएको छ । त्यसै गरी **अतीतका केही सम्झना** भन्ने पुस्तकमा २००७ सालदेखि २०५६ सालसम्मका आफ्ना दैनिक डायरीलाई पुस्तकाकार दिएका छन् ।[६] **झङ्कार** र **नयाँ सवेर** कविता सङ्ग्रहमा कविले नेपालीले भोग्नुपरेको पीडा र राष्ट्रको अवस्थालाई जस्ताको त्यस्तै उतारेका छन् । नेपालीहरूको जनजीवनमा सुधार ल्याउन क्रान्ति आवश्यक रहेको कुरालाई उनका कवितामा प्रस्तुत गरेका छन् । जोशीका सबै कृतिका साहित्यिक सन्दर्भभन्दा राजनीतिक घटनाक्रमलाई विषय बनाएका छन् ।

जोशीको भाषा सरल र सहज छ । सरर बहेको शैली नभए पनि विषय प्रसङ्ग र भावनालाई व्यक्त गर्न जोशी सफल छन् । राजनीतिक घटनाक्रमलाई लिपिबद्ध गर्नु, निम्न वर्गप्रति सहानुभूति राख्नु, आर्थिक र राजनैतिक क्रान्तिको अपेक्षा राख्नु रामहरि जोशीका लेखनीय विशेषता मान्नुपर्छ ।

### ४.२.३ गुणराज काफ्ले 'शाण्डिल्य'

गुणराज काफ्ले 'शाण्डिलय' को जन्म वि.सं. १९९७ वैशाख १८ गते मंगलवार रामेछाप जिल्लाको ढुङ्गेछाप (सालु) मा भएको हो ।[७] उनको पिताको नाम जगत्प्रसाद काफ्ले र माताको नाम विष्णुकुमारी काफ्ले हो । शाण्डिल्य उनको प्रसिद्ध साहित्यिक नाम हो । स्नातक तह पूरा गरेका गुणराज काफ्लेको स्थायी बसोबास हरिवन-२ सर्लाहीमा रहेको छ ।[८]

गुणराज काफ्लेको जागिर जीवनको प्रारम्भ २०१८ सालदेखि भएको देखिन्छ । वि.स. २०१८ मा मध्यामाञ्चल अदालतको बहिदार, २०१९ देखि २०२१ सम्म सेतीदेवी स्कुल सालु (रामेछाप) का प्रधानाध्यापक, २०२१ देखि २०२२ सम्म भूमिसुधार कार्यालय झापामा खरिदार र २०३९ देखि २०५६ सम्म राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालयमा सहायकको कार्य अनुभव बटुलेका शाण्डिल्यको साहित्यिक यात्राको थालनी २०१८ देखि सुरु भएको देखिन्छ ।[९] वि.सं. २०१८ कार्तिक २० को गोरखापत्र दैनिकमा लेख प्रकाशित गरी साहित्यको क्षेत्रमा सार्वजनिक भएका गुणराज **गोरखापत्र, प्राची, गरिमा, पुष्पाञ्जली, चेली, रचना, दृष्टि, नेपालपोष्ट, नयाँ करेन्ट** र **मानस** आदि पत्रपत्रिकामा लेख, कविता, निबन्ध र बालकथा प्रकाशित गरेको देखिन्छ । उनीले आफ्नो रचनामा शाण्डिल्य उपनामको अतिरिक्त रामु ढुङ्गेछापे, काफ्ले काका र ज्यार्के शर्मा जस्ता उपनामको पनि प्रयोग गरेका छन् । गुणराजको धेरे फुटकर रचनाहरू प्रकाशित भएपनि एक मात्र पुस्तकाकार कति **सहस्रनाम** (नेपाली सहस्रश्लोकी) हो । यो कृति २०६१ सालमा प्रकाशित भएको देखिन्छ ।[१०]

---

[५] ऐजन ।

[६] ऐजन ।

[७] ऐजन, पूर्ववत्, पृ. २५ ।

[८] ऐजन ।

[९] ऐजन ।

[१०] ऐजन ।

शाण्डिल्यले नेपाली साहित्यको गद्य र पद्य दुवै विधामा कलम चलाएका छन् । उनको साहित्यले वर्तमान समाजमा मानवले भोग्नुपरेको विसंगत अवस्थाको चित्रण गरेका छन् ।[11] शाण्डिल्यले आफ्नो रचनामा नेपाली समाजको सामाजिक, आर्थिक र राजनैतिक पक्षको सूक्ष्म विश्लेषण गर्दै समाजका धमिराहरूप्रति तिखो व्यङ्ग्य प्रहार गर्छन् धार्मिक धारणाद्वारा नैतिक शिक्षा दिने शाण्डिल्य अनुशासित समाज निर्माणमा जोड दिन्छन् ।

### ४.२.४ डा.काशीराज शर्मा सुवेदी

डा. काशीराज शर्मा सुवेदीको जन्म १९९८ मा लमजुङ्ग जिल्ला सिम्पानी गा.वि.स., वार्ड न. ९ सुवेदी गाउँमा भएको हो ।[12] उनको पिताको नाम गोविन्दप्रसाद सुवेदी र माताको नाम दमयन्तीदेवी सुवेदी हो । आयुर्वेद विज्ञानमा विद्यावारिधि (पी.एच.डी.) गरेका शर्माको स्थायी बसोबास सर्लाही जिल्लाको हजारिया गा.वि.स. वार्ड न. २ मा रहेको छ ।[13]

डा. काशिराज शर्माले नेपाल सरकार तथा संघ संस्थाको विभिन्न पदमा रही कामकाज गरेका छन् । राष्ट्रिय अभिलेखालय काठमाडौंमा रा.प.अ. तृतीय (अधिकृत), कविराज धवलागिरी अञ्चल आयुर्वेदिक औषधालय बाग्लुङ्गमा अधिकृतको मह□वपूर्ण जिम्मेवारीलाई पूरा गरेका सुवेदी हाल आयुर्वेद क्याम्पस नरदेवी काठमाडौंमा उपप्राध्यापकको रूपमा कार्यरत छन् । उनका साहित्यिक लेख र रचनाहरू प्रकाशित भएको देखिँदैन । आयुर्वेद विज्ञान र दर्शनसँग सम्बन्धित रहने सुवेदीका निम्नानुसारका प्रकाशित कृति र प्रकाशोन्मुख कृति रहेका छन्[14] :

प्रकाशित कृति :

१. प्रचलित केही रोगहरूको परिचय तथा आयुर्वेदिक उपचार विधि
२. आयुर्वेद विज्ञान
३. नीतिशतक (नेपाली भाषानुवाद)

प्रकाशोन्मुख कृतिहरू

१. आयुर्वेद दर्शनको रूपरेखा
२. कौमार भृत्यतन्त्र
३. योगकौमुदी (नेपाली भाषामा अनुवाद)
४. वैद्यवल्लभ (नेपाली भाषामा अनुवाद)
५. सौश्रुतनिघण्टु (सम्पादन)
६. अगदतन्त्र
७. वैद्यकीय सुभाषित साहित्यम्को नेपाली अनुवाद
८. आयुर्वेदीय शल्यविज्ञान

---

[11] ऐजन ।

[12] ऐजन, पृ. १३ ।

[13] ऐजन ।

[14] ऐजन ।

यी सम्पूर्ण कृतिहरू साहित्येत्तर कृति हुन् । यसमा आयुर्वेदिक उपचार विधि, योग र नीति शास्त्रको विशद् विश्लेषण गरेका छन् ।[15] यी कृतिहरूले साहित्यिक योगदान नदिए पनि सामाजिक हितका लागि आयुर्वेदसम्बन्धी मौलिक र अनूदित ग्रन्थका साथै नीतिशास्त्रलाई पनि नेपाली समाज समक्ष पुऱ्याउन शर्मा सफल छन् ।

### ४.२.५ डा. रामदयाल राकेश

रामदयाल राकेशको जन्म ई.सं. १९४२ जुलाइ २५ तारिक (वि.सं. १९९९ श्रावण ९ गते) का दिन जनकपुर अञ्चल, सर्लाही जिल्लाको सिसौटिया गा.वि.स. वार्ड नं. ५ मा भएको हो । उनको पिताको नाम श्रीयोधनप्रसाद  साह र माताको नाम पार्वती साह हो ।[16] बाल्यकालको नाम रामदयालप्रसाद साह हो भन्ने राकेश उनको साहित्यिक नाम हो । हाल उनी स्वतन्त्र लेखन पेशामा संलग्न छन् ।[17]

रामदयाल राकेशको औपचारिक रूपमा अक्षरारम्भ घरमै बुबा श्रीयोधनप्रसाद साहको सामन्य रेखदेखमा चारवर्षको उमेरमा भएको हो । कक्षा सातसम्मको अध्ययन गाउँकै पाठशाला श्री बेनी भोला उच्च मा.वि. हनुमाननगर (गोरइता) बाट भएको पाइन्छ । त्यसपछि सन् १९५८ मा श्री नन्दीपत जितु हाइस्कुल सोनवर्सा (विहार) बाट मैट्रिक, श्री राधाकृष्ण गोइनका कॉलेज सीतामढी (विहार) बाट ई. १९६० र १९६२ मा क्रमशः आई.ए. र बी.ए., ई. १९६५ मा त्रिभुवन विश्वविद्यालयबाट हिन्दी विषयमा स्नातकोत्तर तहमा प्रथम श्रेणीमा प्रथम भएका राकेशले **हिन्दी और नेपाली कविता तुलनात्मक अध्ययन** शीर्षकमा दिल्ली विश्वविद्यालयबाट विद्यावारिधिको उपाधि हासिल गरेका छन् ।[18]

वि.स. २०१९ मा आफूले प्रारम्भिक शिक्षा आर्जन गरेको पाठशाला श्री बेनी भोला उच्च मा.वि. हनुमानगर (गोरइता) बाट शिक्षण पेशामा संलग्न रहेका रामदयाल राकेशले नेपाल सरकारको विभिन्न पदमा रही राष्ट्रसेवकको मह□वपूर्ण जिम्मेवारीलाई पूरा गरेका थिए । वि.सं. २०१९ देखि २०२० सम्म श्री बेनी भोला उच्च मा.वि.मा शिक्षक, २०२० देखि ०२३ सम्म देवधारी उच्च मा.वि. सुन्दरपुरमा प्रधानाध्यापक, २०२३ देखि ०३३ समम पद्मकन्या क्याम्पस बागबजारमा प्राध्यापक, त्यसपछि ०४९ सम्म कीर्तिपुर बहुमुखी क्यामपसको हिन्दी विभागमा प्राध्यापक, ०४९ देखि ०५४ सम्म नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रमा निर्देशक, ०५५ देखि ०५६ सम्म शिक्षा मन्त्रालय अन्तर्गत राष्ट्रिय अनौपचारिक शिक्षा परिषद्को प्रमुख, ०५६ देखि ०६० भदौ १० गते सम्म नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको सदस्य, २०६२ जेष्ठ १६ गतेदेखि २०६३ श्रावण १ गतेसम्म राष्ट्रिय मानव अधिकार आयोगको सदस्य समेत रहेका छन् ।[19]

---

[15] ऐजन ।

[16] रामदयाल राकेशले ०६६ भदौ १८ गते शान्तिनगर (काठमाडौं) मा शोधार्थीले उपलब्ध गराएको सर्वेक्षण फारम भरेर दिएको लिखित जानकारीअनुसार ।

[17] ऐजन ।

[18] ऐजन ।

[19] ऐजन ।

नेपाली साहित्यमा देखिएको गुटबन्दी र साम्प्रदायिक भावनाको साँघुरो घेरालाई समाप्त गर्नुपर्छ; स्वस्थ सिर्जनात्मक वातावरणको सिर्जना गर्नुपर्छ भन्ने मान्यता राख्ने रामदयाल राकेश वि.सं. २०२३ मा **जगत् जननी जानकीको जन्मभूमि** शीर्षकको अनुसन्धानमूलक लेख प्रकाशित गरी सार्वजनिक भएका हुन् ।[२०] यो रचना गोरखापत्र दैनिकमा पहिलो पल्ट प्रकाशित भएको हो । उनको पहिलो प्रकाशित कृति वि.सं. ०३३ सालमा साझा प्रकाशनद्वारा प्रकाशित **कवि प्यासी : युगको आँखामा** भन्ने कृति हो । राकेशले नेपाली साहित्यको समालोचना विधालाई आफ्नो लेखनको प्रमुख क्षेत्र बनाए पनि रूपक (एकाङ्की), कथा, कविता, गजल आदि विभिन्न विधामा पनि फाटफुट रूपमा कलम चलाएका छन् । विभिन्न भाषामा साहित्य सिर्जना गर्ने रामदयाल राकेशका प्रकाशित पुस्तकाकार कृतिहरूका विवरणहरू यसप्रकार छ :

क) नेपाली भाषामा प्रकाशित कृतिहरू

| | |
|---|---|
| १. कवि प्यासी : युगको आँखामा (सम्पा.) | वि.सं. २०३३ |
| २. नेपाली कविता : विभिन्न आयाम | वि.सं. २०४४ |
| ३. मैथिली लोकगीत सङ्गालो | वि.सं. २०४६ |
| ४. नेपाली साहित्य : विभिन्न आयाम | वि.सं. २०५५ |
| ५. रचनाको रसास्वादन | वि.सं. २०५६ |
| ६. मैथिली संस्कृति | वि.सं. २०५६ |
| ७. पूर्वदेखि पश्चिसम्म (सम्पा.) | वि.सं. २०५९ |
| ८. मैथिली लोकसंस्कृति | वि.सं. २०६१ |
| ९. नेपाली समालोचना : विभिन्न आयाम | वि.सं. २०६१ |
| १०. छायामा घाम (दुश्यन्तकुमारका गजलहरूको अनुवाद) | वि.स. २०६२ |
| ११. सूर्योदयको देशमा सात दिन (यात्रासंस्करण) | वि.सं. २०६२ |
| १२. रामदयाल राकेशका हाइकु | वि.सं. २०६५ |

ख) मैथिली भाषामा प्रकाशित कृतिहरू

| | |
|---|---|
| १. मोदिआईन (सह-अनुवाद) | सन् १९९३ |
| २. सात जापनी कथा (अनु.) | वि.सं. २०४४ |
| ३. थाई लोक संस्कृति आओर परंपरा | वि.सं २०४५ |

ग) हिन्दी भाषामा प्रकाशित कतिहरू

१. हिन्दी पद्य पराग (सम्पा.)

---

[२०] ऐजन ।

२. नेपाल परिचय

३. जनकपुरधाम

४. नेपाल पदप्रदर्शन पुस्तिका

५. बहरहाल : तीसरी दुनियाँकी कविताएँ (सह. सम्पा.)

६. ऐच्छिक हिन्दी कक्षा ९ र १० (सम्पा.)

७. चाँदनी शाहकी कविताएँ (अनु.)

८. तुलसी दिवसकी कविताएँ (सह.अनु.)

९. काला सूरज (अनु. नेपाली उपन्यास)

१०. लाल सूरज (अनु. नेपाली उपन्यास)

११. नयी नेपाली कविताएँ

१२. नेपाल के हिन्दी लेखक

घ) अङ्ग्रेजीमा प्रकाशित कृतिहरू

१. ँयपि ऋगतिगचभ या ल्भउबा - ज्ञढढण

२. ऋगतिगचबा ज्भचष्तबनभ या ल्भउबा त्भचबष - ज्ञढढद्ध

३. ँयपि त्बभिक ाचयफ :ष्तजषबि - ज्ञढढट

४. ँयपि ँभकतष्खबकि या :ष्तजषष् - ज्ञढढड

५. एषनिचषबनभ त्यगचष्क ष्ल ल्भउबा - द्दण्ण्द्द

६. व्बलबपउगचस त्जभ क्बअचभम व्भधर्भा या ल्भउबा - द्दण्ण्छ

७. ९भ्मा० ल्भउबभिकभ ऋगतिगचभस म्षाभचभलत म्छभलकष्यलक

८. ल्भउबभिकभ ऋगतिगचभ ष्ल ब ल्गतकजभााा

९. :बचचष्बनभ क्यलनक या :ष्तजषबि

१०. ख्ष्मथब एबतष्स त्जभ न्चभबतभकत एयभत या :ष्तजषबि - द्दण्ण्ठ

रामदयाल राकेशको मौलिक, अनूदित र समालोचना गरी करिब तीन दर्जन कृतिहरू प्रकाशित भइसकेका छन् । यसरी नेपाली साहित्यको विकासमा २०३० को दशकदेखि हालसम्म निरन्तर सेवा पुऱ्याउँदै आएका राकेशको उचित मूल्याङ्कन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्ले सम्मान तथा पुरस्कार प्रदान गरेको देखिन्छ । उनले प्राप्त गरेका केही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार यस प्रकार छन् :

१. महेन्द्र विद्याभूषण क र ख श्रेणी

२. रत्नश्री स्वर्ण पदक

३. पञ्चम विश्व हिन्दी सम्मेलन सम्मान : पोर्टअफ स्पेन

४. जनकपुर बौद्धिक समाज पुरस्कार, जनकपुर

५. जमर्को साहित्य समूह पुरस्कार, सर्लाही

६. माधुरिमा पुरस्कार

७. सिम्पल ९क्रुउभि० सम्मान

८. वाणी प्रकाशन पुरस्कार

९. साझा लोकसाहित्य पुरस्कार

१०. फुकुओका एसियन कल्चरल प्राइजेज, जापान

(प्रथम नेपालीले पाएको पुरस्कार)

डा. रामदयाल राकेशको प्रकाशित कृतिको अध्ययन गर्दा उनी मौलिक काव्यकृति सृजनामा भन्दा अनुवाद र समालोचना पट्टी बढी मुखरित भएको पाइन्छ । उनको समालोचनाको क्षेत्र स्पष्ट र सबल देखिन्छ । जुन कृतिको बारेमा लेख्छन्, त्यसलाई केलाएर कृतिको मर्म पत्ता लगाउँछन् । त्यसपछि अध्ययन गर्दा जुन अर्थबोध हुन्छ, त्यही अर्थबोधलाई विवेचना र तुलना गर्दै आत्मविचार दिन्छन् । **रचनाको रसास्वादन** (०५६) समालोचना सँगालोमा ३१ वटा शीर्षक राखेर कुनैमा कवि र काव्यको तुलना, कुनैमा काव्य विवेचना र कुनैमा कविको व्यक्तित्व र कृतित्वमाथि समालोचनात्मक अभिव्यक्ति दिएका छन् । यसमा हिन्दी साहित्यका प्रकाण्ड विद्वान जयशंकरप्रसाद र नेपाली साहित्यका मूर्धन्य व्यक्तित्व बालकृष्ण समको व्यक्तित्व र कृतित्वको तुलनात्मक समीक्षा पनि प्रस्तुत गरेका छन् । **नेपाली कविताका विभिन्न आयाम** (०४४) मा चारवटा शीर्षकहरू छन् । केही नेपाली कवि र कविता शीर्षमा म.वी.वि. शाहदेखि मोहन कोइराला सम्मका एघार जना कविको काव्यगत विशेषता र मह□वपूर्ण कृतिको अध्ययन गरिएको छ । दोस्रो शीर्षक- नेपाली नयाँ कविता : केही दृष्टिकोणमा नयाँ कविताको पृष्ठभूमिदेखि नेपाली काव्यमा नवीन धारासम्मको विवेचना गरिएको छ । तेस्रो खण्डमा हिन्दी साहित्यकार र नेपाली साहित्यकारको तुलनात्मक अध्ययनका साथै नेपाली कविता र हिन्दी कविताको पनि तुलनात्मक अध्ययन गरिएको छ । चौथो खण्डमा हाइकू र नेपाली गीतको परिचय, चाँदनी शाहको गीतको विशेषता र राष्ट्र निर्माणमा साहित्यकारको भूमिकालाई समीक्षात्मक रूपमा प्रस्तुत गरेका छन् । **नेपाली साहित्य विभिन्न आयाम** (०५५) मा गीतिकवयित्री चाँदनी शाहदेखि गद्यकवयित्री तोया गुरुङसम्म, कविवर भानुभक्त आचार्यदेखि क्षेत्रप्रताप अधिकारीसम्मका आधुनिक कविहरू सम्म **हिउँको तन्ना** जस्तो आञ्चलिक कथासङ्ग्रहदेखि लिएर **यहाँदेखि त्यहाँसम्म** जस्तो आकर्षक उपन्याससम्म र घनश्याम राजकर्णिकारजस्ता यात्रालेखकका कृतिहरूदेखि लिएर बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटाका योगदानहरूसम्म समालोचक राकेश फैलिन र विवेचनात्मक निष्कर्ष दिन सफल रहेका छन् । यसले राकेशको विशिष्ट समालोचनात्मक प्रतिभाको परिचय दिन्छ ।

राकेशको समालोचना पक्ष जस्तै अनुवाद पक्ष पनि उत्तिकै सबल र सक्षम देखिन्छ । उनको समालोचना कुनै एक धारामा प्रवाहित नभए जस्तै अनुवाद साहित्यमा पनि विविधता पाइन्छ । उनको अनुवाद साहित्यमा कतै शब्दानुवाद हुन पुगेको छ भने कतै छायानुवादको बिम्ब

खडा भएको छ । तर समग्रमा हेर्ने हो भने भावानुवादलाई विशेष अनाइएको पाइन्छ ।[21] उनको समालोचना होस् या मौलिक रचना होस्, त्यसको मापदण्ड पूर्वीय हुन्छ ।[22] प्रयुक्त भाषा संस्कृतमय र शैली सरल हुनु बहुभाषी व्यक्तित्व डा. राकेशको साहित्यिक विशेषता हुन् ।

### ४.२.६ कुलचन्द्र बराल

कुलचन्द्र बरालको जन्म वि.सं. १९९९ कार्तिक १३ गते ओखलढुङ्गा जिल्ला पलापु गा.वि.स, वा.नं. १, पुनाटारमा भएको हो ।[23] उनको पिताको नाम नन्दलाल बराल र माताको नाम भद्रामाया बराल हो । उनको न्वारनको नाम कुशुमाकार उपाध्याय बराल हो भने प्रचलित नाम कुलचन्द्र बराल हो ।[24] वि.सं. २०३२ सालदेखि सर्लाही जिल्लाको बेताली गाउँमा स्थायी बसोबास गरेका बराल बेतालीमा अवस्थित जनजागृत नि.मा.वि.मा शिक्षकको रूपमा कार्यरत् छन् । शिक्षण पेशामा संलग्न रहे पनि अतिरिक्त समयमा बराल नर्सरी उत्पादनमा व्यस्त रहन्छन् । उनको नर्सरीमा विभिन्न प्रजातिका विरुवाहरू प्राप्त गर्न सकिन्छ । उत्पादित विरुवाको बिक्री वितरणबाट उनले राम्रो आर्थिक लाभ लिन सफल छन् ।

कुलचन्द्र बराल विभिन्न संघ संस्थामा आबद्ध रहेका छन् । नेपाल ज्योतिष परिषद् जि.का.स. सर्लाहीका अध्यक्ष, चतुर्भुजेश्वर गुरुकुल शिक्षा हरिवनका अध्यक्ष, कैलाशपुरी महादेवस्थान पूजा सञ्चालन समितिका अध्यक्ष, दिगो जडीबुटी अनुसन्धान केन्द्र सर्लाहीका उपाध्यक्ष र कामधेनु कृषक समूह हरिवनका सदस्य जस्ता मह□वपूर्ण पदमा रही कामकाज गरेका बराललाई केदारनाथ तिमल्सिना मेमोरियल एवार्ड २०६६ र ज्योतिष मैत्री सम्मान - २०५५ ले सम्मानित गरेको देखिन्छ ।

शास्त्री (वी.ए.) सम्मको अध्ययन पूरा गरेका कुलचन्द्र बरालले २०२४ सालमा **आजै हो** कविता लेखी साहित्य लेखन प्रारम्भ गरेका हुन् ।[25] उनी छन्दमा कविता लेख्न रुचाउँछन् । लेखनाथ पौड्यालका रचनाबाट प्रभावित बराल साहित्यले नीति शिक्षा दिनुपर्छ भन्ने मान्यता राख्छन् । नीति शिक्षाको अभावमा आजका समाज पथभ्रष्ट हुँदै गएको विचार प्रस्तुत गर्ने कुलचन्द्रका निम्नानुसारका प्रकाशित कृति र अप्रकाशित कृति रहेका छन् :

प्रकाशित कृति :

१. श्रीकृष्ण लीला (खण्डकाव्य) ०३६

२. सौगात (लघुकाव्य) ०३६

३. प्रत्यक्ष प्रश्नावली (ज्योतिष ग्रन्थ) २०६६

---

२१ नीलकण्ठ भट्टराई, पूर्ववत्, पृ. ६६ ।

२२ ऐजन ।

२३ कुलचन्द्र बरालले २०६६।१२।४ गते बेतालीमा शोधार्थीले उपलब्ध गराएको सर्वेक्षण फाराममा भरेर दिएको लिखित जानकारीअनुसार ।

२४ ऐजन ।

२५ ऐजन ।

अप्रकाशित कृति

१. श्रीकृष्ण चिन्तन (महाकाव्य)

२. परिवर्तन (महाकाव्य)

३. चरित्र नै चरित्र (नाटक)

४. पूर्वको यात्रा बराह क्षेत्र (लघुकाव्य)

५. गया-काशी-प्रयागसम्म (लघुकाव्य)

**श्रीकृष्णलीला** खण्डकाव्य १३१ श्लोक तथा ६० पृष्ठको आयमगत संरचनता रहेको छ । यसमा श्रीकृष्णको चरित्र चित्रण गरिएको छ । **सौगात** लघुकाव्यमा कवि फुपूलाई लिएर काशी जाँदा त्यहाँका पण्डापुरोहितले देखाएको व्यवहारलाई प्रस्तुत गरिएको छ । **प्रत्यक्ष प्रश्नावली** ज्योतिष विधासँग सम्बन्धित नेपाली भाषामा लेखिएको पद्यात्मक कृति हो । **परिवर्तन** महाकाव्य १९ सर्गमा लेखिएको छ । यसमा राजादेखि सामान्य जनतासम्मलाई व्यङ्ग्य गरिएको छ । यस ग्रन्थमा वर्तमान समयमा राजालाई सत्ताच्यूत गर्नु ठीक होइन किनकी राजा निकाल्नेहरूको चरित्र पनि ठीक हैन भन्ने भावबोध रहेको छ ।

कुलचन्द्र बरालका प्रकाशित र अप्रकाशित सबै कृतिहरूमा पूर्वीय साहित्यिक मूल्य र मान्यतालाई पूर्णतः अनुसरण गरिएको छ । अध्यापन, नर्सरी उत्पादन र साहित्य सिर्जनालाई सँगसँगै लैजान बराल सफल रहेका छन् ।

### ४.२.७ हृदयनारायण चौधरी

हृदयनारायण चौधरीको जन्म वि.सं. २००५ सालमा सर्लाही जिल्लाको पडरिया गा.वि.स.मा भएको हो । उनको पिताको नाम किसुनलाल चौधरी र माताको नाम सोमरियादेवी चौधरी हो ।[२६] एस.एल.सी. तहको अध्ययन पूरा गरेका चौधरी अहिले सर्लाही जिल्लाकै बरहथवा बजारमा स्थायी बसोबास गर्दछन् ।[२७]

हृदयनारायण चौधरी साहित्यिक व्यक्तित्व भन्दा पनि राजनैतिक व्यक्तित्वको रूपमा चिरपरिचित छन् । पञ्चायत कालमा व्यवस्था विरोधी अभियोग लागेर तीन पटकसम्म जेल सजाय भोगेका चौधरी साहित्य सृर्जनामा पनि झुकाव राखेको देखिन्छ । उनको साहित्य सृर्जनामा भने निरन्तरता छैन । चौधरीको एक मात्र प्रकाशित कृति **व्यवस्थाको बदलडालो** नाटक रहेको छ । प्रकाशोन्मुख कृतिमा **वगावत** (उपन्यास) र **अन्धा समाज** (उपन्यास) रहेका छन् । यी सबै कृतिमा उनले हिन्दी भाषाको प्रयोग गरेका छन् ।[२८]

**व्यवस्थाको बदलडालो** नाटकमा जम्मा चार अंक रहेको छ । यो मञ्चीय नाटक हो । यसमा २०३६ सालको राजनैतिक आन्दोलन, विद्यार्थी काण्ड र जनमत संग्रहलाई विषय बनाएर

---

[२६] नीलकण्ठ भट्टराई, **सर्लाहीका साहित्यिक प्रतिभाहरू**, पूर्ववत्, पृ. ७९ ।

[२७] ऐजन ।

[२८] ऐजन ।

स्थानीय क्षेत्र-हरपुर, पडरिया, हरिवन र गाउँ-गाउँमा घटेका घटनालाई प्रस्तुत गरिएको छ ।[29] उनको अप्रकाशित उपन्यास **अन्धा समाजमा** भोक, रोगले ग्रस्त नेपाली समाजको यथार्थ चित्रणका साथै सामाजिक शोषण, विकृति, कुरीति, छुवाछुतको विरुद्धमा बुलन्द आवाज उठाउँदै समाजमा जनचेतना जगाउने प्रयास गरिएको छ ।[30]

मानवले समयलाई परिवर्तन गर्नु पर्दछ भन्ने समाजवादी चिन्तन राख्ने चौधरीको मुख्य पेशा राजनीति र व्यापार हो । अति व्यस्त समयको बाबजुद पनि हृदय नारायण हिन्दी भाषाको माध्यमद्वारा साहित्य सिर्जना गर्न पनि त्यत्तिकै सक्रिय र उत्साही छन् । उनको भाषा हिन्दी, शब्द क्रान्तिकारी र भावना सुधारवादी देखिन्छ । यो नै यिनको साहित्यिक विशेषता हो । उनको सिङ्गो साहित्य राजनैतिक परिवर्तनको लागि तथा समाजलाई अग्रगमन तर्फ उन्मुख गराउने तर्फ बुलन्द अवाज लिएर आएको छ ।

### ४.२.८ पार्थमणि भट्टराई

पार्थमणि भट्टराईको जन्म सन् १९४९ जनवरी २४ तारिकको दिन ओखलढुङ्गाको गामलाङ्गटार मूलपँधेरामा भएको हो ।[31] उनको पिताको नाम ईश्वरीप्रसाद उपाध्याय र माताको नाम रन्धता देवी हो । संस्कृत र नेपाली विषयमा स्नातक उत्तीर्ण गरेका भट्टराई वि.सं. २०१४ सालदेखि नै सर्लाहीको हरिवन गा.वि.स. वडा नं. २ मा स्थायी बसोबास गर्दै आएका छन् ।

पार्थमणि भट्टराईले अधिकांश समय राजनीति र समाजसेवामा खर्चिएका छन् । पद्मभुवनेश्वरी वृद्ध सेवाश्रम जुटपानीका उपाध्यक्ष, राधाकृष्ण मन्दिर निर्माण समिति हरिवनका अध्यक्ष, नेपाल किसान सङ्घ जिल्ला कमिटी सर्लाहीका सचिव, केडिया सेवा ट्रष्ट वीरगञ्जका सल्लाहकार समेत रहेका भट्टराई हाल चुरे भावर नेपालका केन्द्रीय सदस्यको रूपमा सक्रिय रहेका छन् । पामम, पामभट्टे शर्मा, रामशर्मा आदि उपनामले **गोरखापत्र, मधुपर्क, गरिमा, मिर्मिरे, रचना, विमोचन, नौवेली** र **कान्तिपुर** जस्ता पत्रपत्रिकामा कविता, कथा तथा समसामयिक लेख प्रकाशित गरेका छन् ।[32] उनका निम्नानुसार प्रकाशित कृति र प्रकाशोन्मुख कृतिहरू छन् :

प्रकाशित कृति :

१. नेताको अपहरण-उपन्यास (२०२९)
२. शिखर यात्रा - वृजुसाहु- जीवन चरित्र (२०५८)

प्रकाशोन्मुख कृति :

१. महाकवि देवकोटाको नागरिक शास्त्र (सम्पादन)
२. गिरिशवल्लभ जोशीको ईश्वर तत्व विवेक (सम्पादन)
३. स्मृति शास्त्रको मह□व (शिखर यात्रा-बृजसाहुको सम्झनामा)

---

[29] ऐजन ।

[30] ऐजन ।

[31] पार्थमणि भट्टराइले मिति ०६६।१०।९ मा हरिवनमा दिएको टिपोटअनुसार ।

[32] ऐजन ।

सम्पादन :

१. रामायण अयोध्याकाण्ड (२०३१)
२. सन्दर्भ त्रैमासिक (२०३२/२०३३)
३. पानस साप्ताहिक (२०३९)
४. बी.पी. व्यक्तित्व र विचार (संयुक्त सम्पादन)
५. बद्रीविक्रम थापा स्मृति ग्रन्थ (संयुक्त सम्पादन)
६. सु-सूचना (२०५१ का.म.न.पा. ३४)
७. स्व.कुलचन्द्र कोइराला परिचय (२०५०)
८. धनुषा साप्ताहिक (पञ्चायती रजगत जयन्ती विशेषाङ्क)
९. पूजा (वार्षिक कुमुद देवकोटा विशेषाङ्क)
१०. आँखा स्मारिका (२०३१)
११. बृद्ध स्मारिका (२०५९)

नेताको अपहरण (२०२९) भट्टराईको जासुसी उपन्यास हो । यसमा लेखकले प्रजातन्त्रपूर्वको राजनैतिक र प्रशासनिक घटनालाई विषयवस्तु बनाइएको छ । पञ्चायती कालका प्रशासकहरू विवेक शून्य भएका र राजनीतिक पथप्रदर्शकहरूलाई गिरफ्तार गरिएको दृश्य देखाइएको छ । यस उपन्यासमा भट्टराईले नायकको रूपमा नेता र खलनायकको रूपमा गुप्तचर (तत्कालीन प्रशासक) को चरित्र चित्रण सूक्ष्म रूपमा गरेका छन् । गुप्तचरले नेतालाई समातेको जोखिमपूर्ण घटनालाई रोचक तरिकाले प्रस्तुत गरिएको छ । शिखरयात्रा-बृजुसाहु (२०५८) मा लेखकले ईन्दुशङ्कर चिनी उद्योगका उद्योगपति बृजु साहुको समग्र जीवनको अध्ययन गरिएको छ ।

### ४.२.९ अञ्जुदेवी भट्टराई

अञ्जुदेवी भट्टराईको जन्म वि.सं. २०१० मा सिन्धुली जिल्लाका तीन पाटन पैरे भन्ने ठाउँमा भएको हो । उनको पिताको नाम पुष्पलाल घिमिरे र माताको नाम पवित्रा घिमिरे हो ।[घघ] आठ कक्षासम्मको अध्ययन गरेकी अञ्जुदेवी हाल सर्लाही जिल्लाको हरिवन-२ मा स्थायी बसोबास गर्छिन् ।

अञ्जुदेवी भट्टराईको एकमात्र कृति **रामु र श्यामुको बहादुरी** बालउपन्यास प्रकाशित भएको देखिन्छ । यो कृति २०३९ सालमा प्रकाशित भयो । त्यसपछि अन्य कुनै पनि कृति प्रकाशित भएको देखिँदैन । प्रस्तुत बालउपन्यास बालमनोभावनामा आधारित उपन्यास हो । यसमा रामु र श्यामु दुई जना बाल नायकलाई प्रस्तुत गरिएको छ । बालनायक अत्यन्त चतुर, दुरदर्शी र साहसी छ । बुद्धि र बललाई परिचालन गरी बालनायकले ठूलाठूला घटनाहरू घटाएको दृश्य उपन्यासमा देख्न सकिन्छ ।[घङ] बालचरित्र चित्रण गरिएको यस उपन्यासमा बुद्धि र बललाई समन्वय गरी अगाडि बढेमा सफलता प्राप्ति हुन्छ भन्ने सन्देश दिइएको छ ।

---

[३३] नीलकण्ठ भट्टराई, **सर्लाहीका साहित्यिक प्रतिभाहरू**, पूर्ववत्, पृ. १ ।

[३४] ऐजन ।

### ४.२.१० नीलकण्ठ भट्टराई

नीलकण्ठ भट्टराइएको जन्म वि.सं २०१४ साल श्रावण ४ गतेका दिन ओखलढुङ्गामा भएको हो । पिता भीमाहर्क भट्टराई र माता तुलसादेवीको छैठौं सन्तानको रूपमा जन्मिएका भट्टराईका पाँच दाजुभाइ र चार दिदीबहिनी रहेको देखिन्छ ।[३५] जन्मक्रमले उनी साहिँलो भए पनि गाउँ घरमा उनलाई कान्छो भनेर चिन्छन् । हाल उनी सर्लाही जिल्लाको ढुंग्रेखोला गा.वि.स.को वडा नं. ४ मा अवस्थित आदर्शचोकमा स्थायी रूपमा बसोबास गर्दछन् ।[३६]

नीलकण्ठ भट्टराईको औपचारिक शिक्षाको सुरुआत ओखलढुङ्गा जिल्लाको खानिभञ्ज्याङ्गमा रहेको श्री सरस्वती प्राथमिक विद्यालय पौवाबाट भएको पाइन्छ ।[३७] श्री लक्ष्मीनारायण प्रधान पाठशाला मटिहानी महोत्तरीबाट माध्यमिक तह, उत्तरमध्यमा (प्रमाणपत्र तह) र शास्त्री (स्नातक तह) पूरा गरेका भट्टराईले कीर्तिपुर बहुमुखी क्यामपस, कीर्तिपुरमा मूल विषय संस्कृत लिएर वि.सं. २०४१ सालमा स्नातकोत्तर तह उत्तीर्ण गरेका छन् ।[३८]

२०३८ सालदेखि सोलुको छेस्काम गा.वि.स.मा रहेको छेस्काम नि.मा.वि.बाट शिक्षण पेशामा संलग्न रहेका नीलकण्ठ भट्टराई हाल श्री हजारी जनक विद्यापीठमा सहायक प्रशासकको पदमा कार्यरत छन् । उनले अतिरिक्त समयमा विभिन्न विद्यालयमा अध्यापन गराएका थिए । २०३८ सालमा गुँदेल नि.मा.वि. मा निम्न माध्यमिक शिक्षक पदमा, २०३९ सालमा श्री जनता जयसवाल मा.वि. चिसापानी, धनुषामा माध्यमिक शिक्षक पदमा, २०५१ देखि ०५२ सालसम्म मोनास्टिक अवासीय मा.वि.जनकपुरमा मा.शि. पदमा, २०५३ देखि २०५४ सालसम्म एञ्जल सेकेण्डरी बोडिङ्ग स्कुल जनकपुरमा मा.शि. पदमा, २०५९ देखि २०६२ सालसम्म न्यू आइडियल सेकेण्डरी स्कुल जनकपुरमा अध्यापन गराएका थिए ।[३९]

सामाजिक विभेद र एकल संस्कृतिको पक्षपोषण साहित्यले गर्नुहुँदैन भन्ने मान्यता राख्ने नीलकण्ठ भट्टराई २०३७ सालमा **आकांक्षा** कविता प्रकाशित गरी नेपाली काव्य साहित्यमा विधिवत् प्रवेश गरेका छन् ।[४०] यो कविता याज्ञवलक्य लक्ष्मीनारायण विद्यापीठको वार्षिक मुखपत्र **स्वदेश गौरवमा** पहिलो पल्ट प्रकाशित भएको हो । त्यसपछि २०५० सालसम्म कुनै कविता वा लेख प्रकाशित भएको देखिँदैन भने २०५० पछि हजारी जनक विद्यापीठको वार्षिक मुखपपत्र निशान्त, गरिमा र मधुपर्क जस्ता पत्रपत्रिकामा कविता लेख प्रकाशित भएको पाइन्छ । भट्टराईको **वीपीको समाधि** (२०५९) खण्डकाव्य प्रथम प्रकाशित कृति हो । यसमा विश्वेश्वरप्रसाद कोइरालाको मृत्यु र

---

३५ नीलकण्ठ भट्टराईले ०६६ असोज ४ गते ढुंग्रेखोला-४, आदर्शनगरमा शोधार्थीले उपलब्ध गराएको सर्वेक्षण फारममा भरेर दिएको लिखित जानकारीअनुसार ।

३६ ऐजन ।

३७ ऐजन ।

३८ ऐजन ।

३९ कृष्णशरण उपाध्याय, **नीलकण्ठ भट्टराइको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, रुपन्देही : भैरहवा बहुमुखी क्याम्पस, त्रि.वि., २०६६, पृ. १५ र १६ ।

४० ऐजन ।

शव यात्रालाई विषयवस्तुको रूपमा वर्णन गरिएको छ । उनका निम्न लिखित पुस्तकहरू प्रकाशित भएका छन् :

क) बीपीको समाधि (खण्डकाव्य वि.सं. २०५९)

ख) सरोज स्मृति-सप्त पल्लव (खण्डकाव्य वि.सं. २०६०)

ग) महामानव (महाकाव्य, वि.सं. २०६३)

घ) त्रिवल्ली (कवितासङ्ग्रह, वि.सं. २०६४)

ङ) वनदेवीको आत्मवृतान्त (लघु उपन्यास, वि.सं. २०६४)

च) सर्लाहीका साहित्यिक प्रतिभाहरू (खोजमूलक, वि.सं. २०६५)

छ) शाह-शृङ्खला (महाकाव्य, २०६६)

हालसम्म प्रकाशित कृतिको आधारमा नीलकण्ठ भट्टराई कवि हुन् । कविताको बृहत् रूप महाकाव्य रचना गर्न सफल भएका छन् । उनको **सरोज स्मृति-सप्त पल्लव** (२०६०) खण्डकाव्यमा नेपाली प्रजातान्त्रिक आन्दोलनका चर्चित योद्धा सरोज कोइरालाको जीवनी र व्यक्तित्वलाई खण्डकाव्यको विषयवस्तु बनाइएको छ । **महामानव** महाकाव्यमा विश्वेश्वरप्रसाद कोइरालाको जन्मदेखि मृत्युपर्यन्तका विविध घटना चक्रलाई वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ । **त्रिवल्ली** (२०६४) कवितासंग्रहमा विविध विषयवस्तु समेटिएका २०३७ देखि २०६४ सालसम्म पत्रपत्रिकामा प्रकाशित भएका फुटकर र कविताहरूको सङ्कलन गरिएको छ । **वनदेवीको आत्मवृत्तान्त** (२०६४) लघु उपन्यासमा वन (प्रकृति) लाई मानवीकरण गरी वन जङ्गल विनाशले गर्दा उजाडिएका वन पाखालाई देखेर रोएको प्रकृतिको व्यथा र त्यसमा मानव समाजमा परेको प्रभावलाई उजागर गरिएको छ ।

भट्टराईको निम्नानुसारका अप्रकाशित कृति रहेका छन् :

क) कान्छा बाहुन- उपन्यास

ख) नैवेद्य समालोचना - समालोचना

ग) ओखलढुङ्गा - महाकाव्य

**नैवेद्य विमर्श** मा धरणीधर कोइरालाको **नैवेद्य** कविता संग्रहभित्र पर्ने सम्पूर्ण कविताको समालोचनात्मक टिप्पणी गर्न खोजिएको छ । **कान्छा बाहुन** उपन्यासमा समाजमा धनी र गरीबको अवस्थाको चित्रण गरिएको छ भने ओखलढुङ्गा काव्यमा ओखलढुङ्गाको प्राकृतिक छटाहरूको सुन्दर वर्णन गरिएको छ । यस काव्यमा बाह्र उपशीर्षक र लगभग ३५० श्लोक रहेका छन् ।[४१]

नीलकण्ठ भट्टराईले उपन्यास, समालोचना, कविता अनुसन्धानमूलक लेखमा कलम चलाएको देखिन्छ । यद्यपि भट्टराईको साहित्यिक व्यक्तित्व मूलतः कविता विधामा फस्टाएको पाइन्छ । यिनको खण्डकाव्य, महाकाव्य र कवितासङ्ग्रहले नेपाली साहित्यको विकासमा एउटा इट्टा

[४१] मिति २०६६।६।४ गते नीलकण्ठ भट्टराइले दिएको मौखिक जानकारी अनुसार ।

थप्ने कार्य गरेको छ र उनलाई नेपाली साहित्यमा कवि/खण्डकाव्यकार/महाकाव्यकारको रूपमा स्थापित गरेको छ ।

### ४.२.११ दिनेश अधिकारी

दिनेश अधिकारीको जन्म वि.सं. २०१६ साल मंसिर २२ गतेका दिन बानेश्वर काठमाडौंमा भएको हो ।[४२] पिता नन्दहरि अधिकारी र माता शारदादेवी अधिकारीको काहिँला छोराको जन्मिएका अधिकारीको खास नाम दिनेशहरि अधिकारी हो । न्वारनको नाम सोमहरि अधिकारी हो भने दिनेश अधिकारी उनको साहित्यिक नाम हो ।[४३] हाल उनी भूमिसुधार मन्त्रालयमा विशिष्ट श्रेणीको सचिव पदमा कार्यरत छन् ।

कवि तथा गीतकार दिनेश अधिकारीको जन्म काठमाडौंमा भए तापनि बाल्यकाल सर्लाही जिल्लाको हरिवनमा बितेको देखिन्छ । उनी तीन वर्षको हुँदा अर्थात् वि.सं. २०२० सालमा स-परिवार सर्लाहीको हरिवनमा बसाइँ सरेको देखिन्छ ।[४४] उनको औपचारिक शिक्षाको आरम्भ सर्लाही जिल्लाको हरिवनमा अवस्थित श्री महादेव जनता माध्यमिक विद्यालयबाट भएको पाइन्छ । हरिवन कै श्री चर्तुभुजेश्वर माध्यमिक विद्यालय सुखेपोखरीबाट माध्यमिक तह, नेपाल ल क्याम्पसबाट प्रमाणपत्र तह र स्नातक तह उत्तीर्ण गरेका अधिकारीले त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट मानविकीतर्फ राजनीतिशास्त्र विषयमा स्नातकोत्तर तह पूरा गरेका छन् ।[४५]

साहित्य लेखनको आरम्भ वि.सं. २०२८ सालदेखि गरेका अधिकारीको साहित्यिक जीवन मूलतः कविता र गीत विधामा खर्च गरेको देखिन्छ । कविता र गीतलाई एक ढोकाको दुईवटा पाटा भनी परिभाषित गर्ने गीतकारका हालसम्म कुनै पनि आख्यानात्मक कृति प्रकाशित रूपमा देखिएका छैनन् । तापनि जीवनको प्रारम्भ **आर्शीर्वाद** नामक छोटो कथा लेखेका छन् ।[४६] वि.सं. २०२८ सालदेखि नै कविता रचना प्रारम्भ गरेका दिनेश अधिकारीले २०३२ सालदेखि नै गीत लेख्न थालेको देखिन्छ ।[४७] यसरी तीन दशक आफ्नो जीवन साहित्य सिर्जनामा समर्पण गरेका अधिकारीको हालसम्म चारवटा कविता सङ्ग्रह, दुई वटा गीतिसंग्रह, एक काव्य र दर्जनौं गीति क्यासेट तथा एल्बमहरू सार्वजनिक गरिसकेका छन । उनका सार्वजनिक गरिएका पुस्तक तथा गीतिक्यासेटलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

कवितासङ्ग्रहहरू :

क) अन्तरका छिटाहरू (२०३७)

ख) धर्तीका गीत (२०४४)

---

[४२] जीवनलाल बन्जाडे, **गीतकार दिनेश अधिकारी,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, २०६१, पृ.७ ।

[४३] ऐजन, पृ. ७ ।

[४४] ऐजन ।

[४५] ऐजन पृ. ८ ।

[४६] ऐजन, पृ. ११ ।

[४७] **दिनेश अधिकारी गीतकार**, बुधवार, वर्ष ४, अंक ४३ (०५६ भदौ ३०) ।

ग) आदिम आवाज (२०४५)

घ) अतिरिक्त अभिलेख (२०५६)

गीति सङ्ग्रह :

क) अविराम यात्रा (२०४८)

ख) आफ्नो मन : आफ्नै आँगन (२०५४)

काव्य :

क) इन्द्रजात्रा (२०५१)

गीतिक्यासेट तथा एल्बमहरू :

आधुनिक गीति क्यासेट-

क) भावनाका मातहरू (०४७)

ख) सुखदुःख (०५०)

ग) परेलीको डिलमुनि (०५६)

घ) यात्रा (०५७)

ङ) अनुभूति (०५७)

च) लिपि (०५९)

चलचित्रका गीति क्यासेट-

क) बोलबोल पाखाहरू (०५४)

ख) बिरानो मन (०५५)

ग) बहार (०५७)

यसका अलवा पनि कानुनी तथा समसामयिक विषय समेटिएका विभिन्न स्तरीय लेखहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित गराएका छन् ।

यसरी नेपाली साहित्यको विकासमा २०३० को दशकदेखि हालसम्म अनवरत रूपमा सेवा पुऱ्याउँदै आएका कवि गीतकार दिनेश अधिकारीको उचित मूल्याङ्कन गर्दै राज्यका अतिरिक्त विभिन्न साहित्यिक, साङ्गीतिक तथा अन्य संघ संस्थाहरूबाट दर्जनौं मान, पदवी, पुरस्कार प्रदान गरिएको देखिन्छ । उनको **अतिरिक्त अभिलेख** शीर्षकको कवितासङ्ग्रहको लागि नेपालको नोबेल पुरस्कार मानिने २०५६ सालको **मदन पुरस्कार** समेत प्राप्त गरेका छन् । अन्य पुरस्कारहरू रत्न श्री स्वर्णपदक (०३८), व्यथित काव्य पुरस्कार (०३९), सर्वश्रेष्ठ गीतकार रेडियो नेपाल (०४०), युगकवि सिद्धिचरण पुरस्कार (०४५), मोती पुरस्कार (०४९), साझा पुरस्कार (०५१), राष्ट्रिय युवा गौरव सम्मान (२०५३), सुप्रबल गोरखा दक्षिण बाहु (०५५), छिन्नलत्ता गीत पुरस्कार (०५६), मानश्री पुरस्कार (०५७), विख्यात त्रिशक्ति पदक 'तेश्रो' (०६०) लगायतका छन् ।

कविका कृतिको अध्ययन गरेर समग्रमा भन्नुपर्दा कविको भावना राष्ट्रवादी छ । उनले नेपाली जनजीवनमा देखापरेको कहाली लाग्दा अवस्थालाई कविले यथार्थ रूपमा उतारेका छन् । उनका कवितामा एकातिर भोक, रोग र अशिक्षाले पीडित भएर छट्पटाउन विवश भएको समाजको आत्मा बोल्दछ भने अर्कोतिर आफ्नो मूल्य र मान्यता गुमाएर लाशमा परिणत भएको

नेपाली जनजीवनको चित्र खिचिएको छ ।[४८] वर्तमान समयमा शान्तिको बदला क्रान्ति बढेको छ । कोलाहल हिंसा र आतङ्कले मह□वपूर्ण स्थान पाएको छ । देशको बिग्रँदो भयानक आकृतिले सबै नेपालीलाई मर्माहत तुल्याएको छ । आफ्नो देशको सीमा रेखाभित्र सुरक्षित छ भनेर गर्व गर्दै ढुक्क भएर बस्ने ठाउँ छैन भन्दै वर्तमान अवस्थाप्रति व्यङ्ग्य पनि प्रहार गर्छन् ।

हालसम्म प्रकाशित कृतिको आधारमा दिनेश अधिकारी मूलतः गीतकार हुन् । तीन दशकको आफ्नो गीति यात्रामा विभिन्न प्रवृत्ति तथा विभिन्न प्रवृत्ति तथा विषयवस्तुमा उत्कृष्ट गीतहरू रचेर आफ्नो प्रतिभालाई सार्वजनिक गर्दै आएको देखिन्छ । उनका गीतका विषयवस्तु देशभक्ति, मायाप्रेम, प्रकृतिप्रेम, सामाजिक विकृति, विसङ्गति, मानवतावाद तथा समसामयिक सामाजिक भावनालाई आधार बनाएको पाइन्छ । विविध विषयवस्तुको संयोजन गरेपनि भाषिक जटिलता भने देखिँदैन । उनले रचेका सम्पूर्ण गीत तथा कविताहरू भाषिक सौन्दर्यताले सुशोभित रहेका छन् । यिनै भाषिक विशेषताका कारणले दिनेश अधिकारीलाई नेपाली साहित्यमा गीतकार/कविको रूपम प्रसिद्धि बनाएको छ र उनलाई आधुनिक नेपाली साहित्यका हस्तीमध्ये एक मान्न सकिन्छ ।

### ४.२.१२ श्याम भट्टराई

श्याम भट्टराईको जन्म २०१८ साल जेठ महिनामा ओखलढुङ्गा जिल्ला गाम्नाङ्गटार गा.वि.स. मुलपधेरामा भएको हो ।[४९] उनको पिताको नाम दुर्गाप्रसाद भट्टराई र माताको नाम रुक्मिनि भट्टराई हो । एस.ओ.एस. हर्मन माइनर विद्यालय इटहरीमा शिक्षण पेशामा आबद्ध रहेका भट्टराईको स्थायी बसोबास हरिवन गा.वि.स., वा.नं. २ मा रहेको छ ।[५०]

त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट नेपाली विषयमा एम.ए., एम.एड. सम्मको औपचारिक शिक्षा पूरा गरेका श्याम भट्टराइले नेपाल प्रेस इन्स्टिट्च्यूटबाट दश महिने पत्रकारिता प्रशिक्षण पनि लिएका छन् । उनले पत्रकारिता र साहित्य दुवै क्षेत्रलाई सँग-सँगै लगेका छन् । विभिन्न समयमा **गोरखापत्र, कान्तिपुर, विमोचन, गतिविधि, अप्सरा** र **साहित्य सञ्चार समूह** आदि पत्रपत्रिकामा उनका कथा, कविता र समसामयिक लेखहरू प्रकाशित भएका छन् ।[५१] साहित्य संचारका लागि हवाइपत्र आनदोलन २०४६ को संस्थापक सदस्य तथा साहित्य-पत्र २०४६ को संस्थापक सम्पादक रहेका भट्टराईका निम्नानुसारको प्रकाशित र प्रकाशोन्मुख कृतिहरू रहेका छन्:

प्रकाशित कृतिहरू :

१. तपाई कति भयभीत हुनुहुन्छ ? (लेख सङ्ग्रह, ०४२)

२. बाबु र छोरा (बालकथा सङ्ग्रह)

---

[४८] जीवनलाल बन्जाडे, **गीतकार दिनेश अधिकारी,** ऐजन, पृ. ४७ ।

[४९] नीलकण्ठ भट्टराई, **सर्लाहीका साहित्यिक प्रतिभाहरू,** पूर्ववत्, पृ. ७४ ।

[५०] ऐजन ।

[५१] ऐजन ।

प्रकाशोन्मुख कृतिहरू

१. कल्पवृक्ष (प्रेरक प्रसङ्ग)
२. बन्द कोठाको यौवन (कवितासङ्ग्रह)
३. एक्काइसौ शताब्दीको मान्छे (कविता सङ्ग्रह)
४. शुभयात्रा (कथा सङ्ग्रह)
५. आँखा रैछ् बल्छी तिम्रो (गीत सङ्ग्रह)
६. विदीर्ण वर्तमान (कथा सङ्ग्रह)

**तपाई कति भयभीत हुनुहुन्छ ?** श्याम भट्टराईको प्रथम लेख सङ्गालो हो । लेखकले २०४२ सालमा प्रेस इन्टिच्यूटबाट पत्रकारिता अध्ययन गरेपछि पत्रकारितातर्फ आकर्षित भए र विभिन्न लेखहरू लेख्न थाले । उनका लेखहरू विभिन्न पत्रपत्रिकामा पनि प्रकाशित भयो । तिनै लेखहरूको संगालोको रूपमा २०५६ सालमा साहित्य संचार समूह इटहरी, सुनसरीले यो कृति प्रकाशित गरेको देखिन्छ । यस कृतिमा २० वटा लेखहरू सङ्गृहीत छन् ।[५२] यी लेखहरूमा लेखकले विसङ्गत पक्षहरूको अध्ययन, जानकारीमूलक सामग्री, राजनैतिक आग्रह-पूर्वाग्रह, पत्रकारिता सम्बन्धी सामग्री, समसामयिक लेख र यौन, भय र प्रेम जस्ता स्वभाविक मानवजन्य प्रवृत्तिको चिरफार गरेका छन् ।

### ४.२.१३ राम प्रधान

राम प्रधानको जन्म वि.सं. २०१९ मंसिर १७ गते सर्लाही जिल्लाको हरिवन गा.वि.स वार्ड नं. ९ मा भएको हो ।[५३] उनको पिताको नाम रामकृष्ण प्रधान र माताको नाम बेतीमाया प्रधान हो । औषधी व्यवसायमा संलग्न रहेका प्रधानको एकमात्र प्रकाशित कृति **एकमुट्ठी मान्छे** कविता सङ्ग्रह हो । यस कृतिको २०५९ मा जमर्को युवा समूह, सर्लाहीले गरेको हो भने मुद्रण कार्य हिसि अफसेट प्रिन्टर्स जमल, काठमाडौंबाट भएको देखिन्छ ।

**एक मुठ्ठी मान्छे (२०५९)** कविता सङ्ग्रहमा १९ वटा कविताहरू सङ्गृहीत छन् । समाविष्ट शीर्षकहरू : **इतिहास मर्नेहरूको हो, माया, कवि, लाचार वर्तमान, नसोध मेरो गाउँको हाल, यो सडक, पीडाको मलामी, एउटा अनुत्तरित प्रश्न, लाचार महापुरुष, मेरो देशको इतिहास, परिवर्तनको अनुभूति, जीवनको मूल्य, मान्छे, सुन्दर विध्वंसक अस्त्र, तिमी म बीचको फरक, देश दुखिरहेछ यो छातीमा, अपराजित विश्वास, म : मेरो देश** र **शान्ति** छन् ।[५४] यस सङ्ग्रंहको पहिलो कविता **इतिहास मर्नेहरूको हो** बाट नै कविले शहीदहरूको योगदान र मह□वको चर्चा गर्दै शहीदप्रति श्रद्धासुमन व्यक्त गर्दछन् । शहीदप्रति सम्मान र राष्ट्रप्रति माया गर्ने कविले यस सङ्ग्रहमा वर्तमानमा मान्छेले भोग्नु परेको पीडा, नारीमाथि हुने अत्याचार र ०४६ को परिवर्तनपछि पनि गरीबहरूको अवस्थामा सुधार नआएको यथार्थ अवस्थाको चित्रण गरेका छन् ।

---

[५२] श्याम भट्टराई, **तपाई कति भयभीत हुनुहुन्छ ?** (सुनसरी : साहित्य सञ्चार समूह इटहरी, ०५६), विषयसूचीबाट ।

[५३] राम प्रधानले ०६६ मंसिर २३ गते हरिवनमा शोधार्थीले उपलब्ध गराएको सर्वेक्षण फारम भरेर दिएको लिखित जानकारीअनुसार ।

[५४] राम प्रधान, **एक मुठ्ठी मान्छे,** (सर्लाही : जमर्को युवा समूह, २०५९), विषयसूचीबाट ।

यस कृतिको अन्तिम कविता **शान्ति** मा कविले राष्ट्रलाई मुर्दाशान्तितर्फ उन्मुख गराउने नरभक्षीप्रति कडा रोष प्रकट गर्दै यस्तो शान्तिले कसैको पनि भलो नहुने तर्फ सबैलाई सचेत तुल्याएका छन् ।

कवि राम प्रधानको सबै कविता गद्य लयमा आधारित छन् । भाषा सरल र सहज छ । यस कविता सङ्ग्रहले राम प्रधानलाई कविको रूपमा चिनाएको छ ।

### ४.२.१४ केदार सिग्देल

केदार सिग्देलको जन्म वि.सं. २०२० साल कार्तिक २० गते सर्लाही जिल्लाको जानकीनगर गा.वि.स. गंगापुर टिकौलिया भन्ने ठाउँमा भएको हो ।[छछ] उनको पिताको नाम प्रेमबहादुर सिग्देल र माताको नाम छेत्रदेवी सिग्देल हो ।[छट] कक्षा १० उत्तीर्ण गरेका सिग्देल कृषि पेशामा संलग्न रहेका छन् । हाल उनी सर्लाही जिल्लाको राजघाट गा.वि.स. निर्माणपुर पाँचघरेमा स्थायी बसोबास गर्छन् ।

वि.सं. २०३६ सालदेखि गीत लेखी सार्वजनिक भएका सिग्देल विशेषतः प्रगतिवादी गीत लेख्न रुचाउँछन् ।[छठ] साहित्यको मूल उद्देश्य जनचेतना जगाउने हुनुपर्दछ भन्ने मान्यता राख्ने केदार सिग्देल २०३६ देखि २०४५ सालसम्म पटक-पटक जेल परेको देखिन्छ । उनले प्रशस्त जनवादी गीतहरू र कविताहरू रचना गरेका छन् तर पुस्तकाकार रूप भने पाउन सकेका छैनन् । उनको एकमात्र ग्रन्थ प्रकाशित भएको र एउटा प्रकाशोन्मुख रहेको छ । ती हुन् :

प्रकाशित ग्रन्थ :

१. क्वाटी सङ्ग्रह (२०६४)

प्रकाशोन्मुख ग्रन्थ :

१. क्वाटी सङ्ग्रह (भाग-२)

केदार सिग्देलका रचनामा वर्गीय चिन्तन पाइन्छ । उनका रचनामा हुनेखाने वर्ग र हुँदाखाने वर्गको चरित्र चित्रण गरेको पाइन्छ । हुनेखाने वर्गले जहिले पनि हुँदाखाने वर्गलाई शोषण गरेको हुन्छ । यस्तो शोषणको अन्त्यको लागि क्रान्ति आवश्यक छ भन्ने चिन्तन प्रस्तुत गरिएको छ । उनका सबै रचनाहरूमा प्रगतिका स्वरहरू पाउन सकिन्छ र निम्न वर्गप्रति सहानुभूति प्रकट गर्नु उनको विशेषता मान्न सकिन्छ ।

### ४.२.१५ युवराज लुइँटेल

युवराज लुइँटेलको जन्म वि.सं. २०२२ जेठ १९ गते ओखलढुङ्गा जिल्ला, घोराखरी गा.वि.स. वडा नं. ५ कात्तिके गाउँमा भएको हो ।[छड] उनको पिताको नाम मोहनप्रसाद लुइँटेल र

---

[५५] केदार सिग्देलले २०६६।११।२६ गते सोल्टीमा दिएको टिपोटअनुसार ।

[५६] ऐजन ।

[५७] ऐजन ।

[५८] नीलकण्ठ भट्टराई, **सर्लाहीका साहित्यिक प्रतिभाहरू**, पूर्ववत्, पृ. ५७ ।

माताको नाम यज्ञकुमारी लुइँटेल हो । गाउँघरमा शंकर नामले परिचित युवराज लुइँटेलको स्थायी बसोबास हरिवन-२ सर्लाहीमा रहेको छ ।[५९]

समाजशास्त्र विषयमा स्नातकोत्तर तह पूरा गरेको युवराज हाल सोहि विषयमा विधावारिधि (पी.एच.डी.) गर्न बेलायतको न्यू क्याम्पस युनिभर्सिटीमा अध्ययनरत छन् ।[६०] वि.सं. २०४४ मा खरिदार पदबाट जागिरे जीवनको सुरु गरेका लुइँटेलले नेपाल सरकारका कार्यालय तथा विभिन्न संघ संस्थामा आबद्ध रही राष्ट्रसेवकको जिम्मेवारीलाई पूरा गरेका छन् । २०४४ देखि २०४८ सम्म नेपाल सरकारको रा.प. अन. द्वितीय श्रेणी खरिदार पदमा, २०४९ देखि २०५३ सम्म पत्रकारिता (साप्ताहिक समीक्षा, जनमञ्च, घटना र विचार साप्ताहिक) र २०५३ देखि केन्द्रीय शिक्षण विभाग कीर्तिपुरमा समाजशास्त्रका उप-प्राध्यापक रहेका लुइँटेल संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडीपी), स्वीस सहयोग परियोजना (हेल्मेटास), बेलायती अन्तर्राष्ट्रिय सहयोग (डिफीड) जस्ता संस्थाहरूमा विभिन्न हैसियतमा सङ्लग्न रहेका देखिन्छ ।[६१]

नेपाली समाजमा रहेको सामाजिक असमानताको अन्त्य नभएसम्म विकास हुनै नसक्ने अभिमत राख्ने लुइँटेलका निम्नानुसारका कृति प्रकाशित भएका छन् :

१. भ्रमणशील राउटे

२. पहिचानको खोजीमा

युवराज लुइँटेलका यी दुवै साहित्येत्तर कृति हुन् । **भ्रमणशील राउटे** खोजमूलक ग्रन्थ हो । यसमा मानव जातिको जङ्गली अवस्थाको पहिचान बोकेर पश्चिम नेपालमा रहेका राउटे जातिको इतिवृत्तलाई उल्लेख गरिएको छ ।[६२] **पहिचानको खोजीमा** पुस्तकमा नेपाली समाजको सूक्ष्म अध्ययन गरिएको छ । नेपाली समाजमा अझैपनि महिलाको आफ्नो छुट्टै अस्तित्व नरहेको र उनीहरू शोषित नै रहेको कुरा देखाइएको छ ।[६३] यस कृतिमा लेखकले महिला र पुरुषबीचको फरक देखाउँदै महिला जातिको मानवीय मूल्य, मान्यता स्थापना गर्नको लागि सामाजिक क्रान्ति आवश्यक रहेको सन्देश प्रस्तुत गरेका छन् ।

निष्कर्षमा भन्नुपर्दा लुइँटेल समाजशास्त्रका अध्यता हुन् । उनीले आफूले अध्ययन गरेका समाजशास्त्रीय चिन्तनलाई आफ्नो कृतिमा स्थान दिएका छन् । उनका लेखहरू सामाजिक पक्षको वकालत गर्दै समतामूलक समाज निर्माण गर्नका लागि मार्गदर्शन बनेका छन् ।

### ४.२.१६ किरणकुमार भट्टराई

किरणकुमार भट्टराईको जन्म वि.सं. २०३२ साल माघ ८ गते सर्लाही जिल्लाको हरिवन गा.वि.स.को वडा नं. १ मा भएको हो । उनको पिताको नाम कृष्णप्रसाद भट्टराई र माताको नाम

---

५९ ऐजन ।

६० ऐजन ।

६१ ऐजन ।

६२ ऐजन ।

६३ ऐजन ।

राधादेवी भट्टराई हो ।[६४] स्नातक तहसम्म अध्ययन गरेका भट्टराईको साहित्यिक नाम किरण के भट्टराई हो ।

उनको पिता कृष्णप्रसाद भट्टराई शिक्षण पेशामा संलग्न हुनुहुन्छ । शिक्षित परिवारमा हुर्किएका भट्टराई बाल्यकालदेखि नै बालसाहित्यको अध्ययन गर्ने अवसर प्राप्त भयो । फलस्वरूप बालसाहित्य सिर्जनामा नै उनको ध्यान केन्द्रित हुन थाल्यो । उनका बालकविता, बालकथा र बालबालिकासम्बन्धी लेख **मुना, सुनकेस्रा, कोपिला** र **केटाकेटी न्यूज डटकम** जस्ता पत्र-पत्रिकामा प्रकाशित भएको पाइन्छ । हालसम्म किरण के भट्टराईको एकमात्र पुस्तकाकार कृति- **रमलाको जन्मदिन** (बालकथा संगालो) प्रकाशित भएको छ । उक्त बालकथा सँगालो बालपत्रिकारिता तथा बालसाहित्य पुरस्कार समितिले २०६० सालमा प्रकाशित गरेको हो । उनको प्रकाशोन्मुख कृति **किरणका कथाहरू** (कथा संग्रह) रहेको छ ।

कथाकार भट्टराईको **रमलाको जन्मदिन** मा अधिकार, रमलाको जन्मदिन, आवाज, विजय, बचत र नक्कल गरी छ ओटा बालकथाहर संग्रहित छन् ।[६५] **अधिकार** कथामा बालअधिकारको वकालत गरिएको छ । **रमलाको जन्मदिन** कथामा धुमपान, मद्यपान जस्ता कुलतबाट ग्रस्त अभिभावकलाई कुलत छुटाउन उनैका बालबालिका क्रियाशील रहेको तथ्य प्रस्तुत गरिएको छ । **आवाज** कथामा बालविवाह सम्बन्धी, **विजय** कथामा खाने मुखलाई जुँगाले छेक्तैन अर्थात मिहिनेतीले कठीन परिस्थितिमा पनि सफलताले चुम्न सक्छ भन्ने सम्बन्धी, **बचत** कथामा व्यक्तिको सर्वाङ्गीण विकासको लागि अर्थ बचत गर्नुपर्छ भन्ने सम्बन्धी, र **नक्कल** कथामा अरूको नक्कल गर्दा आफ्नो स्वत्व पनि मेटिन्छ भन्ने ज्ञानवर्द्धक कुराहरू प्रस्तुत गरिएको छ ।

समग्रमा भन्नुपर्दा किरण के भट्टराई सचेत बालकथाकार हुन् । उनका कथामा समाजका विसङ्गति, विकृतिको वर्णन गर्दै बालबालिकालाई सचेत रहन आग्रह गर्दछन् र समाजसुधारको अपेक्षा राख्दछन् । समाज सुधार नभई बालबालिकाको अधिकार सुरक्षित नहुने कटु यथार्थ नै यिनको कथाको मुख्य विषय वस्तु हो ।

### ४.२.१७ कार्तिकेय घिमिरे

कार्तिकेय घिमिरेको जन्म वि.सं. २०३३ पुष ३ गते हरिवन गा.वि.स., वा.नं. २ मा भएको हो । उनको पिताको नाम चन्द्रनाथ घिमिरे र माताको नाम दुर्गादेवी घिमिरे हो ।[६६] स्थायी बसोबास हरिवन गा.वि.स. वडा नं. २ मा भएका कार्तिकेय घिमिरेको न्वारनको नाम भानुभक्त घिमिरे हो । आमसञ्चार र पत्रकारिता विषयमा स्नातकोत्तर तहको शिक्षा पूरा गरेका घिमिरे प्राध्यापन र पत्रकारिता पेशामा संलग्न छन् ।[६७]

---

[६४] किरणके भट्टराईले ०६६ मंसिर १ गते ठमेल काठमाडौंमा शोधार्थीले उपलब्ध गराएको सर्वेक्षण फारम भरेर दिएको लिखित जानकारीअनुसार ।

[६५] किरण के भट्टराई, **रमोलाको जन्मदिन** (काठमाडौं :बालपत्रकारिता तथा बालपुरस्कार समिति, २०६०), विषयसूचीबाट ।

[६६] कार्तिकेय घिमिरेले २०६६ साल भदौ १३ ग ते काठमाडौंमा शोधार्थीले उपलब्ध गराएको सर्वेक्षणमा भरेर दिएको लिखित जानकारीअनुसार ।

[६७] ऐजन ।

कार्तिकेय घिमिरेको साहित्यिक यात्रा २०५३ सालदेखि सुरु भएको हो । उनको प्रकाशित पहिलो रचना **कथा एउटा जीवनको** कथा हो । यो २०५३ मा **रचना** पत्रिकामा प्रकाशित भएको थियो । उनी उत्साही युवा हुन् । उनीसँग केही गरौँ भन्ने भावना प्रबल रूपमा छ । त्यसैले केही गर्नको निम्ति व्यक्ति स्वयम् नै तयार रहनुपर्दछ र उदाहरण बनेर देखाउन सक्नुपर्छ भन्ने कुरामा विश्वास राख्दछन् । सर्लाही जिल्लामा साहित्यिक वातावरण तयार गर्न उनको अहम् भूमिका छ । अझ सर्लाहीको बालसाहित्यको विकासमा घिमिरे अग्रस्थानमा रहेका छन् ।

केटाकेटी न्युज डटकमका सम्पादक तथा मदरहुड केयर नेपालमा कार्यक्रम अधिकृत रहेका घिमिरेले आफ्नो लेखनीको मूल विषय बालबालिकालाई रोजेका छन् । हुन त उनले कथा, समालोचना, कविता, निबन्ध (फिचरहरू) पनि लेखेका छन् । यद्यपि बालसाहित्यकार नै घिमिरेको मूल चिनारी हो । "जीवन जगतप्रतिको मेरो अभिमत नै मैले लेख्ने साहित्य हो । मान्छेको वरिपरि उभिएर मान्छेकै सेरोफेरोमा म लेख्दछु । वास्तवमा म बालसाहित्य बालअधिकारका क्षेत्रमा बहस सिर्जना गर्न लेख्छु भने वयस्क साहित्य मानवीय संवेदनमा भुइँचालो सिर्जना गर्ने उद्देश्यबाट प्रेरित भई सिर्जना गर्दछु"[६८] भन्ने घिमिरेका तीन दर्जन कृतिहरू प्रकाशित भइसकेको पाइन्छ । उनका प्रकाशित कृतिहरू निम्नलिखित छन् :

१. बुद्धिमान छोरी (बालकथासङ्ग्रह) ०५३
२. मुर्दालाई दुख्दैन (कवितासङ्ग्रह) ०५६
३. मेरी सानी राधा (बालकथासङ्ग्रह) ०५६
४. फुच्चे बन्यो राजा (बालकथासङ्ग्रह) ०५७
५. भ्यागुतोको प्रजातन्त्र (बालकथासङ्ग्रह) ०५७
६. अचम्मको देश (बालउपन्यास) ०५८
७. भूतराज भाग १ र २ (बालउपन्यास) ०५८
८. डरलाग्दो राक्षसको खोजी भाग १ र २ (बालउपन्यास) ०५९
९. परीको कल्पना (बालकथासङ्ग्रह) ०६०
१०. निर्दोष हत्यारा (कथासङ्ग्रह) ०६०
११. बालदिवस (बालकथासङ्ग्रह) ०६१
१२. उत्कृष्ट बालकथाहरू (२०६३)
१३. छिः कस्तो नराम्रो हिरो (बालकथासङ्ग्रह) ०६४
१४. चङ्गा चेट (बालकथासङ्ग्रह) ०६४
१५. नेपाली जुनियर जेम्स (बालउपन्यास) ०६४
१६. परी गाउँको कथा (बालचित्रकथा) ०६४
१७. फर्सीबहादुरको कथा (बालचित्रकथा) ०६४
१८. तरबारको जादु (बालचित्रकथा) ०६४
१९. जादुको टोपी (बालचित्रकथा) ०६४

[६८] ऐजन ।

२०. फूलमती र बाढी (कथासङ्ग्रह) ०६४

२१. डस्टर उड्यो (बालचित्रकथा) ०६५

२२. राम र श्याम दुवै बेस्सरी रोए (बालचित्रकथा) ०६५

२३. बादलको देश (बालउपन्यास) ०६४

२४. तिम्रो चौकी भत्काइदिन्छु (बालचित्रकथा) ०६५

२५. पाँच सय रुपियाँको जिन्दगी (बालउपन्यास) ०६५

२६. ऊ कहाँ गयो होला (बालचित्रकथा) ०६५

२७. मेरो बाल्यकाल (२०६५)

२८. सुगा बन्यो राजा (०५८) (बालकथासङ्ग्रह)

अङ्ग्रेजीमा अनूदित कृति :

१. पिरिरीज पेट्रियोटिजम (बालकथा २०६०

२. सेलेक्टेड चाइल्ड स्टोरिसज अफ कार्तिकेय ०६२

३. फेअरिज इम्याजिनेसन (बालकथासङ्ग्रह) ०६२

४. द फ्लाइङ डस्टर (बालकथासङ्ग्रह) ०६५

५. टेल अफ मास्टर पम्पकीन (बालकथासङ्ग्रह) ०६५

यी बाहेक उनक फुटकर रचनाहरू **मधुपर्क, मुना, रचना, तन्नेरी डटकम, भ्वाइस आफप चिल्ड्रेन, राजधानी दैनिक, केटाकेटी न्युज डटकम** जस्ता पत्रपत्रिकामा प्रकाशित भएका पाइन्छन् ।

बालकथाकार कार्तिकेय घिमिरेका **बुद्धिमान छोरी** (०५३), **फुच्चे बन्यो राजा** (०५६), **मेरी सानी राधा** (०५६), **सुगा बन्यो राजा** (०५८), **भ्यागुतोको प्रजातन्त्र** (०५८), **परीको कल्पना** (०६०) र **चङ्गा चेट** (०६४) प्रमुख बालकथासङ्ग्रह प्रकाशित छन् । यसमध्ये **सुगा बन्यो राजा** मा लोककथामा आधारित बालकथाहरू छन् भने **मेरी सानी राधा** मा संस्मरणमा आधारित कथा छन् । **फुच्चे बन्यो राजा** मा भएका दश कथाले छोराछोरी बीचको मतभेदबाट सिर्जित समस्याको अतिरिक्त धैर्यताको जीत हुने, आपसी झगडाबाट अरूलाई फाइदा पुग्ने र सहिदबाट शिक्षा लिनुपर्ने जस्ता प्रगतिशील विचार अभिव्यक्त गरेका छन् । यस्तै **मेरी सानी राधा** सङ्गृहीत एघार कथाले ठूलाले भनेको मान्नुपर्छ, असहायप्रति दयामाया राख्नुपर्छ, नराम्रो सङ्गत गर्नु हुन्न, आत्मविश्वासबाट सफलता प्राप्त हुन्छ भन्ने सन्देश दिएका छन् । उनका कतिपय कथाको शीर्षक उखानटुक्का नै राखिनाले बालबालिकाको लागि अझ रोचक बन्न पुगेका छन् । यस्ता शीर्षकमा **अल्छी पऱ्यो बल्छीमा, दुःख पाइस मङ्गले आफ्नै ढङ्गले, नमच्चिने पिङ्को सय झड्का** आदि रहेका छन् । **परीको कल्पना** मा रहेका ६ बालकथाले बूढाबूढीलाई सम्मान गर्नुपर्छ, सबैप्रति समान व्यवहार गर्नुपर्छ, विदाको सदुपयोग गर्नुपर्छ र जुक्तिले जस्तोसुकै काम पनि पनि पूरा गर्न सकिन्छ भन्ने सन्देश दिएका छन् । यस्तै बालअधिकारका विषयमा केन्द्रित भई लेखिएका **बालदिवस** कथासङ्ग्रहमा ६ बालकथा सङ्ग्रहित छन् । बालबालिकाले पढ्न लेख्न पाउनुपर्छ, सडक बालबालिकालाई माया र सहयोग गर्नुपर्छ भन्ने भावना केन्द्रित यी बालकथाहरूमा थोरै मात्र, छोटा-मीठा संवाद र सरल भाषाका कारण विशिष्ट हुन पुगेका छन् ।

घिमिरेको **भूतराज** र **डरलाग्दो राक्षसको खोजी** दुई बालउपन्यास तिलस्मी र चमत्कारपूर्ण घटनाहरूको संयोजन छ । समाजमा शक्तिको दुरूपयोग गर्ने र नक्कली नोट छाप्ने अपराधी गिरोहलाई बालकद्वारा समाप्त पारिएको कथावस्तु भएको भूतराज र लत काम गर्ने राजनीतिज्ञहरूलाई सजाय दिएको कथावस्तु भएको **डरलाग्दो राक्षसको खोजी** (०५९) को विषय आजको समसामयिक कुरा नै भए पनि त्यसलाई समाप्त पार्न देखाइएको घटनाक्रम पछिल्लो उपन्यास **बादलको देश** (०६४), **पाँचसय रुपियाको जिन्दगी** (०६५) भने अघिल्ला उपन्यासको तुलनामा यथार्थपरक छ । कानूनका शासन, सबैप्रति समान व्यवहार र सरसफाइप्रतिको सचेततालाई उपन्यासले जोड दिएको देखिन्छ ।

### ४.२.१८ मायालु अधिकारी

मायालु अधिकारीले जन्म वि.सं. २०३३ साल माघ २३ गतेका दिन मोरङ्गको लेटाङ्गमा भएको । उनको पिताको नाम दामोदर अधिकारी हो भने माताको नाम देवमाया अधिकारी हो ।[६९] न्वारनको नाम हुमाकुमारी अधिकारी हो भने मायालु अधिकारी उनको साहित्यिक नाम हो । हाल उनी सर्लाही जिल्लाको ढुंग्रेखोला गा.वि.स. वडा न. ४ मिलनचौकमा स्थायी बसोबास गर्छिन् ।[७०]

**हाम्रो मझेरी** साहित्यिक पत्रिकामा गीत प्रकाशित गरी नेपाली साहित्यमा प्रवेश गरेकी अधिकारीले आफ्ना लेखहरूमा नारी समस्यालाई प्रस्तुत गर्न रुचाउँछिन् । समाजमा रहेका सामाजिक विसङ्गतिलाई साहित्यले उजागर गर्नु पर्दछ भन्ने मान्यता राख्ने मायालु अधिकारीका हालसम्म दुईवटा गीत सङ्गालो प्रकाशित भएका छन् । ती हुन् :

१. चेलीको बिलौना (भाग-१) ०६४
२. चेलीको बिलौना (भाग-२) ०६५

यी दुवै कृति तीज गीत सङ्गालो हुन् । यसमा लेखिका अधिकारीले हाम्रा परम्परागत चाडपर्वलाई समयसँगै परिवर्तन गर्दै जानु पर्दछ भन्ने भाव व्यक्त गरेकी छिन् । देश विकासमा नारी र पुरुष दुवैले हातमा हात काँधमा काँध मिलाएर अघि बढ्ने समय आएको कुरा उल्लेख गरिएको छ । यी सङ्ग्रहमा सङ्गृहीत गीतमा बालअधिकार, दाइजोप्रथा, देशविकास र महिला अधिकार जस्ता विषयवस्तु समेटिएका छन् । यी विविध विषयवस्तु समेटिएको भए पनि महिला अधिकारलाई नै विशेष जोड दिइएको छ । हाम्रो समाजले नारीलाई हेर्ने दृष्टिकोण अझै पनि सङ्कुचित बनाइरहेको छ । विवाह नहुँदै माइतीको अधिन, विवाहपछि सासुको बुहार्तन, श्रीमानको गाली र नन्द-आमाजुको घुर्कीले गर्दा एउटा नारीको मन कतिसम्म दुख्छ भन्ने कुरा उनका गीतमा उल्लेख गरेकी छिन् । उनीले यस कृतिमा महिला अधिकारको लागि पुरुष मात्र बाधक होइन महिलाभित्र रहने पुरुषवृत्ति पनि हो । त्यसैले महिला अधिकार प्राप्तिको लागि महिलाले महिलामाथि गरिने अत्याचारको अन्त्य हुनुपर्दछ । यसको अन्त्यको लागि सम्पूर्ण महिलालाई तीजका गीतमार्फत गीतकार अधिकारी आह्वान गर्छिन् ।

---

[६९] मायालु अधिकारीले ०६६ मंसिर २१ गते मिलनचोकमा शोधार्थीले उपलब्ध गराएको सर्वेक्षण फारम भरेर दिएको लिखित जानकारीअनुसार ।

[७०] ऐजन ।

### ४.२.१९ शर्मिला घिमिरे

शर्मिला घिमिरेको जन्म वि.सं. २०३६ जेष्ठ २६ गते सर्लाही जिल्लाको हरिवन गा.वि.स, वार्ड नं. १ वेतालीमा भएको हो ।[७१] उनको पिताको नाम गणेशप्रसाद घिमिरे हो भने माताको नाम विष्णुमाया घिमिरे हो ।[७२] स्नातक तहको शिक्षा पूरा गरेकी घिमिरेको हालसम्म एक मात्र कृति **विपनाको जिद्दी** (बालकथासङ्ग्रह) प्रकाशित भएको छ ।

**विपनाको जिद्दी** बालकथासङ्ग्रहमा छ ओटा बालकथाहरू सङ्गृहीत छन् । समाविष्ट कथाका शीर्षकहरू **पत्रकार दादालाई नपठाइदेऊ ल !, कमलको कुकुर, उज्यालो, विपनाको जिद्दी, पुतलीको बिहे** र **ज्ञानुको ज्यान बाँच्यो** हुन् ।[७३] यी कथाहरूमध्ये चार कथाहरू पत्रकार दादालाई नपठाइदेउ ल, कमलको कुकुर, उज्यालो र विपनाको जिद्दी यस अघि नै **बालक** पत्रिकामा प्रकाशित भइसकेका कथा हुन् भने पुतलीको बिहे र ज्ञानुको ज्यान बाँच्यो दुई कथाहरू प्रथम पटक यस सङ्ग्रहमा परेका कथाहरू हुन् ।

प्रस्तुत बालकथा सङ्ग्रहमा सङ्गृहीत कथाहरू घिमिरेले बालबालिकाको रुचि, चाहना र स्तरलाई आधार मानेर निर्माण गरेकी छिन् । आजका बालबालिकाहरू देशप्रति कति सचेत छन् भन्ने कुरालाई **पत्रकार र दादालाई नपठाइदेऊ ल !** भन्ने कथामा देखाइएको छ । त्यसैगरी अन्य पाँच कथाहरूमा कथाकार शर्मिला घिमिरेले बालमनोविज्ञानको अध्ययन गरी बालबालिकालाई शिक्षा दिनुपर्छ, सबै बालबालिका-हरूलाई समान व्यवहार गर्नुपर्छ र बालबालिकाले पनि धेरै जिद्दी गर्ने बानी राम्रो होइन भन्ने सन्देशात्मक विषयवस्तु प्रस्तुत गरेकी छिन् । यसरी कथाकारले यस कृतिमा एकातिर बालबालिकाको समग्र विकासको लागि बालअधिकारको सुनिश्चित हुनुपर्दछ भनी बालअधिकारको वकालत गरेकी छिन् भने अर्कोतिर बालबालिकाले निर्वाह गर्नु पर्ने कर्तव्यप्रति पनि सचेत गराएकी छिन् ।

यी सबै कथाहरू छोटा र घतलाग्दा छन् । बालबालिकाको स्तरलाई ध्यान दिई सरल शब्दहरूको प्रयोग गरिएको छ । श्रृंखलाबद्ध प्रस्तुत गरिएका यी कथाहरूमा बालमनोवृत्तिलाई सही दिशाबोध गराउने खालका छन् ।

### ४.२.२० नारायण प्रसाई 'निराशी'

नारायण प्रसाई 'निराशी' को जन्म वि.सं. २०३८ असार २१ गते सर्लाही जिल्लाको घुर्कौली गा.वि.स. वडा नं. ८ कालिकास्थानमा भएको हो ।[७४] उनको पिताको नाम चन्द्रप्रसाद प्रसाई र माताको नाम राधादेवी प्रसाई हो । न्वारनको नाम नारायण प्रसाई हो भने निराशी साहित्यिक उपनाम हो ।[७५]

---

[७१] नीलकण्ठ भट्टराई, **सर्लाहीका साहित्यिक प्रतिभाहरू**, पूर्ववत्, पृ. ७३ ।

[७२] ऐजन ।

[७३] शर्मिला घिमिरे, **विपनाको जिद्दी**, (काठमाडौं : बालपत्रकारिता तथा बालसाहित्य पुरस्कार समिति,२०६०) कथाक्रमबाट ।

[७४] नारायण 'निराशी' ले मिति २०६६।१२।५ गते टेलिफोनमा दिएको जानकारीअनुसार ।

[७५] ऐजन ।

त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट नेपालीमा स्नातकोत्तर तह पूरा गरेका निराशीले २०५४ मा **खाते** कविता लेखी साहित्यको फाँटमा देखापरेका हुन् ।[७६] उनी गजल, कविता र कथा विधामा कलम चलाउन रुचाउँछन् । **मधुपर्क, मिर्मिरे, मितेरी, संयोग, श्रृंखला, गोरखापत्र, अन्नपूर्णपोष्ट** जस्ता पत्रपत्रिकामा उनका कविता, गजल र कथाहरू धेरै प्रकाशित भएका छन् । ग्रन्थको रूपमा भने उनको एउटा मात्र गजल काव्य **तुषारोमा फुलेका फूलहरू** प्रकाशित भएको देखिन्छ । एउटा कविता सङ्ग्रह प्रकाशनको तयारीमा छ ।[७७] यसरी फुटकर रचना र ग्रन्थ प्रकाशित गरी नेपाली साहित्यमा दिएको योगदानको मूल्याङ्कन गर्दै विभिन्न सङ्घसंस्थाले सम्मानित गरेको देखिन्छ । उनले प्राप्त गरेको पुरस्कारको विवरण निम्नानुसार उल्लेख गरिएको छ :

१. नारायण स्मृति पुरस्कार - २०५६
२. विष्णुचन्द्र नव प्रतिभा पुरस्कार - २०६१
३. स्थितिगयात्मक अन्तर्राष्ट्रिय पुरस्कार - २०६१
४. राष्ट्रिय कविता महोत्सव - ०६२
५. अनाम मण्डलीबाट कदर पत्र - २०६३

**तुषारोमा फुलेका फूलहरू** गजलकाव्य २०६४ सालमा मोती जयन्तीको अवसरमा अनाम मण्डली समूहले प्रकाशन गरेको हो ।[७८] ८३ पृष्ठको यस ग्रन्थमा एउटै वहरका ६३ ओटा गजल रहेका छन् । उनको गजलमा श्रृङ्गारिक भावका साथै राष्ट्रिय भाव पनि पाउन सकिन्छ । जीवनको अर्थ नै प्रेम हो भन्न रुचाउँने निराशी प्रेमविनाको जीवन निरर्थक हुने विचार राख्छन् । जीवनलाई गतिशील तुल्याउनु छ भने प्रेम र स्वतन्त्रताको पक्ष लिनुपर्छ भन्ने सन्देश उनका गजलले दिएका छन् ।

## ४.३ कृति प्रकाशित नभएका सर्जकहरू

यस खण्ड अन्तर्गत सर्लाही जिल्लाका पुस्तकाकार कृति रचना गरेका तर विविध कारणले प्रकाशित हुन नसकेका साहित्यकारहरूको कालक्रम अनुसार सामान्य परिचय दिइएको छ ।

### ४.३.१ कलिबाबा

कलिबाबाको जन्म वि.सं. १९९४ सालमा रापेछाप जिल्लाको बाबियाखर्क भन्ने ठाउँमा भएको हो । उनको पिताको नाम ढुण्डिराज घिमिरे र माताको नाम तुलसादेवी घिमिरे हो ।[७९] उनको वास्तविक नाम रामप्रसाद घिमिरे हो भने प्रचलित नाम कलिबाबा, कल्किबाबा र कलंकीबाबा हो । हाल उनी सर्लाही जिल्लाको नेत्रगञ्च गा.वि.सं. वडा नं.३, जुटपानीमा बसोबास गर्छन् ।[८०]

---

[७६] ऐजन ।

[७७] ऐजन ।

[७८] नारायण 'निराशी', **तुषारोमा फुलेका फूलहरू,** (काठमाडौं : अनाम मण्डली, २०६४), अग्रभागबाट ।

[७९] कलिबाबाले २०६६ माघ २६ गते सर्लाहीको जुटपानीमा शोधार्थीले उपलब्ध गराएको सर्वेक्षण फारम भरेर दिएको लिखित जानकारीअनुसार ।

[८०] ऐजन ।

स्वाध्यायनबाट ज्ञान हासिल गरेका कलिबाबा वि.सं. २०२३ सालदेखि नै साहित्य सिर्जनामा सक्रिय देखिन्छन् । उनको प्रथम प्रकाशित फुटकर कविता **कलिको एक झलक** हो ।[८१] यो कविता २०२७ मा **कलियुग** मा प्रकाशित भएको हो । त्यसपछि उनका फुटकर कविताहरू विभिन्न समयमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । फुटकर कविता लेखन तथा कविताप्रतिको गहिरो साधनाको फलस्वरूप कलिबाबाले चारवटा खण्डकाव्यहरू तयार गरिसकेका छन् । हालसम्म अप्रकाशित अवस्थामा रहेका खण्डकाव्यको नाम र रचना समय यस प्रकार छन् :

१. कलिगीता (२०३७)
२. गुरुद्रोही र म (२०३८)
३. कल्कि गीता (२०३९)
४. कलंकी गीता (२०४०)

महाकवि लक्ष्मीप्रसाद देवकोटा, घटराज भट्टराई र कृष्णप्रसाद भट्टराईको साहित्यबाट प्रभावित भएको बताउने कलिबाबाको कृतिमा छन्द, लय र अलङ्कार अस्तव्यस्त रूपमा रहेका छन् । यसलाई परिस्कृत र परिमार्जन गरेर प्रकाशन गरेमा नेपाली खण्डकाव्यको विकासमा मह□वपूर्ण योगदान दिनेछन् ।

### ४.३.२ होमप्रसाद भट्टराई ‘गृहस्थी’

होमप्रसाद भट्टराई ‘गृहस्थी’ को जन्म वि.सं. २०१५ साल मंसिर १३ गते ओखलढुङ्गा जिल्ला, मूलपँधेरा गा.वि.स., वार्ड नं. २ मा भएको हो ।[८२] उनको पिताको नाम यक्षप्रसाद भट्टराई र माताको नाम दुर्गा भट्टराई हो । होमप्रसाद गृहस्थी साहित्यिक नाम रहेका भट्टराईको स्थायी बसोबास सर्लाही जिल्लाको हरिवन गा.वि.स. वार्ड नं. २ मा रहेको छ ।[८३]

कीर्तिपुर बहुमुखी क्याम्पस कीर्तिपुरबाट नेपाली विषयमा स्नातकोत्तर तह पूरा गरेका भट्टराईले बाल्मीकि क्याम्पसबाट **तारिणीप्रसाद कोइरालाका कथामा मनोविज्ञान** विषयमा विद्यावारिधि गर्दै छन् ।[८४] २०४२ सालदेखि प्राध्यापन पेसामा आबद्ध रहेका गृहस्थी हाल भक्तपुर बहुमुखी क्याम्पस दूधपाटीमा नेपाली विषयको उपप्राध्यापक पदमा कार्यरत छन् । विभिन्न सङ्घ संस्थाबाट प्रकाशित स्मारिका तथा विभिन्न पत्रपत्रिकामा उनका समालोचना, निबन्ध, कथा र समसामयिक लेखहरू प्रशस्त मात्रामा प्रकाशित भएका छन् । यी सबै प्रकाशित रचनाहरू फुटकर रूपमै सीमित छन् । उनको निम्न कृति प्रकाशनको तयारीमा रहेका छन् :

१. बाँसुरीका स्वरहरू (कवितासङ्ग्रह)

फुटकर रूपमा प्रशस्त मात्रामा कथा, कविता, समालोचना र अनुसन्धानमूलक लेखहरू सार्वजनिक गरेर प्रसिद्धि कमाएका होमप्रसाद भट्टराईलाई विभिन्न सङ्घ संस्थाहरूले सम्मानित गरेको देखिन्छ । उनले प्राप्त गरेको पुरस्कार र पदहरू निम्नानुसार छन् :

---

[८१] ऐजन ।

[८२] होमप्रसाद भट्टराईले मिति ०६६।११।१६ गते टेलिफोनबाट दिएको जानकारीअनुसार ।

[८३] ऐजन ।

[८४] ऐजन ।

१. त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा त्रिभुवन स्मारक समितिद्वारा आयोजित २०४२सालको निबन्ध प्रतियोगितामा प्रथम ।

२. ७२ औं लक्ष्मी जयन्तीको सन्दर्भमा आरन पत्रिकाद्वारा आयोजित राष्ट्रव्यापी कवि सम्मेलनमा प्रथम ।

३. २०४० सालमा शहीद दिवसको उपलक्ष्यमा काठमाडौं नगरपालिकाद्वारा आयोजित कवि सम्मेलनमा द्वितीय ।

४. ७४ औं देवकोटा जन्मजयन्तीको सन्दर्भमा रत्नपुस्तकालयद्वारा आयोजित कविता गोष्ठीमा द्वितीय ।

होमप्रसाद भट्टराई विभिन्न सङ्घसंस्थामा आबद्ध रहेको देखिन्छ । भट्टराई हरिवन-काठमाडौं समाजको सल्लाहकार, आ.वा.कल्याण संस्थामा (०५३ सालदेखि हालसम्म) अध्यक्ष, त्रि.वि. प्राध्यापक संघ एकाइ समिति भक्तपुर बहुमुखी क्याम्पसमा सभापति (२०६०-०६४), र भक्तपुर बहुमुखी क्याम्पसमा नेपाली शिक्षण समितिका विभागीय प्रमुख (०६१-०६४) को मह□वपूर्ण जिम्मेवारी सम्हाल्दै आएका छन् । यसरी विभिन्न कार्यक्षेत्रको अनुभव भएका होमप्रसादले नेपाली साहित्यको कविता, कथा, निबन्ध र समालोचना विधालाई सँगसँगै लगेका छन् । उनका रचनाका विषयवस्तुहरू धार्मिक, ऐतिहासिक, सामाजिक र समसामयिक छन् । अझ उनले कविताको विषयवस्तुको चयनमा विविधता ल्याई धर्म, संस्कृति, प्रेम, घृणा, मान, अपमान, आस्था, अनास्था, विसङ्गति जस्ता विविध पक्षको यथार्थतालाई कवितामा उतारेका छन् । भट्टराईका कविताहरूमा बिम्ब, प्रतीक र दर्शनको प्रयोग भएको भए पनि सरल र सहज रूपमा बुझिने खालका छन् ।

**४.३.३ टंकप्रसाद उप्रेती ‘पथिक’**

टंकप्रसाद उप्रेतीको जन्म वि.सं. २०२० साल पौष २२ गते सर्लाही जिल्लाको हरिवन गा.वि.स. वडा नं. ६ मा भएको हो ।[ड्छ] उनको पिताको नाम भवनाथ उप्रेती र माताको नाम हेमादेवी उप्रेती हो । गाउँघरमा हरि उप्रेतीको नामले चिनिन्छ भने पथिक उनको साहित्यिक उपनाम हो । प्रमाण-पत्र तहसम्मको अध्ययन गरेका उप्रेती हाल डनिङ्ग फ्युचर एकेडेमी हरिवन-६ मा शिक्षकको रूपमा कार्यरत छन् ।[ड्ट]

वि.सं. २०३४ मा **पुतली** शीर्षकको कविता लेखी साहित्य रचनामा सक्रिय रहेका उप्रेतीको कविता प्रकाशन भने २०६४ सालमा परिचर्चामा भएको देखिन्छ ।[ड्ठ] त्यसपछि उनका कविता, बालकथा, लघुकथाहरू **मधुपर्क, गरिमा, गोरखापत्र** र **स्थानीय स्तरका पत्रपत्रिकाहरूमा** प्रकाशित भएको देखिन्छ । फुटकर रूपमा धेरै रचनाहरू प्रकाशित भए पनि हालसम्म पुस्तकाकार ग्रन्थ भने प्रकाशित भएका छैनन् । उनका निम्नानुसारको ग्रन्थहरू प्रकाशोन्मुख रहेका छन् :

---

[८५] टंकप्रसाद उप्रेतीले मिति ०६६।१२।७ गते डनिङ्ग फ्युचर एकेडेमी हरिवन-६ मा शोधार्थीले उपलब्ध गराएको सर्वेक्षण फारम भरेर दिएको लिखित जानकारीअनुसार ।

[८६] ऐजन ।

[८७] ऐजन ।

१. सयपत्री (कवितासङ्ग्रह)
२. बृक्षसन्देश (लघुकथासङ्ग्रह)
३. जुनेली (एकाङ्की सङ्ग्रह)
४. आँखाको कसिँगर (उपन्यास)
५. सेतो डोली (उपन्यास)
६. युद्धका घाउँहरू (उपन्यास)

**सयपत्री** कवितासङ्ग्रहमा १०० ओटा कविताहरू रहेका छन् । उनका अधिकांश कविताहरू राष्ट्र, जनता र स्वतन्त्रताप्रति समर्पित छन् । **जुनेली एकाङ्की** कृतिमा सात ओटा एकाङ्कीहरू रहेका छन् । यसमा रहेका सबै एकाङ्कीहरू बालबालिकाहरूलाई शिक्षा दिने उद्देश्यले लेखिएका छन् । उनका सबै उपन्यासहरू सामाजिक यथार्थताको धरातलमा रहेर लेखिएका छन् ।

टंकप्रसाद उप्रेतीका रचनाहरूले सामाजिक कुप्रवृत्ति, कुसंस्कार र भेदभावको विरुद्ध आवाज उठाउँछन् । जातीय असमानता र वर्गीय भेदले आजको मानव सभ्यता अगाडि नबढ्ने भएकोले त्यसलाई कटुप्रहार गर्दै सबैलाई समानतापूर्वक व्यवहार गरी अगाडि बढाउनु पर्छ भन्ने अभिमत राख्दछन् ।

### ४.३.४ मनोजप्रसाद खनाल

मनोजप्रसाद खनालको जन्म वि.सं. २०२६ साल भदौ २६ गते सर्लाही जिल्लाको ढुंग्रेखोला गा.वि.स. वडा नं.४ मिलनचोकमा भएको हो ।[८८] उनको पिताको नाम मोदनाथ खनाल र माताको नाम मोहनकुमारी खनाल हो । न्वारनको नाम युवराज प्रसाद खनाल हो भने मनोजप्रसाद खनाल प्रचलित नाम हो ।[८९]

त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट नेपाली विषयमा स्नातकोत्तर तह पूरा गरेका खनाल हाल श्री जनता माध्यमिक विद्यालय मिलनचोकमा शिक्षण पेशामा सङ्लग्न रहेका छन् । उनी शिक्षण बाहेक विभिन्न सङ्घसंस्थामा आबद्ध रहेका देखिन्छ । नवपरिचर्चा साप्ताहिक पत्रिकाका संस्थापक सम्पादक, इन्द्रेणी साहित्यिक समाजका संस्थापक अध्यक्ष, ग्रामीण विकास संस्थाका अध्यक्ष र मानव अधिकार एलाइन्स सर्लाही शाखाका अध्यक्ष रहेका खनाल समाजसेवामा समर्पित रहेका छन् । समाज परिवर्तनको लागि सर्वप्रथम व्यक्तिभित्र रहेको मिचाहा प्रवृत्तिको अन्त्य हुनुपर्दछ भन्ने मान्यता राख्ने मनोजप्रसाद खनालले २०५२ मा **शहीदको आमा** कविता प्रकाशन गरी साहित्यको क्षेत्रमा सार्वजनिक भएका हुन् ।[९०] यो कविता नवपरिचर्चाको वर्ष १, अङ्क ५ मा प्रकाशित भएको देखिन्छ । **इन्द्रेणी, नवपरिचर्चा, जेहाद, परिवर्तन** र **मधुपर्क** जस्ता पत्रपत्रिकामा उनका कथा, कविता र मुक्तकहरू प्रशस्त मात्रामा प्रकाशित भएको देखिन्छ । उनको निम्नानुसारका ग्रन्थ प्रकाशनको तयारीमा छन् :

---

८८ मनोजप्रसाद खनालले मिति २०६६।११।६ गते श्री जनता मा.वि. मिलनचोकमा शोधार्थीले उपलब्ध गराएको सर्वेक्षण फाराम भरेर दिएको लिखित जानकारीअनुसार ।

८९ ऐजन ।

९० ऐजन ।

१. शहीदको आमा (कवितासङ्ग्रह)
२. सर्लाहीको मानवअधिकार स्थिति (अनुसन्धानमूलक ग्रन्थ)
३. गाविसहरूको आर्थिक, सामाजिक सर्वेक्षण (प्रतिवेदन)

**शहीदकी आमा** कवितासङ्ग्रहमा १५ ओटा कविताहरू रहेका छन् । यस सङ्ग्रहमा सङ्गृहीत कविताहरू जनता, स्वतन्त्रता र राष्ट्रिय भावनाले ओतप्रोत रहेका छन् । मुलुकमा प्रजातन्त्रको पुनर्स्थापना भइसकेपछि पनि शहीद परिवारहरू र सामान्य जनताले त्यसको उपभोग गर्न नपाएकोले वास्तविक प्रजातन्त्र र स्वतन्त्रताको लागि फेरी अर्को क्रान्ति आवश्यक छ भन्ने विचार प्रस्तुत गरेका छन् । **सर्लाहीको मानवअधिकार स्थिति** अनुसन्धानमूलक ग्रन्थमा वि.सं. २०५२ देखि २०६२ सालसम्म सर्लाही जिल्लामा राज्यपक्ष र विद्रोही पक्षको तर्फबाट भएका मानवअधिकार उल्लङ्घन सम्बन्धी घटनालाई सूक्ष्म रूपले अध्ययन गरिएको छ **गाविसहरूको आर्थिक, सामाजिक सर्वेक्षण** ग्रन्थमा सर्लाहीमा १७ गाविसहरूको आर्थिक र सामाजिक पक्षको विश्लेषण गरिएको छ ।

### ४.३.५ भीमकुमार राउत

भीमकुमार राउतको जन्म वि.सं. २०३२ साल माघ महिना १० गते सर्लाही जिल्लाको ढुंग्रेखोला गा.वि.स. वडा नं. ७ धराहरामा भएको हो ।[९१] उनको पिताको नाम शेरबहादुर राउत र माताको नाम बच्चुदेवी राउत हो । त्रि-चन्द्र कलेज घण्टाघरबाट समाजशास्त्रमा स्नातकोत्तर तह पूरा गरेका राउत प्राध्यापन पेशामा संलग्न रहेका छन् ।

ग्रामीण जनजीवन उत्थान समाजका अध्यक्ष र सांस्कृतिक मञ्च सर्लाहीका उपाध्यक्ष रहेका भीमकुमारले २०५७ मा **अधिकार** कविता नवपरिचर्चामा प्रकाशित गरी साहित्यिक यात्रा प्रारम्भ गरेका हुन् । **नवपरिचर्चा, जेहाद, युवामञ्च, अवसर** जस्ता पत्रपत्रिकामा उनका कविता, एकाङ्की, लघुकथा र गजलहरू प्रकाशित छन् । उनका रचनाहरू फुटकर रूपमा नै सीमित छन् । भीमकुमारका निम्न अनुसारका पुस्तक प्रकाशोन्मुख अवस्थामा रहेका छन् :

१. पोतिएका पर्खालहरू (नाटक)
२. लुटको लाइसेन्स (नाटक)
३. लुटिएका आस्थाहरू (नाटक)
४. अधिकार (कवितासङ्ग्रह)

**पोतिएका पर्खालहरू** नाटकमा ९ दृश्यमा विभाजन गरिएको छ । यस नाटकको परिवेश २०४६ पछिको घटनाक्रम रहेको छ । यसमा देशमा प्रजातन्त्र आएपनि गाउँमा मुखिया प्रवृत्ति कायम नै रहेको कुरा देखाइएको छ । **लुटको लाइसेन्स** नाटकमा प्रजातन्त्र त हुनेखाने वर्गको लागि लुट्ने लाइसेन्स भएको तथ्यलाई प्रस्तुत गरिएको छ । **लुटिएका आस्थाहरू** नाटक ९ दृश्यमा विभाजन गरिएको छ । यस ग्रन्थमा ग्रामीण भेगमा शिक्षाको ज्योति फैलाउन गएको शिक्षकले

---

[९१] भीमकुमार राउतले मिति ०६६।१२।६ गते धरहरामा शोधार्थीले उपलब्ध गराएको सर्वेक्षण फारम भरेर दिएको लिखित जानकारीअनुसार ।

भोग्नु परेका दु:ख, कष्टहरूलाई जस्ताको त्यस्तै उतारेका छन् । समग्रमा भन्नुपर्दा उनका रचनामा राजनीति खिचातानीले जनतामा पारेको प्रभावको विश्लेषण गरेका छन् ।

### ४.३.६ कुमार दाहाल

कुमार दाहालको जन्म वि.सं. २०३५ साल असार २० गते ओखलढुङ्गा जिल्लाको हर्कपुर गा.वि.स. वडा नं. ८ मा भएको हो । उनको पिताको नाम दुर्गाप्रसाद दाहाल र माताको नाम कमलादेवी दाहाल हो ।[९२] संस्कृत विषयमा शास्त्री (स्नातक) तह पूरा गरेका कुमार दाहाल शिक्षण पेशामा संलग्न रहेका छन् । हाल उनी सर्लाही जिल्लाको राजघाट गा.वि.स. वडा नं. ६ नागपुरमा स्थायी रूपले बसोबास गर्छन् ।[९३]

कुमार दाहालले २०५७ सालमा **बसन्त** शीर्षकको कविता प्रभात पत्रिकामा प्रकाशित गरी साहित्यको क्षेत्रमा सार्वजनिक भएका हुन् । विशेष गरी कविता, गीत र गजल विधामा कलम चलाउन रुचाउने दाहालका सबै कविताहरू छन्दमा बाँधिएका छन् । उनका गजलमा पनि छन्दको प्रभाव परेको देखिन्छ । **मधुपर्क, गरिमा, प्रभाव** र **स्थानीय स्तरबाट प्रकाशित हुने विभिन्न पत्रपत्रिकाहरूमा** आफ्ना रचनाहरू प्रकाशित गरेका कुमार दाहालका हालसम्म पुस्तककार कृति भने प्रकाशित भएको छैन । उनका निम्न ग्रन्थ प्रकाशनको तयारीमा छन् :

१. वेदना शोककाव्य
२. आमा कवितासङ्ग्रह
३. सिलसिला दैनिकी काव्य
४. गजल सङ्ग्रह

**वेदना** शोककाव्य ५ भागमा विभाजन गरिएको छ । पाँचभागमा नै शार्दुलबिक्रीडित छन्दको प्रयोग गरिएको छ । यसमा आफन्त गुमाउनु पर्दा उसको परिवारजनमा पर्ने पीर, दु:ख, कष्ट जस्ता पक्षहरूलाई लेखकले भावमय तरिकाले प्रस्तुत गरेका छन् । **आमा** कविता सङ्ग्रहमा सङ्गृहीत सबै कविताहरू छन्दबद्ध छन् । उनका कविताहरूमा बिम्ब, प्रतीक र दर्शनको प्रयोग गरिएको भए पनि सरल र सहज रूपमा बुझिने खालका छन् । कवि दाहालले विषयवस्तुको चयनमा विविधता ल्याई धर्म, संस्कृति, प्रेम, घृणा, मान, अपमान, आस्था, अनास्था, विसङ्गति र आडम्बरीपन जस्ता विविध पक्षहरूको यथार्थतालाई कवितामा उतारेका छन् । **सिलसिला** दैनिकी काव्यमा देशको बदलिँदो परिवेशको चित्रण पद्यात्मक शैलीमा गरिएको छ भने उनका गजलहरूमा प्रेम, माया, पिरतीका साथै राष्ट्रिय भावहरू पाउन सकिन्छ ।

### ४.३.७ राधाकृष्ण भट्टराई

राधाकृष्ण भट्टराईको जन्म वि.सं. २०३५ साल पुष ५ गते मा हरिवन गा.वि.स.को वडा नं. २ मा भएको हो ।[९४] उनको पिताको नाम होमप्रसाद भट्टराई र माताको नाम सावित्री भट्टराई हो । अंग्रेजी विषयमा एम.ए. गरेका भट्टराई प्राध्यापन पेशामा संलग्न छन् ।

---

[९२] कुमार दाहालले ०६६ फाल्गुण २९ गते सर्लाहीको नयाँरोडमा शोधार्थीले उपलब्ध गराएको सर्वेक्षण फारम भरेर दिएको लिखित जानकारीअनुसार ।

[९३] ऐजन ।

[९४] राधाकृष्ण भट्टराईले शोधार्थीलाई मिति ०६६।११।१६ गते टेलिफोनबाट दिएको जानकारीअनुसार ।

कविता, गीत र गजलमा कलम चलाउन रुचाउने भट्टराई राष्ट्रिय कविता महोत्सव २०५९ मा **नदीसँग मनको तीर्थ** शीर्षक कविताका लागि द्वितीय पुरस्कार प्राप्त गरेका छन् ।[९५] **मधुपर्क, गरिमा, कविता, मिर्मिरे, समष्टि, गुञ्जन, नवकविता** जस्ता साहित्यिक कवितामा आफ्ना रचनाहरू प्रकाशित गरेका भट्टराईको हालसम्म पुस्तकाकार कृति भने प्रकाशित भएको छैन । उनको दुई ग्रन्थ प्रकाशनको तयारीमा छन् । ती हुन :

१. मुर्तिवत् अनुहार । (कविता सङ्ग्रह)

२. मुरली गीत (बालगीत सङ्ग्रह)

**मूर्तिवत् अनुहार** कवितासङ्ग्रह सङ्गृहीत सबै कविता गद्य प्रवाहमा लेखिएका छन् । यसमा वर्तमान समय, समाज र व्यक्तिवादी प्रवृत्तिप्रति असन्तुष्टि व्यक्त गरेका छन् । **मुरली गीत** मा बालबालिकालाई मनोरञ्जन र शिक्षा प्रदान गर्ने गीतहरू समावेश गरेका छन् ।

### ४.३.८ विवश पौडेल

विवश पौडेलको जन्म वि.सं. २०३७ साल असोज ३ गते बाग्लुङ्ग जिल्ला, कालिकाआदर्श गा.वि.स., वडा नं. ३ मा भएको हो ।[९६] उनको पिताको नाम नरेन्द्रप्रसाद उपाध्याय र माताको नाम खोमादेवी उपाध्याय हो । उनको न्वारनको नाम धनञ्जय पौडेल हो । हाल उनी सर्लाही जिल्लाको जानकीनगर गा.वि.स., वडा नं. ३ हजारविधामा स्थायी रूपले बसोबास गर्छन् ।[९७]

स्नातह तह पूरा गरेका पौडेल शिक्षण पेशामा सङ्लग्न छन् । साहित्य समाज परिवर्तनको आधार हो भन्ने मान्यता राख्ने विवश वि.सं. ०५९ मा **मैले प्रेम गर्न जानिनँ** कविता परिचर्चामा प्रकाशित गरी औपचारिक रूपमा साहित्यमा प्रवेश गरेका हुन् । **परिचर्चा, सर्लाही आवाज, अवसर** जस्ता पत्रपत्रिकामा उनका गजल, कविता, कथा र निबन्ध प्रकाशित भएका देखिन्छ । फुटकर रूपमा रचना प्रकाशित भए पनि हालसम्म ग्रन्थको रूपमा प्रकाशित भएको देखिँदैन । उनका निम्न पुस्तक प्रकाशनको तयारीमा रहेका छन् :

१. नम्रता (उपन्यास)

२. गजल सङ्ग्रह

३. रेष्टुरेन्टकी केटीसँग (कथासङ्ग्रह)

**नम्रता** उपन्यासको पाण्डुलिपी १९५ पेजमा रहेको छ । यो सामाजिक यथार्थवादी उपन्यास हो । यसमा नायिका नम्रताले जीवनका विभिन्न मोडमा भोग्नुपरेका समस्याहरूलाई प्रस्तुत गरिएको छ । उनको **गजल सङ्ग्रह**मा छन्द र बहरका १११ वटा गजल रहेका छन् । यस गजलसङ्ग्रहमा सङ्गृहीत गजलहरूमध्ये ३ ओटा गजल राष्ट्रप्रेमका भावना बोकेका गजल छन् भने अरू गजल श्रृङ्गारिक भावनाले ओतप्रोत भएका गजल छन् । **रेष्टुरेन्टको केटी** कथासङ्ग्रहमा

---

[९५] ऐजन ।

[९६] विवश पौडेलले २०६६ चैत्र २ गते हरिवनमा शोधार्थीले उपलब्ध गराएको सर्वेक्षण फारम भरेर दिएको लिखित जानकारीअनुसार ।

[९७] ऐजन ।

१५ ओटा कथाहरू रहेका छन् । यसमा गाउँले परिवेशको कथा, युद्ध र द्वन्द्वका कथा र प्रेमका कथाहरू रहेका छन् ।

### ४.२.९ गिरीराज राना

गिरीराज रानाको जन्म वि.सं. २०३८ साल पौष २४ गते हरिवन गा.वि.स. को वडा नं. १ मा भएको हो ।[९८] उनको पिताको नाम जयबहादुर राना र माताको नाम सोमकली राना हो । अङ्ग्रेजी विषयमा स्नातक तह पूरा गरेका राना शिक्षण पेशामा संलग्न छन् ।

साहित्य सङ्गम सर्लाहीका सदस्य र ज्ञानज्योति बाटिकाका सम्पादक रहेका गिरीराजले २०५६ सालमा **दैत्य खाने सैत्यको महाराज** बालकथा प्रकाशित गरी साहित्यको औपचारिक यात्रा थालनी गरेका छन् ।[९९] यो कथा परिचर्चा वर्ष १, अंक २ मा छापिएको थियो । त्यसपछि **परिचर्चा, राजबेली, युवामञ्च** जस्ता पत्रिकामा उनका बालकथा, मुक्तक र कविता प्रकाशित छन् । उनको फुटकर रचनाहरू प्रकाशित भए पनि ग्रन्थको रूपमा प्रकाशित भएको देखिँदैन । उनका निम्नलिखित कृति प्रकाशनको लागि तम्तयार अवस्थामा रहेका छन् :

१. जुनकिरीको देश (बालकथासङ्ग्रह)

२. गिरीराजका कविताहरू (कवितासङ्ग्रह)

**जुनकिरीको देश** बालकथासङ्ग्रहमा १० ओटा कथाहरू रहेका छन् । यी सबै कथा बालमनोविज्ञानमा आधारित छन् । यसमा समावेश भएका कथाहरूमार्फत कथाकारले बालबालिकालाई केही न केही शिक्षा दिएका छन् । **गिरीराजका कविताहरू** कविता सङ्ग्रहमा २० ओटा गद्य कविताहरू सङ्गृहीत छन् । यस कृतिमा कविले भोक, रोग र अभावमा जीवन बिताउन बाध्य भएका गरीबहरूको मुक्तिको कामना गरिएको छ भने राष्ट्र समुन्नत होस् भन्ने विचार पनि प्रस्तुत गरेका छन् ।

## ४.४ फुटकर रचना प्रकाशित गर्ने सर्जकहरू

सर्लाही जिल्लाका धेरै प्रतिभाहरू राष्ट्रिय स्तरमा प्रकाशित पत्रपत्रिका र स्थानीय स्तरमा प्रकाशित पत्रपत्रिकामा विभिन्न साहित्यि विधामा कलम चलाएका छन् । **दीपशिखा, मिर्मिरे, रत्नश्री, अस्मिता, मधुपर्क, गोरखापत्र, गरिमा, हरिवन, बाध्यता, परिचर्चा, जनआवाज, सूचना सौगात, प्राची, दृष्ट्रि नयाँ करेन्ट, जनवकालत** र **कविता** जस्ता पत्रिकामा कथा, कविता, निबन्ध, एकाङ्की र समालोचनाको क्षेत्रमा कलम चलाउने प्रतिभाहरू उल्लेखनीय मात्रामा रहेका छन् । यसरी फुटकर रूपमा साहित्य सृजना गर्ने साहित्यकारहरूमा दामोदर थापा, उमेश खरेल, घनश्याम पन्त, रिता निरौला (पौडेल), अनुका थिङ्ग, नविन यादव, संजीव कुमार दाश, कृष्ण घिमिरे, गोविन्द काफ्ले, सबु खड्का, इनामुल अंसारी, साजन कार्की, धनवीर पासवान, कविता दाहाल, पुजन श्रेष्ठ, रमा भण्डारी, रिता बस्नेत, कमल खड्का, डिल्लीरमण भट्टराई, कविराज

---

[९८] गिरीराज रानाले मिति ०६६ चैत ८ गते डनिङ्ग फ्यूचर एकेडेमी हरिवन-६ मा शोधार्थीले उपलब्ध गराएको सर्वेक्षण फारम भरेर दिएको लिखित जानकारीअनुसार ।

[९९] ऐजन ।

सुवेदी, तुलसा गौतम, उषा पौडेल, कुमार भट्टराई, गङ्गाप्रसाद दास, तारादेवी सुवेदी, पुष्कर घिमिरे, राजकुमार भट्टराई, पुरुषोत्तम थापा, दिलिप के.सी., बालकृष्ण दाहाल, राकेश सिंह, रामबहादुर महतो, शोभाकान्त झा, पुष्पा बुढाथोकी, ठाकुर घिमिरे, ज्ञानविक्रम विश्वकर्मा, रमेश राना, नरेन्द्र सुवेदी, आर.के. राउत, डिल्लीराम सुवेदी, डिकबहादुर कार्की आदिले साहित्य विकासमा नवआयाम प्रदान गरेका छन् ।

## ४.४ निष्कर्ष

सर्लाही जिल्लाको साहित्यिक सृजनामा क्रियाशील सर्जकहरूले जिल्लाको साहित्यिक विकासलाई उच्च पार्न साहित्यका विविध विधामा कलम चलाउँदै आएका छन् । यस जिल्लाका साहित्यकारहरूले कविता, कथा, उपन्यास, नाटक र समालोचना जस्ता महत्वपूर्ण विधाहरूमा कलम चलाई नेपाली साहित्यको विकासमा एउटा इट्टा थप्ने कार्य गरेका छन् । सर्लाही जिल्लाका केही साहित्यकार र उनका कृतिले राष्ट्रिय रूपमा नै प्रसिद्धि कमाइसकेका छन् । समालोचना र संस्कृतिको क्षेत्रमा डा. रामदयाल राकेश, गीत र कविता विधामा दिनेश अधिकारी, खण्डकाव्य र महाकाव्य विधामा नीलकण्ठ भट्टराई र बालसाहित्यको क्षेत्रमा कार्तिकेय घिमिरेले राष्ट्रिय स्तरमा आफ्नो छुट्टै पहिचान बनाउन सफल रहेका छन् । पुस्तकाकार कृति लेख्ने प्रतिभाहरू- गुणराज काफ्ले, डा. रामदयाल राकेश, रामहरि जोशी, डा. काशीराज शर्मा, पार्थमणि भट्टराई, कुलचन्द्र बराल, नीलकण्ठ भट्टराई, होमप्रसाद भट्टराई 'गृहस्थी', दिनेश अधिकारी श्याम भट्टराई, राम प्रधान, युवराज लुइँटेल, किरण भट्टराई, कार्तिकेय घिमिरे, मायालु अधिकारी, शर्मिला घिमिरे, कलिबाबा, राधाकृष्ण भट्टराई, नारायण निराशी, टंकप्रसाद उप्रेती, मनोजप्रसाद खनाल, भीमकुमार राउत, कुमार दाहाल, विवश पौडेल, गिरीराज राना आदिले साहित्य विकासमा योगदान दिएका छन् । फुटकर लेखनमा सक्रिय दर्जनौं प्रतिभाहरूले सर्लाहीको साहित्यिक विकासको लागि नवआयाम प्रदान गर्दै आएका छन् ।

यसरी सर्लाही जिल्लाको साहित्यिक यात्रामा सहभागी सर्जकहरूको सक्रियताले नेपाली साहित्यको विकास र उन्नतिमा सहयोग पुऱ्याइरहेका छन् भने मैथिली, भोजपुरी र हिन्दी भाषालाई पनि प्राथमिकतामा राखेर साहित्य सृजनामा लागेका छन् । यिनै प्रतिभाको कारणले गर्दा आज सर्लाहीको साहित्यिक क्षेत्रले आफ्नो अस्तित्व कायम गरिसकेको छ ।

पाँचौ परिच्छेद

# सर्लाहीका प्रतिनिधि साहित्यकारहरुको कृतिको अध्ययन

## ५.१ विषयप्रवेश

नेपाली साहित्यको सृजनामा सर्लाही जिल्लाको पनि आफ्नो स्थान रहि आएको छ । यस जिल्लाको साहित्यिक यात्रा कविताको लघु रूपदेखि महाकाव्यसम्म तथा कथा, उपन्यास, नियात्रा, गजल, समालोचना आदि विधाहरूबाट अगाडि बढेको पाइन्छ । यी विधाहरूको विकासमा जिल्लाबाट प्रकाशित हुने पत्रपत्रिका र सृजनशील प्रतिभाहरूले मह□वपूर्ण सहयोग पुऱ्याएका छन् । यस जिल्लाका साहित्यिक यात्रा सामेल भएका सृजनशील प्रतिभाहरू दुई प्रकारका छन् । जसअन्तर्गत सर्लाही जिल्लामा नै जन्मेर साहित्य सृजना गर्नेहरू र अन्य जिल्लाबाट आएर स्थायी बसोबास गरी साहित्य सृजनामा लागेका प्रतिभाहरू पर्दछन् । तर जागिरको क्रममा यहाँ केही समय बसेर जाने प्रतिभाहरूले जिल्लाको साहित्यिक विकासमा पुऱ्याएको योगदानलाई भने कदापि भुल्न सकिन्नँ । सर्लाही जिल्ला बाहिरका साहित्यिक प्रतिभाहरूले यहाँको साहित्यिक विकासमा बिर्सनै नसक्ने गुण लाए पनि प्रतिनिधि साहित्यकारको छनौटमा स्थानीयता र कृतिगत गहनतालाई प्रमुख आधार मानिएको छ । यस जिल्लाई कर्म क्षेत्र मानेर साहित्य सृजना गर्ने र साहित्यिक मूल्य र मान्यतालाई आत्मसाथ गर्दै मह□वपूर्ण कृति प्रकाशित गरेका प्रमुख स्रष्टालाई प्रतिनिधि साहित्यकारको रूपमा छनौट गरिएको छ । यस क्रममा प्रतिनिधिका रूपमा छानिएका चार जना साहित्यकारहरू छन् र तिनकै कृतिहरूको कालक्रम अनुसार अध्ययन गरिएको छ ।

## ५.२ रामदयाल राकेश

रामदयाल राकेश विभिन्न भाषा साहित्यमा कलम चलाउने बहुमुखी प्रतिभा हुन् । उनले नेपाली लगायत मैथिली, हिन्दी र अङ्ग्रेजी भाषामा पनि कलम चलाएका छन् । नेपाली साहित्यका समालोचना, नियात्रा, सम्पादन, अनुवाद, हाइकु र समसामयिक लेखजस्ता विविध विधामा कलम चलाएका डा. राकेशका विभिन्न भाषामा हालसम्म तीन दर्जन जत्ति कृतिहरू प्रकाशमा आएको पाइन्छ । यहाँ उनका नेपालीमा प्रकाशित साहित्यिक कृतिको सङक्षिप्त अध्ययन गरिएको छ ।

### क) कवि प्यासी : युगको आँखामा

**कवि प्यासी : युगको आँखामा** रामदयाल राकेशद्वारा सम्पादित कृति हो र यो उनको पहिलो पुस्तकाकार कृति हो ।[१] प्रस्तुत कृतिमा राकेशले कवि नीरविक्रम प्यासीको काव्यमा केन्द्रित समालोचनात्मक लेखहरूको सम्पादन गरेका छन् । यस समालोचनात्मक सङ्ग्रहमा उनले काव्यकार प्यासीका कविता काव्यसम्बन्धी समालोचनात्मक लेखहरूको सङ्कलनका साथै नौ पृष्ठको लामो भूमिकामार्फत कवि प्यासीको काव्यात्मक प्रवृत्तिलाई पनि चिनाउने प्रयास गरेका छन् । १६२ पृष्ठमा फैलिएको प्रस्तुत कृतिमा विभिन्न विद्वान्हरूका १६ ओटा समालोचनात्मक लेखहरू सङ्कलन गरिएको छ ।

---

[१] रामदयाल राकेश (सम्पा.), **कवि प्यासी : युगको आँखामा** (काठमाडौं : साझा प्रकाशन, ०३३), प्रकाशकीय ।

## ख)  नेपाली कविता : विभिन्न आयाम

**नेपाली कविता : विभिन्न आयाम** समालोचक डा. रामदयाल राकेशको दोस्रो समालोचना सङ्ग्रह हो ।[२] ४०२ पृष्ठमा फैलिएको यस कृतिमा नयाँ तथा समसामयिक कवितामा देखापरेको नयाँ प्रवृत्ति, मोड एवम् यससम्बन्धी दृष्टिकोणलाई ठम्याउने प्रयास भएको छ । **केही नेपाली कवि र कविता, नेपाली नयाँ कविता : केही दृष्टिकोण, हिन्दी र नेपाली कविता : केही तुलनात्मक प्रस्तुति** र **विविध** गरी मूल चार शीर्षकमा विभाजित प्रस्तुत कृतिमा क्रमशः ११, ११, ८ र ७ गरी ३७ वटा उपशीर्षकहरू रहेका छन् ।

**केही नेपाली कविता र कविता** शीर्षकको परिच्छेद अन्तर्गत ११ ओटा लेखहरू समावेश गरिएको छ । यसमा पहिलो लेख- **म.वी.वि.शाह र उसैको लागि** मा राकेशले कवि म.वी.वि. शाहले 'उसैको लागि' मा व्यक्त गरिएका काव्य दर्शन, प्रकृति दर्शन, राष्ट्र प्रेम तथा प्रेम र श्रृङ्गारको रमाइलो प्रसङ्ग उल्लेख गर्दै यही कृतिले उनलाई नेपाली काव्य जगत्मा पृथक पहिचान बनाउन सफल रहेको कुरा उल्लेख गरेका छन् । कवि **म.वी.वि. शाह** यस सङ्ग्रहभित्रको दोस्रो समालोचनात्मक लेख हो । यहाँ राकेशले कवि शाहले प्रकृतिका विभिन्न रूप र स्रोतलाई नौलो काव्यशैलीमा अभिव्यक्त गरेको कुरा यहाँ उल्लेख भएको छ । **कवि म.वी.वि. शाह र समकालीन कविहरू** लेखमा समालोचक राकेशले कवि शाहलाई अङ्ग्रेजी कवि वर्डस्वर्थ र हिन्दीका कविहरू सुमित्रानन्द पन्त, जयशङ्करप्रसाद जस्ता कविहरू जस्तै प्रकृतिका पूजारी कविका रूपमा उभ्याएका छन् । **लक्ष्मीप्रसाद देवकोटा : नेपाली प्रयोगधर्मा कवि** लेखमा राकेशले देवकोटालाई नेपाली साहित्यका प्रथम प्रयोगधर्मी र प्रयोगवादी कवि मानेका छन् । **मानवतावादी कविशिरोमणि लेखनाथ पौड्याल** शीर्षकको समालोचनात्मक लेखमा राकेशले लेखनाथका विभिन्न प्रवृत्तिमध्ये मानवतावादी प्रवृत्तिलाई प्रष्ट पार्दै उनको विचारधारा व्यापक र विशुद्ध मानवप्रेमी भएको कुराको चर्चा गरेका छन् । **भवानी भिक्षुको काव्यगत विशेषता** लेखमा राकेशले भिक्षुलाई सफल कथाकार र सिद्धहस्त उपन्यासकारका साथै लोकप्रिय कवि समेत रहेको कुरा उल्लेख गरेका छन् । **कवि केदारमान व्यथित** शीर्षकको लेखमा समालोचकले केदारमान व्यथितका बारेमा विभिन्न समीक्षकहरूको मत प्रस्तुत गर्दै यिनको काव्यमा क्रान्तिकारी भाव र राष्ट्रप्रेम जस्ता प्रवृत्ति पाइन्छ भन्ने कुरा व्यक्त गरेका छन् । **कवि  ईश्वर वल्लभको काव्यसाधना** शीर्षकको लेखमा समीक्षक राकेशले ईश्वरवल्लभ कवि मात्र  नभई सफल समालोचक, सिद्धहस्त निबन्धकार तथा प्रबुद्ध चिन्तकको रूपमा चिनाएका छन् । **कञ्चन पुडासैनी र उनको काव्य 'प्रेमिका' एक मूल्याङ्कन** मा पुडासैनीको कृति 'प्रेमिका' लाई समालोचकले सफल खण्डकाव्यको रूपमा चिनाएका छन् । **शंकर लामिछाने : व्यक्तित्व र कृतित्व** शीर्षकमा समीक्षकले लामिछाने नेपाली काव्य साहित्यका अत्याधुनिक कवि हुन् भनी चिनाएका छन् । **नेपालीका केही लामा कविताहरू र नदी किनारका माझी** शीर्षकमा रामदयाल राकेशले नेपालको केही लामा कविताहरू उदाहरण प्रस्तुत गर्दै नदी किनारका माझीको सामान्य चर्चा गरेका छन् ।

---

[२] रामदयाल राकेश, **नेपाली कविता : विभिन्न आयाम** (काठमाडौं : साझा प्रकाशन, २०४४), प्रकाशकीय ।

**नेपाली नयाँ कविता : केही दृष्टिकोण** शीर्षकको परिच्छेद यस समालोचना सङ्ग्रहको दोस्रो खण्ड हो । यसभित्र विविध खाले ११ ओटा समालोचनात्मक लेखहरू छन् । **लोकसाहित्यको सन्दर्भमा नेपाली नयाँ कविता** पहिलो समालोचनात्मक लेखमा राकेशले नेपाली नयाँ कविताले लोक साहित्यका लोकोक्ति, उखानटुक्का, लोककथा जस्ता विविध पक्षहरूको प्रयोग गरी नेपाली साहित्यलाई एउटा नयाँ आयाम दिएका छन् भन्ने विचार प्रस्तुत गरेका छन् ।[३] **नेपाली नयाँ कविता** शीर्षकको लेखमा समालोचकले आजको युगको नयाँ कवितामा देखापरेको सङ्गति र असङ्गतिको चर्चा गरेका छन् । **आधुनिक काव्यको भावभूमि** लेखमा राकेशले नयाँ कविता अथवा काव्य वस्तुतः सर्वाङ्गीण जीवनको कविता हुनुपर्दछ भनेका छन् । **नयाँ कविताको रचना संसार** शीर्षकमा नयाँ कविताको रचना संसार धेरै व्यापक र विशाल हुन गएको धारणा समालोचकले व्यक्त गरेका छन् । **नयाँ कविता परिवेश र पृष्ठभूमि** लेखमा समालोचक राकेशले विश्वजनीन पृष्ठभूमि र परिवेशको चर्चा गरेका छन् । **नेपाली नयाँ कवितामा अभिव्यक्त जीवन-दर्शन** शीर्षकमा राकेशले कवि मोहन कोइराला, कवि द्वारिका श्रेष्ठ, कालीप्रसाद रिजाल, कुन्दन शर्मा, ईश्वरवल्लभ जस्ता कविहरूको कवितामा पाइने जीवन र जगत प्रतिको धारणालाई स्पष्ट पारेका छन् । **नेपाली काव्यमा यौन** लेखमा राकेशले संसारको प्रत्येक देशको साहित्यमा यौनको अभिव्यक्ति भएको सन्दर्भ उल्लेख गर्दै नेपाली साहित्य पनि यसबाट पछि नपरेको सन्दर्भ प्रस्तुत गरेका छन् । **नेपाली नयाँ कविताको शिल्पविधान** शीर्षकमा समालोचकले नेपाली काव्य धाराको भाषा संयोजन, बिम्बविधान, प्रतीकविधान, छन्दविधान र अलङ्कारिकविधान जस्ता शिल्पक्षेत्रमा नयाँ-नयाँ प्रयोग हुन थालेको कुरा बताएका छन् । **आठौं दशकको नेपाली कविता** लेखमा राकेशले आठौं दशकको कविता कुनै वाद या आन्दोलनको साँघुरो घेराभित्र सीमित नहुने निष्कर्ष निकालेका छन् । **नेपाली काव्यमा नवीन धारा** समालोचनात्मक लेखमा समालोचकले नेपाली काव्यको नवीन धारामा समसामयिक युगबोध, नवीन अन्वेषण, व्यङ्ग्य र प्राचीन मान्यता एवम् मूल्यको अस्वीकार जस्ता प्रवृत्तिहरू देखापरेको सन्दर्भ उल्लेख गरेका छन् । **नेपाली साहित्यमा हास्य-व्यङ्ग्व्य** शीर्षक अन्तर्गत राकेशले हास्यव्यङ्ग्यलाई गद्य र पद्य विधामा विभाजन गरी नेपालीमा गद्यसाहित्य भन्दा पद्य साहित्य बढी फस्टाएको उल्लेख गरेका छन् ।

**हिन्दी र नेपाली कविता : केही तुलनात्मक प्रस्तुति** शीर्षकको परिच्छेद समालोचनासङ्ग्रहको तेस्रो खण्ड हो । यसमा हिन्दी र नेपाली कविताको तुलनात्मक अध्ययन गरिएको छ । यस खण्डमा आदिकवि भानुभक्त आचार्य र हिन्दीका महाकवि तुलसीदास, मोतीराम भट्ट र  भारतेन्दु हरिश्चन्द्र, लक्ष्मीप्रसाद देवकोटा र जयशङ्करप्रसाद, लक्ष्मीप्रसाद देवकोटा र सुमित्रानन्दन पन्त जस्ता कविहरूको काव्य व्यक्तित्व र कृतित्वको तुलनात्मक अध्ययन समालोचक राकेशले प्रस्तुत गरेका छन् । यसको साथै राकेशले **हिन्दी र नेपाली नयाँ कविता** शीर्षकमा हिन्दी र नेपाली कविता संवेदना र शिल्पमा समानता रहेको उल्लेख गरेका छन् भने **नेपाली र हिन्दी  काव्यमा हास्य-व्यङ्ग्य** शीर्षकमा हास्यव्यङ्ग्य कविताको तुलनात्मक चर्चा गर्दै स्तरीय र शिष्ट हास्यव्यङ्ग्य साहित्यको दुवै काव्य जगत्मा अभाव रहेको निष्कर्ष निकाल्छन् ।

---

[३] वीरेन्द्रकुमार यादव, **रामदायल राकेशको जीवनी, व्यक्तित्व र कृतित्व,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., ०६३), पृ. ३९ ।

यस समालोचनात्मक सङ्ग्रहको अन्तिम खण्डलाई विविध शीर्षक दिइएको छ । यस शीर्षक अन्तर्गत सातओटा लेखहरू रहेका छन् । **नयाँ वर्ष : केही नेपाली कविको आँखाबाट** लेखमा समालोचक राकेशले नयाँ वर्षप्रति समर्पित कविताहरूको सङ्क्षिप्त परिचय दिँदै नेपाली साहित्यमा नयाँ वर्षको श्रद्धासुमन प्रकट गर्ने प्रथम कवि देवकोटा हुन् भन्ने धारणा प्रस्तुत गरेका छन् । **राष्ट्रको विकासमा साहित्यकारको भूमिका** शीर्षकका समय-समयमा साहित्यकारहरूले राष्ट्रको लागि गरेको योगदानको चर्चा डा. राकेशले गरेका छन् । **बालकृष्ण सम : मेरो मानसपटलमा** शीर्षकमा समका सम्पूर्ण साहित्यिक कृतिहरूको अध्ययन गर्दा उनी ठूला कवि, प्रसिद्ध नाटककार, कथाकार र महान् दार्शनिक चिन्तकको रूपमा नेपाली साहित्याकाशमा रहेको कुरा समालोचकले व्यक्त गरेका छन् ।[४] **हाइकुको सङ्क्षिप्त परिचय** शीर्षकको समालोचनात्मक लेखमा समालोचकले नेपाली कविता जगत्मा हाइकुको खासै विस्तार हुन नसकेको कुराको जानकारी दिएका छन् । **आजको नेपाली गीत** लेखमा राकेशले नेपाली गीतको परिवेश, शैलीमा विस्तार हुँदै गएकोमा सन्तोषको सास लिनुपर्ने धारणा व्यक्त गरेका छन् । **गीतकार चाँदनी शाह** शीर्षकको लेखमा राकेशले शाहलाई सशक्त र सफल गीतकारको रूपमा चित्रण गरेका छन् ।

**ग) नेपाली साहित्य : विभिन्न आयाम**

प्रस्तुत कृति डा. रामदयाल राकेशको तेस्रो समालोचनात्मक ग्रन्थ हो । यसको प्रथम प्रकाशन २०५५ सालमा साझा प्रकाशन काठमाडौंबाट भएको हो ।[५] यस ग्रन्थमा कुने नयाँ प्रवृत्ति र मोडको चर्चा परिचर्चा गरिएको छैन भने कुनै एक साहित्यिक विधालाई मात्र पनि विश्लेषणको विषय बनाइएको छैन । यस पुस्तकमा साहित्यसम्बन्धी विभिन्न विधाहरूको विश्लेषण गरिएको पाइन्छ । यस सम्बन्धमा डा. तारानाथ शर्माको कथन छ “डा. रामदयाल राकेशले यस ग्रन्थमा कवितादेखि लिएर नाटकसम्म, कथादेखि लिएर उपन्याससम्म र समालोचनादेखि लिएर यात्रा निबन्धसम्म छिचोल्न पुगेको उनको जाँगर अनुकरणीय र प्रशंसनीय छ ।”[६]

२०८ पृष्ठमा फैलिएको यस कृतिमा विभिन्न ३३ ओटा समालोचनात्मक लेखहरू लेखेका छन् । १ देखि १४ सम्मका शीर्षकका लेखहरूमा समालोचक राकेशले नेपाली नयाँ कविता र कवि तथा गीतकारहरूको व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ । प्रत्येक कविहरूकै नामबाट शीर्षक चयन गरिएको समालोचनात्मक लेखमा भानुभक्तलाई आधुनिक चेतबाट अनुप्राणित कवि, मोतीराम भट्टलाई अमर युवा कवि, माधव घिमिरेलाई राष्ट्रकवि, मोहन कोइरालालाई आधुनिक पुस्ताका सर्वोच्च कलाकार, गोपालसिंह नेपालीलाई छायाँवादबाट प्रभावित कवि, तोया गुरुङलाई समसामयिक परिवेशको कवयित्री, नरेन्द्रबहादुर श्रेष्ठलाई नयाँ बिम्ब र प्रतीकको प्रयोग गर्ने कवि, इन्द्रकुमार श्रेष्ठलाई व्यङ्ग्य कविको रूपमा प्रस्तुत गरेका छन् । त्यसैगरी समालोचकले विभिन्न शीर्षकमा नेपाली नयाँ कविता, नयाँ कविता आन्दोलन, कविताको समकालीन गतिविधि, नयाँ

---

[४] ऐजन, पृ. ४५ ।

[५] रामदयाल राकेश, **नेपाली साहित्य : विभिन्न आयाम,** प्रथम संस्क. (साझा प्रकाशन, २०५५), अग्रभागबाट ।

[६] तारानाथ शर्मा 'प्राक्कथन', **नेपाली साहित्य : विभिन्न आयाम** (काठमाडौं : साझाप्रकाशन : २०५५), पृ. क ।

कविताको विशेषताहरूको विश्लेषणको साथै नयाँ कविहरूको रूपमा प्रयोगवादी कविहरूको मात्र चर्चा गरेका छन् ।

प्रस्तुत पुस्तकको शीर्षक १५ देखि ३१ सम्म आख्यानकार र आख्यान कृतिको समीक्षा गरिएको छ । कथाकार मधुवन पौडेलको कथायात्रा, उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक प्रवृत्ति, उपन्यासकार वासु शशीको यौनदर्शन, आञ्चलिक उपन्यासकारको रूपमा शङ्कर कोइराला जस्ता व्यक्ति प्रतिभाको साथै ज्योति ज्योति महाज्योति उपन्यास, कारागार र निर्बन्ध उपन्यास, यहाँदेखि त्यहाँसम्म उपन्यास, रातो टीका उपन्यास, अवतार विघटन उपन्यास, पागल बस्ती उपन्यास, अलिखित उपन्यास जस्ता आख्यानहरूको विशद् विश्लेषण गरिएको छ । **सहलेखन कति सार्थक कति निरर्थक** शीर्षकमा उपन्यास विधामा सहलेखनको थालनी रजबन्धकी (१९९६) उपन्यासबाट भएको धारणा समालोचकको छ । यस कृतिको ३२ औं शीर्षक **नेपाली नियात्रा साहित्य र घनश्याम राज कर्णिकार** मा डा. राकेशले नियात्रा साहित्यकै विश्लेषणको क्रममा घनश्याम राजकर्णिकारको नियात्रा प्रवृत्तिलाई केलाएका छन् भने अन्तिम शीर्षक **समकालीन समालोचनाको स्वर** लेखमा समकालीन समालोचन प्रणाली विस्तारै मन्द हुँदै गएको कुरा समालोचकले बताउँछन् ।

### घ) रचनाको रसास्वादन

रामदयाल राकेशको **रचनाको रसास्वादन** समालोचना सङ्ग्रहको प्रथम प्रकाशन वि.सं. २०५६ मा भएको हो । १४६ पृष्ठमा फैलिएको यस कृतिमा विभिन्न शीर्षकमा ३१ वटा समालोचनात्मक लेखहरू सङगृहीत छन् ।[७] यस समालोचना सङ्ग्रहमा कृति विश्लेषण, कृतिकारहरूको सङ्क्षिप्त परिचय लगायत सैद्धान्तिक र तुलनात्मक अध्ययन गरिएको छ ।

यस सङग्रहको पहिलो समालोचनात्मक लेख **बालकृष्ण सम र जयशङ्करप्रसाद** मा समको 'चिसो चूल्हो' र प्रसादका 'कामायानी' महाकाव्यबीच तुलनात्मक अध्ययन गरिएको छ । **कवि केदारमान व्यक्तित्वका दुई नवीनतम कृतिहरू** शीर्षकमा समालोचकले व्यथितका दुई कृतिहरू 'दृष्टि सत्य : दृष्टि सुन्दर' र 'मेरो दर्पण : चार दशकको नेपाल' को विश्लेषण गरेका छन् । **नेपाल नयाँ कविताका प्रमुख प्रवृत्ति** शीर्षकको लेखमा डा. राकेशले २००७ को जनआन्दोलनपछिको नयाँ कविताको भावबोध, विचार र शिल्पविधानको चर्चा गरेका छन् । **नेपाली काव्यमा आञ्चलिकता** शीर्षकमा आञ्चलिकताको प्रमुख दुई पक्षः प्रादेशिक अखण्डता एवम् राष्ट्रिय एकता रहेको कुरा समालोचकले अभिव्यक्त गरेका छन् । अन्य समालोचनात्मक लेखमा डा. राकेशले साहित्यिक स्रष्ट्रा तथा तिनका कृतिहरूको नामबाट छुट्टा-छुट्टै शीर्षक चयन गरी स्रष्ट्राको प्रवृत्ति र विशेषता तथा कृतिको विभिन्न कोणबाट समीक्षा गरेका छन् । कृतिको समीक्षाको क्रममा कविता, गीत, गजल, मुक्तक, कथा, उपन्यास, निबन्ध जस्ता साहित्यिक बहुविधा समावेश छन् ।

---

[७] रामदयाल राकेश, **रचनाको रसास्वादन,** (काठमाडौं : सफारी, प्रकाशन, ०५६), विषयसूचीबाट ।

प्रस्तुत पुस्तकमा स्रष्टाहरूको व्यक्तित्व, प्रवृत्ति र विशेषताको विश्लेषण गर्ने क्रममा राकेशले अनुवादक विनोदप्रसाद धितालको व्यक्तित्व, चाँदनी शाहको गीतियोजना, बासु शशीको मुक्तककारिता, कवि कृष्णप्रसाद पराजुलीको व्यक्तित्व र कृतित्व, कवि तुलसी दिवसको काव्यप्रवृत्ति र कृष्णप्रधानको काव्यप्रवृत्तिको सूक्ष्म अध्ययन गरेका छन् ।

कृतिको समीक्षा गर्ने क्रममा समालोचक डा. रामदयाल राकेशले शरद कुमारको **अमरसिंहको चिट्ठी, विविध यात्रा** कवितासङ्ग्रह, मञ्जु काँचुलीको **म तिम्री आमा हुँ** कवितासङ्ग्रह, दामोदर पुडासैनीको **आफन्तको अनुहाहरू** कवितासङ्ग्रह, गोपाल पराजुलीको **देशमाथि आलेख** कवितासङ्ग्रह, विमल कोइरालाको **उत्सव** कवितासङ्ग्रह, दिनेश अधिकारीको **इन्द्रजात्रा** काव्य, डा. राममान तुषितको **क्षितिजको पृष्ठभूमि** गीतिसङ्ग्रह, वियोगी बुढाथोकीको **आफन्तको चोट** गजल र मोहनराज शर्माको **बैकुण्ठ एक्सप्रेस** नाटकको छोटो समीक्षा गरेका छन् ।

यस समालोचनात्मक ग्रन्थमा राकेशले लीलबहादुर क्षेत्रीको **बसाइँ** उपन्यास, तारणीप्रसाद कोइरालाको **सर्पदंश** उपन्यास लोकेन्द्रबहादुर चन्दको **हिउँको तन्ना** कथासङ्ग्रह, सीता पाण्डेको **बन्धी खुसीहरू** कथासङ्ग्रह, हिरण्यकुमारी पाठकको **मोहनचक्र** कथासङ्ग्रह, कृष्ण जोशीको **असम्मत सम्मत** उपन्यास, नकुल सिलवालको **तेस्रो पाइला** उपन्यास जस्ता आख्यानात्मक कृतिको विश्लेषणको साथै मदनमणि दीक्षितको **चरैवति** निबन्धसङ्ग्रह र कृष्णचन्द्रसिंह प्रधानको **अनाम सत्य** निबन्ध सङ्ग्रहको पनि सङ्क्षिप्त अध्ययन गरेका छन् ।

### ङ) नेपाली समालोचना : विभिन्न आयाम

रामदयाल राकेशको **नेपाली समालोचना : विभिन्न आयाम** पाँचौ समालोचनात्मक कृति हो । यसको प्रथम प्रकाशन वि.सं. २०६० मा भएको हो । २२४ पृष्ठमा आयामगत विस्तार भएको प्रस्तुत पुस्तकमा ४१ वटा समालोचनात्मक लेखहरू सङ्गृहीत छन् । यस कृतिमा कविता खण्ड, कथा खण्ड, गीति खण्ड, भोजपुरी खण्ड, मैथिली खण्ड र बङ्गाली खण्ड गरी जम्मा सात खण्ड छन् । यी खण्डहरूमा क्रमशः १९, २, ५, ३, ५, ५ र २ ओटा गरी जम्मा ४१ लेखहरू प्रस्तुत गरिएका छन् ।[८] प्रस्तुत समालोचना सङ्ग्रहबाट लेखकको बहुमुखी समालोचकीय प्रतिभा प्रस्फुटन भएको छ ।

### अ) कविता खण्ड

प्रस्तुत खण्ड यस पुस्तकको पहिलो भाग हो । यसमा नेपाली साहित्यका कविता विधाका विभिन्न कविहरूको काव्यप्रवृत्ति, विशेषता र योगदानको चर्चा परिचर्चाको साथै विभिन्न कवितासङ्ग्रहको समीक्षात्मक टिप्पणी प्रस्तुत गरेका छन् । काव्यकारहरूको काव्यप्रवृत्ति, विशेषता र योगदानको विश्लेषण गर्ने क्रममा राकेशले राष्ट्रकवि माधव घिमिरे, कवि भवानी भिक्षु, कवि/गीतकार क्षेत्रप्रताप अधिकारी, कवि/गीतकार हरिभक्त कटुवाल, कवि विनय रावल, कवि शेखर गिरीका साहित्यिक गतिविधिमाथि प्रकाश पारेका छन् । कवि र तिनका काव्यको समीक्षा गर्ने क्रममा समालोचकले कालीप्रसाद रिजालको **मेरो कवितामा जलिरहेछ मेरो देश** कवितासङ्ग्रह,

---

[८] रामदयाल राकेश, **नेपाली समालोचना : विभिन्न आयाम,** (काठमाडौं : ने.रा.प्र.प्र., ०६०), विषयसूचीबाट ।

शरदकुमार भट्टराईको **यात्रैयात्रा** काव्य, कृष्ण प्रधानको **पानीका जलक्रीडा** कवितासङ्ग्रह, दिनेश अधिकारीको **इन्द्रजात्रा** काव्य, कवयित्री तोया गुरुङको **धूपी** लामो कवितासङ्ग्रह, ईश्वर मानन्धरको **रित्तो क्याम्पस** कविता सङ्ग्रह, गजलकार कुसु क्षेत्रीको **अर्द्धमुद्रित आखाहरू** गजल सङ्ग्रह, कवयित्री झमककुमारीको **मान्छेभित्रको योद्धाहरू** कवितासङ्ग्रहका छोटो समीक्षा गरेका छन् ।

**आ) कथा खण्ड**

यस खण्डभित्र दुईओटा लेखहरू सङ्कलित छन् । **गुरूप्रसाद मैनालीको गरिमा** शीर्षकको लेखमा राकेशले मैनालीले नेपाली कथा साहित्यमा दिएको योगदानको चर्चा गरेका छन् भने **प्रसिद्ध कथाकार देवकुमारी थापासँग अन्तरङ्ग अन्तरक्रिया** शीर्षकमा थापाको सङ्क्षिप्त परिचय, व्यक्तित्व र कृतित्व साथै उनीसँग भएको अनौपचारिक कुराकानीको प्रसङ्ग प्रस्तुत गरेका छन् ।

**इ) संस्मरण खण्ड**

यस खण्डभित्र पाँचओटा लेखहरू छन् । **नेपालको सुकरात** पहिलो लेखमा ज्योतिषविद् तथा साहित्यकार नयनराज पन्तलाई नेपालको सुकरातको उपाधि समालोचकले दिएका छन् । **शिवपुरी सन्देशको यौनविशेषाङ्क** मा राकेशले सृष्टिको सुरुवातदेखि नै साहित्यमा यौनको महत्त्व रहेको कुरा अभिव्यक्त गरेका छन् । यसैगरी **एउटा स्मरणीय काव्यसन्ध्या** शीर्षकको लेखमा डा. राकेशले हिमशिखर फाउन्डेसनद्वारा कवि वि.पी. कोइरालाको ८८ औं जन्मजयन्तीको अवसरमा 'जननायक विश्वेश्वरप्रसाद कोइराला प्रतियोगितात्मक विराट नेपाली कविता महोत्सव' ०५८ को एउटा झलक प्रस्तुत गरेका छन् भने **एउटा सार्थक अन्तर्क्रिया कार्यक्रम** शीर्षकमा लिज : नेपाल भाषा कविता दबूद्वारा आयोजित पाठक समालोचना अन्तर्क्रिया कार्यक्रमको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । त्यस्तै डा. राकेशले **लैनसिंह वाङ्गदेलको सम्झनामा** शीर्षकमा वाङ्गदेलको प्रतिभाको छोटो मीठो सम्झना गरेका छन् ।

**ई) गीति खण्ड**

यस खण्डको पहिलो लेखमा डा. राकेशले गङ्गा सुवेदीको गीति यात्राको चर्चा गर्दै उनलाई सफल गीतकारका रूपमा स्वीकारेका छन् भने दोस्रो लेखमा छिन्नलतालाई विशुद्ध मानवतावादी गीतकारको रूपमा चिनाएका छन् ।

**उ) भोजपुरी खण्ड**

यस खण्डमा तीन शीर्षकका लेखहरू रहेका छन् । यहाँ नेपालको तेस्रो भाषाका रूपमा स्थापित भोजपुरी भाषाका कविता र भोजपुरी गजलको चिनारी प्रस्तुत गर्दै भोजपुरी भाषाका स्रष्टा भिखारी ठाकुरद्वारा लिखित **विदेशिया** लोकनाटकको विश्लेषण पनि समालोचकले गरेका छन् ।

**ऊ) मैथिली खण्ड**

प्रस्तुत खण्डमा समालोचकले मैथिली साहित्यका महाकवि विद्यापतिको व्यक्तित्व, काव्यप्रवृत्ति र कृतित्वको अध्ययन गरेका छन् । महाकवि विद्यापतिको बहुमुखी साहित्यिक प्रतिभाको मूल्याङ्कन गर्दै उनको कृति **पदावली** काव्यको पनि समालोचकले विश्लेषण गरेका छन् ।

ए) **बङ्गाली खण्ड**

यस खण्डको प्रथम शीर्षक **विश्वकवि कवीन्द्र रवीन्द्र** शीर्षकमा राकेशले विश्वकवि रवीन्द्रनाथ टैगोरको हीरक जयन्तीको उपलक्ष्यमा सुष्मा मेमोरियल ट्रस्टद्वारा 'टैगोर एण्ड साउथ एसिया : दी लिटरेरी हेरिटेज' विषयमा साउन २३, २०५८ मा सम्पन्न भएको एक दिने गोष्ठीको प्रसङ्ग उल्लेख गरेका छन् । **नेपालमा सर्वाधिक लोकप्रिय हिन्दी कवि : हरिवंश राय 'बचन'** लेखमा समालोचकले बच्चनसँग भएको वार्तालापको एउट झलक प्रस्तुत गरेका छन् ।

च) **पूर्वदेखि पश्चिमसम्म**

**पूर्वदेखि पश्चिमसम्म** नियात्राकार डा. रामदयाल राकेशले विदेशमा विभिन्न ठाउँमा गरेका यात्राविवरणको अहिलेसम्मको पहिलो प्रकाशित पुस्तक हो । वि.सं. २०५९ सालमा प्रकाशित प्रस्तुत यात्रासंस्मरणात्मक कृति १६९ पृष्ठमा फैलिएको छ । सार्कक्षेत्र, चीन, थाइलैण्ड, जापान, फिनलैण्ड, संयुक्त राज्य अमेरिका र ट्रिनिडाड गरी सात खण्डमा विभाजित यस कृतिमा विभिन्न शीर्षकमा ३१ वटा यात्रावृतान्तहरू सङ्गृहीत छन् ।[९]

प्रस्तुत यात्रासंस्मरणात्मक कृतिमा सार्क राष्ट्रअन्तर्गत भारतको मुम्बइ शहर, पाकिस्तानको लाहौर र कसुर शहर, बङ्गलादेशको ढाका शहर, मालदिभ्सको माले शहर र श्रीलङ्काको कोलम्बो शहरको प्राकृतिक वातावरण, मानवको जनजीवन, आर्थिक अवस्था, वैज्ञानिक प्रविधि तथा धर्म, संस्कृति र सभ्यताको जीवन्त प्रस्तुति रहेको छ । यसैगरी नियात्राकारले जापान, चीन, थाइल्याण्ड, फिनल्याण्ड, संयुक्त राज्य अमेरिका जस्ता देशहरूको विभिन्न ठाउँहरूको छुट्टा-छुट्टै शीर्षकमा बृहत् वर्णन गरेका छन् । निष्कर्षमा भन्नु पर्दा यस नियात्रा सङ्ग्रहमा राकेशले दक्षिण अमेरिकाको ट्रिनिडाडदेखि उत्तर युरोपको फिन्ल्याण्डसम्म र पूर्वमा जापानदेखि लिएर पश्चिमको संयुक्त राज्य अमेरिकाको विराट भूखण्डलाई पनि छिचोलेका छन् ।

छ) **सूर्योदयको देशमा सात दिन**

**सूर्योदयको देशमा सात दिन** नियात्राकार डा. रामदायल राकेशको दोस्रो यात्रासंस्मरणात्मक कृति हो । यस पुस्तकको प्रथम प्रकाशन डा. ठाकुरनाथ पन्त स्मृति गुठी, काठमाडौंले वि.सं. २०६३ मा गरेको हो । डा. राकेशको सात दिने जापान भ्रमणमा आधारित प्रस्तुत ग्रन्थमा १२ वटा यात्रासंस्मरणसम्बन्धी लेखहरू सङ्गृहीत छन् ।

यस पुस्तकमा नियात्राकारले जापानको माउन्ट फुजी, फुकोओका, क्योटा, ओशाका नगरको चित्रण गरेका छन् । राकेशले जापानको सौन्दर्य, त्यहाँका मानिसले गर्ने अभेदभावपूर्ण व्यवहार, शिष्टता र शान्तमय वातावरणको खुलेर प्रशंसा गरेका छन् । जापानको पुरानो राजधानी क्योटा नगर र नेपालको राजधानी काठमाडौंलाई समान धार्मिक परिवेश र आस्था भएको शहरको रूपमा राकेशले चित्रण गरेका छन् ।[१०] उनले जापानलाई माउण्ट फुजीको देश समेत भनेका छन् ।

ज) **छायामा घाम**

---

[९] रामदयाल राकेश, **पूर्वदेखि पश्चिमसम्म,** (विराटनगर : वाणी प्रकाशन, २०५९), विषयसूचीबाट ।

[१०] वीरेन्द्रकुमार यादव, **रामदयाल राकेशको जीवनी, व्यक्तित्व र कृतित्व,** पूर्ववत्, पृ. ८० ।

**छायामा घाम** रामदयाल राकेशद्वारा हालसम्म नेपालीमा अनुवाद गरिएको एकमात्र कृति हो । ५३ पृष्ठमा फैलिएको प्रस्तुत सङ्ग्रहमा ५३ ओटा गजल छन् । भारतका चर्चित गजलकार दृष्यन्त कुमारको **साये मे धुप** गजल सङ्ग्रहलाई रामदयाल राकेशले नेपालीमा अनुवाद गरे । यस गजल सङ्ग्रहको सम्बन्धमा डा. राकेश भन्छन् : “म गजलप्रेमी हुँ तर गजलको रचना विधानसँग म अपरिचित छु तर पनि दृष्यन्त कुमारको केही गजलहरूको अनुवाद गरेँ ।”[११]

**साये मे धुप** गजल भारतका प्रधानमन्त्री इन्दिरा गान्धीले सन् १९७५ मा आपतकालीन स्थितिको घोषणा गरेबाट साहित्यकारहरू असन्तुष्ट रहेको सन्दर्भमा आधारित छ । त्यसलाई नेपालको परिस्थितिसँग मिल्ने गरी नेपाली भाषामा अनुवाद गर्नु त्यति सजिलो नभए पनि राकेशले सकेसम्म लेखकको मौलिकतमा आँच नआउने गरी अनुवाद गरेका छन् ।

**झ) रामदयाल राकेशका हाइकु**

**रामदयाल राकेशका हाइकु** राकेशद्वारा लिखित पहिलो प्रकाशित हाइकु सङ्ग्रह हो । यसको प्रकाशन नेपाल जाइका अल्मलाई एशोसिएसन ९ͨͨ० ले वि.सं. २०६५ सालमा गरेको हो । २२ पृष्ठमा फैलिएको प्रस्तुत सङ्ग्रहमा २४७ वटा हाइकुहरू सङ्गृहीत छन् । डा. राकेशले ७ पृष्ठको प्राक्कथन मार्फत हाइकुको उद्गम स्थल जापानलाई स्वीकार्दै विभिन्न विद्वान्हरूको हाइकुका परिभाषाका साथै नेपाली साहित्यमा हाइकुको विकासको बारेमा चर्चा गरेका छन् ।

प्रस्तुत हाइकु सङ्ग्रहमा हाइकुकारले ओसो तपोवनको वर्णनबाट हाइकुको सुरुवात गरेका छन् । ओसो तपोवनमा रहेको प्राकृतिक वस्तुहरूले मानव मन पुलोकित पार्ने कुरा डा. राकेश यसरी व्यक्त गर्दछन् :

चराचुरुङ्गी
हरियो वन चौ ।
मधुर गीत ृश्लोक १०, पृ. १

लोकतन्त्र बहालपछि रचिएका उनका हाइकुमा हत्या, हिंसाबाट अब सधैको लागि देश मुक्त रहोस् र बुद्धको देश बनोस भन्ने कामना गरेका छन् । उदाहरणका लागि :

मन छ शान्त
देशमा छ शान्ति
सधै रहोस् ृश्लोक १, पृ. ६

भारत भ्रमणको दौरानमा रचित हाइकुमा राकेशले भारतमा प्रमुख शहर : कोलकत्ता, सीतागढी, दरभंगा र मुजफ्फरपुरको चित्रण गरेका छन् । कोलकत्ताको वर्णन यसरी गरेका छन् :

कोलकत्तामा
वेश्याहरूको घर

[११] रामदयाल राकेश, **छायामा घाम,** (अनु., काठमाडौं, लुष प्रेस, २०६२), पृ. क ।

छ सोनागाछी ृ५ औ हाइकु, पृ. ८

हाम्रो देशको शिक्षाप्रणाली प्रतिको व्यङ्ग्य हाइकुकार यसरी गर्दछन् :

आजको शिक्षा
नोकरशाही लाई
दिन्छ दीक्षा । ृहाइकु नं. ५९, पृ. १३

जापान भ्रमणपछि रचिएका हाइकुमा राकेशले जापानीजहरू मेहनती र मिलनसार रहेको कुरा यसरी व्यक्त गर्दछन् :

जापानीहरू
कति महान् छन्
मेहनती पनि ।

यसै गरी हाइकुकार डा. रामदयाल राकेशले आफ्ना हाइकुमा जगन्नाथपुरी, कोर्णाक मन्दिर, पोखरा र काठमाडौंको वर्णन सुन्दर ढंगले गरेका छन् ।

## ५.३ नीलकण्ठ भट्टराई

नीलकण्ठ भट्टराईको कलम नेपाली साहित्यको कविता विधामा राम्रोसँग चलेको छ । हुन त उनले आख्यान, समालोचना र अनुसन्धानको क्षेत्रमा पनि हात हालेका छन्, तथापि मूल रूपमा उनी कवि नै हुन् । कविताको क्षेत्रमा उनको कलम प्रभावपूर्ण र ओजिलो छ । यो विधामा उनको हात फुटकरदेखि महाकाव्यसम्म चलेको देखिन्छ । उनका हालसम्म छ ओटा कृति प्रकाशित भएका छन् । तिनीहरू हुन् : **वीपीको समाधि** (खण्डकाव्य, २०५९), **सरोज स्मृति सप्त पल्लव** (खण्डकाव्य, २०६०), **महामानव** (महाकाव्य, २०६३), **त्रिवल्ली** (कवितासंग्रह, २०६४), **वनदेवीको आत्मवृतान्त** ( लघुउपन्यास, २०६४) र **सर्लाहीका साहित्यिक प्रतिभाहरू** (खोजमूलक, २०६५) । यहाँ यिनै कृतिहरूको सङ्क्षेपमा वर्णन गरिन्छ ।

### क) वीपीको समाधि

**वीपीको समाधि** (२०५९) खण्डकाव्य नीलकण्ठ भट्टराईको प्रथम प्रकाशित कृति हो । यस खण्डकाव्यको प्रमुख पात्र विश्वेश्वरप्रसार कोइराला हुन् । कोइरालाको सेरोफेरोमा कथावस्तु अगाडि बढेको छ । खण्डकाव्यको कथावस्तुलाई दुई भागमा विभाजन गरिएको छ । पूर्वाद्धको विषयवस्तु भनेको वीपीको मृत्युशै□याको अन्तिम अवस्थादेखि मृत्यु, शवयात्रा र आर्यघाटमा भएको दाहसंस्कार हुँदै धुमयानबाट स्वर्गजाने क्रममा वायुमण्डलसम्म पुगेको घटना नै प्रमुख रूपमा रहेको छ । खण्डकाव्यको उत्तरार्द्धमा कवि कल्पनामा अत्यधिक उडेको देखिन्छ ।[१२] यस खण्डमा वीपी स्वर्गमा पुगेपछि उनीभन्दा पूर्वका सहिदहरूसँग भएको वार्तालाप, नेपालमा प्रजातन्त्र प्राप्ति र त्यसपछिको चौध वर्षको अवस्थाको चित्रण, स्वर्गमा रहेका सहिदद्वारा पुनः नेपालमा नै जन्म लिने मनसाय व्यक्त गराउँदै काव्यको अन्त्य भएको छ ।

---

[१२] टीकाराम घिमिरे, **वीपीको समाधी एक समीक्षा,** 'दायित्व' साहित्य मासिक, (वर्ष १७, पूर्णाङ्क ४५, वैशाख, वाङ्मय प्रतिष्ठान नेपाल, २०६०), पृ. ४५ ।

वि.सं. २०३९ साल श्रावण ७ गते बेलुकी पख वीपी आफ्नो जीवनको अन्तिम अवस्था काठमाडौंको चावेल स्थित आफ्नो निवासमा मृत्युसँग सङ्घर्ष गरिरहेको कुरा खण्डकाव्यको पूर्वार्द्धमा यसरी व्यक्त गरिएको छ :

चावेलको त्यो घर भित्र पार्कमा
बोकर विश्वेश्वर रुग्ण वक्षमा
थियो बसेको अनभित्र झैं गरी
पहाड हो या घर हो भने सरी ॥पृष्ठ १, श्लोक १

वीपीको मृत्युपछि शवयात्रा गर्दा भावविह्वल भएको कुरालाई काव्यमा यसरी व्यक्त गरिएको छ :

स्रष्टा सधैं सिर्जनमा जुटे पनि
ब्रह्माण्ड आफ्नै वशमा भए पनि
वीपी महात्मा घरबाट निस्कदा
संसार एक्लोसरि भो कता-कता । पृ. ४, श्लोक १८

खण्डकाव्यको उत्तरार्द्धमा धुमयानद्वारा वायुमण्डलसम्म पुगेका वीपीलाई लिन स्वयम् देवताहरू आएको कुरा काव्यमा यसरी व्यक्त गरिएको छ :

आए त्यहाँसम्म लिएर देउता
सुपुष्पले निर्मित यान एउटा
त्यहीँ बसाली सुरधाममा लगे
वीपी प्रतिष्ठासितले उडी पुगे । पृष्ठ १९, श्लोक ५

स्वर्गमा पुगेका विश्वेश्वरप्रसाद कोइरालाले इन्द्र र वायुसँग गरेको प्रश्नोत्तरात्मक सम्वादलाई काव्यमा यसरी प्रस्तुत गरिएको छ :

मुसुक्क मुस्कान गरेर वायुले
सोधे नवागन्तुकमा विचारले
भएन तिम्रो मन पूर्ण देशमा
गर्छौ यहाँ के अब देवलोकमा ॥ पृष्ठ २३, श्लोक २८

प्रस्तुत खण्डकाव्यको पूर्वार्द्ध र उत्तरार्द्ध गरी जम्मा एक सय उनासी श्लोक मध्ये एक सय अठहत्तर श्लोक इन्द्रवंशा छन्दका रहेका छन् भने अन्तिम एक श्लोक मन्दाकान्त छन्दमा रहेका छन् ।[१३] यस काव्यमा प्रजातान्त्रिक योद्धा र नेपाली आख्यान साहित्यको फाँटमा देखापरेका आख्यानकार कोइरालाको निधनप्रति खेद प्रकट गरिएको छ भने प्रजातन्त्र प्राप्तिपछिको चौध वर्षसम्म देशले कुनै निकास पाउन नसकेकोमा मन्द क्षोभ प्रकट गरिएको छ । सम्पूर्ण स्वर्गीय सहिदहरूलाई पुनः स्वदेशमा नै जन्म लिने बाचा गराउनाले स्वदेशप्रतिको अगाध आस्था

---

[१३] कृष्णशरण उपाध्याय, **नीलकण्ठ भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्व,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, रुपन्देही : भैरवा बहुमुखी क्याम्पस, त्रि.वि. २०६६), पृ. १४ ।

वा प्रेम प्रकट गरिएको छ भने खण्डकाव्यको उत्तरार्द्धमा स्वर्गीय वर्णनको काल्पनिक दस्तावेजले काव्यको गहिराईलाई उच्च तहमा पुऱ्याएको पाइन्छ ।

### ख) सरोज स्मृति-सप्त पल्लव

**सरोज स्मृति-सप्त पल्लव** (२०६०) खण्डकाव्य नीलकण्ठ भट्टराईको दोस्रो प्रकाशित कृति हो । प्रजातान्त्रिक योद्धा सरोज कोइरालाको समग्र जीवनवृत्तमा आधारित भएर रचना गरिएको प्रस्तुत खण्डकाव्यमा सात खण्ड रहेको छ । सात ओटै खण्डलाई पल्लव नामाकरण गरिएको छ । पहिलो पल्लवमा वि.सं. २०३० साल कार्तिक २ गते सरोज कोइरालाको गोली हानी विहार राज्यको मधुवनीमा हत्या भएको र हत्या गराएर नेपालको प्रजातान्त्रिक आन्दोलन समाप्त नहुने चर्चा गरिएको छ । दोस्रो पल्लवमा सरोज कोइरालाको जन्मस्थल, बाल्यावस्था र उनका पुर्खाहरूको वर्णन गरिएको छ । तेस्रो पल्लवमा सरोज कोइरालाको हत्यापछि उनकी धर्मपत्नी श्रीमती लीला कोइरालाले गरेको विलाप, पति वियोगमा रहनु पर्दाको उनको अवस्था, सन्तानको लालन पालन आदिको चर्चा गरिएको छ । चौथो पल्लवमा सरोज भूमिगत यात्रा कै क्रममा पक्राउ पर्दछन् र जेलमुक्त भएपनि काँग्रेसले जनसरकार राज्यको घोषणा गर्दछ । उनी जनकपुर राज्यको निर्माण मन्त्री बन्छन् । पाँचौ पल्लवमा चौथो पल्लवको कथावस्तुलाई निरन्तरता दिएको छ । यस पल्लवमा सरोजले बालविधवा भाउजू र बहिनीको दोस्रो विवाह गरेपछि त्यसले उनको परिवार र समाजमा पारेको प्रभावको चर्चा गरिएको छ । छैटौं पल्लवमा सरोजले राष्ट्रिय मेलमिलापको नीति ल्याए र वीपीले सो नीतिको सुरुवात गरेपछि आएको परिवर्तनलाई उल्लेख गरिएको छ । सातौँ पल्लवमा सरोजको आत्मा स्वर्गीय आनन्दको उपभोग गर्दै स्वर्गका निवासी भएको र पुनः जन्म भए नेपालमै हुनेछ भन्ने झिनो आशा राख्दै सम्पूर्ण कथावस्तुको विश्राम गरिएको छ ।

खण्डकाव्यको प्रथम पल्लवमा नै काव्य नायक सरोज कोइरालाको अचानक मृत्युको खबरले समग्र जनतामा किंतर्तव्य विमूढताको अवस्था सिर्जना भएको दृश्यलाई कविले यसरी प्रस्तुत गरेका छन् :

के भन्छौँ दुनियाँ कि दोष उनकै अक्षम्य जस्तै थियो
यद्वा पाप चिताउँदे दनुजले त्यो प्राण तानी लियो
कोही छौ यदि जानकार त भने आई बताउँ सबै
होला धर्म परत्र सम्म उनका सन्तान बाँकी छँदै । पृष्ठ-१

काव्यको तेस्रो पल्लवमा नायककी जीवनसङ्गिनी लीला कोइराला (नायिका) ले पति वियोगमा तड्पिँदै गरेका विलौना यसरी व्यक्त गरिएको छ :

हाम्रो सम्मुखमा थियौँ अब गयो सिन्दुर मेरो गयो
रातो बस्त्र गयो, चुरा सब गए, श्रृङ्गार मेरो गयो
पोते वक्ष गला विमुक्त हुन गो सौभाग्य उस्तै अनि
यौटै धर्म समानका जब थियौँ आधा गयो जीवनी ॥ पृष्ठ-११

खण्डकाव्यको पाँचौ पल्लवमा नायकले सामाजिक क्रान्तिको सुरुवात आफ्नै घरबाट गर्छन् । बालविधुवाले जीवनभर सोही अवस्थामा रहनु पर्ने प्रथालाई चुनौति दिँदै आफ्नै परिवारमा

रहेका नलिनी भाउजू र बहिनीको दोस्रो विवाह गराउन सफल रहेको कुरालाई कवि यसरी व्यक्त गर्दछन् :

> नलिनी भाउजू साथै बहिनी विधवा थिए ।
> गराए दुईकै दोस्रो विवाह नमूना भए ॥ ृपृष्ठ-३४

शार्दूलविक्रीडित र अनुष्टुप छन्दमा लेखिएको यस काव्यमा भावानुकूल शब्द छनौटले काव्यलाई श्रुतिरम्य बनाएको छ ।

**ग) महामानव**

**महामानव** (०६४) महाकाव्य नीलकण्ठ भट्टराईको तेस्रो प्रकाशित कृति हो । यस महाकाव्य नेपाली साहित्यको आख्यान क्षेत्रका शिखर पुरुष र नेपाली राजनीतिका अथक योद्धा स्व. विश्वेश्वरप्रसाद कोइरालाको जीवनवृतमा आधारित महाकाव्य हो । कोइरालाले नेपाली राजनैतिक इतिहासमा प्राप्त गरेको 'महामानव' उपाधिलाई नै महाकव्यको शीर्षक बनाइएको छ । कोइरालाको जीवन सङ्घर्ष, नेपाली राजनीतिमा उनले प्राप्त गरेको उपलब्धि, साहित्यिक क्षेत्रमा गरेको योगदान आदि विषयवस्तुलाई यस महाकाव्यमा समावेश गरिएको छ ।

पूर्वीय महाकाव्य सम्बन्धि मान्यतालाई पूर्ण रूपमा अवलम्बन गरी लेखिएको महामानव महाकाव्य जम्मा तेह्र सर्गमा संरचित छ । यस महाकाव्यमा मङ्गलाचरण अन्तर्गत गणेश, सरस्वती, हरि, शिव र कुलदेवतालाई एघार श्लोकमा नमस्कारात्मक अभिवादन गरिएको छ । त्यसैगरी पहिलो सर्गमा ७७, दोस्रो सर्गमा ८१, तेस्रो सर्गमा ६०, चौथो सर्गमा ४८, पाँचौ सर्गमा ८९, छैटौं सर्गमा १५१, सातौं सर्गमा १०९, आठौं सर्गमा १३१, नवौं सर्गमा १५६, दशौं सर्गमा १००, एघारौं सर्गमा १२९, बाह्रौं सर्गमा ५० र तेह्रौं सर्गमा ९३ गरी जम्मा १२७४ श्लोकहरू रहेका छन् ।[१४] महाकाव्यको सर्गान्तमा छन्द परिवर्तन गर्ने र आगामी सर्गको कथावस्तुको सूचना दिने पूर्वीय परम्परालाई आत्मसात गरेको पाइन्छ । दुईसय स□सठ्ठी पृष्ठमा विस्तारित यस महाकाव्यमा अनुष्टुप छन्दलाई पनि चतुष्पदी ढाँचामा प्रयोग गरिएको छ भने अन्य सातवटा छन्दको प्रयोगद्वारा यस महाकाव्यको बाह्य संरचना निर्माण गरिएको छ ।[१५]

प्रस्तुत महाकाव्यको सुरुवात लेखकले मङ्गालाचारणबाट गरेका छन् । पहिलो सर्गमा वीपीको पुर्खोली थलो दुम्जाको प्राकृतिक परिवेशको वर्णनका साथै त्यहाँको राजनैतिक सामाजिक, आर्थिक, सांस्कृतिक, भौगोलिक र पौराणिक मह□वको वर्णन गरिएको छ । दुम्जाको प्राकृतिक परिवेशलाई कवि यसरी चिनाउँछन् :

> छ शेषको मस्तक झैं उँभो गति
> छ विष्णुको आश्रम लम्ब झैं स्थिति
> सुमेरू झैं शोभिन चन्द्रमासरि
> दुम्जा बढो सुन्दर शान्त यो गिरी । ृसर्ग-१ श्लोक ६

---

[१४] ऐजन, पृ. १९ ।

[१५] ऐजन ।

दोस्रो सर्गमा हिउँद लागेपछि कृष्णप्रसाद कोइराला मधेसतिर लाग्दछन् । विराटनगरमा यिनले व्यापार गरेर धेरै पैसा कमाउँछन् र त्यहीँ बस्ने निधो गर्छन् । यसै सर्गमा वीपीको जन्म हुन्छ । राणाशासकले पक्राउ गर्ने आदेश  दिएपछि कृष्णप्रसाद स-परिवार भारत जान्छन् । तेस्रो सर्गमा कृष्णप्रसाद भारत जाँदा बाटोको वर्णन गरिएको छ । बाटामा कृष्णप्रसादको साथमा धेरै जना भागाभाग हुन्छन् । कोही जेलमा पर्दछन् त कोही भारततिर लाग्दछन् । यसको वर्णन कवि यसरी गर्दछन् :

संसार घुम्थ्यो भुमरी परी-परी
आवाज दिन्थ्यो लिकमा घरी-घरी
सङ्केत राम्रो पनि हो कि हो कि भैं
विछोड धेरै दिनसम्म हो कि भैं ॥ ृसर्ग-३३, लोक ३

चौथो सर्गमा वीपी काशी पढ्न जान्छन् । विपी पढ्न जाँदा बाटाको वर्णन गरिएको छ । वीपीले दर्शनशास्त्र र राजनीतिशास्त्रको अध्ययन गर्दछन् भने औपचारिक शिक्षामा बी.ए. पास गर्दछन् । यसै सर्गमा वीपीको झापाका कमलप्रसादकी छोरी सुशीलासँग विवाह हुन्छ । पाँचौं सर्गमा वीपीका कथा साहित्य सम्बन्धी विषयवस्तुको वर्णन गरिएको हुन्छ भने छैटौं सर्गमा वीपिका ६ वटा प्रकाशित उपन्यासहरूको बारेमा वर्णन गरिएको छ ।

'चन्द्रवदन' कथाकी नारी पात्र चन्दवदनको मनोवृत्तिको वर्णन कवि यसरी गर्दछन् :

अवला वैंसकी नारी मनोवृत्ति बरालिँदै
घरैमा कल्पना गर्छे युवाको दृष्टि पाउँदै । ृसर्ग ५, श्लोक २२

'सुन्निमा' उपन्यासको सुम्निमा पात्रको वर्णनको एक अंश-

सुम्निमामा सिध यौटी, नायिका सत्य सुन्दरी
नाग्नाकृति खडा गर्छे मौलाई प्रेम मञ्जरी ॥ ृसर्ग ६, श्लोक १८

सातौँ सर्गमा गान्धीवादी धारणाको एक छोटो प्रस्तुति रहेको छ । गान्धीको हरितक्रान्तिमा वीपीले सहयोग गर्दै आन्दोलनमा समाहित हुन्छन् । वीपी जेलमा पर्दछन् । भारत स्वतन्त्र भएपछि जेलमुक्त भई नेपालमा क्रान्ति गर्नको लागि हतियार जुटाउन बर्मा जान्छन् । आठौं सर्गमा नेपालमा सुरु भएको स्वतन्त्र मुक्ति आन्दोलन अघि बढ्छ । वीपी, गिरिजा, तारणी, मनमोहन जस्ता भुक्तिकामी युवालाई प्रहरी प्रशासनले बन्दी बनाउँछ । नवौं र दशौं सर्गमा पनि जनआन्दोलनको वर्णन गरिएको छ । हतियार सहितको सशस्त्र आन्दोलनले शासक वर्ग घुँडा टेक्न बाध्य हुन्छ र प्रजातन्त्रको घोषणा हुन्छ । बीपी जननिर्वाचित प्रथम प्रधानमन्त्री हुन्छन् । यसै प्रसंगमा दशौं सर्ग समाप्त हुन्छ ।

एघारौँ सर्गमा तरुणदलको उद्घाटनको क्रममा बीपी लगायत धेरै कार्यकता बन्दी बनाइन्छ । त्यसपछि बीपी आठ वर्षसम्म सुन्दरी जेलमा कैदी बन्न पुगेको वर्णन गरिएको छ । बाह्रौं सर्गमा बीपी अमेरिकाबाट उपचार गरी वीपी दम्पति पटना आइपुग्छन् । फासीको कुरो चलिरहेकोले भारतीय नेताले उनीलाई नेपाल नजान आग्रह गर्दछन् तर बीपी नेपाल आउँछन् । उनलाई गिरफ्तार गरिन्छ । गिरफ्तारपछिको झडपहरूको वर्णन यस सर्गमा यसरी गरिएको छ :

आएका जनता विमान स्थलमा गर्ने भनी स्वागत
भड्कायो सरकारले बल गरी देखाउँदै तागत
आई त्यो दिन शस्त्रशक्ति बटुली आतङ्ककारीहरू
लाए अग्र भएर लट्ठीमतिले नाराविरोधी अरू । (सर्ग १२, श्लोक ३२

तेह्रौ सर्गमा नेपालमा जनमत संग्रह भएको तर षड्यन्त्रपूर्वक जनताको मतलाई हराइएको वर्णन गरिएको छ । यसै सर्गमा बीपी स्वर्गमा जान्छन् र उहाँलाई सहिदहरूले भव्य स्वागत गरेको उल्लेख गर्दै काव्यको अन्त्य गरिएको छ ।

प्रस्तुत महाकाव्य नीलकण्ठ भट्टराईको प्रथम मानसपुत्रको रूपमा आएको भए तापनि काव्य तत्त्व र काव्य शील्पको आधारमा सशक्त महाकाव्य बनेको छ । शास्त्रीय वर्णमात्रिक छन्दको प्रयोग गरिएको प्रस्तुत महाकाव्यमा उपमा, रूपक, उत्प्रेक्षा, दृष्टान्त र स्वभावोक्ति जस्ता अर्थालङ्कार प्रयुक्त भएका छन् भने अन्त्यानुप्रास शब्दालङ्कारको प्रयोग भएको पाइन्छ ।[16] शास्त्रीय परम्परालाई आत्मसाथ गरी नेपालीपन दिएको यस महाकाव्यमा शास्त्रीयतामा भन्दा विषयवस्तुको वर्णनात्मकतामा बढी जोड दिइएको छ । विषयवस्तु पात्र वा चरित्र, भाषिक प्रयोग, शास्त्रीय पक्ष छन्द, अलङ्कार, रीति, गुण, वक्रोक्ति र औचित्य विधानको महाकाव्यात्मक श्रेणी मापनको आधारमा महामानव उच्च मध्यमस्तरीय रहेको छ ।[17] शैली शास्त्रीय भए पनि महाकाव्यको नायक आधुनिक भएकोले यो महाकाव्य आधुनिक महाकाव्य हो, अर्को शब्दमा यो महाकाव्य उत्तरआधुनिक महाकाव्य पनि हो ।[18] प्रस्तुत महाकाव्यको सन्दर्भमा समालोचकले जे जस्तो विचार प्रकट गरे पनि भट्टराईले महाकाव्य जस्तो गहन विधामा कलम चलाई नेपाली महाकाव्य परम्परामा उल्लेख्य योगदान दिन सफल रहेका छन् ।

### घ) त्रिवल्ली

**त्रिवल्ली** कविता सङ्ग्रह नीलकण्ठ भट्टराईको प्रकाशनका दृष्टिले चौथो पुस्तकाकार कृति हो । जानकी कला परिषद् जनकपुरधामद्वारा वि.सं. २०६४ सालमा प्रकाशित यस कृतिको मुद्रणकार्य बगलामुखी अफसेट प्रेस कुपण्डोलबाट भएको हो । गद्य, पद्य र गीति लय ढाँचामा आधारित २४ वटा कविता रहेको यस कविता सङ्ग्रहमा ८५ पृष्ठहरू छन् । आजको मानव समाजमा भित्रिएका विसंगति, कुप्रथा, भ्रष्टाचार, शोषण, सामाजिक भेदभाव र थिचोमिचोप्रति ज्यादै सचेत कवि भट्टराईले माथिका विषयमा सबैलाई चनाखो रहन आग्रह गर्दै कविता लेखेका छन् । उनको विषय छनोट अत्यन्त चातुर्यपूर्ण छ । यसबाट के प्रमाणित हुन्छ भने कवि नीलकण्ठ भट्टराई वर्तमान समाजप्रति ज्यादै सचेत र मानवीय दुःखपीडा तथा सङ्कटमा संवेदनशील छन् ।

---

[16] ऐजन ।

[17] ऐजन ।

[18] देवी पन्थी, **उत्तरआधुनिक महामानव महाकाव्य,** (विराटनगर : धरणी साप्ताहिक, वर्ष १८, अङ्क ४२, २०६३ फागुन ९ गते बुधवार), पृ. ३ ।

यस सङ्ग्रहभित्र संरचनाको आधारमा तीन प्रकारका कविता रहेका छन् । त्रिवल्ली शीर्षक अनुरूप प्रथम वल्लीमा शास्त्रीय छन्दका कविता, द्वितीय वल्लीमा गद्यलयका कविता र तृतीय वल्लीमा गीतिलयका कविता रहेका छन् । प्रथम वल्लीमा आठवटा कविता रहेका छन् । यसमा शीर्षकहरू : **कविता, मोतीको सृजना, पङ्खा, आमा, जागरण कविताभित्र, भानुको सम्झनामा** र **नयाँ वर्ष** रहेका छन् । द्वितीय वल्लीमा रहकेका आठ वटा कविताका शीर्षकहरू- **आकाँक्षा, वर्तमान सन्दर्भमा राष्ट्रिय एकताको मह□व, आमाको सपना एक सन्देश, शकुनिको सत्ता, नेताको मन्त्र, नयाँ परिवर्तन, सडक कविता** र **साहित्य संसार** रहेका छन् भने तृतीय वल्लीमा आठ वटा कविताका शीर्षकहरू निम्नानुसार रहेका छन् : **उठ हे उठ ! नेपाली शान्तिको दीपजनलाई, भानुभक्तप्रति, शान्ति र प्रजातन्त्र, आत्मविचार, संसद, तिर्सना लाग्यो मलाई, भएन निशान्त, मेरो स्कुल मेरो भविष्य ।**[१९]

**शान्ति र प्रजातन्त्र** कवितामा कविले सुन्दर शान्त नेपालमा प्राप्त प्रजातन्त्रमा विदेशी हस्तक्षेप देखिन थालेकोले स्वदेशी शक्ति एक भएर प्रजातन्त्रको संरक्षण गरी शान्त नेपाल निर्माण गरिनु पर्ने कुरा व्यक्त गरेका छन् । 'संसद' कवितामा बलिदानीपूर्ण आन्दोलनबाट प्राप्त संसदीय प्रजातान्त्रिक प्रणालीमा सांसदहरूमा देखिएका विकृति र विसङ्गतिलाई यसरी प्रस्तुत गरिएको छ :

> खिचडी नेता भैदिए, आला र काँचा पिल्सेका
> कर्तव्य भने बिर्सेर आकाश पुग्न तम्सेका ।

प्रस्तुत कृतिभित्र वर्णनात्मक, भावात्मक र प्रश्नात्मक भाषाशैलीको प्रयोग भएको पाइन्छ । तिनीहरूमा वर्तमान पीडाग्रस्त समयको आवाज सहज रूपमा उठेको छ । अनेकौँ जीवन भोगाइका अनुभूतिलाई कवितामा आबद्ध गर्ने कविका कवितामा देशप्रेम, प्रजातान्त्रिक स्थिरता, युद्धजन्य विभीषिकाको अन्त्य, सभ्य शिष्ट समाजको निर्माण र मानवीय सहानुभूति उर्लिएको छ ।[२०] समाज र राजनैतिक क्षेत्रमा देखिएको विकृति, विसङ्गति, प्रजातान्त्रिक व्यवस्थामा मौलाउँदै गएको भ्रष्टाचार, युद्धजन्य विभीषिकाले सामाजिक र शैक्षिक क्षेत्रमा पारेको प्रभावलाई प्रकट गर्नु यस कविता सङ्ग्रहका कविताको मूल उद्देश्य हो । यस सङ्ग्रहका कवि भट्टराईका वर्णमात्रिक छन्दका कविता जति सशक्त छन्, त्यति गद्यलयका र गीतिलयका कविता छैनन् । तिनमा कवित्व नभएको होइन अपेक्षाकृत कम छ ।[२१] यसरी हेर्दा कवि भट्टराईको त्रिवल्ली कविता सङ्ग्रह नेपाली कविता साहित्यको त्रिआयामिक गद्य, पद्य र गीतिलयको समन्वितिमा सिर्जित एउटा नवीन प्रयोगको रूपमा रहेको देख्न सकिन्छ ।

---

[१९] नीलकण्ठ भट्टराई, **त्रिवल्ली** (कवितासङ्ग्रह), (जनकपुर : जानकी कथा परिषद्, २०६४), विषयसूचीबाट ।

[२०] कृष्णशरण उपाध्याय, **नीलकण्ठ भट्टराइको जीवनी, व्यक्तित्व र कृतित्व,** पूर्ववत, पृ. २९ ।

[२१] घनश्याम कँडेल, 'त्रिवल्ली भित्र नियाल्दा' **त्रिवल्ली,** (जनकपुरधाम, जानकी कला परिषद्, २०६४), अग्रभागबाट ।

### ङ) वनदेवीको आत्मवृत्ततान्त

**वनदेवीको आत्मवृत्तान्त** नीलकण्ठ भट्टराईको पाँचौ प्रकाशित कृति हो । ४४ पृष्ठ भएको यस उपन्यासको प्रकाशन जानकी कला परिषद् जनकपुरधामले ०६४ सालमा गरेको हो । प्रकृतिलाई मानवीकृत गरी लेखिएको प्रस्तुत कृतिलाई लेखकले लघुउपन्यास भनेका छन् भने प्रा.डा. राजेन्द्र विमलले **दीर्घ किशोर कथा** भन्न रुचाएका छन् ।[२२] भने लेखक भट्टराईले 'लघु उपन्यास' भनेका छन् । कृतिको बाह्य संरचनालाई नियाल्दा लेखक र समीक्षक दुवैको तर्क आ-आफ्नो ठाउँमा समुचित छन् । यस कृतिले पूर्ण औपन्यासिक स्वरूप प्राप्त गर्न सकेको छैन भने कथा विधाको स्वरूपभन्दा माथि उठेको संरचना हुनाले यसलाई कथामात्र भन्न सकिने अवस्था पनि नरहेकोले लघु उपन्यासकै रूपमा हेर्नु सान्दर्भिक देखिन्छ ।

नेपालको चारकोशे झाडीको रूपमा रहेको तराईको वन क्रमशः विनाश हुँदै गएको र समसामयिक अवस्थामा वनजङ्गल र वन्यजन्तु धरायसी अवस्थामा पुग्दै गएको यथार्थ चित्रण यस कृतिमा गरिएको छ । प्राकृतिक स्रोत वनलाई स्त्रीत्व मानवीकरण गरी कृतिको नाम नै **वनदेवी** बनाइएको छ । त्यसैले यस लघु उपन्यासको प्रमुख पात्र नै वनदेवी हो । कथावस्तुलाई अगाडि बढाउने क्रममा मानव पात्रको रूपमा  लालबहादुर र सन्तबहादुर देखापर्दछन् । लालबहादुर यस कृतिको सत् पात्र हो भने सन्तबहादुर असत् पात्र हो । लालबहादुर प्रकृतिप्रेमी भएकोले प्राकृतिक सन्तुलनलाई नबिगारी त्यही प्रकृतिमा रहेर सर्वसम्पन्न बनेको छ भने सन्तबहादुर प्रकृतिको विनाशक र क्षणिक स्वार्थमा रमाउने भएकाले उसको विभिन्न प्राकृतिक प्रकोपका कारण सर्वस्व सर्वनाश भएको छ र ऊ आत्महत्या गर्न बाध्य भएको छ । यसरी प्रकृति बलवान छ । प्राकृतिक नियमलाई कसैले परिवर्तन गर्न सक्दैन । मानिस आफ्नो मात्र स्वार्थको कारण प्रकृतिलाई ध्वंश गर्दैछ र आफूले खनेको खाल्टोमा आफैं फसी रहेको छ भन्ने सन्देश वनदेवीको आत्मवृत्तान्तले दिएको छ ।

आत्मकथात्मक पूर्वदीप्ति शैलीमा लिखित प्रस्तुत कृतिमा मानवले वनदेवीको आत्मामा गरेको नग्न प्रहारले गर्दा मानवीय संरचनामा नै क्षति पुगिरहेको यथार्थ चित्रणको प्रस्तुति रहेको छ । प्राकृतिक वस्तुको विनास गरेपछि विभिन्न प्राकृतिक प्रकोपको शिकार बन्नु परेको र धामी, झाँक्री, ज्योतिषी आदिका विभिन्न  उपायले पनि प्राकृतिक, प्रकोप समन हुन नसकेकोले पुनः प्रकृतिदेवीको आकाशवाणीद्वारा मानवलाई सचेत गराएकी छिन् । आफैंबाट गरिएको वनविनाश र वन्यजन्तुको लोपबाट आफूहरूले अनिष्ट भोग्नु परेको कुरा थाहा पाएर उनीहरू वनसंरक्षणतर्फ लागेकोले वनदेवीको आत्मा पुनः हास्न र रमाउन थालेको छ । वन्यजन्तुहरू पनि पूर्व वासस्थानतिर फर्कन थालेका छन् र वन्यजन्तुले वनको शोभा बढाएका छन् ।

भट्टराईले यस कृतिमा आदिम कालदेखिको प्रकृति र मानव सभ्यताबीचको सम्बन्ध अझ निकट हुनुपर्दछ भन्ने सन्देश दिएका छन् । मान्छेले प्रकृतिलाई माया गरे प्रकृतिले पनि मान्छेलाई माया गर्दछ । मान्छेले प्रकृतिसँग जोरी खोजे प्रकृतिले मान्छेलाई सर्वनाश

---

[२२] नीलकण्ठ भट्टराई, 'भूमिका', **वनदेवीको आत्मवृत्तान्त**, (जनकपुरधाम, जानकीकला परिषद्), पृष्ठभागबाट ।

गरिदिन्छ । त्यसैले प्रकृतिसँग सिँगौरी खेल्न खोज्नु उचित होइन प्रकृतिसँग त माया प्रिति पो गाँस्नु पर्छ । यस्तो महान प्रकृतिवादी विचार प्रस्तुत गर्ने नीलकण्ठ भट्टराईको 'वनदेवीको आत्मवृत्तान्त' लघु उपन्यास मार्फत नेपाली उपन्यास विधाको श्रेणीमा उक्लने प्रयास गरेको देखिन्छ ।

**च) सर्लाहीको साहित्यिक प्रतिभाहरू**

**सर्लाहीको साहित्यिक प्रतिभाहरू** नीलकण्ठ भट्टराईको छैटौं प्रकाशित कृति हो । ८० पृष्ठ भएको यस खोजमूलक ग्रन्थको प्रकाशन हरिवन-काठमाडौं समाज सर्लाही, ओखलढुङ्गा र खोटाङका शुभचिन्तकहरूले २०६५ सालमा प्रथम प्रकाशन गरेको हो । मूल्य रु. १०० रहेको यस पुस्तकको मुद्रण कार्य धिमले अफसेट प्रेस डिल्लीबजार काठमाडौंबाट भएको हो ।

यस खोजमूलक ग्रन्थमा सर्लाही जिल्लाका ३० जना साहित्यकारहरूको सङ्क्षिप्त परिचय दिइएको छ । सर्लाही जिल्ला जनकपुर अञ्चलकै साहित्यिक गतिविधिमा पछाडि परेको जिल्ला हो । नीलकण्ठ भट्टराईले सर्लाहीका छरिएर रहेका व्यक्ति प्रतिभाहरूको खोज अनुसन्धान गरी यो पुस्तक तयार गरेका छन् । यस ग्रन्थमा फुटकर लेख लेख्ने र ग्रन्थ प्रकाशित गर्ने दुवै खाले साहित्यिक स्रष्टाहरू समावेश गरिएको छ ।

## ५.४ दिनेश अधिकारी

दिनेश अधिकारी नेपाली साहित्यमा विशेषत: कविता र गीतको क्षेत्रमा निजत्वका साथ देखापरेका प्रतिभा हुन् । यिनको कलम कविता र गीत दुवै क्षेत्रमा समान्तर रूपमा चलेको देखिन्छ । यद्यपि अधिकारी कविको रूपमा भन्दा गीतकारको रूपमा चर्चित छन् । कविता र गीतलाई एक ढोकाको दुईवटा पाटा पनि परिभाषित गर्ने कवि तथा गीतकार दिनेश अधिकारीको हालसम्म ४ वटा कवितासङ्ग्रह, २ वटा गीतिसङ्ग्रह, १ काव्य, ५ वटा आधुनिक क्यासेट र ३ वटा चलचित्रका गीत क्यासेट सार्वजनिक भएका छन् । यहाँ दिनेश अधिकारीको गीतिसङ्ग्रह र कवितासङ्ग्रहको अध्ययन गरिएको छ ।

**क) धर्तीको गीत**

**धर्तीको गीत** कवितासङ्ग्रह दिनेश अधिकारीको प्रकाशनको दृष्टिले दोस्रो कविता सङ्ग्रह हो । साझा प्रकाशन काठमाडौंले वि.सं. २०४४ सालमा प्रथम पटक प्रकाशित यस कृतिमा ३७ ओटा कविता रहेका छन् । कृतिभित्र समाविष्ट शीर्षकहरू : **हर्कबहादुर, हतारको हाताभित्र, शवयात्रा, विहे, कछुवा, धर्तीको गीत, पहाड, काठमाडौं : खामभित्रको प्रतिक्रिया, पुल, खुल्ला झ्याल ढोकाहरू : तिम्रो प्रतिक्षा, रानीपोखरी, सिपाही, मान्छे : आस्थाको अभिव्यक्ति, गाउँमाथि एउटा कविता, कोपरा, विकासोन्मुख देशको मान्छे, विश्वासको अर्को पक्ष, सगोलको मान्छे-एकलो मान्छे, मान्छे बिक्रीमा छ, कहाँ बसाऊँ अब जन्मने छोरालाई ?, आक्रमण, राष्ट्रिय, यन्त्रणाहरूको माझमा, पृथ्वी अझै चेप्टै छ, शहीद दिवस, बासी भात : अजिंगरको आहार, एकान्त, आजको सपना, भ्यागुता र पोखरी, वत्तीमुखी अँध्यारो, ठूलामान्छेसँग सानो प्रश्न, पालिस : युगको घोषणापत्र, विभक्त मन : विभक्त जीवन, टाइपिष्ट, बार्दलीमा बस्नेसँग, शून्यताको सामाज्य र अप्रेशन टेबुलको देश** र **कविता : राजीनामा** हुन् ।[२३]

---

[२३] दिनेश अधिकारी, **धर्तीको गीत,** (काठमाडौं : साझा प्रकाशनत, २०४४), कविताक्रमबाट ।

गद्य लयमा लेखिएका उनका यी कविताहरूमा जीवन जिउँने क्रममा भोग्नुपरेको कटु यथार्थतालाई जस्ताको तस्तै प्रस्तुत गरेका छन् । **हर्कबहादुर** यस कवितासङ्ग्रहको पहिलो कविता हो । हर्कबहादुरमार्फत नेपालीहरूको दिनचर्याको वर्णन गरिएको यस कवितामा राष्ट्रियता, स्वाधिनता र स्वतन्त्रताको पनि वकालन गरिएको छ ।

**धर्तीको गीत** मा कविले धर्तीको महानताको वर्णन यसरी गर्छन :

धर्ती हुनुको नाम हो ऊ
सहन्छे/जाइलाग्छिन
हेपिन्छे/आत्माग्लानिले रुँदिन
लुटिन्छे/फिर्ता माग्दिन (पृ. १९)

× × × × ×

उसकै पोल्टोबाट माटो चोर्नेहरूलाई
आफ्नै काखको सिरानी
र मनको बिहानी दिन राजी छे (पृ. २०)

कवि अधिकारी धर्तीका यस्तो स्वभावको समग्र मानव जातिले अनुकरण गर्नुपर्छ अनिमात्र सभ्य समाजको निर्माण हुन सक्छ भन्ने भाव पनि यस कवितामा दिएका छन् ।

**शहीद दिवस** कवितामा कविले शहीद दिवस मनाउँने हाम्रो परम्पराप्रति तीखो व्यङ्ग्य प्रहार गरेका छन् । शहीद दिवसको दिन रमझम कार्यक्रमका साथ मिठाई वितरण भइरहेको बेला शहीद परिवारले अन्नको माडसम्म नपाएको अवस्थालाई कविले यसरी प्रस्तुत गरेका छन् :

शहीद दिवसको विहान हो यो
सहरमा-
मिठाई वितरणको कार्यक्रम चलिरहेको बेला
म तिमीलाई सम्झिरहेछु
ठूलो !
सुत्नुअघि - हिजो
के काखको छोराले अन्नको माड् त भेट्टाएको थियो ? (पृ. ७२)

**सिपाही** कवितामा कविले सिपाहीको महानताको वर्णन गरेका छन् । सिपाही कसैको छोरा, लोग्ने र बाबु मात्र नभई राष्ट्रको वीर योद्धा हो । देशलाई आवश्यकता पर्दा जुनसुकै समयमा पनि आफ्नो बलिदान दिन तयार हुने सिपाही कहिल्यै पनि मर्दैन, ऊ त युग युगसम्म बाँचिरहन्छ भन्ने कुरालाई कविले यसरी व्यक्त गरेका छन् :

र, मसँग सोध्छ्यौ भने त
सुन् !
सिपाही कहिल्यै पनि मर्दैन
कि त ऊ-

नियुक्त लिएकै दिन मरिसकेको हुन्छ ।     ृपृ. ३९

प्रस्तुत कृतिमा रहेका कविताहरू गद्यमा लेखिएका छन् । कतै अत्यन्त लामा वाक्यहरू त कतै छोटा वाक्यहरूको प्रयोग गरिएको यस कृतिमा प्रशस्त बिम्ब र प्रतीकको प्रयोग गरिएको छ ।

**ख)  आदिम आवाज**

**आदिम आवाज** कवितासङ्ग्रह दिनेश अधिकारीको प्रकाशनले दृष्टिकोणले तेस्रो कवितासङ्ग्रह हो । नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान काठमाडौंले वि.सं. २०४५ सालमा प्रथम पटक प्रकाशित यस कृतिमा ३१ ओटा कविताहरू रहेका छन् । कृतिभित्र समाविष्ट शीर्षकहरू : **टापुको बास, हिँडिरहेको बेला, समय, परदेशमा, तर्क, मन : प्रत्यागमन, चित्रकूट : भोग्नुको सत्य, मन, शहर, शान्ति क्षेत्र नेपाल, सत्य : परिवर्तित सन्दर्भहरू, तिहारको सम्झना : टाढाको बस्तीबाट, जङ्गल, असार अस्तित्वको खोजी, सलह, उषा, भोको पेट र सुन्दरता, माया, चौबाटो, धरहरा, म, मान्छे बाँच्न चाहन्छु, खोलो, सम्झना, जून : संवादको एक क्षण, बादल, सेती : मेरी समान्तर जिन्दगी, नयाँ घाम नयाँ पाइला, हट् घोडा !, गर्मी र विहान नहुँदासम्म** हुन् ।[२४]

यस कवितासङ्ग्रहमा सङ्गृहीत कवितामा वर्तमान युगमा सामान्य मानिसहरूको जीवनयापनको क्रममा व्यहोर्नु परेका अनेक समस्या र चुनौति तथा तिनले उब्जाएको कष्ट-पीडालाई उतारेको पाइन्छ । **टापुको बास** शीर्षकको कवितामा मानिसको हिंस्रक चरित्रबाट डराएर आफ्नै मनको निर्जन टापुमा शरण लिन पुगेको मान्छेको चेतना पुनः मान्छेको सहवासमा फर्किएको कुरालाई कवि यसरी व्यक्त गर्दछन्:

मान्छेबाट डराएर
गुहार ! माग्दै
म फेरी मान्छेहरूकै बीचमा आइपुगेको छ ृपृ. १

**शहर** कवितामा शहरी सम्पन्न सभ्रान्त वर्गको अनैतिक क्रियाकलापलाई व्यङ्ग्य गर्दै यसले मानव सभ्यतालाई नै समाप्त पार्ने कुरा कवि यसरी व्यक्त गर्दछन् :

पालैपालो पछाडि वरन्डामा निस्कँदै
आमा-गालामा अवैध म्वाइँ खाएर
छोराले - -
कोठामा पस्ने वित्तिकै उही आमालाई
साष्टाङ्ग दण्डवत् गरेको चित्र आँखागाडि ताजै छ
छोरी-शरीरसँग केही बेरे खेलेर
बाबुले अरूको अघिल्तिर - कोठामा
उसैलाई पूजेको दृश्य आँखाभिर पोखिएकै छ

---

[२४] दिनेश अधिकारी, **आदिम आवाज**, (काठमाडौं : नेपाल र राजकीय प्रज्ञाप्रतिष्ठान, २०४५), कविताक्रमबाट ।

यो शहर हो - -                                        पृ. २१

**शान्ति क्षेत्र नेपाल** कवितामा युद्धले संसारलाई जित्न सकिन्न । माया, प्रेमले संसारलाई आफ्नो वशमा राख्न सकिन्छ । तसर्थ, जात, जाति र देशको साँघुरो घेराबाट माथि उठेमा मात्र युद्ध र हिंसा सधैंको लागि अन्त्य हुन्छ भन्दै कवि मानवतावादको वकालत यसरी गर्दछन् :

युद्ध जित्न त
मन जित्नुपर्छ
मैले मान्छेको हरेक जातलाई
नातेदार ठान्ने गरेको छु
आऊ !
हातबाट बन्दुक फालेर
तिमी पनि मैसँग मिसिऊ ।                    पृ. २४

**खोलो** कवितामा कविले प्रकृतिलाई मानवीकरण गरेका छन् । यसको स्वच्छता, गतिशीलता र सृजनशीलताको वर्णन गर्दै मह□वमाथि प्रकाश पारेका छन् । **बादल** कवितामा राष्ट्रिय र अन्तर्राष्ट्रिय अवसरवादी मानव चरित्रप्रति व्यङ्ग्य गरिएको छ । अवसरवादीप्रति सचेत रहन कवि यसो भन्छन् :

होसियार, मेरा देशका युवतीहरू !
बादलसँग बिहे नगर्नू
बादल अविश्वासी हुन्छ
बादल नपुंसक हुन्छ ।                 पृ. ६४

प्रस्तुत कृतिका कविताहरू मुक्त गद्यकवितालयमा रचिएका छन् । यसमा रहेका कविताले राष्ट्रिय र अन्तर्राष्ट्रिय विसङ्गति र विकृतिको उजागर गर्दै मानवतावादको वकालत गरेका छन् ।

### ग) अविराम यात्रा

प्रस्तुत **अविराम यात्रा** गीतकार दिनेश अधिकारीद्वारा रचना गरिएका प्रथम गीति सङ्ग्रह हो । यसलाई वाणी प्रकाशनले २०४८ सालमा प्रकाशन गरेको हो । यस गीतसङ्ग्रहका तीन भाग छन् । पहिलो भागको नाम **बिहान,** दोस्रो भागको नाम **मध्यान्ह** र तेस्रो भागको नाम **साँझ** राखिएको प्रत्येक भागमा क्रमशः, ६, २८ र ३० गरी जम्मा ६४ ओटा गीतहरू यस सङ्ग्रहमा सङ्कलित देखिन्छ ।

यस गीतिसङ्ग्रहको पहिलो भाग **बिहान**का सबै गीतहरूमा देशप्रेम वा देशभक्तिको भावना पाइन्छ । **मध्यान्ह** दोस्रो खण्डमा प्रणय पिरतीका सुखद पक्षहरूलाई आधार बनाएका गीतहरू छन् भने **साँझ**मा विरह, वेदना र जीवन भोगाइका उतार-चढाव आदि पक्षसँग सम्बन्धित

गीतहरू सङ्गृहीत छन् ।[२५] प्रथम भागमा सङ्कलित छ ओटै गीतहरू देशभक्तिपरक छन् । **पहाडमा जाडो बढे, भाग खोसी आफन्तको, शहीदको रगत हो, जीवन दिने देश मेरो, उठाऊ माटो लगाऊ टिको** र **छाँगाको माया के भन्नु** बोलका यी गीतहरूका पहिलो बोलबाट नै गीतकारले देशप्रति आफ्नो समर्पणको भाव व्यक्त गरेका छन् । **जीवन दिने देश मेरो** बोलको गीतमा गीतकारले देश निर्माण र विकासका लागि आफ्नो जीवन नै अर्पण गर्न तयार रहेका कुरा व्यक्त गरेका छन् । उदाहरणको लागि :

अचाएर चोखिउँ म, वागमतीको पानी
निर्माणको निम्ति थपुँ, एउटा आफ्नो जुनी
अन्यायको बाढी रोक्दा, बलिदान हुँ म
मेरो लागि स्वर्ग पनि, देशभन्दा मुनि । ृपृ. १२

दिनेश अधिकारीको यस गीतिसङ्ग्रंहका दोस्रो र तेस्रो भागमा रहेका अधिकांश गीतहरू प्रणय भावसँग सम्बन्धित छन् । मध्यान्ह खण्डका २८ गीतमध्ये २७ वटा प्रेम प्रणयसँग सम्बन्धित छन् भने तेस्रो खण्डका ३० वटा गीतमध्ये २३ वटा गीतहरू प्रंणय भावको निराशाको अभिव्यक्तिसँग सम्बन्धित छन् । **लेख हेर कति राम्रो** बोलको गीतमा एक युगल जोडीले एकआपसमा मायाको उन्मादलाई विभिन्न प्राकृतिक बिम्बको सहायतामा यसरी व्यक्त गरेका छन् :

पुरुष : लेक हेर कति राम्रो
नारी : तिम्रो छाती जस्तो छैन
पुरुष : वेसी हेर झनै राम्रो
नारी : तिम्रो काख जस्तो छैन । ृपृ. १८

**फूलसँग बोलुँ कि म** बोलको गीतमा उनले एउटी वैशालु नारीको प्रेम प्रणयरूपी हृदयको चाहनाको अभिव्यक्ति यसरी दिएका छन् :

लालुपातेसँग आज
गालाहरू जोडुँ कि म ?
हरियाली पैंचो मागी
सारी चोलो फेरुँ कि म ? ृपृ. २२

यस सङ्ग्रहको भाग तेस्रो (साँझ) को **पग्लेर जाने हिउँ म होइन** बोलबाट गीतकारले प्रेमबाट धोका खाएपछि माया विनाको जीवन भोगाइका उताव-चढावहरूलाई यसरी प्रस्तुत गरेका छन् :

पग्लेर जाने, हिउँ म होइन
सुकेर जाने शीत म होइन
आफैं म बाटो, आफै नै यात्रा

[२५] जीवनलाल बन्जाडे, **गीतकार दिनेश अधिकारी,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. २०६१), पृ. २९-३७ ।

म अल्पी जाने मधुमास होइन । ृपृ. ५४

प्रस्तुत गीतिसङ्ग्रहका केही गीतहरू जीवनको परिभाषासँग सम्बन्धित देखिन्छन् । प्रस्तुत सङ्ग्रहमा सङ्कलित **काँढा हुन्छ मोड हुन्छ** (पृ. २१), **आज हो कि भोलिसम्म जिन्दगीको के भर छ** (पृ. ३८), **सोचेजस्तो हुन्न जीवन** (पृ. ५२) बोलका तीनवटा जीवन दर्शनमा आधारित गीतहरूमा गीतकार अधिकारीले मानिसको जिन्दगीले भोग्नु परेको असङ्गतिपूर्ण पक्षहरूलाई यथार्थ रूपमा चित्रण गरेका छन् । जस्तै :

सोचेजस्तो हुन्न जीवन
जस्तो भोग्यो उस्तै हुन्छ
देखेजस्तो हुन्न जीवन । ृपृ. ५२

**घ) इन्द्रजात्रा**

**इन्द्रजात्रा** काव्य दिनेश अधिकारीको एक मात्र प्रकाशित काव्य हो । यसको प्रकाशन वि.सं. २०५१ सालमा साझा प्रकाशन काठमाडौंबाट भएको हो । यस काव्य काठमाडौंबाट प्रचलित सांस्कृतिक पर्व इन्द्रजात्रासँग सम्बन्धित छ । नेवारी (ज्यापू) सम्प्रदायको लोकाख्यानलाई लिएर यो काव्यको रचना गरिएको देखिन्छ । यस सम्बन्धमा लेखक अधिकारी भन्छन् - “यो इन्द्रजात्रा त्यही लोक प्रसङ्गको अर्को अभिव्यक्ति हो ।”[२६]

नौ भागमा संरचित यस काव्यको प्रथम भाग **रात : स्यालले गस्ती लगाइरहेको बेला** हो । यस खण्डमा अँध्यारो परिवेशको चित्रण गर्दै स्वर्गबाट देवराज इन्द्रको दहचोक तर्फ आगमनप्रति आशङ्काभाव पोखिएको छ । दोस्रो खण्ड **मन : सच्याउन नसकिने भूल** इन्द्र धर्तीमा ओर्लिएपछि ज्यापूको बगैँचामा पारिजातको फूल देख्छन् र त्यो फूललाई टिप्छन् । इन्द्रले फूल चोरेपछि मानिसको पसिना चोर्ने पनि ईश्वर हुन्छ भन्ने विद्रोहभाव प्रस्तुत गरिएको छ । तेस्रो खण्ड **धर्ती : चोरहरूले लुट्ने ठाउँ/स्वर्ग चोरहरूले लुक्ने ठाउँ** मा ज्यापू परिवारले हुर्काएको फूल इन्द्रले चोरेर लगेपछि ज्यापू परिवार दुःख मनाउ गर्दै आफ्नो बगैँचामा पुनः अर्को फूल फुलाउन श्रमरत हुन थाल्छ भने स्वर्गमा इन्द्रले आफ्नी प्रेयषी इन्द्राणीलाई केशराशीमा पारिजातको फूल सिउरिदिँदै रम्न थालेको घटनालाई काव्यमा यसरी प्रस्तुत गरिएको छ :

मानौँ एउटा अर्को स्वर्ग जितेको विश्वासमा
मायाले चुल्ठो स्याहार्दै
र, जतनले पारिजातको फूल सिउरिदिँदै
माथि स्वर्गमा
इन्द्र ओठहरू बोलिरहे-
अहा ! कति राम्रो सुहाएको छ तिमीलाई यो ृपृ. १९

यस काव्यको चौथो खण्ड **सूर्य सत्य हो** मा ज्यापूले पारिजात-चोरिका ज्यादतीको प्रतिरोध गर्न तन्त्रमन्त्र साकार भई इन्द्र पारिजातको फूल चोरी गर्न लाग्दा टपक्क टासिन पुगेको

[२६] दिनेश अधिकारी, **इन्द्रजात्रा** (काठमाडौं : साझा प्रकाशन, २०५१), अग्रभागबाट ।

रोमाञ्चकारी घटना प्रस्तुत गरिएको छ । पाँचौ खण्ड **फेरी एउटा आडम्बर** मा आफूले गरेको कार्यप्रति इन्द्रले आत्मालोचना गरेका छन् । छैटौं खण्ड **धर्ती, प्राप्तिको अन्तिम श्रेणी हो** मा मानिसको कुभलो गर्ने देवराज इन्द्र प्रति वितृष्णाको भाव पोखिएको छ । अब ईश्वरको पूजा गर्न छोड्नुपर्छ, जसले समग्र मानव जातिको कल्याण गर्छ त्यहीँ मानिस नै ईश्वर हो भन्ने मानवतावादी चिन्तन काव्यमा यसरी प्रवाहित भएको छ :

अन्धाधुन्ध ईश्वरको पूजा गर्न छोडेर
आफ्नै दौँतरीहरूसँग रमाऊ मान्छेहरू !
आफ्नै छिमेकी हातहरू समाऊ मान्छेहरू !
के चिन्न सक्छ ईश्वरले मान्छेलाई पृ. ५६

यस काव्यको सातौँ खण्ड **प्रारम्भ-एउटा नयाँ इतिहासको** हो । यसमा मानव-नायक ज्यापूले अपराध सावित इन्द्रलाई माफि नदिने र यदि इन्द्रले गल्ती स्वीकार गरेमा सधैँ कैद पनि नगर्ने विचार सुनाइएको छ । आठौँ खण्ड **समयको पनि आँखा हुन्छ** मा काव्यकारले नायक ज्यापूलाई इन्द्रलाई हराउन सफल रहेकोमा बहादुरीको प्रशंसा गर्दै ज्यापूलाई बधाई दिइएको छ । नवौँ खण्ड **इन्द्रजात्रा : सत्यलाई अविराम अभिनन्दन**मा इन्द्रले ज्यापूसमक्ष हार स्वीकारी वार्षिक हाजिरीको तारेख बुझाउन इन्द्र धर्तीमा आउने र यो समग्र मानव जातिको (श्रमजीवीको) वार्षिक उत्सव हो भन्ने प्रसङ्गलाई काव्यकार यसरी अभिव्यक्त गर्दछन् :

इन्द्रजात्रा
अर्थोक केही होइन- यो
आफ्नो अपराधबापत
सजाय भुक्तान गर्न
इन्द्र-
हामीकहाँ हाजिर बुझाउन आएको मात्र हो पृ. ७९

प्रस्तुत काव्यमा काव्यकार अधिकारीले लोकाख्यानलाई कल्पनाशीलताको जलप लगाइदिएका छन् । यसमा श्रमजीवी नायक ज्यापू र खलनायक विलाशी इन्द्र बीचको वर्ग संघर्षलाई देखाइएको छ । अन्तमा, विलासी वर्गको हार र श्रमजीवी वर्गको जित देखाई मानवतावादी-प्रगतिवादी चिन्तन प्रस्तुत गर्न काव्यकार सफल छन् ।

### ङ) आफ्नै मन : आफ्नै आँगन

गीतकार दिनेश अधिकारीको दोस्रो गीति सङ्ग्रह **आफ्नै मन : आफ्नै आँगन** २०५४ सालमा प्रकाशित भएको देखिन्छ । यस गीति सङ्ग्रहमा विभिन्न प्रकृति र विषयवस्तुका ८७ वटा गीतहरू सङ्कलित छन् । प्रस्तुत गीति सङ्ग्रह कुनै भाग वा खण्डमा विभाजित देखिँदैन । प्रत्येक पृष्ठमा क्रमशः गीतका शीर्षक राखी प्रकाशन गरिएको छ ।

प्रस्तुत कृतिमा सङ्कलित गीतहरूको रचना पक्षतिर दृष्टि दिँदा राष्ट्रप्रेम, जीवनदृष्टि, प्रकृतिप्रेम, प्रणयभाव तथा मानवीय संवेदना आदि देखिन्छ । यस सङ्ग्रहमा सङ्गृहीत सुरुका ६/७

गीतहरूमा देशप्रतिको माया, कर्तव्य र समर्पण भाव रहेको छ ।[२७] **नेपाल मेरो प्राप्ति, नेपालको सुखदुःख जान्नेहरूसँग, मर्दा पनि म, प्यारो प्यारो धर्ती** र **निर्मल यी झर्ना** शीर्षकका गीतमा गीतकार अधिकारीले देशको प्राकृतिक भूबनोट र सुन्दरताको चित्रण गर्नुको साथै सबै नेपालीलाई गाँस, बास, कपास, शिक्षा र स्वास्थ्यको समानताको माग गरेका छन् । जस्तै :

कुमहरू च्यातिएको कमिज हो हाम्रो देश
योजनाको फाइलमा त्यही फोटो हुनुपर्छ ।
ठूलो सानो भेदभाव देख्यो कि त धुनुपर्छ
यौटा घर एउटा गोठ सबैसँग हुनुपर्छ ।
हिँड्न सक्ने नानीहरू स्कूलमा हुनुपर्छ
रोगीलाई ओखतिमा जिन्दगी दिनुपर्छ । पृ. २

**प्यारो प्यारो धर्ती मेरो** बोलको गीतमा अधिकारीले हाम्रो देशको प्राकृतिक भू-बनावट र सुन्दरताको चित्रण यसरी गरेका छन् :

हाँसिराख हिमचुली
प्रभातको फावा खोली !
फुलिराख पाखाहरू
गुराँस भै फेरिफेरि पृ. ५२

यस सङ्ग्रहमा सङ्गृहीत गीतहरू मध्ये २० वटा गीतहरूले (पृष्ठ : ९,१०, ११, १२, १३, १४, १५, १६, १७, ४५, ४६, ४९, ५१, ५३, ५९, ६२, ६७, ७३, ७४, ७६ र ८०) विभिन्न पेसा, वर्ग र समुदायको मानिसको जीवनदृष्टि प्रस्तुत गरिएको छ । **घाम झर्नुभन्दा अघि, धानेको छु आफ्नो जुनी, रक्सी बेचैँ आलु बेचैँ, मेरो भन्नु ओताउनु छानो पनि छैन, कहिले पेज भर्ने हो** जस्ता बोलका गीतहरूमा गीतकारले समकालीन समयको विसंगतिवादी सामाजिक संरचनाले मानिसको मन र मस्तिष्कमा उत्पन्न अवस्थाको चित्रण मार्मिक ढंगले गरेका छन् । उदाहरणको लागि :

मेरो भन्नु ओताउनु छानु पनि छैन
पैँचो दिने अन्न छैन, मानु पनि छैन
कसो गरी काट्नु जुनी ? कहाँ राख्नु मन ?
किसान हुँ तर आफ्नो खेतवारी छैन ! पृ. १३

यस पुस्तकमा सङ्गृहीत गीतहरूमध्ये लगभग ६० वटा गीतहरू प्रणय भावयुक्त देखिन्छन् । प्रस्तुत सङ्ग्रहको १८ औं **ढुक्ढुक् ढुक्ढुक्** बोलको गीतबाट उनी प्रेम प्रणयको भावतिर झुकेको देखिन्छ । यस गीतमा यौवनले उन्मत भएकी एउटा वैशालु युवतीको उमेरसँगसँगै हुर्किएको जवानी र रूपमा आएको परिवर्तन देखेर दुनियाँको मन लोभी पापी भएको भावनालाई गीतकार अधिकारी यसरी व्यक्त गर्दछन् :

---

[२७] जीवनलाल बन्जाडे, **गीतकार दिनेश अधिकारी**, पूर्ववत्,पृ. ४१ ।

हुर्किएको वैंश मेरो अङ्गअङ्ग तरङ्ग छ

मात लाग्ने ओठ आँखा गालाभर वसन्त छ

मेरो छेउ इन्द्रेणीले छोप्नु पर्छ आफ्नो मुख । पृ. १८

**यो पानी ! कस्तो बेइमानी** बोलको गीतमा विभिन्न बिम्ब र प्रतीकको प्रयोगको माध्यमले श्रृंगारिक भाव व्यक्त गरेका छन् । यहाँ पानीलाई पुरुष बिम्बको रूपमा प्रयोग गरी उन्मत्त यौवनको बेला कामबासनाले सताएकी एक नारीको स्वभाविक यौनमनोविश्लेषण गरिएको छ । जस्तै :

यो पानी ! कस्तो बेइमानी
चुम्छ मेरो अङ्ग अङ्ग लाजै नमानी
पखालेर लैजान्छ झैं शरीरको सुनखानी
नाइँ भन्ने नदिएर गर्न थाल्यो मनोमानी ! पृ. २५

त्यसै गरी **आज पनि तिम्रै हुँ म, कति मीठो कति न्यायो, परेलीमा रात पर्ला है, फूल देखें फूल राम्रो, छातिभित्र कति कुरा र खुसी छु म आज** जस्ता बोलका गीतहरूमा प्रेमी-प्रेमिका बीचका श्रृंगारिक भाव, विछोडका व्यथाको अभिव्यक्तिको साथै प्रेमप्रति समर्पण भाव पाउन सकिन्छ ।[२८]

**च) अतिरिक्त अभिलेख**

**अतिरिक्त अभिलेख** कवितासङ्ग्रह दिनेश अधिकरीको प्रकाशनको दृष्टिले चौथो कवितासङ्ग्रह हो । साझा प्रकाशन ललितपुरद्वारा वि.सं. २०५६ सालमा प्रथम पटक प्रकाशित यस कृतिको दोस्रो संस्करणमा २०५७ सालमा साझा प्रकाशनबाट नै भएको हो । गद्य र गीति लय ढाँचामा आधारित ५१ ओटा कविता रहेको यस कवितासङ्ग्रहमा ११२ पृष्ठ छन् । कृतिभित्र समाविष्ट शीर्षकहरू : **इश्वर र मान्छे, आफ्नै विरुद्धमा, जिन्दगी, चेतनाको पीडा, भाउजू र सुनका दाँतहरू, झूलभित्रको मान्छे, पराजित आतङ्क, छुट्टीको दिन, छेकिएको यथार्थ, मेरो गुनासो : मेरो हजुरको नाममा, मान्छे हुनुको नियति, भजन, एउटा गुफाको कथा, घर, आकाश, ओखल, विभाजित मृत्यु, भजन, एउटा गुफाको कथा, घर, आकाश, ओखल, विभाजित मृत्यु, कुकुर, म र मेरा आफन्तहरू, उपियाँको परेड, पानीको गाँठो, एउटा सल्लाह, एकादेशमा, तिम्रो अनुपस्थितिमा, बासी वर्तमान, एक्लै हिँड्दाको आनन्द, मृत्यु: बिनाचिहानको, षड्यन्त्र, निबन्ध बन्धन, बहिलो शासन, नि:शब्द अभिव्यक्ति, यात्राको यो मोडमा, आजको मान्छेको कविता, यात्रा, उखुको मुरली, फूल, हिटलरको दुर्भाग्य, विहे (प्रसङ्ग १), बिहे (प्रसङ्ग २), कर्फ्यु र मान्छे, लाटोकोसेरो, एउटा यस्तो उत्सव, अनुहार हराएको मान्छे, तानाशाही माया, इतिहास, आफ्नै मृत्युमा, केही संवाद-कविताहरू, चराहरू मेरा साथी हुन्, डर, फीँजको सुन्दरता** र **बादलको तस्विर** हुन् ।[२९] यी कविताहरूमध्ये धेरै कविताहरू विभिन्न समयमा मधुपर्क, गरिमा, अभिव्यक्ति, गोरखापत्र, सौरभ, कविता, सुसेली, वगर,

---

[२८] ऐजन, पृ. ४७-५० ।

[२९] दिनेश अधिकारी, **अतिरिक्त अभिलेख**, (काठमाडौं : साझा प्रकाशन, ०५७), कविताक्रमबाट ।

बन्दना र नवऋचा पत्रिकामा प्रकाशित भइसकेका कविताहरू छन् भने **जिन्दगी, मान्छे हुनुको नियति, आकाश, एउटा सल्लाह, षड्यन्त्र, विहे** (**प्रसङ्ग** २) र **आफ्नै मृत्युमा** शीर्षकमा कविताहरू प्रथम पटक यसै सङ्ग्रहमा प्रकाशित भएका हुन् ।[३०]

मदन पुरस्कारद्वारा सम्मानित यस कविता सङ्ग्रहमा कवि दिनेश अधिकारीले जीवन जगत् र मावनीय प्रेम सम्बन्धी विभिन्न प्रसङ्ग उठाएका छन् । जीवनका अभाव, पीडा, नैराश्यता र विसंगत यथार्थतालाई सहज ढंगले प्रस्तुत गर्दै ढोँगी र पाखण्डी प्रवृत्तिको विरोध गर्दछन् । २०५४ सालदेखि २०५६ सालसम्मका रचनाहरू सङ्गृहीत प्रस्तुत कविता सङ्ग्रहमा अधिकारीले अन्याय र अत्याचारको विरोध, गलत इसारामा हिँड्नेहरू र निगाहामा बाँच्नेप्रति खेद, मातृभूमिप्रति श्रद्धा र प्रेम, निरङ्कुश शासनको विरोध, जिन्दगीप्रतिको मोह, प्रेम र श्रमको सम्मान र आडम्बरीहरूको बनावटी संसार भत्किएको दृश्य उतारेका छन् । उनका कविताका मूल विषयवस्तु भनेको आफ्नै वरिपरिको परिवेश र मान्छे बाँच्नुको यथार्थता रहेको छ ।

कवि अधिकारीले **लाटोकोसेरो** कवितामा लाटोकोसेरोवृत्तिको उजागर गरेका छन् । अध्यारोँसित डराउने र उज्यालोसित डराउने दुवै थरी लाटोकोसेराप्रति यसरी विरोध प्रदर्शन गरेका छन् :

दुवैथरी लाटाकोसेराहरू छन् अहिले संसारमा
एक थरी लाटोकोसेरो
आकाशको छानो ओढेर रुखमा बस्छ
र अर्को थरी लाटोकोसेरो-
अर्दली उभ्याएर मूल ढोकामा
र, पर्दाहरू टाँगेर झ्यालहरूमा
काला कुराहरू सोच्दै
महलभित्रको-
कुनै अँध्यारो कोठामा समय काट्छ । पृ. ८२

**हिटलरको दुर्भाग्य** शीर्षकको कवितामा कविले हिटलर प्रवृत्तिप्रति रोष प्रकट गर्दै यो संसारलाई युद्धले होइन माया र प्रेमले आफ्नो वशमा पार्न सकिन्छ भन्ने कुरालाई प्रस्तुत गरेका छन् । उदाहरणको लागि कविताको केही अंश :

म त भन्छु -
दुर्भाग्य नै हो यो उनीहरूको पनि
एकैछिन मात्र पनि बच्चासँग खेल्न पाएको भए
मान्छे भुट्नुको अर्थमा
नेपोलियन पनि सायद विश्वविजयपट्टि लाग्ने थिएन
हिटलरले पनि विश्वसम्राटको सपना देख्ने थिएन ! पृ. ७६

---

[३०] ऐ, परिशिष्टबाट ।

नेपाली जनजीवनको यथार्थ चित्रण **उपियाँको परेड** कवितामा उतारिएको छ । ०५३ सालमा पहिलो पल्ट प्रकाशित यस कवितामा कवि अधिकारीले २०४६ को परिवर्तनबाट पनि नेपालीहरूको जीवनस्तरमा खासै सुधार नआएको दृश्यलाई यसरी प्रस्तुत गर्दछन् :

खै, कहाँबाट आएर
ममाथि यसरी परेड खेलिरहेछन्, उपियाँहरू
जीवनको महक
अब सर्वत्र अनुभव हुन थालेको छ
टोक्न पाएर उपियाँहरू रमाएका छन्
र, तिनकै टोकाइको कारण
जिउँदो हुनुको चेतना मभित्र फरफराउन थालेको छ
अनुभवको एउटा मीठाको उत्सव मनाइरहेछु म यतिखेर
चैत भएर ृपृ. ४२

प्रस्तुत कृतिमा रहेका कविताहरू स्वच्छन्द प्रकृतिका छन् । बोधगम्य प्रतीकको उपस्थिति रहेको यस कविता सङ्ग्रहको भाषाशैली सरल छ । यस सङ्ग्रहको मूल सन्देश समाजसुधार हो ।

**छ) मन र मोडहरू**

गीतकार दिनेश अधिकारीको तेस्रो गीतसङ्ग्रह **मन र मोडहरू** साझा प्रकाशनले २०६३ सालमा प्रथम पटक प्रकाशन गरेको देखिन्छ । १०६ पृष्ठमा फैलिएको यस गीतसङ्ग्रहमा विभिन्न विषयवस्तुका १०६ वटा गीतहरू सङ्गृहीत छन् । प्रत्येक पृष्ठमा छुट्टाछुट्टै गीतका शीर्षक राखी प्रकाशन गरिएको छ ।

यस गीतसङ्ग्रहका सुरुका १० वटा गीत राष्ट्रिय भावनाले ओतप्रोत भएका गीतहरू छन् भने अधिकांश गीतहरू प्रेमप्रणयका भावना आधारित छन् । **मान्छेले किन, नाम्लोमा खापी** र **जानैपर्छ सबै छोडेर** जस्ता बोलका केही गीतहरूमा जीवनदृष्टि तथा मानवीय संवेदना पाइन्छ । राष्ट्र र राष्ट्रियताप्रति समर्पण भएका उनका गीतमा धर्म, संस्कृति र जातिको आधारमा विभेद गर्न नहुने, राष्ट्रमा शान्ति छाउनु पर्ने, आर्थिक विभेदको अन्त्य हुनु पर्ने, निजी स्वार्थ त्यागी राष्ट्रको माया गर्नुपर्ने र समतामूलक समाजको निर्माण गर्नु पर्ने चिन्तन पाइन्छ । **भोकले कोही नमरोस्** बोलको गीतमा गीतकार अधिकारीले आर्थिक समानताको वकालत यसरी गर्दछन् :

भोकले कोही नमरोस्
आँसुमा कोही नझारोस्
यो देश सबको प्यारो होस्
अँध्यारो छेउमै नपरोस् । ृपृ. १

देशप्रतिको असिम माया, ममता र श्रद्धालाई गीतकारले **यो देश आफ्नो हो भन्छौ त** बोलको गीतमा यसरी प्रकट गरेका छन् :

माग्दैन केही देशले, जे सक्छ दिन्छ हुनेले

नखोसे पुग्छ आमाको छातीको वस्त्र तिमीले
इमान दिए त्यही ठूलो, पसिना दिए झन् जाती
श्रद्धाले माटो समाते हुनेछ, त्यही फूलपाती ।     ृपृ. ५

**मान्छेले किन** बोलेको गीतमा मान्छेले मान्छेलाई मारी विजयोत्सव मनाउने दानवीय प्रवृत्तिको उजागर गरिएको छ । गीतकार अधिकारीले मरेको मान्छेको कारुणिक भावहरूलाई प्रस्तुत गर्दै मृत आत्माले हत्या हिंसाले संलग्न समूहलाई गरेका मानवीय प्रश्न यसरी प्रस्तुत गरेका छन् :

खुसीले टीको लाउँथें हुँला मै पनि दसैंको
नाचे नै पनि हाँसेर मैले के जान्थ्यो कसैको ?
अबला मलाई मारेर तिमीले के पायौ भन न !
कि आयु बढ्यो ? कि लाली चढ्यो ? कि फर्क्यो जोबन ? ृपृ. १०

**नाम्लोमा खापी** बोलको गीतमा गीतकारले एउटा गरीब नाम्लेको जीवनवृत्तिलाई प्रस्तुत गरेका छन् । नाम्लेलाई बाँच्न भन्दा मर्न सजिलो हुँदै गएको कुरा अधिकारी यसरी व्यक्त गर्दछन् :

पिठ्यूँमा बोकी अर्काको दसैं
लेक र बेसी गर्छु म सधैं
किताबी कुरा बुझ्दिनँ म त
बाँच्नको लागि मर्दै छु अझै

यस गीतसङ्ग्रहमा सङ्गृहीत गीतहरू मध्ये लगभग ८० वटा गीतहरू प्रणय भावयुक्त देखिन्छ । उनका गीतहरूमा प्रणयमा रम्ने चाहना, माया बसेपछिका मनमा खुसी र उल्लासका क्षणहरू, प्रेमी प्रेमिकाबीच भएका चोखा भावनाहरूको आदान-प्रदान, विछोडको समयमा विरह-वेदना, व्यथा र पीडाको अभिव्यक्तिका भाव पाइन्छ ।

प्रेमको बन्धनमा बाँधिएपछि मानिसको स्वभाव र रुचिमा परिवर्तन देखापर्छ । मनका चाहनाहरू बदलिन्छन्, हृदय गतिशील तथा चञ्चल हुन्छ, छटपटी हुन्छ भन्ने भाव **तिमी राजी म राजी** बोलको गीतमा देखिन्छ । जस्तै :

तिमी राजी म राजी
अब रहयो के बाँकी
बिताऊँ यो जिन्दगी
पिरतीले मन भाकी ! ृपृ. १९

जब नर-नारी बाधिन्छन् । एकले अर्कोलाई विश्वास र समर्पण गर्छन् अनिमात्र मनका खुसी र पीडा व्यक्त हुन्छन् । यस्तै भावमा गीतकारले **होला नहोला** बोलको गीत रचेका छन् । जस्तै :

पुरुष : म काटुँला रात आँखामा तिम्रो
नारी : म हासुँला मनको पाखामा तिम्रो

पुरुष : चढौँला उकाली, झरौँला ओराली
नारी : म बाटुँला माया, मायामा तिम्रो !

निस्वार्थ प्रेम ज्यादै अनौठो वस्तुको रूपमा हृदयमा रहिरहन्छ एकछिन प्रेमी वा प्रेयसीलाई नदेख्दा आफैँ हराएझैँ लाग्छ । अझ प्रेयसी टाढा हुँदा जीवन जीउन गाह्रो हुने यथार्थलाई गीतकार **थाहै थे' न यस्तो हुन्छ** बोलको गीतमा यसरी व्यक्त गरेका छन् :

रुनुभन्दा गारो रै' छ
सुख एक्लै भोग्नुपर्दा
दुःख लाग्छ एक्लै बसी
फूलको छेउ सास फेर्दा
आफ्नै रूप बिझाउँछ परेलीको वरिपरि
थाहै थे' न यस्तो हुन्छ तिमी टाढा हुँदाखेरि (पृ. ३४)

प्रस्तुत गीत सङ्ग्रहमा सङ्गृहीत अन्तिम तीन शीर्षकका गीतमा मानव भलाइको कामना गरेका छन् । **जयजय माता विन्ध्यवासिनी, खै के मागूँ !** र **इच्छा** बोलका गीतमा क्रमशः अधिकारी परभलाईको कामना गर्दछन् । आफ्नो जिन्दगीको इच्छा चहराइरहेको घाउमा मलम लगाउनु तथा ज्ञानको ज्योति छर्दै भेदभावरहित समाजको निर्माण गर्नु हो भन्ने भाव **खै के मागूँ !** र **इच्छा** बोलका गीतमा यसरी प्रस्तुत गरेका छन् :

अरूको निम्ति बाँच्न सकूँ म, कोही कसैमा भेद नहोस्
ज्ञान हो मुक्ति, ज्ञान हो बाटो, ज्ञानको ज्योति छाइरहोस्
सरस्वती ! तिमी सरस्वती !
भन-सुकिलो होस् सबको गति ! (पृ. १०५)
शक्ति देऊ ! बाँड्न सकूँ अरूको दुखाइ
प्रभु ! मेरो जिन्दगीको यही होस् कमाइ (पृ. १०६)

## ५.५ कार्तिकेय घिमिरे

कार्तिकेय र घिमिरे उदीयमान साहित्यिक प्रतिभा हुन् । उनले नेपाली र अङ्ग्रेजी भाषामा कलम चलाएका छन् । नेपाली साहित्यका कथा, कविता, निबन्ध (फिचरहरू), उपन्यास, सम्पादन र समसामयिक लेखजस्ता विभिन्न विधामा कलम चलाएका घिमिरेको मूल चिनारी बालसाहित्यकार नै हो । स्रष्टा कार्तिकेय घिमिरेको हालसम्म तीन दर्जन पुस्तक प्रकाशित भएकोमा अढाइ दर्जन पुस्तकहरू बालसाहित्यसँग सम्बन्धित छ । यहाँ उनको नेपाली भाषामा प्रकाशित कवितासङ्ग्रह, कथासङ्ग्रह र बालकथासङ्ग्रहको सङ्क्षिप्त अध्ययन गरिन्छ ।

### क) मुर्दालाई दुख्दैन

**मुर्दालाई दुख्दैन** कवितासङ्ग्रह कार्तिकेय घिमिरेको प्रथम प्रकाशित कवितासङ्ग्रह हो । यो कृतिलाई जमर्को युवा समूह, सर्लाहीले २०५७ सालमा प्रकाशित गरेको देखिन्छ । प्रस्तुत कवितासङ्ग्रहभित्र १४ वटा फुटकर कविताहरू रहेका छन् । कृतिभित्र समाविष्ट शीर्षकहरू **बादलको धर्ती चाहन्छु, आकाश पढेपछि, एकटुक्रा सूर्य, पीडाको सगरमाथा, शब्दहरूको देश,**

**आजको प्रजातन्त्र, मुर्दालाई दुख्दैन, एउटा दक्षिणकाली, लाहुर सपना र यथार्थ, शान्ति केवल निद्रामा, म भित्रको साँढे, भक्तराजको भविष्य, विष्फोटकको प्रतीक्षामा छ मेरो देश** र **शहीद** हुन् ।[३१] यी कविता मध्ये १० कविताहरू विभिन्न समयमा **बगर, रचना, शिवपुरी सन्देश, साहित्य संसार, विश्वदीप, गुञ्जन, गतिविधि, साप्ताहिक** र **औडाहा** जस्ता पत्रिकामा यस अगाडि नै प्रकाशित भइसकेका छन् ।

प्रस्तुत कवितासङ्ग्रहमा कवि कार्तिकेय घिमिरेले आफू बाँचेको समाज र परिवेशको विश्लेषण गरेका छन् । जीवनको अभाव, पीडा र वास्तविक यथार्थतालाई कविले बडो सहज पाराले अनुभूतिका रङ्गहरूमा डुबाएर पस्किएका छन् । आत्मानुभूतिलाई इमान्दारितापूर्वक अभिव्यक्ति गर्ने घिमिरेका कविता पठनीय छन् । यस सङ्ग्रहमा सङ्गृहीत कविताले नेपाली जनजीवनको साश्वत पक्षलाई पनि उद्घाटन गरेको छ । समाज परिवर्तनको लागि व्यक्तिभित्र रहेको मिचाहा प्रवृत्ति (साँढेवृत्ति) ध्वस्त पारी सुकुमार विरुवा उमार्नु पर्छ । उसले साझा मानवताको भाषा बोल्नुपर्छ, सबैसँग मिलेर हिँड्न जान्नुपर्छ अनिमात्र देश परिवर्तनतर्फ उन्मुख हुन्छ भन्ने भावलाई घिमिरेले **मभित्रको साँढे** कवितामा यसरी प्रस्तुत गरेका छन् :

आफू मात्र आफ्नो लागि होइन
सम्पूर्ण मान्छेको निमित्त
बाँच्न चाहन्छु म
सम्पूर्ण जीवनको लागि
बाँच्न चाहन्छु
म, म मलामी जान चाहन्छु
मभित्रको साँढेको
मभित्रको अहङ्कारको ॥ पृ. १०६

**मुर्दालाइ दुख्दैन** शीर्षक कवितामा कवि घिमिरेले मुर्दा मानसिकता बोकेर जिउने मानिसहरूप्रति रोष प्रकट गर्दै मुर्दा हुनुमा गौरव गर्नेहरूप्रति घोषणा गर्दै भन्दछन् । जस्तो :

र, म घोषणा गर्नेछु
तिमी मुर्दाको पर्याय भएर
मुर्दालोकमा उभिएका छौ
अनि हामी मुर्दाहरू
मुर्दा हुनुमा
गर्व गरिरहेका छौ
मुर्दा मानसिकता बोकेर पृ. ७

प्रस्तुत कृतिमा रहेका कविताको काव्यशैली सहज, सरल र स्वभाविक तथा सम्प्रेषणीय छ । कविता गतिमयता, लयात्मक र गीतात्मकता छ ।

## ख) भ्यागुताको प्रजातन्त्र

[३१] कार्तिकेय घिमिरे, **मुर्दालाई दुख्दैन,** (सर्लाही, जमर्को युवा समूह, ०५७), कविताक्रमबाट ।

**भ्यागुताको प्रजातन्त्र** कार्तिकेय घिमिरेको बालकथा सङ्ग्रह हो । यसको प्रथम प्रकाशन २०५७ सालमा साझा प्रकाशनले गरेको हो । यस कृतिको पहिलो र दोस्रो संस्करण पनि साझा प्रकाशनबाट नै भएको देखिन्छ । मूल्य रु. ३५ भएको कृतिभित्र २२ पृष्ठहरू रहेका छन् ।[३२] यस कृतिभित्रका कथाहरू **साथी, दिदीको कथा, सबैको रगत रातो, नयाँ जीवन, भ्यागुताको प्रजातन्त्र, मनको मन्दिर** र **दसैँ** शीर्षकमा छन् ।[३३]

**साथी** यस कृतिको प्रथम कथा हो । यसमा सुजन र सन्ध्याको बालसुलभ स्वभावको चित्रण गरिएको छ । **दिदीको माया** कथामा सलिलले दिदीप्रति देखाएको माया, प्रेम र सद्भावको वर्णन गरिएको छ । **सबैको रगत रातो** कथामा मानवेत्तर पात्रको प्रयोग गरिएको छ । काला भ्यागुताहरू र सेता भ्यागुताहरू नै यस कथाका मूल पात्र हुन् । काला भ्यागुतालाई गोरा भ्यागुताले हेला गर्थे । एकदिन सेता भ्यागुताहरू दुर्घटनामा परे र सबैलाई रगतको आवश्यकता पऱ्यो । यस अवस्थामा काला भ्यागुताहरूले रगत दिई सबै सेता भ्यागुताहरूको ज्यान बचाई दिए । यहाँ कथाकारले मानवेत्तर पात्र भ्यागुताको माध्यमद्वारा जातीय विभेदको अन्त्य हुनुपर्ने सुझाव दिएका छन् ।

**नयाँ जीवन** कथामा पहिरोमा बाबा आमा गुमाएकी राधाको कथा रहेको छ । आफ्नो कोही नभएपछि शहरमा अर्कोको घरमा बसेकी राधालाई मालिक्नीले स्कुल भर्ना गरिदिने भनेपछि उसको नयाँ जीवनको सुरु भएको अनुभूति गर्छे । **भ्यागुताको प्रजातन्त्र** कथामा कथाकारले भ्यागुतोलाई मानवीकरण गरी प्रजातन्त्रको वकालत गरेका छन् । ग्रिनपार्क राज्यको राजा काठे भ्यागुताको सुशासनको कारणले गर्दा राज्य शान्त र जनता एकआपसमा मिलेर बसेका थिए । राजा र जनताको यस्तो सम्बन्ध देखेर लम्पट भ्यागुता (व्यापारी) लाई डाहा लाग्छ । यहाँ लम्पट भ्यागुतालाई अवसरवादी चरित्रको रूपमा प्रस्तुत गरिएको छ । लम्पट भ्यागुताले प्रजातन्त्र खोसी दमन गर्नुहोस् भनी दिएको सुझावलाई राजा काठे भ्यागुताले ठाडै अस्वीकार गर्छन् । स्वतन्त्रतामा मात्र व्यक्तिको सर्वाङ्गीण विकास हुन सक्छ भन्ने महान विचार राख्ने राजा भ्यागुता आजको युगको प्रतिनिधि पात्रको रूपमा रहेको छ ।

**मनको मन्दिर** कथामा ईश्वर सजिसजाउ भएको मन्दिरमा बस्दैनन्, उनी त असहायको मनमन्दिरमा सजिएका हुन्छन् । त्यसैले बूढापाका, अन्धा, अपाङ्ग र असहायको सेवा गर्नु पर्दछ भन्ने शिक्षा दिइएको छ । **दसैँ** कथामा चाडपर्वमा बुबा नहुँदा बालक छोरा छोरीमा पर्ने प्रभाव तथा पतिबाट त्यागिएकी पत्नीले बेहोर्ने विविध समस्याको चित्रण गरिएको छ ।

यस सङ्ग्रहमा बालबालिकाले देखेभोगेका स-साना विषयवस्तुमा कथा गुँथिएका छन् । आफ्नै स्तर सुहाउँदो र आफू वरिपरिको वातावरणसँग सम्बन्धित भएकोले यी कथाहरू बालपाठकको लागि रुचिपूर्ण र शिक्षाप्रद छन् ।

**ग) परीको कल्पना**

---

[३२] कार्तिकेय घिमिरे, **भ्यागुतोको प्रजातन्त्र,** (काठमाडौं : साझा प्रकाशन, दोस्रो संस्क., २०६४), अग्रभागबाट ।

[३३] ऐजन, कथाक्रमबाट ।

**परीको कल्पना** कार्तिकेय घिमिरेको पाँचौ प्रकाशित बालकथा सङ्ग्रह हो । यसको प्रथम प्रकाशन २०६० सालमा र दोस्रो संस्करण २०६४ सालमा विद्यार्थी प्रकाशन प्रा.लि. कमलपोखरी काठमाडौंले गरेको हो । मूल्य रु. ३५ भएको यो कृतिभित्र २४ पृष्ठहरू रहेका छन् ।[घढ] यस कृतिभित्रका कथाहरू- **परीको कल्पना, नयाँ वर्ष, चितीले खेल्यो होली, पिरिरीको देशप्रेम, राजन माया नमार है !, बिदाको बेला** र **ठूलीकान्छी दिदी** शीर्षकमा छन् ।[घछ]

**परीको कल्पना** शीर्षकको कथा प्रस्तुत सङ्ग्रहको पहिलो कथा हो र कृतिको नाम समेत त यसैसँग जोडिएको छ । यस कथाको मुख्य पात्र परीलोककी गोरी परी रहेकी छिन् । सहायक पात्रको रूपमा गोरी परीकी मामा र सानी बच्ची रहेका छन् । यस कथामा गृहयुद्धले बालबालिकाको कोमल ्मस्तिष्कमा पार्ने प्रभावको चर्चा गरिएको छ । युद्धले कसैलाई पनि फाइदा गर्दैन यसले विनासै विनास निम्त्याउँछ । त्यसैले यस धर्तीमा रहेका सम्पूर्ण मानिसलाई भाइचाराको व्यवहार गर्नुपर्छ भन्ने शिक्षा दिनु नै यस कथाको मुख्य उद्देश्य हो । **नयाँ वर्ष** कथामा लेखकले सर्लाहीको बेताली गाउँको परिवेशलाई लिएका छन् । यसमा कथाकार घिमिरेले मानवेत्तर पात्रको सिर्जना गरी घटनाक्रमलाई रोमाञ्चक तरिकाले प्रस्तुत गरेका छन् । मुख्य पात्रको रूपमा प्रस्तुत गरिएको च्यान्टे कमिलाले कथावस्तु अगाडि बढाउँछ । च्यान्टे कमिलाले नयाँ वर्ष तडकभडकले नमनाई बूढा-पाका कमिलालाई मिठाइ खुवाएर रथमा राखी गाउँ घुमाउने नयाँ परम्पराको थालनी गर्छ । च्यान्टे कमिला बालप्रतिनिधि पात्रको रूपमा प्रस्तुत गरिएको यस कथाको मुख्य शिक्षा आफूभन्दा ठूलालाई सम्मान गर्नुपर्छ भन्ने हो ।

**चित्तीले खेल्यो होली** कथा यस कृतिको तेस्रो कथा हो । यसमा पनि लेखकले मानवेत्तर पात्रहरू- बाघ, भालु, चितुवा, बाँदर, चित्ती खरायो र अन्य जनावरहरू छन् । चित्ती बच्चो खरायोलाई मिलनसार र समन्वयकारीको भूमिकामा प्रस्तुत गरिएको छ । भुन्टे चितुवा र कालु भालुबीचको दुश्मनी बढ्दै गएको दृश्य देखाइएको छ । फागू पूर्णिमाको होली पर्वमा चित्ती खरायोले नयाँ जुक्ति सुझायो । उसले चितुवा र भालु दुवैलाई अबीर दलि एकआपसमा मित्रताको हात बढाउन बाध्य पार्‍यो र सबै जनावरले माया र सद्भावले होली खेले । मानवेत्तर पात्रलाई मानवीकरण गरेर प्रस्तुत गरिएको यस कथाले चाडपर्वबाट माया र सद्भाव अर्थात भाइचाराको सम्बन्ध कायम गर्न सकिन्छ भन्ने सन्देश दिएको छ । **पिरिरीको देशप्रेम** शीर्षकको कथामा पिरिरी पात्रद्वारा धनसम्पत्तिभन्दा जन्मदिने आमा र जन्मभूमि ठूलो हुन्छ भन्ने कुरालाई प्रस्तुत गरिएको छ ।

**राजन माया नमार है** कथामा दुई भिन्न भिन्न वर्गीय पात्र राजन र साबूको चरित्र चित्रण गरिएको छ । राजन गरिखाने वर्गको प्रतिनिधित्व गरेको छ भने साबू धनीकी छोरीको प्रतिनिधित्व गरेकी छे । यी दुईमा वर्गीय द्वन्द्व नदेखाई कथाकारले साबू र राजन सच्चा मित्रको रूपमा प्रस्तुत गरेका छन् । यसले काम गरेर खाने मान्छे सानो हुँदैन भन्ने चरितार्थ गर्छ । **विदाको बेला** कथामा कृष्ण र शारदा बालपात्रको संवादात्मक प्रस्तुतिबाट कथानक अगाडि बढेको छ । कृष्ण र शारदाले

---

३४ कार्तिकेय घिमिरे, **परीको कल्पना ,** (काठमाडौं : विद्यार्थी प्रकाशन, प्रा.लि., २०६४), अग्रभागबाट ।

३५ ऐजन, कथाक्रमबाट ।

मिनपचासको छुट्टीमा केवल मनोरञ्जन मात्र गर्नु भन्दा सिर्जनात्मक कार्यहरू गर्ने वचनबद्धता प्रकट गर्दछन् । **ठूलीकान्छी दिदी** शीर्षकको कथामा म पात्रले ठूलीकान्छी दिदीसँग बिताएका रमाइला क्षणहरू संस्मरणात्मक शैलीमा प्रस्तुत गरिएको छ ।

यस कथासङ्ग्रहमा सङ्गृहीत धेरै कथाहरूको परिवेश सर्लाही जिल्ला रहेको छ । यसको परिवेश सर्लाही जिल्लाको बेताली, चापिनी र सागरनाथ वन क्षेत्र रहेको छ । कथामा प्रयोग गरिएका सबै पात्रहरू गतिशील छन् र उनीहरूले केही न केही सन्देश दिइरहेको पाइन्छ । घिमिरेका सबै कथाहरू बालबालिकालाई मनोरञ्जन दिनुको साथै नयाँ कुरा सिकाउने खालका छन् ।

**घ) निर्दोष हत्यारा**

**निर्दोष हत्यारा** कथासङ्ग्रह कथाकार कार्तिकेय घिमिरेको प्रथम प्रकाशित कथासङ्ग्रह हो । केटाकेटी नेपाल काठमाडौंद्वारा वि.सं. २०६१ कार्तिकमा प्रकाशित यस कृतिको मुद्रण कार्य यूनिभर्सनल प्रिन्ट कन्सर्न काठमाडौंबाट भएको हो । विभिन्न विषय समेटिएका १५ कथाहरू सङ्गृहीत प्रस्तुत सङ्ग्रहमा ५० पृष्ठ रहेको छ । कृतिभित्र समाविष्ट शीर्षकहरू : **भोक, लिना, मौन चित्कार, निर्दोष हत्यारा, उनको ओमा नफापेको मुस्कान, फूलमती र बाढी, झापड, ए नाना जि मुला, भागिलाल, हरिया रोइरहन्छे, दशैं, प्रबिको शहरमा, कथा मुसहरीटोलाको, भ्यालेन्टाइन डे** र **उनी मेरी हुन्** छन् ।[३६] झट्ट शीर्षक हेर्दा जासुसी, तिलस्मी कथाहरूको शीर्षक लागे पनि यस कथासङ्ग्रहको सम्बन्धमा कथाकार घिमिरे भन्छन्- "मेरा साथी, संगी र म अनि मेरी प्रेंमिका मेरा कथाका जीवन हुन् । उनीहरूकै सेरोफेरोमा मेरा कथाहरू बुनिएका छन् ।[३७]" यसबाट स्पष्ट हुन्छ कथाकारको अनुभूति नै उनको कथाको स्रोत हो ।

**भोक** प्रस्तुत कथासङ्ग्रहको प्रथम कथा हो । यस कथामा कथाकार घिमिरलेले आफ्नो जन्मस्थल तराईको जनजीवनको चित्रण गरेका छन् । तराईमा अझै पनि जिम्दारी प्रथा रहेको कुरालाई स्पष्ट पारिएको छ । भोकको आ-आफ्नै अर्थ रहने तथा भोकतृप्तिको माध्यम पनि फरक फरक हुने कुरा यस कथा प्रस्तुत गरिएको छ । जिम्दारको छोरा र फुल्वा (जिम्दारको घरमा काम गर्नेकी छोरी) को चरित्र चित्रण गर्दै जिम्दारको छोरालाई यौन भोक र फुल्वालाई खाना र यौन दुवैप्रकारको भोक लागेकोले दुवै आ-आफ्नो तरिकाले भोक मेट्न लागिरहेको कुरा कथामा देखाइएको छ । **लीना** कथामा कथाकारले आफ्नो प्रेयसीबाट टाढा हुँदाको अनुभूतिलाई प्रस्तुत गरेका छन् । **मौन चित्कार** कथामा कथाकार घिमिरे हरिवनको बेताली गाउँमा बस्दाको पूर्वसंस्मरणलाई ताजा रूपमा पस्किएका छन् । त्यस्तै गरी **उनको ओठमा नफापेको मुस्कान** कथामा कथाकारले मलायाकी लाहुरीनी र स्कूल मास्टरको पात्रगत मनोवेगलाई प्रस्तुत गरेका छन् भने **झापड** कथामा एउटा शिक्षित बेरोजगारीले सामाना गर्नु परेको विविध समस्यालाई प्रस्तुत गरेका छन् ।

---

[३६] कार्तिकेय घिमिरे, **निर्दोष हत्यारा,** (काठमाडौं : केटाकेटी डटकम नेपाल, २०६१), कथाक्रमबाट ।

[३७] ऐजन, कथालेख्ने क्रममा (अग्रभागबाट) ।

**निर्दोष हत्यारा** शीर्षक झट्ट सुन्दा जासुसी र तिलस्मी कथा झैँ लागे पनि यो कथा प्रेम प्रणयसँग सम्बन्धित छ । यसमा कथाकारले एउटा क्याम्पस पढ्ने युवक र स्कुले किशोरी बीचको हेराहेर अर्थात् अव्यक्त अवस्थामा नै रहेको प्रेमबाट पनि उनीहरूको मनस्थितिमा पारेको प्रभावको सूक्ष्म विश्लेषण गरेका छन् । **फूलमती र बाढी** कथामा सर्लाहीको लखन्देही खोलाको छेउमा रहेको मुसहरी टोलको जनजीवनलाई प्रस्तुत गरिएको छ । **कथा मुसहरी टोलको** कथामा कथाकारले मुसहरी टोलमा छोरी भएर जन्मु अभिशाप नै हो भन्ने कुरालाई प्रस्तुत गरेका छन् । यस समुदायका कलिला छोरी गाउँका मालिक कहलिएका वर्गको यौनतुष्टिको साधनको रूपमा रहेको कुरा कथामा देखाइएको छ । **भागिलाल** कथामा घिमिरेले होटेलमा काम गर्ने भागिलालको दिनचर्यालाई प्रस्तुत गरेका छन् । **हरिया रोइरहन्छे** कथामा हरियाको माध्यमद्वारा आफू र आफ्नो परिवार बाँच्नको लागि कलिलै उमेरका यौनपेशालाई अपनाइएको निम्न वर्गीय परिवारको कथा रहेको छ । यसैगरी **दशैं** कथामा कथाकार घिमिरेले निम्न आय भएका मानिसको लागि दशैं दशैं नभएर दशा हुन गएको यथार्थलाई श्याम पात्रको माध्यमद्वारा स्पष्ट पारिएको छ भने **भ्यालेन्टाइन डे** कथामा विदेशी संस्कृतिको अन्धानुकरणले हाम्रो समाजमा भित्रिएको विकृति र विसंगतिलाई जस्ताको तस्तै पस्किन कथाकार सफल रहेका छन् ।

प्रस्तुत कथासङ्ग्रहमा सङ्गृहीत कथाहरूको भाषा सरल र सम्प्रेषणीय छ । यी कथाहरूमा मनको बोल्ने शैली निकै सहज र प्रशंसायोग्य छ । शैलीगत नवीनता र मनोवेगको यथार्थ चित्रणले कथालाई उत्कृष्ट बनाएको छ ।

### ङ) बालदिवस

बालदिवस कथासङ्ग्रह कार्तिकेय घिमिरेको छैटौँ प्रकाशित बालकथा सङ्ग्रह हो । यसको प्रथम प्रकाशन २०६१ सालमा र दोस्रो संस्करण २०६४ विद्यार्थी प्रकाशन प्रा.लि. काठमाडौंले गरेको हो ।[३८] २४ पृष्ठको प्रस्तुत कृतिमा ५ ओटा कथाहरू रहेका छन् । समाविष्ट शीर्षकहरू **बालदिवस, भाइटिका, एकता, साँच्चैको हिरो हो कृष्णबहादुर** र **कान्छी** हुन् ।[३९]

**बालदिवस** शीर्षकको कथा यस कृतिको पहिला कथा हो र कृतिको नाम पनि यसैसँग जोडिएको छ । सडक बालबालिकाको जीवनचर्यासँग सम्बन्धित यस कथाको प्रमुख पात्रको रूपमा लिना रहेकी छिन् । लिना सडकमा रहँदा अवस्थादेखि लिएर बालमन्दिर रहँदा तथा विदेश गइ कुशल डाक्टर बनेको अवस्थाको सूक्ष्म चित्रण गरिएको छ । सडक बालबालिकाले पनि शिक्षा प्राप्त गर्ने अवसर भएमा देशकै कर्मठ योद्धा बन्न सक्छन् भन्ने कुराको राम्रो उदाहरण दिन कथाकार सफल देखिन्छन् तथा कथाकार बालदिवस औपचारिकताको लागि मात्र मनाउनु भन्दा बालअधिकारको संरक्षण र बालबालिकाको भविष्य निर्माण गर्ने आधारहरू तयार गरेमा साँचो अर्थमा बालदिवस मनाएको सार्थकता हुने विचार प्रस्तुत गर्छन् । **भाइटीका** कथा भाइ सन्दिप र

---

[३८] कार्तिकेय घिमिरे, **बालदिवस,** (काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि., २०६४), अग्रभागबाट ।

[३९] ऐजन, कथाक्रमबाट ।

उसको दिदीसँग सम्बन्धित कथा हो । यसम दिदीको भाइप्रतिको माया र सद्भाव तथा भाइको दिदीप्रतिको स्नेहलाई प्रस्तुत गरिएको छ ।

**एकता** शीर्षकको कथा यस कृतिको तेस्रो कथा हो । यस कथामा शुभम्, राम, हरि, सुषमा र अन्य धेरै बालपात्रहरू रहेका छन् । स्कुलमा एकता दिवसको अवसरमा आयोजित कविता प्रतियोजिताको सुरुसँगै कथा अगाडि बढ्छ । शुभम्ले वाचन गरेको **एकता** शीर्षकको कविता प्रथम भएपछि उसको मित्र राम र हरि चिढिन्छन् र शुभम्लाई छोडी राम र हरि घरतर्फ जान्छन् । जङ्गलमा राम र हरिलाई चोरले पिट्छ र सबै सम्पत्ति लुट्छ । राम र हरि दुवैले शुभम्सँग माफि माग्छन् र कथा यही टुङ्गिन्छ । यस कथामा हामी एक भयौ भने कसैले पनि दुःख दिन सक्दैनन् भन्ने कुरा कथाकारले देखाउन खोजेका छन् । **साच्चैको हिरो हो कृष्णबहादुर** शीर्षकको कथामा एउटा बालक कृष्णबहादुरको चरित्र चित्रण गरिएको छ भने **कान्छी** शीर्षकको कथामा सडक बालिका कान्छीको दिनचर्यालाई प्रस्तुत गरिएको छ ।

यो बालअधिकारमूलक कथासङ्ग्रह हो । यस सङ्ग्रहमा सङ्गृहीत सबै कथाहरू बालबालिकाको हक अधिकार स्थापित गर्न लागिपरेका छन् ।

**च) छिः कस्तो नराम्रो हिरो**

**छिः कस्तो नराम्रो हिरो** कार्तिकेय घिमिरेको रमाइलो बालकथा सङ्ग्रह हो । यसको प्रकाशन २०६४ सालमा विद्यार्थी प्रकाशन प्रा.लि.ले गरेको हो ।[४०] २४ पृष्ठको प्रस्तुत कृतिमा ५ ओटा कथाहरू रहेका छन् । समाविष्ट शीर्षकहरू- **लौ भाइ हरायो, छिः कस्तो नराम्रो हिरो, ताली बजाउनु होस् !, धरहरा चढ्दाको मज्जा** र **आमाको माया** हुन् ।[४१]

**लौ भाइ हरायो** यस सङ्ग्रहको पहिलो कथा हो । यसमा पत्रिका बेच्ने हकरहरूको कथा रहेको छ । १० जना हकहरूमध्ये सुमन समूहको नाइके हो । कथाको सुरु नयाँ हकर सुमन पत्रिका बेच्ने सिलसलामा हराउँछ । हकरहरूको नाइके समीरको चलाखीपूर्ण जुक्ति र प्रहरीको सहयोगले अपहरण गर्ने गिरोहलाई समात्न सफल हुन्छन् । कथा यही समाप्त हुन्छ । यहाँ कथाकार घिमिरेले किड्नी (मिर्गौला) बेच्ने  ठूलो गिरोहलाई पक्रन एउटा बालकले खेलेको भूमिका प्रस्तुत गर्दै त्यस्ता गिरोहप्रति सचेत रहन सबैलाई आग्रह गर्दछन् ।

**छिः कस्तो नराम्रो हिरो** यस सङ्ग्रहको दोस्रो कथा हो र कृतिको नाम पनि यसैसँग जोडिएको छ । यो बालमनोविज्ञानमा आधारित कथा हो । यस कथाको मुख्य पात्र बन्दना रहेकी छिन् । फिल्ममा हिरोले धेरै गुण्डालाई मारेको र त्यही हिरोलाई सबैले तालि बजाएर स्वागत गरेको प्रति उनको मन खिन्न रऱ्यो ! यही कुराले उनको बालमस्तिष्कमा लामो समयसम्म प्रभाव पारिरह्यो । मान्छे मार्ने मान्छेले धन्यवाद प्राप्त गर्नु हुँदैन । खराब मानिसलाई बलले होइन सम्झाएर राम्रो बाटोमा हिडाउने नै समाजको हिरो हुन्छ भन्ने गहन विचार बन्दना मार्फत प्रस्तुत गर्न कथाकार सफल रहेका छन । **ताली बजाउनु है !** कथामा मुख्य पात्र सुवास रहेको छ ।

---

[४०] कार्तिकेय घिमिरे, **छिः कस्तो नराम्रो हिरो,** (काठमाडौं : विद्यार्थी प्रकाशन, प्रा.लि., २०६४),अग्रभागबाट ।

[४१] ऐजन, कथाक्रमबाट ।

ऊ अपाङ्ग भएको कारणले विभिन्न खेलमा सरिक हुन सक्दैन र ऊ खिन्न हुन्छ । श्याम सरले उसले खेल्न सक्ने प्रतियोगिता गराउने आश्वासन दिएपछि ऊ फुरुङ्ग हुँदै ताली बजाउन आग्रह गर्छ । यहीँ कथाको अन्त्य हुन्छ । यहाँ कथाकारले विद्यालयमा कार्यक्रमको आयोजना गर्दा अपाङ्ग विद्यार्थीहरूपनि अट्ने कार्यक्रम निर्माण गर्नुपर्छ भन्ने अभिव्यक्ति दिएका छन् ।

**धरहरा चढ्दाको मज्जा** यस कृतिको चौथो कथा हो । यसमा कीर्तिपुर बालगृहका बालबालिकाहरू धरहरा चढ्दा प्राप्त गरेका अनुभवलाई प्रस्तुत गरिएको छ साथै धरहराको सम्पूर्ण विवरणहरू दिएर कथाकारले धरहरा नचढेका बालबालिकालाई चढ्न हौस्याएका छन् । **आमाको माया** कथामा म पात्रले केही समय अगाडि आमासँग बिताएका क्षणहरूलाई संस्मरणात्मक शैलीमा प्रस्तुत गरिएको छ । कथामा आमाको माया नै सन्तानको भविष्यनिर्माणको लागि मह□वपूर्ण स्रोत हो भन्ने कुरा कथाकारले देखाउन खोजेका छन् ।

सरल र सहज भाषा शैलीको प्रयोग गरिएको यस कथासङ्ग्रहमा कथाकारले पृथक पृथक रमाइला प्रसङ्ग पस्कन सफल रहेका छन् ।

**छ) चङ्गा चेट**

**चङ्गा चेट** कार्तिकेय घिमिरेको रमाइलो बालकथाको पुस्तक हो । यसको प्रथम प्रकाशन २०६४ सालमा विद्यार्थी प्रकाशन प्रा.लि. काठमाडौंले गरेको हो । मूल्य रु. ३५ भएको यो कृतिभित्र २४ पृष्ठहरू रहेका छन् ।[४२] यस कृतिभित्रका कथाहरू- **रमाइलो जिन्दगी, पिरिरीको दसैं, हाम्रो बालदिवस** र **चङ्गाचेट** शीर्षकमा छन् ।[४३]

**रमाइलो जिन्दगी** यस कृतिको प्रथम कथा हो । बुबाले घरबाट निकालिदिएको परिवारको कथा छ । यस कथाको प्रमुख पात्र रोहन हो । रोहनलाई उसको बुबाले घरबाट निकालिदिएपछि काठमाडौंमा आएर पत्रिका बेच्ने काम गर्छ । पत्रिका बेच्ने हकरहरूको जीवनचर्या नै यस कथाको मुख्य विषयवस्तु हो । दसैं मनाउने क्रममा सबै हकरहरू एक ठाउँमा जम्मा हुन्छन् । त्यहाँ रोहनको नयाँ हकर रिनासँग परिचय हुन्छ । रिनालाई उसले कहाँ-कहाँ देखेजस्तो लाग्छ र रिनालाई पछ्याउँदै जाँदा आफ्नै आमालाई देख्छ । रोहनले धेरै वर्षपछि आफ्नो आमा र बहिनी रिनासँग माया साटासाट गर्छ र रमाइलो जिन्दगीको सुरु हुन्छ । **पिरिरीको दसैं** शीर्षक कथा युद्धको परिवेशमा दु:ख पाएको बालक पिरिरीको कथासँग सम्बन्धित छ । बुबालाई जङ्गलीहरूले आँखा अगाडि गोली हानेर मारेको दृश्यले उसको बालमस्तिष्कमा गहिरो चोट पर्छ । अझ घरको सम्पूर्ण व्यवहार आफैले हेर्नुपर्दा पिरिरीको मस्तिष्कमा विकृतिजन्य कुराहरू पनि सोच्छ ।

**हाम्रो बालदिवस** कथामा बालबालिकाले फरक तरिकाले मनाएको बालदिवसको चर्चा गरिएको छ । बालबालिकाहरूले बालदिवसको दिन आफूले रचना गरेका सिर्जनात्मक कुराहरूलाई वाचन गरेर मनाएका छन् । ठूलाहरूले भाषण गरेर मनाइएको बालदिवस भन्दा बालिबालिकाहरूले सिर्जनात्मक प्रतिभा प्रस्फुटन हुने गरी मनाइएको बालदिवस साह्रै राम्रो भन्ने

---

[४२] कार्तिकेय घिमिरे, **चङ्गा चेट,** (काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि., २०६४), अग्रभागबाट ।

[४३] ऐजन, कथाक्रमबाट ।

कथाकारको ठम्याई रहेको छ । **चङ्गा चेट** यस कृतिको अन्तिम कथा हो र कृतिको नाम पनि यसैसँग जोडिएको छ । यस कथाको प्रमुख पात्रको रूपमा रोहन र सहयोगी पात्रको रूपमा अमित रहेको छ । हकरहरूको बालक्लबमा चङ्गा उडाउने प्रतियोगिता हुन्छ । त्यस प्रतियोगितामा रोहन प्रथम हुन्छ र उसले प्रथम हुनुको श्रेय शरीर कमजोर रहेको अमितलाई दिन्छ । अमितलाई आफ्नो गुरु मानी पुरस्कार वितरणलाई कार्यक्रममा सहभागी गराउँछ ।

फरक-फरक विषयवस्तुमा लेखिएका यस पुस्तकका सबै कथा पठनीय छन् । यी कथाहरूले बालबालिकाको मनको कुरा बोलिरहेका छन् ।

**५.६ निष्कर्ष**

सर्लाही साहित्यिक उत्थान र विकासमा आफ्नो श्रम र पसिना बगाएर लागिरहेका माथि चर्चा गरिएका साहित्यकारहरूका कृति साहित्यिक मूल्य र मान्यतालाई आत्मसात् गर्दै लेखिएका छन् । यी कृतिहरूमा कतै प्रगतिको स्वर, कतै राष्ट्रवादी स्वर, कतै विद्रोहको स्वर, कतै सुधारात्मक सन्देश, कतै सबल र सक्षम समाज निर्माणका स्वर गुञ्जिएको पाइन्छ । सामाजिक, आर्थिक, राजनीतिक विषयलाई लिएर लेखिएका प्रतिनिधि साहित्यकारका कृतिहरूमा समाजमा देखिएका विकृति, विसङ्गति, अन्याय, अत्याचार, सामन्ति प्रवृत्ति जस्ता अति निन्दनीय पक्षलाई पाठकको सामुन्नेमा राखिदिएका छन् । यिनै प्रतिभाको सृजनशीलताले गर्दा नेपाली साहित्यमा विशेषतः कविता, कथा, उपन्यास, समालोचना र बालसाहित्य आदिको विकासमा यस क्षेत्रले मह□वपूर्ण योगदान दिएको छ ।

यसरी कृतिगत मूल्य र स्तरीयताका आधारमा उपर्युक्त प्रतिनिधि साहित्यकार-हरूको कृतिको मूल्याङ्कन बुँदागत रूपमा निम्नानुसार गरिन्छ :

१. नेपाली समालोचनाको विकासमा सर्लाही जिल्लाका कृतिकार डा. रामदयाल राकेशको मह□वपूर्ण भूमिका छ ।

२. नेपाली कविता र गीतको क्षेत्रको आफ्नो छुट्टै निजत्व कायम राख्न सफल सर्लाही जिल्लाका गीतकार एवं कवि दिनेश अधिकारीको उल्लेखनीय स्थान रहेको छ ।

३. नेपाली खण्डकाव्य र महाकाव्यको क्षेत्रमा पूर्वीय खण्डकाव्य र महाकाव्य परम्परालाई पूर्णतः अनुशरण गर्दै लेखन कार्यमा सक्रिय रहेका सर्लाहीका साहित्यकार नीलकण्ठ भट्टराईको मह□वपूर्ण योगदान छ ।

४. बालकथा, बालउपन्यास, बालकविता लेखी बालबालिकाको मन जित्न सफल सर्लाहीका साहित्यकार कार्तिकेय घिमिरेले बालसाहित्यको विकासमा मह□वपूर्ण योगदान दिई राष्ट्रिय साहित्यमा इँटा थप्ने कार्य गरिरहेका छन् ।

## छैठौँ परिच्छेद

# उपसंहार

जनकपुर अञ्चलभित्र रहेका छ जिल्लाहरूमा सर्लाही तराई क्षेत्रमा पर्ने एक जिल्ला हो । महेन्द्र राजमार्गले छोएको यो जिल्लाको नामकरण हेमपुर गाउँ विकास समितिमा रहेको सर्लाही देवीको नामबाट रहन गएको हो । यस जिल्लाको इतिहास महोत्तरी जिल्लाको इतिहाससँग जोडिएको छ । वि.सं. २०१९ सालमा नेपाल अधिराज्यलाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरेपछि यस जिल्लाको छुट्टै अस्तित्व देखापर्दछ । धार्मिक, ऐतिहासिक र पर्यटकीय दृष्टिकोणले अत्यन्त मह□वपूर्ण ठानिने यो जिल्लामा शिक्षा, स्वास्थ्य र उद्योग धन्दामा पर्याप्त विकास भएको छैन ।

औलो र सर्प आदिको डरका कारणले यो जिल्लामा अन्यत्रबाट बसाइँ सरेर आउने पक्रिया पछि थालिए पनि नेपालका केही ठूला जमिन्दार र राणा शासकका मन पर्ने मानिस र आफन्तलाई विर्ता दिने प्रचलनले गर्दा उनीहरू निक्कै अघिदेखि रहँदै आएको पाइन्छ । विभिन्न जातजातिहरूको बसोबास भएको यस जिल्लामा विभिन्न भाषा, धर्म र संस्कृति अस्तित्व रहेको छ । यहाँका पहाडिमूलका तराईबासीहरू धादिङ्ग, दोलखा, रामेछाप, ओखलढुङ्गा, धनकुटा र काभ्रेपलान्चोक जस्ता जिल्लाबाट आएका हुन् । भारतका विभिन्न स्थानबाट आएका भारतीय र नेपालीमूलका मानिसहरू समेत यहाँ बसोबास गर्छन् । विभिन्न भाषा-भाषीहरूको अस्तित्व रहे पनि कुनै पनि भाषाको लोकसाहित्य त्यति फस्टाएको पाइँदैन ।

सर्लाहीको साहित्यिक क्षेत्रको विकासका लागि विभिन्न साहित्यिक समूह, पत्रपत्रिका र पुस्तकालयको मह□वपूर्ण भूमिका रहेको छ । यस जिल्लामा साहित्यिक पत्रपत्रिकाको विकास नभए पनि सूचनाप्रधान पत्रपत्रिका र स्मारिकाहरूले साहित्यिक रचनाहरूलाई स्थान दिई प्रकाशित गरेर सर्जकहरूलाई उत्साहित तुल्याई रहेका छन् । जिल्लामा स्थापित पुस्तकालय र साहित्यिक समूहहरूले विभिन्न साहित्यिक कार्यक्रम सञ्चालन गरेर नवोदित र नवोदीयमान साहित्यअनुरागीहरूलाई साहित्यिक यात्रामा अग्रसर गराउँदै आएका छन् ।

सर्लाही जिल्लाको नेपाली साहित्यको प्रथम प्रकाशित कृति **नेताको अपहरण** (२०२९) जासूसी उपन्यास हो । यस उपन्यासका लेखक पार्थमणि भट्टराई हुन् । उनको **शिखर यात्रा बृजुसाहू** (२०५८) अर्को पुस्तकाकार कृति हो उनले दर्जनौं पुस्तक सम्पादन गरेका छन् । त्यसपछि अञ्जुदेवी भट्टराई **रामु र श्यामुको बहादुरी** (२०२९) बालउपन्यास मार्फत कृतिकारको रूपमा उपस्थित हुन्छिन् । यो बालमनोविज्ञानमा आधारित भएर लेखिएको सर्लाहीको अर्को प्रमुख कृति मान्न सकिन्छ ।

सर्लाही जिल्लाका सशक्त समालोचकको रूपमा डा. रामदयाल राकेश देखापर्दछन् । उनको प्रथम प्रकाशित कृति **कवि प्यासी : युगको आँखामा** (२०३३) हो । नेपाली, मैथिली, हिन्दी र अङ्ग्रेजी भाषामा तीन दर्जन पुस्तक प्रकाशन गरिसकेका छन् । उनीले समालोचना, यात्रा संस्मरण, हाइकु, अनुवाद साहित्य र संस्कृतिको क्षेत्रमा कलम चलाएका छन् । विभिन्न विधाहरूमा कलम

चलाए पनि डा. राकेशलाई समालोचनात्मक कृतिले राष्ट्रिय रूपमा नै विशिष्ट समालोचकको रूपमा स्थापित गराएको छ ।

सर्लाही जिल्लाको प्रतिनिधि कविको रूपमा दिनेश अधिकारी र नीलकण्ठ भट्टराई देखापर्दछन् । दिनेश अधिकारीको चार ओटा कवितासङ्ग्रह, दुई ओटा गीति सङ्ग्रह र एक काव्य प्रकाशित भएको छ । उनका कृतिमा राष्ट्रिय भावको साथै नेपाली जनजीवनको चित्र खिचिएको छ । नीलकण्ठ भट्टराईको दुई महाकाव्य दुई खण्डकाव्य, एक कवितासङ्ग्रह र एक खोजमूलकग्रन्थ प्रकाशित भएको छ । सर्लाही जिल्लाको इतिहासमा महाकाव्य लेख्ने भट्टराई नै पहिलो व्यक्ति हुन् । उनका खण्डकाव्य र महाकाव्यले उनलाई राष्ट्रिय रूपमा नै खण्डकाव्यकार/ महाकाव्यकारको रूपमा स्थापित गरायो । यसैगरी कुलचन्द्र बरालको दुई खण्डकाव्य, रामहरि जोशीको एक कवितासङ्ग्रह र मायालु अधिकारीको दुई गीतिसङ्ग्रह प्रकाशित भएका छन् । यी कृतिहरूले नेपाली कविता र गीतको क्षेत्रमा योगदान दिएका छन् ।

सर्लाही जिल्लाको प्रतिनिधि बालसाहित्यकारको रूपमा कार्तिकेय घिमिरे देखापर्दछन् । उनले बालकथा, बालउपन्यास र कविताको क्षेत्रमा कलम चलाएका छन् । उनको एक कवितासङ्ग्रह, एक कथासङ्ग्रह, एक दर्जन बालकथासङ्ग्रह, सात ओटा बालचित्रकथा, आधा दर्जन बालउपन्यास प्रकाशित भएका छन् । उनका बालकृतिहरू बालबालिकाहरूको मनोभावनामा आधारित छ । यिनै कृतिले उनलाई बालसाहित्यकारको रूपमा प्रसिद्धि बनाएको छ । यसैगरी किरणके भट्टराईको एक बालकथासङ्ग्रह, शर्मिला घिमिरेको एक बालकथासङ्ग्रह र श्याम भट्टराईको एक बालकथासङ्ग्रह प्रकाशित भएको छ । यो कृतिहरूले बालकथाको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका छन् ।

यसरी सर्लाही जिल्लामा नेपाली साहित्यमा चारजना राष्ट्रियस्तरका, तीन जना अञ्चलस्तरका र दर्जनौं जिल्ला स्तरका स्रष्टाहरू अध्ययन अनुसन्धानको क्रममा भेटिएका छन् । उनीहरूले आ-आफ्ना तवरले नेपाली साहित्यलाई सघाइरहेका छन् । मैथिली र भोजपुरी भाषाका स्रष्टाहरूले पनि आ-आफ्नो मातृभाषामा साहित्य सृजनामा लागी परेका छन् ।

**सर्लाही जिल्लाको साहित्यिक योगदान** शीर्षक भित्र रहेर खोज अनुसन्धान गर्दा प्राप्त भएका जानकारी सामग्री र सूचनाको आधारमा पत्रपत्रिका, पुस्तकालय र साहित्यकारको परिचय तथा साहित्यिक योगदानको चर्चा गर्दै यो शोधपत्र तयार पारिएको छ । यो शोधपत्र सर्लाही जिल्लाको सङ्क्षिप्त परिचयको साथै लोकसाहित्यको सङ्क्षिप्त अध्ययन तथा प्रतिनिधि साहित्यकार र तिनका कृतिहरूको बारेमा समेत अध्ययन गरेको हुँदा यी विषयमा जान्न खोज्ने जोसुकैको जिज्ञासालाई पनि सजिलै मेट्न सक्ने छ । **सर्लाही जिल्लाको साहित्यिक योगदान** शीर्षकमा केन्द्रित रही अध्ययन र अनुसन्धान गर्दा भविष्यका लागि निम्नलिखित शोध शीर्षकहरू देखिएका छन् :

१. कार्तिकेय घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन ।

२. महामानव महाकाव्यको कृतिपरक अध्ययन ।

३. शाहशृङ्खला महाकाव्यको कृतिपरक अध्ययन ।

४. सर्लाही जिल्लामा प्रचलित मैथिली र नेपाली गीतको तुलनात्मक अध्ययन ।

# सन्दर्भग्रन्थसूची

**(क) पुस्तक सूची**


अधिकारी, दिनेश, धर्तीको गीत, काठमाडौं : साझा प्रकाशन, २०४४ ।

))))), आदिम आवाज, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४५ ।

))))), अविराम यात्रा, काठमाडौं : वाणी प्रकाशन, २०४८ ।

))))), इन्द्रजात्रा, काठमाडौं : साझा प्रकाशन, २०५१ ।

))))), अतिरिक्त अभिलेख, काठमाडौ : साझा प्रकाशन, २०५७ ।

))))), मन र मोडहरु, काठमाडौं : साझा प्रकाशन, २०६३ ।

आचार्य, बाबुराम, श्री ५ महाराजाधिराज पृथ्वीनारायण शाहको सङ्क्षिप्त जीवनी, काठमाडौं : श्री ५ महाराजाधिराजको प्रमुख संवाद सचिवालय, राजदरवार, २०२६ ।

गिरी, जिवेन्द्र, लोकसाहित्यको अवलोकन, काठमाडौं : एकता प्रकाशन, २०५७ ।

गुरुङ, कृष्ण, नेपाल परिचय, कास्की : राम गुरुङ, २०४८ ।

घिमिरे, कार्तिकेय, मुर्दालाई दुख्दैन, सर्लाही : जमर्को युवा समूह, २०५७ ।

))))), भ्यागुतोको प्रजातन्त्र, काठमाडौंः साझा प्रकाशन, २०६४ ।

))))), परीको कल्पना, काठमाडौं : विद्यार्थी प्रकाशन, २०६४ ।

))))), निर्दोष हत्या, काठमाडौं : केटाकेटी डटकम, २०६१ ।

))))), वालदिवस, काठमाडौं : विद्यार्थी प्रकाशन, २०६४ ।

))))), छि : कस्तो नराम्रो हिरो, काठमाडौंः विद्यार्थी प्रकाशन, २०६४ ।

))))), चङ्गा चेट, काठमाडौं : विद्यार्थी प्रकाशन, २०६४ ।

जिल्ला पार्श्व चित्र, सर्लाही : जिल्ला विकास समिति, जिल्ला सूचना तथा अभिलेख केन्द्र, २०६२ ।

जिल्लाका गैर सरकारी संस्था प्रोफाइल, सर्लाही : गैसस महासंघ नेपाल, जिल्ला शाखा सर्लाही, २०६१ ।

जिल्लाका गाविस स्तरीय तथ्याङ्क र नक्साहरु, काठमाडौं : राष्ट्रिय श्रम प्रतिष्ठान नेपाल, २०६१ ।

त्रिपाठी, वासुदेव, नेपाली कविता, भाग ४, काठमाडौं : साझा प्रकाशन, २०४६ ।

थापा, धर्मराज र हंसपुरे सुवेदी, नेपाली लोकसाहित्यको विवेचना, काठमाडौं : पाठ्यक्रम विकास केन्द्र त्रि.वि., २०३७ ।

देशव्यापी नेपाली साहित्य सेमिनार, काठमाडौं : देशव्यापी नेपाली साहित्य सेमिनार तयारी समिति, २०२२ ।

नेपाली बृहत् शब्दकोश, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०५५ ।

पाँडे, रामकुमार, नेपाल परिचय, जाउलाखेल : ए पाँडे प्रकाशन, २०३९ ।

वार्षिक कृषि विकास कार्यक्रम उपलब्धी र तथ्याङ्क एक झलक, सर्लाही : जिल्ला कृषि विकास कार्यालय मलंगवा, २०६१ ।

भट्टराई, कृष्णप्रसाद, नेपाल परिचय, काठमाडौं : पशुपति पुस्तक भण्डार, बानेश्वर, २०४९ ।

भट्टराई, घटराज, प्रतिभै प्रतिभा र नेपाली साहित्य, काठमाडौं : नेशनल रिसर्च एसोसियटस्, २०४० ।

))))), नेपाली साहित्यकार परिचय कोष, काठमाडौं : नेशनल रिसर्च एसोसियटस्, २०५१ ।

भट्टराई, जयदेव, साहित्यकारको परिचय र अभिव्यक्ति, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५४ ।

भट्टराई, नीलकण्ड, वीपीको समाधि, जनकपुर : प्रजातन्त्र संरक्षण केन्द्र, २०५९ ।

))))), सरोज स्मृति-सप्त पल्लव, नीलकण्ठ भट्टराई, २०६० ।

))))), महामानव, विराटनगर : धरपणीधर पुरस्कार प्रतिष्ठान ।

))))), त्रिवल्ली, जनकपुर : जानकी कला परिषद, २०६४ ।

))))), सर्लाहीका साहित्यिक प्रतिभाहरु, काठमाडौं : हरिवन-काठमाडौं समाज, २०६५ ।

भट्टराई, ज्ञानेश्वर, बृहत ज्ञानकोष, छैटौं संस्क., बुटवल : लक्ष्मी पुस्तक सदन अमरपथ, २०५२ ।

मेचीदेखि महाकालीसम्म, भाग २, काठमाडौं : श्री ५ को सरकार, सूचना तथा सञ्चार मन्त्रालय सूचना विभाग, २०३१ ।

राकेश रामदयाल, कवि प्यासी : युगको आँखामा, काठमाडौंः साझा प्रकाशन, २०३३ ।

))))), नेपाली कविता : विभिन्न आयाम, काठमाडौं : साझा प्रकाशन, २०४४ ।

))))), नेपाली साहित्य : विभिन्न आयाम, काठमाडौं : साझा प्रकाशन, २०५५ ।

))))), रचनाको रसास्वादन, काठमाडौं : सफारी प्रकाशन, २०५६ ।

))))), नेपाली समालोचना : विभिन्न आयाम, काठमाडौं : ने.रा.प्र.प्र., २०६० ।

))))), पूर्वदेखि पश्चिमसम्म, विराटनगर : वाणी प्रकाशन, २०५९ ।

राजवंशी, शंकरमान, सेन वंशावली, काठमाडौं : वीर पुस्तकालय, २०२० ।

शर्मा, मोहनराज र खगेन्द्र लुइटेल, शोधविधि, काठमाडौं : साझा प्रकाशन, २०५२ ।

शर्म्मा, वसन्तकुमार, नेपाली शब्दसागर, चौथो संस्क., काठमाडौं : भाभा पुस्तक भण्डार, २०६२ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, नेपाली साहित्यको सङ्क्षिप्त इतिहास, काठमाडौं : साझा प्रकाशन, २०४६ ।

श्रेष्ठ, श्रीकृष्ण, बृहत् सामान्य ज्ञान, काठमाडौं : पैरवी प्रकाशन, २०६५ ।

सर्लाही जिल्लाको वस्तुगत विवरण, महोत्तरी : शाखा तथ्याङ्क कार्यालय, जलेश्वर, २०६३ ।

सुवेदी, खगेन्द्र र संगीता सुवेदी, सरस्वती वृहत् ज्ञानकोष, काठमाडौं : पिनाकल पब्लिकेशन प्रा.लि., २०६५ ।

**(ख) शोधग्रन्थसूची**

उपाध्याय, कृष्णशरण, नीलकण्ठ भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्व, अप्रकाशित स्नातकोत्तर शोधपत्र, रुपन्देही : भैरहवा बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, २०६६ ।

खड्का, चन्द्रबहादुर, नेपाली साहित्यको विकासमा दोलखा जिल्लाको योगदान, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, २०६२ ।

बन्जाडे जीवनलाल, गीतकार दिनेश अधिकारी, अप्रकाशित, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, २०६१ ।

बराल, अर्जुनप्रसाद, नेपाली साहित्यमा सिन्धुली जिल्लाको योगदान, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, २०६० ।

बस्नेत, छत्रबहादुर, नेपाली साहित्यको विकासमा उदयपुर जिल्लाको योगदान, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, २०५८ ।

यादव, वीरेन्द्रकुमार, रामदयाल राकेशको जीवनी, व्यक्तित्व र कृतित्व, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, २०६३ ।

रिसाल, नवराज, बारा जिल्लाको साहित्यिक योगदान, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, २०५५ ।

श्रेष्ठ, श्यामबहादुर, नेपाली साहित्य विकासमा जनकपुर धामको योगदान, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, २०६१ ।

**(ग) पत्रपत्रिकाहरुको सूची**

खनाल, मनोजप्रसाद, 'शहीद', नवपरिचर्चा, साप्ताहिक, (वर्ष १, अंक ५), हरिवन : चूडामणि वाग्ले, २०५२), पृ. ३ ।

घिमिरे, टिकाराम, 'वीपीको समाधि एक समीक्षा', दायित्व, साप्ताहिक, (वर्ष १७, पूर्णाङ्क ४५), काठमाडौं : दायित्व वाङ्मय प्रतिष्ठान, २०६०, पृ. ५५-५७ ।

पन्थी, देवी, 'उत्तर आधुनिक महामानव महाकाव्य', धरणी, साप्ताहिक, (वर्ष १८, अंक ४२), विराटनगर : धरणीधर पुरस्कार प्रतिष्ठान, २०६३, पृ. ३ ।

## परिशिष्ट-१

## सर्लाहीका साहित्यकारको प्रकाशित कृतिहरू

१. अन्जुदेवी भट्टराई, **रामु र श्यामुको बहादुरी** (बालउपन्यास, २०२९ साल)।

२. कार्तिकेय घिमिरे, **बुद्धिमान छोरो** (बालकथासङ्ग्रह, २०५३ साल)।

३. " ", **मुर्दालाई दुख्दैन** (कवितासङ्ग्रह, २०५६ साल)।

४. " ", **मेरी सानी राधा** (बालकथासङ्ग्रह, २०५६ साल)।

५. " ", **फुच्चे बन्यो राजा** (बालकथासङ्ग्रंह, २०५७ साल)।

६. " ", **भ्यागुतोको प्रजातन्त्र** (बालकथासङ्ग्रह, २०५७ साल)।

७. " ", **अच्चमको देश** (बालउपनयास, २०५८ साल)।

८. " ", **भूतराज भाग १ र २** (बालउपन्यास, २०५९ साल)।

९. " ", **डरलाग्दो राक्षसको खोजी भाग १ र २** (बालउपन्यास, २०५९ साल)।

१०. " ", **परीको कल्पना,** (बालकथासङ्ग्रह, २०६० साल)।

११. " ", **निर्दोष हत्यारा,** (कथासङ्ग्रह, २०६० साल)।

१२. " ", **बालदिवस,** (बालकथासङ्ग्रह, २०६१ साल)।

१३. " ", **उत्कृष्ट बालकथाहरू** (बालकथासङ्ग्रह, २०६३ साल)।

१४. " ", **छिः कस्तो नराम्रो हिरो,** (बालकथासङ्ग्रह, २०६४)।

१५. " ", **चङ्गा चेट,** (बालकथासङ्ग्रह, २०६४ साल)।

१६. " ", **नेपाली जुनियर जेम्स** (बालउपन्यास, २०६४ साल)।

१७. " ", **परी गाउँको कथा**, (बालचित्रकथा, २०६४ साल)।

१८. " ", **फर्सीबहादुरको कथा** (बालचित्रकथा, २०६४ साल)।

१९. " ", **तरबारको जादु,** (बालचित्रकथा, २०६४ साल)।

२०. " ", **जादुको टोपी**, (बालचित्रकथा, २०६४ साल)।

२१. " ", **जादुको कथा,** (बालचित्रकथा, २०६४ साल)।

२२. " ", **फुलमती र बाढी**, (बालकथा, २०६४ साल)।

२३. " ", **डस्टर उड्यो,** (बालचित्रकथा, २०६५ साल)।

२४. " ", **बादलको देश,** (बालउपन्यास, २०६४ साल)।

२५. " ", **तिम्रो चौकी भत्काइदिन्छु,** (बालचित्रकथा, २०६५ साल)।

२६. " ", **पाँचसय रुपियाँको जिन्दगी** (बालउपन्यास, २०६५ साल)।

२७. " ", **ऊ कहाँ गयो होला,** (बालचित्रकथा, २०६५ साल)।

२८. काशीराज शर्मा, **आयुर्वेद विज्ञान**, (विज्ञानकृति, साल ? )।

२९. "                  ", **नीति शतक,** (नीतिकावइ, साल ?) ।

३०. किरणकुमार भट्टराई, **रमलाको जन्मदिन** (बालकथासँगालो, २०६० साल) ।

३१. कुलचन्द्र बराल, **श्रीकृष्ण लीला** (खण्डकाव्य, २०३६ साल) ।

३२. "                  ", **सौगात** (खण्डकाव्य, २०३६ साल) ।

३३. "                  ", **प्रत्यक्ष प्रश्नावली** (ज्योतिषग्रन्थ, २०६६ साल) ।

३४. केदार सिग्देल, **क्वाटी सङ्ग्रह** (रचना सङ्ग्रह, साल ?) ।

३५. गुणराज काफ्ले, **विष्णु सहस्रनाम** (काव्य, २०६० साल) ।

३६. जीवेश्वर मिश्र, **सत्यनारायण कीर्तन** (लघुकाव्य, साल ?) ।

३७. "                  ", **बाबा जागेश्वरीको नचारी** (स्तुतिकाव्य, साल ?) ।

३८. दिनेश अधिकारी, **अन्तरका छिटाहरू,** (कवितासङ्ग्रह, २०३७ साल) ।

३९. "                  ", **धर्तीका गीत,** (कवितासङ्ग्रह, २०५५ साल) ।

४०. "                  ", **आदिम आवज** (कवितासङ्ग्रह, २०४५ साल) ।

४१. "                  ", **अतिरिक्त अभिलेख** (कवितासङ्ग्रह, २०४६ साल) ।

४२. "                  ", **अभिराम यात्रा** (गीतिसङ्ग्रह, २०४८ साल) ।

४३. "                  ", **आफ्नो मन : आफ्नै आँगन** (गीतिसङ्ग्रह, २०४८ साल) ।

४४. "                  ", **मन र मोडहरू** (गीतिसङ्ग्रह, २०५४ साल) ।

४५. "                  ", **इन्द्रजात्रा** (काव्य, २०५१ साल) ।

४६. नारायण निराशी, **तुषारोमा फुलेका फूलहरू** (गजलसङ्ग्रह, २०६४ साल) ।

४७. नीलकण्ठ भट्टराई, **वीपीको समाधी,** (खण्डकाव्य, २०५९ साल) ।

४८. "                  ", **सरोज स्मृति-सप्त पल्लव** (खण्डकाव्य, २०६० साल) ।

४९. "                  ", **महामानव** (महाकाव्य, २०६३ साल) ।

५०. "                  ", **त्रिवल्ली** (कवितासङ्ग्रह, २०६४ साल) ।

५१. "                  ", **वनदेवीको आत्मवृत्तान्त,** (लघुउपन्यास, २०६४ साल) ।

५२. "                  ", **सर्लाहीका साहित्यिक प्रतिभाहरू,** (खोजमूलकग्रन्थ, २०६५ साल) ।

५३. "                  ", **शाहशृङ्खला** (महाकाय, २०६६ साल) ।

५४. पार्थमणि भट्टराई, **नेताको अपहरण**, (उपन्यास, २०२९ साल) ।

५५. "                  ", **शिखर यात्रा वृजुसाहु,** (जीवनी, २०५८ साल) ।

५६. "                  ", **रामायण अयोध्याकाण्ड**, (सम्पादित, २०३१ साल) ।

५७. "                  ", **सू-सुचना**, (सम्पादित, २०५१ साल) ।

५८. "                  ", **पूजा,** (सम्पादित, २०५६ साल) ।

५९. मायालु अधिकारी, **चेलीको विलौना- भाग १,** (गीतिसङ्ग्रह, २०६४ साल) ।

६०. "　　　　", **चेलीको विलौना- भाग २,** (गीतिसङ्ग्रह, २०६५ साल) ।

६१. युवराज लुइँटेल, **भ्रमणशील राउटे**, (खोजमूलकग्रन्थ, साल ?)

६२. "　　　　", **पहिचानको खोजीमा**, (अनुसन्धानग्रन्थ, साल ?) ।

६३. रामदयाल राकेश, **कवि प्यासी युगको आँखामा** (सम्पादन, २०३३ साल) ।

६४. "　　　　", **नेपाली कविता विभिन्न आयाम** (समालोचन, २०४४ साल) ।

६५. "　　　　", **मैथिली लोकगीत सँगालो** (लोकगीत सङ्ग्रह, २०४६ साल) ।

६६. "　　　　", **नेपाली साहित्य विभिन्न आयाम** (समालोचना, २०५५ साल) ।

६७. "　　　　", **रचनाको रसास्वादन,** (समालोचना, २०५६ साल) ।

६८. "　　　　", **मैथिली संस्कृति**, (संस्कृति, २०५६ साल) ।

६९. "　　　　", **पूर्वदेखि पश्चिमसम्म,** (सम्पादन, २०४९ साल) ।

७०. "　　　　", **मैथिली लोकसंस्कृति**, (लोकसंस्कृति, २०६१ साल) ।

७१. "　　　　", **नेपाली समालोचना : विभिन्न आयाम** (समालोचना, २०६१ साल) ।

७२. "　　　　", **छाँयामा घाम** (गजलअनुवाद, २०६२ साल) ।

७३. "　　　　", **सूर्योदयको देशमा सात दिन,** (यात्रासंस्मरण, २०६३ साल) ।

७४. "　　　　", **रामदयाल राकेशका हाइकु,** (हाइकुसङ्ग्रह, २०६५ साल) ।

७५. "　　　　", **मोदिआइन,** (मैथिली भाषामा अनुवादग्रन्थ, १९९३ साल) ।

७६. "　　　　", **सात जापनी कथा** (मैथिली भाषामा अनुवादग्रन्थ, २०४४ साल) ।

७७. "　　　　", **थाई लोक संस्कृति और परम्परा**, (संस्कृति, २०४५ साल) ।

७८. रामहरि जोशी, **नेपालको नम्बर क्रान्ति**, (लेखसङ्ग्रह, साल ? ) ।

७९. "　　　　", **झङ्कार,** (कवितासङ्ग्रह, साल ?) ।

८०. "　　　　", **अतीतका केही सम्झना,** (डायरीग्रन्थ, २०५६ साल) ।

८१. "　　　　", **नयाँ सवेरा** (हिन्दी कवितासङ्ग्रह, साल ?) ।

८२. "　　　　", **नेपालके अमर शहीद,** (खोजमूलक ग्रन्थ, साल ?) ।

८३. "　　　　", **२०४६ को जनआन्दोलन,** (लेखसङ्ग्रह, साल ?) ।

८४. राम प्रधान, **एक मुट्ठीको मान्छे,** (कवितासङ्ग्रह, २०५९ साल) ।

८५. शर्मिला घिमिरे, **विपनाको जिद्दी**, (बालकथासङ्ग्रह, २०६० साल) ।

८६. श्याम भट्टराई, **तपाई कति भयभीज हुनुहुन्छ ?,** (लेखसङ्ग्रह, ०५६ साल) ।

८७. "　　　　", **बाबु र छोरा**, (बालकथासङ्ग्रह, साल ?) ।

८८. हृदयनारायण चौधरी, **व्यवस्था बदल डालो,** (नाटक, साल ?) ।

# परिशिष्ट-२

## सर्वेक्षण फारमको नमुना

१. प्रचलित नाम :
२. न्वारनको नाम :
३. उपनाम :
४. पिताको नाम :
५. माताको नाम :
६. जन्मस्थान र मिति (महिना, गते, बारसमेत) :
७. स्थायी बसोबास :
८. पेशा :
९. लेखनारम्भ र पहिला रचना :
१०. प्रकाशित पहिलो रचना प्रकाशित मिति, पत्रिका, वर्ष अंक पूर्णाङ्क साल:
११. तपाईले लेख्ने प्रमुख विधा :
१२. सम्प्रति :
१३. शिक्षा :
१४. सबभन्दा मनपर्ने साहित्यिकार र सबभन्दा मनपर्ने साहित्यिक कृति :
    क)
    ख)
१५. लेखनको मुख्य उद्देश्य :
    क)
    ख)
१६. रचना प्रकाशित पत्रिकाहरू क्रमशः
    क)
    ख)
    ग)
१७. साहित्यिक गतिविधि क्रमशः
    क)
    ख)
    ग)
१८. सम्पादक प्रकाशन :
    क)
    ख)
१९. पुरस्कार :
    क)
    ख)
२०. प्रकाशित कृतिहरू (रचनाको संख्यासमेत विधा, साल छुट्याएर) :
    क)
    ख)
    ग)
    घ)
२१. कुन साहित्यकारको कुन कृतिबाट किन वा कसरी प्रभावित हुनु भएको छ ?
२२. साहित्यप्रतिको धारणा ?

# परिशिष्ट ३
# सर्लाही जिल्लाको नक्सा

